## परिच्छेद एकः

# शोध परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **"नेपाली साहित्यमा 'दायित्व' पत्रिकाको योगदान"** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ शोध– समस्या

वि. सं. २०४४ साल वैशाखमा नववर्षारम्भसँगै सामयिक सङ्कलनका रूपमा प्रकाशनारम्भ भएको 'दायित्व' बाह्रौं अङ्क (२०४७ असोज)मा मासिक पत्रिका घोषित भएर 'दायित्व साहित्यिक मासिक' पत्रिकाका रूपमा वि. सं. २०६१ कार्तिक सम्ममा वर्ष १८ पूर्णाङ्क ५० (स्वर्णाङ्क) प्रकाशित भई त्यसपछि पनि निरन्तर प्रकाशित भइरहेको पत्रिका हो । स्वर्ण विशेषाङ्क २०६१ कात्तिक सम्ममा यसले दर्जनौँ विशेषाङ्क समेत निकालिसकेको छ । 'दायित्व' पहिले सामुहिक एवम् वि.सं. २०५७ जेठमा रामप्रसाद पन्तको अध्याक्षतामा 'दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल' गठन भएपछि संस्थागत रूपमा प्रकाशित भइरहेको साहित्यिक पत्रिका हो । यसले साहित्यका विविध विधाहरू समेटेर पाठकहरूलाई खुराक प्रदान गरिरहेको छ । अतः यस साहित्यिक पत्रिका 'दायित्व' माथिका निम्न समस्याहरू नै यस शोधपत्रका मुख्य समस्याहरू हुन् । ती निम्नानुसार छन्:

क) **दायित्व** प्रकाशनको मूलभूत उद्देश्य के थियो ?
ख) नेपाली पत्रपत्रिकाको इतिहासमा **दायित्व**को के कस्तो स्थान छ ?
ग) **दायित्व**मा वि.सं. २०६१ कार्तिक (स्वर्ण विशेषाङ्क) सम्ममा के कति र के कस्ता रचनाहरू प्रकाशित भएका छन् ?
घ) **दायित्व**ले नेपाली साहित्यको विकासमा के कस्तो योगदान दिएको छ ?

### १.४ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ :
क) **दायित्व** प्रकाशनको मूलभूत उद्देश्य पत्ता लगाउनु,
ख) नेपाली पत्रपत्रिकाको इतिहासमा **दायित्व**को स्थान निरूपण गर्नु,

ग) **दायित्व**मा वि.सं. २०६१ कार्तिक (स्वर्ण विशेषाङ्क)-सम्ममा प्रकाशित रचनाहरूको कालक्रमिक सूची प्रस्तुत गर्नु,

घ) **दायित्व** पत्रिकाले नेपाली साहित्यको विकासमा दिएको योगदानको निरूपण गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नयाँ सत्य तथ्यलाई जनसमक्ष पुऱ्याउने र उनीहरूबाट समेत राय सल्लाह लिने माध्यम पत्रिकाको प्रकाशनले साहित्यको विकास र विस्तारका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसमा पनि साहित्यिक पत्रिकाले त झनै महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपाली साहित्यिक पत्रकारिताको इतिहासमा सुधासागर (१९५५), शारदा (१९९१) हुँदै मधुपर्क, प्रज्ञा, गरिमा, सगर, जनमत आदि जस्तै **दायित्व** पनि साहित्यिक पत्रिका हो । सामान्य नामको उल्लेख र टिप्पणी गर्ने बाहेक **दायित्व**मा प्रकाशित सामग्रीहरूको विवरण, तिनको चर्चा-परिचर्चा, विवेचना-व्याख्या र साहित्यिक योगदान जस्ता कुराहरूका बारेमा कतै केही उल्लेख भएको पाइँदैन । 'दायित्व' बारे गरिएका सामान्य टिप्पणीहरूको उल्लेख यसप्रकार गरिन्छ :

क) नेपालभूमि (वर्ष ८, अङ्क १२, वि.सं. २०४६ असोज १०)मा हरिमञ्जुश्रीले '**दायित्व**को नयाँ अङ्क सर्सरी पढेपछि' शीर्षक लेखमा ४६ पृष्ठको **दायित्व**को नयाँ अङकका सात उद्धृतांश सहित **दायित्व**को सो अङ्कमा साहित्यका सबैजसो लघुविधाहरू समेटिएको कुरा उल्लेख गरेका छन् तर कुन अङ्क हो भन्ने कुरा समेत स्पष्ट छैन ।

ख) **दायित्व** (वर्ष ५, अङ्क १७ )मा **दायित्व**का अङ्क १६ सम्म प्रकाशित कविताको बारेमा '**दायित्व**का कविता हेर्दा' (पृष्ठ १) शीर्षकमा कृष्णप्रसाद पराजुलीबाट , कथाको '**दायित्व** र यसका कथाहरू' (पृष्ठ १४) शीर्षकमा गोपीकृष्ण शर्माबाट र लेख, निबन्ध लगायत अन्य विविधको 'दायित्व दायित्व हो' (पृष्ठ ३१) शीर्षकमा डा. तुलसी भट्टराईबाट सङ्क्षिप्त टिप्पणी गरिँदै यसमा प्रकाशित रचनाहरू स्तरीय रहेको कुरा औंल्याइएको छ ।

ग) **दायित्व** (वर्ष ९, पूर्णङ्क २५) मा शिव रेग्मीबाट 'दुई दर्जन **दायित्व**को अनुशीलन' शीर्षकमा **दायित्व**मा प्रकाशित अङ्कहरूमध्ये सर्वश्रेष्ठ अङ्कका रूपमा 'भारतीय नेपाली साहित्यिक विशेषाङ्क' छ भने अन्य केही विशेषाङ्कहरू पनि प्रकाशित भइसकेको कुरा उल्लेख गरिएको छ ।

घ) साँघु (२०५४ चैत १५) मा 'सबैको दायित्व' शीर्षकमा गोविन्द नेपालबाट नेपाली साहित्यको श्रीवृद्धिका लागि आधा शताब्दीसम्म निरन्तर लेखनबाट पचासौं कृतिहरू उपहार दिने मूर्धन्य साधक स्वर्गीय साहित्यकार शङ्कर कोइरालाको स्मृतिमा डा. तारानाथ शर्मा, मोहन कोइराला, श्रीकृष्ण गौतम लागायतका स्रष्टाहरूद्वारा कलमबद्ध स्मृतिहरू समेटेर 'शङ्कर कोइरालाः स्मृति विशेषाङ्' निकालेकोले **दायित्व** पत्रिका र रामप्रसाद पन्तले स्वागतयोग्य कार्य गरेको कुरा उल्लेख गरिएको छ ।

ङ) २०५५ कार्तिक २९ गतेको 'हिमालय टाइम्स' र 'कान्तिपुर'मा क्रमशः '**दायित्व**को बत्तीसौं खुड्किला' र '**दायित्व**को यात्रा विशेषाङ्क विमोचित' शीर्षकमा एवम् २०५५ मङ्सिर २ गतेको 'आजको समाचारपत्र'मा 'दायित्वको यात्रा विशेषाङ्क भ्रमणवर्षलाई सहयोगी' शीर्षकमा 'दायित्व'को यात्राविशेषाङ्क (पूर्णाङ्क ३२)-को विमोचन कार्यक्रमको सन्दर्भ उठाउँदै उक्त विशेषाङ्कमा नेपाल भ्रमणवर्ष मनाउँदै गरेका बखत धार्मिक, ऐतिहासिक,

पुरातात्विक एवम् पर्यटकीय स्थलमा गरेका यात्रानुभूति प्रकाशन गरेबाट नेपाल भ्रमणवर्षलाई सहयोग पुगेको कुरा उल्लेख गरिएको छ ।

च) २०५६ पौष १३ को 'नेपाल समाचारपत्र'मा 'सत्तरी नाघेका चार दर्जन विशिष्ट साहित्यकारहरू सम्मानित' शीर्षकमा, २०५६ पौष १४ को बुधवार साप्ताहिक (वर्ष ५, अङ्क ६) मा 'साहित्यकारको विशेषाङ्क **दायित्व**' शीर्षकमा, २०५६ पौष १६को गोरखापत्र (वर्ष ९९, अङ्क २३०)मा जयदेव भट्टराईको 'स्रष्टाहरूप्रति **दायित्व**को दायित्वबोध' शीर्षकमा, २०५६ माघ १को हिमालय टाइम्ससमा सुधांशु शर्माको '**दायित्व**ले बोकेको दायित्व' शीर्षकमा, २०५६ माघ ५को घटना र विचारमा हरि मञ्जुश्रीको 'चार कृतिका चार प्रतिकृति' शीर्षकमा, २०५६ फागुन ८को 'रविवार'मा सोम सानुको 'वरिष्ट साहित्यकर्मीमा समर्पित दायित्व' शीर्षकमा सङ्क्षिप्त रूपमा **दायित्व** पत्रिकाको 'विशिष्ट साहित्यकार विशेषाङ्क' (वर्ष १३ पूर्णाङ्क ३५, २०५६ कार्तिक)का बारेमा परिचयात्मक टिप्पणी दिँदै अन्तर्राष्ट्रिय वृद्धवर्ष सन् १९९९को सन्दर्भमा धरानका पं. छविलाल पोखरेल (जन्मः मङ्सिर १९६१) देखि काजीमान कन्दङ्वा (जन्मः १८ पुष १९८६)-सम्म ठीक २५ वर्षभित्रका अर्थात् सत्तरी वर्ष नाघेका ४२ पुरुष र तीन महिला गरी जम्मा ४५ जना जीवित लेखकहरूका बारे थप कुरा जान्ने अवसर मिलेको, त्यसमा पनि अलिमियाँ र इन्द्रबहादुर राई समेट्न सकेको भए सुनमा सुगन्ध हुने थियो भन्दै सम्बद्ध स्रष्टाहरूले दिएको आफ्नो मात्र होइन कि बितेका ९५ वर्षको नेपाल बारे जानी-नजानी दिएको परिचयले सो अङ्कलाई सं. १९६१ देखि १९९५ सम्मको इतिहास भनिहाल्न नमिले पनि त्यो दश दशकको वैज्ञानिक इतिहास आफ्नै प्रकारले ज्यूँदो तथा सचेत कलमद्वारा अभिलेखित भएको कुरा उल्लेख गरिएको छ । यद्यपि कस्ले कस्तो अभिव्यक्ति दिएका छन् र तिनको महत्व के छ भन्ने स्पष्ट किटान पाइँदैन ।

छ) २०५८ कार्तिक २८को हिमालय टाइम्स (वर्ष ६ अङ्क ३१६)मा धर्मेन्द्र झाबाट 'अझै उचित मूल्याङ्कन नभएका आधाबाटे कान्छा अर्थात् शङ्कर कोइराला' शीर्षकमा र २०५८ कात्तिक २९को कान्तिपुरमा '**दायित्व**को शङ्कर कोइराला विशेषाङ्क विमोचित' शीर्षकमा 'दायित्व'को 'शङ्कर कोइरालाः समालोचना विशेषाङ्क' (वर्ष १५ पूर्णाङ्क ४१, २०५८ कात्तिक) अङ्कको विमोचन समारोहको सन्दर्भ उठाउँदै शङ्कर कोइरालाका प्राप्त ५४वटा समालोचनात्मक कृति समाविष्ट भएकाले **दायित्व**को सो अङ्कबाट शङ्कर कोइरालाको केही हदसम्म सम्मान र मूल्याङ्कन भएको कुरा उठाइएको छ तर पूर्ण विश्लेषण छैन ।

ज) २०६१ साउन ३ गतेको 'छलफल'मा '**दायित्व**को निजामती साहित्यकार विशेषाङ्क' शीर्षकमा यादव भट्टराईबाट **दायित्व**को 'निजामती साहित्यकार विशेषाङ्क' (वर्ष १८, पूर्णाङ्क४८, २०६१ वैशाख) मा जम्मा ११३ जना निजामती साहित्यकारहरूका रचना समाविष्ट भएको कुरा उल्लेख गरिएको छ तर पूर्ण विवरण र विश्लेषण छैन ।

झ) २०६१ कार्तिकको **दायित्व** (वर्ष १८, पूर्णङ्क ५०)मा '**दायित्व**को साहित्यिक यात्राः स्वर्णअङ्कसम्म' शीर्षकमा प्रा. गोपीकृष्ण शर्माद्वारा **दायित्व**को स्वर्णाङ्कसम्मको यात्राप्रति सङ्क्षिप्त दृष्टिकोण प्रस्तुत गरिएको छ भने लक्ष्मी पन्तद्वारा 'पूर्णाङ्क १ देखि ५० सम्मका स्रष्टाहरूको नालीबेली' शीर्षकमा ५०औं अङ्कसम्मका स्रष्टाहरूको नामावली दिइएको छ तर तिनमा विधागत विश्लेषण पाइदैन ।

यसरी माथि उल्लेखित (क) देखि (झ) सम्मका पूर्वकार्यका साथै **दायित्व** पत्रिकामै प्रकाशित कतिपय पाठक दृष्टिकोण पाइन्छन् । उपर्युक्त छिटफुट टिप्पणीहरू भएपनि 'दायित्व'मै केन्द्रित रही कुनै शोधकार्य भएको छैन र फुटकर समालोचनात्मक लेखहरूमा

पनि आंशिक पूर्णाङ्कको मात्र अध्ययन गरिएको छ । यस परिप्रेक्ष्यलाई दृष्टिगत गर्दै 'दायित्व'को समग्र रूपमा अध्ययन गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

## १.६ शोधकार्यको औचित्य

आधुनिक नेपाली साहित्यको विकासमा साहित्यिक पत्र–पत्रिकाहरूले महत्त्वपूर्ण योगदान दिएका छन् । मूलतः सुधासागर (१९५५)-देखि शारदा(१९९१), मधुपर्क, नेपाल, मिर्मिरे, गरिमा, प्रज्ञा, जनमत, सगर जस्ता पत्रिकाहरूले महत्वपूर्ण भूमिका खेलेका छन् । यसै सन्दर्भमा विगत दुई दशकदेखि निजीस्तरबाट सुरू भई निरन्तर प्रकाशित भइरहेको 'दायित्व' पत्रिकाको उद्देश्य तथा समस्याहरूको चर्चा गर्दै प्रकाशित प्रतिनिधि रचनाहरूको विश्लेषण गरिएको छ । **दायित्व**मा प्रकाशित रचनाहरूको पूर्ण विवरण र आधुनिक नेपाली साहित्यमा यसको प्रकाशनले पुऱ्याएको योगदानका बारेमा विवेचना गरिएको छ । स्रष्टाहरूका सिर्जनालाई सम्पादन र प्रकाशन गरी घर-दैलोमा पुऱ्याउने साहित्यिक पत्रिका 'दायित्व'को बारेमा स्वतन्त्र अध्ययन गरेर यसबारे जान्न चाहनेलाई मात्र नभई यसले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको बारेमा अध्ययन गर्नखोज्ने अनुसन्धाताहरूलाई आधिकाधिक सहयोग पुऱ्याउने कुरामा समेत विश्वस्त हुन सकिन्छ । यसरी प्रस्तुत शोधकार्यको आफ्नै किसिमको औचित्य रहेको तथ्य खुल्दछ ।

## १.७ शोधपत्रको क्षेत्र र सीमा

**नेपाली साहित्यमा 'दायित्व' पत्रिकाको योगदान** शीर्षकभित्र केन्द्रित हुँदै प्रथमतः यस शोधपत्रमा नेपाली साहित्यको विकासमा पत्रपत्रिकाको योगदान र दायित्वको प्रकाशनका वारेमा चर्चा गरिएको छ । यसै सन्दर्भमा विशेषतः नेपालभित्र र बाहिरबाट प्रकाशित भएका साहित्यिक पत्रिकाहरूको अध्ययन गरिएको छ । साथै पत्रपत्रिकाको परम्पराको सापेक्षतामा दायित्वको प्रकाशन र स्थान ठम्याइएको छ । त्यसपछि 'दायित्व' (पूर्णाङ्क ५० सम्म)मा प्रकाशित रचनाहरूको विधागत वर्गीकरण, विश्लेषण एवम् मूल्याङ्कन गर्दै नेपाली साहित्यमा दायित्वले दिएको समष्टि योगदान पहिल्याइएको छ । अन्त्यमा समष्टि अध्ययनको निष्कर्ष स्वरूप उपसंहार प्रस्तुत गर्नु नै यस शोधपत्रको अध्ययनक्षेत्र हुन पुगेको छ ।

यसैगरी सीमाङ्कनका सन्दर्भमा **नेपाली साहित्यमा 'दायित्व' पत्रिकाको योगदान** शीर्षकको प्रस्तुत शोधपत्र **दायित्व**को पचासौं अङ्क (स्वर्ण विशेषाङ्क २०६१ कार्तिक) सम्मका अङ्कहरूमा केन्द्रित रहेर लेखिएको छ । यस क्रममा **दायित्व**का सम्बद्ध अङ्कहरूमा प्रकाशित साहित्यिक रचनाहरू मात्र विषयबस्तु बनाइएको छ । यसमा प्रकाशित साहित्येत्तर विज्ञापन, राय-सल्लाह, लेखक परिचय जस्ता कुराहरू यसमा समावेश छैनन् । दायित्वमा प्रकाशित रचनाहरूको विश्लेषण र मूल्याङ्कनका क्रममा कुनै एक विधाका रचनाहरूमा मात्र केन्द्रित हुनुभन्दा पनि यसमा प्रकाशित सम्पूर्ण साहित्यिक विधाका रचनाहरू सङ्क्षिप्त रूपमै भए पनि अध्ययन, विश्लेषण एवम् मूल्याङ्कन गरिएको छ । यस्तै **दायित्व**मा प्रकाशित विविध सामग्रीको सूची प्रस्तुत गर्ने सन्दर्भमा कविता, कथा, उपन्यास, निबन्ध, एकाङ्की आदि विधाहरूको विषयगत भन्दा कालक्रमिक वर्गीकरण प्रस्तुत गरिएको छ । यसप्रकार नेपाली साहित्यमा **दायित्व**ले दिएको योगदान ठम्याउनु नै प्रस्तुत शोधपत्रको क्षेत्र एवम् सीमा हुन पुगेको छ ।

## १.८ शोधविधि

**नेपाली साहित्यमा 'दायित्व' पत्रिकाको योगदान** शीर्षक रहेको प्रस्तुत शोधपत्र तयार गर्न मूलतः पुस्तकालयीय पद्धति अनुरूप **दायित्व** पत्रिकाका सम्बद्ध अङ्कहरू र **दायित्व** सम्बन्धी गरिएका विविध जानकारीमूलक लेख, टिप्पणीहरू एवम् **दायित्व**सँग सम्बद्ध महानुभावहरू सँगको अन्तर्वार्ताबाट सङ्कलित सामग्रीलाई ऐतिहासिक पृष्ठमूमिका दृष्टिले केलाउँदै निष्कर्षमा पुगिएको छ । प्रस्तुत शोधकार्य साहित्यिक पत्रिका मार्फत साहित्यको वारेमा गरिएको अध्ययन हुनाले त्यस क्रममा ऐतिहासिक विवरणात्मक पद्धति र आवश्यकतानुसार साहित्यिक रचनाहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कनका क्रममा कृतिपरक समालोचनात्मक पद्धतिमा आधारित भएर सम्पन्न गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस शोधपत्रलाई निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरी आवश्यकता अनुसार उपशीर्षकहरूमा समेत वर्गीकरण गरिएको छ ।

परिच्छेद एक – शोधपत्रको परिचय

परिच्छेद दुई – नेपाली पत्रपत्रिकाको परम्परामा 'दायित्व'को प्रकाशन र यसको परिचय

परिच्छेद तीन – **दायित्व**मा प्रकाशित रचनाहरूको कालक्रमिक सूची

परिच्छेद चार – **दायित्व**मा प्रकाशित प्रतिनिधि रचनाहरूको विश्लेष, मूल्याङ्कन तथा योगदान

परिच्छेद पाँच – उपसंहार

# परिच्छेद दुईः

# नेपाली साहित्यको विकासमा पत्र-पत्रिकाको योगदान र 'दायित्व'को प्रकाशन

## २.१ नेपाली पत्र-पत्रिकाको पृष्ठभूमि

कुनैपनि राष्ट्रको भाषा-साहित्यको विकासमा पत्र-पत्रिकाको प्रकाशनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । भाषा-साहित्यको विकासमा पत्र-पत्रिकाको योगदान भएजति नै राष्ट्रिय संस्कृति, कला र सभ्यताको झलकलाई दिगो पार्नमा पनि पत्र-पत्रिकाले दरिलो माध्यमको रूपमा काम गरेको हुन्छ । यस तथ्यलाई हृदयङ्गम गर्दा नेपाली पत्र-पत्रिकाहरूले आधुनिक नेपाली साहित्यको विकास र संवर्द्धनका लागि उल्लेख्य भूमिका निर्वाह गरेको कुरा नेपाली पत्र-पत्रिकाको अध्ययन गर्दा प्रष्ट हुन्छ ।

पत्र-पत्रिकाको इतिहासका परिप्रेक्ष्यमा नेपाली साहित्यको विकासलाई हेर्दा यसको प्राथमिक काल मुद्रण-प्रकाशनको अभावको अवधि थियो । जसले गर्दा नेपाली भाषामा पत्र-पत्रिकाहरू प्रकाशन भएका थिएनन् । त्यसताकाका प्रतिभाहरूका सिर्जनाहरू पाण्डुलिपिकै रूपमा आजपनि प्राप्त छन् । प्रकाशन अभावले गर्दा ती प्रकाशन हुन नसकी जनसमक्ष आउन पनि सकेनन् । यसप्रकार प्राथमिक काल लेखोटको युग भएको थियो । नेपाली साहित्यको माध्यमिक कालमा आएर मात्र मुद्रण-प्रकाशनको प्रारम्भ भयो । त्यसपछि मात्र प्राथमिककालीन भानुभक्त जस्ता उच्च प्रतिभाहरूको खोजीनिती हुनथाल्यो । त्यसै बेलादेखि नेपालभित्र र नेपाल बाहिरबाट समेत पत्र-पत्रिका प्रकाशन हुनथाल्यो । पूर्ववर्ती प्रतिभाहरूलाई जनसमक्ष ल्याउने र आफ्ना रचना पनि पत्र-पत्रिकाका मार्फत् प्रकाशित गर्ने कार्यको थालनी भयो । यसप्रकार नेपालभित्र र नेपाल बाहिरबाट पत्र–पत्रिकाका माध्यमबाट माध्यमिक कालमा आएर मात्र नेपाली साहित्यको प्रकाशनको थालनी भएको पाइन्छ ।

नेपाली पत्र–पत्रिकाको इतिहासमा प्रकाशन–मुद्रणको सुरूवात पहिल्याउँदै जाँदा नेपालमा वि.सं. १९०८ सालमा छापाखाना (प्रेस)को स्थापना भएको भनिए पनि प्रामाणिक हुन सकेको छैन । त्यसैताका तात्कालीन प्रधानमन्त्री श्री ३ महाराज जंगबहादुर राणाले वेलायतबाट ल्याएको छाप्ने हातेमेशिन, जसको थाप्लामा गिद्धको आकृति भएकाले 'गिद्धे प्रेस' पनि भनिन्छ, -ले नै नेपाली छापाखानाको इतिहासमा पहिलो हुने श्रेय पाएको छ ।[1] यसपछि 'मनोरञ्जन छापाखाना' भित्र्याइयो । त्यस छापाखानबाट सम्बत् १९१९मा 'मोक्षसिद्धि' नामक किताब छापेको कुरा उल्लेख छ ।[2] नेपालको ऐनको किताब पनि यसै छापाखानाबाट तीन वर्ष लगाएर छापिएको पाइन्छ ।[3] यसपछि वि.सं. १९३० सालदेखि १९३३ सालका

---

१. ग्रीष्मबहादुर देवकोटा, **नेपालको छापाखना र पत्रपत्रिकाको इतिहास**, ते.सं., (काठमाडौंः साझा प्रकाशन, २०५९) पृ. १८

२. ऐजन्, पृ. १९

३. ऐजन्

बीचमा नेपालमा तात्कालीन प्रधानमन्त्री श्री ३ वीरशम्शेर ज.ब.रा.को निवासस्थान नारायणहिटीमा 'छापाखाना' प्रेसको स्थापना भयो ।[४] यसैगरी सम्बत् १९४९ अघि जंगी सम्बन्धी काम गर्ने 'जंगी लिथोग्राफी छापाखाना' वसन्तपुरमा स्थापना भएको थियो । यसरी स्थापना भएका उक्त चारवटा प्रेसहरूले मुद्रण-प्रकाशनको इतिहासमा पूर्वाधार खडा गर्ने काम गरेपनि यिनबाट सरकारी कामकाज बाहेक प्रकाशनको शुभारम्भ हुन भने सकेको थिएन भन्न सकिन्छ ।

नेपाली प्रेसको इतिहासमा सरकारी कामकाज बाहेक व्यवसायिक रूपमा सबैभन्दा पहिले सं. १९५० सालमा पं. मोतीकृष्ण धीरेन्द्रद्वारा ठँहिटीमा 'पशुपत' प्रेस नामक छापाखानाको स्थापना भयो ।[५] त्यसपछि नेपालमा अरु प्रेसहरूको पनि स्थापना हुँदैगएको पाइन्छ । यसप्रकार नेपाली पत्रपत्रिकाको पृष्ठभूमिका रूपमा यिनै 'गिद्धेप्रेस', 'मनोरञ्जन छापाखना', 'छापाखाना', जंगी लिथोग्राफी छापाखाना' र 'पशुपत'प्रेस जस्ता छापाखानाहरूको स्थापनाले नेपाली पत्रपत्रिकाको प्रकाशनमा प्रेरणाप्रद भूमिका खेलेको तथ्य प्रष्ट हुन्छ ।

## २.२ प्रजातन्त्र (२००७ फाल्गुण ७) पूर्वका साहित्यिक पत्रिकाहरू

नेपाली पत्रपत्रिकाको इतिहास हेर्दै जाँदा वि.सं. १९४३मा मोतीराम भट्टको सम्पादनमा बनारसबाट 'गोरखा-भारत जीवन' पत्रिका प्रकाशित भएको देखिन्छ, तर यो पत्रिका अप्राप्य छ ।[६] नेपालबाटै प्रकाशित भएको पत्रिका भने वि.सं. १९५५ सालको श्रावण महिनामा प्रकाशित 'सुधासागर'लाई नै प्रथम मान्नुपर्ने हुन्छ ।[७] नरदेव मोतीकृष्णको सम्पादकत्वमा निस्किएको सुधासागरका बारेमा 'नलोपाख्यान' नामक पुस्तकको आवरण पृष्ठमा छापिएको विज्ञापन अनुसार कविता र कथाहरू छापिने गरेको यो पत्रिका मासिक थियो । यसरी सर्वप्रथम कविता, कथा प्रकाशित नेपाली पत्रिका आर्थिक सङ्कटका कारण केही अङ्क प्रकाशित भएर बन्द हुनपुग्यो ।[८]

'सुधासागर' निस्किएको करिब २ वर्ष १० महिना पछि सं. १९५८ साल वदी ३ सोमवारका दिन नरदेव मोतीकृष्णकै सम्पादनमा 'गोरखापत्र' साप्ताहिक रूपमा प्रकाशन सुरू भएको देखिन्छ । यो 'पशुपत'प्रेस ठँहिटीबाट पहिलोचोटी निस्किएको थियो ।[९] यस पत्रिकामा समाचारका अतिरिक्त कथा, उपन्यास र जीवनी जस्ता साहित्यिक रचना पनि छापिन्थे । राणा शासनको समयावधिमा जन्माइएको गोरखापत्रको लक्ष्य जनचेतना जगाउने थिएन भन्न सकिन्न ।[१०]

यसपछि पादरी गङ्गाप्रसाद प्रधानको सम्पादकत्वमा 'गोर्खे खबर कागज' (मासिक) १९०१मा दार्जीलिङबाट निस्क्यो । क्रिश्चियन धर्मको प्रचार गर्ने उद्देश्यले यो पत्रिका

---

४. ऐजन्, पृ. २०

५. ऐजन्, पृ. २३

६. डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, छै. सं., (((
(काठमाडौँः साझा प्रकाशन) २०५९, पृ. २०६

७. ग्रीष्मबहादुर देवकोटा, पूर्ववत्, पृ. २८

८. डा. खेमनाथ कोइराला, **नेपाली पत्रपत्रिकाको इतिहासमा साहित्यिक पत्रकारिताः एक चर्चा**, हाम्रो पुरुषार्थ (वर्ष ३२, अङ्क २, सम्पूर्णाङ्क ५०, वैशाख २०६२), पृ. १६६

९. ग्रीष्मबहादुर देवकोटा, पूर्ववत्, पृ. २९

१०. ऐजन्

प्रकाशित भएपनि भाषा प्रचारको दृष्टिले ठीकै मान्नुपर्छ, यद्यपि यसको भाषा परिष्कृत छैन ।[११] यसैबेला वनारसबाट एस. एस. शर्माको सम्पादनमा 'उपन्यास तरङ्गिणी' (सं. १९५९ साउन) निस्कियो । यसमा धारावाहिक उपन्यास प्रकाशन गर्ने भनिए पनि सुरू गरिएको धारावाहिक उपन्यासका श्रृङ्खला पूरा नहुँदै प्रकाशन बन्द भयो । यो बन्द भएपछि वनासरमा अध्ययन गर्न बसेका युवा जमातको सक्रियतामा बनेको 'रसिक समाज'का प्रयासबाट गङ्गाप्रसाद शर्माको प्रबन्धकत्वमा सं. १९६३ आषाढ १ गतेदेखि श्रृङ्गारप्रधान 'सुन्दरी' (मासिक) पत्रिका प्रकाशन भयो र १ वर्षसम्म पद्य-गद्य रचना प्रकाशित गर्दै बन्द भयो । त्यसरी नै सं. १९६५ कात्तिकदेखि मात्रिकाप्रसाद अधिकारीको सम्पादनमा 'माधवी' ( मासिक) पत्रिका प्रकाशन भयो । यसै पत्रिका मार्फत हलन्त बहिष्कार आन्दोलन, भाषा सुधार र जातीय नवजागरणको शङ्खघोष गर्ने काम गरेको पाइन्छ । भाषिक स्तरीयताका निम्ति ठोस पाइला चाल्ने काम गरेको[१२] यो पत्रिकालाई नेपाली गद्यसाहित्यको पहिलो महत्वपूर्ण पत्रिका पनि मान्न सकिन्छ ।

यसैप्रकार वनारसबाटै सम्बत् १९७१मा माधवप्रसादको सम्पादनमा 'चन्द्र' (मासिक) निस्क्यो ।[१३] भाषिक उत्थानको उद्देश्य राखेको यो पत्रिका पनि बाह्रौं अङ्कसम्म प्रकाशित भई बन्द भयो । त्यसरी नै सम्बत् १९७२ असोजबाट सूर्यविक्रम ज्ञवालीको सम्पादनमा 'गोर्खाली' (साप्ताहिक) प्रकाशन भयो । त्यसैगरी पारसमणि प्रधानको सम्पादनमा सम्बत् १९७४ पुषमा खरसाङबाट 'चन्द्रिका' (मासिक), सूर्यविक्रम ज्ञवालीको सम्पादनमम सं. १९७९ जेठमा वनारसबाट 'जन्मभूमि' (मासिक), ठाकुरचन्दन सिंहको सम्पादनमा सं. १९७९ कात्तिकमा देहरादूनबाट 'गोर्खासंसार' (मासिक), शम्भुप्रसाद ढुङ्गेलको सम्पादनमा सं. १९८३ चैतमा वनारसबाट 'राजभक्ति' (साप्ताहिक), ठाकुरचन्दन सिंहको सम्पादनमा सं. १९८५ साउनमा देहरादूनबाट 'तरुणगोर्खा' (साप्ताहिक), शेषमणि प्रधानको सम्पादनमा ई.सं. १९३० जनवरीमा कालिम्पोङबाट 'आदर्श' (मासिक), पद्मप्रसाद प्रधानको सम्पादनमा ई.सं. १९३२ डिसेम्बरमा दार्जीलिङबाट 'नेपाली साहित्य सम्मेलन पत्रिका' (वार्षिक) जस्ता पत्रिकाहरू प्रकाशित हुँदै कुनै केही समय र कुनै अलि लामो समयसम्म प्रकाशित भई बन्द भए । जे जस्तो भएपनि भारतीय भूमिबाट प्रकाशित यी नेपाली पत्रिकाहरूले थोर-बहुत नेपाली भाषा र साहित्यको उत्थानमा महत्वपूर्ण योगदान दिएको कुरा भने भुल्न सकिँदैन ।

नेपाली पत्र-पत्रिका प्रकाशनका क्रममा नेपाली भूमिबाटै प्रकाशित अर्को महत्वपूर्ण पत्रिका हो – 'शारदा' (सं. १९९१ फाल्गुण) मासिक । सुधासागर र गोरखापत्र पछि नेपालबाट तेस्रो भएर जन्मने श्रेय पाएको सुब्बा ऋद्धिबहादुर मल्लको सम्पादनमा प्रकाशित यस पत्रिकाले आफ्नो २०/२२ वर्षे प्रकाशनकालमा नेपाली साहित्यका विविध विधा र तिनका स्रष्टाहरूलाई हुर्काउने, बढाउने र साहित्यिक हलचल नै मच्चाउने समेत कार्य गऱ्यो । वि.सं. १९९१ देखि २००० सालसम्म नियमित रूपमा प्रकाशित भई केही समय बन्द भएर पुनः वि.सं. २००३ सालदेखि २०१८ सालसम्म प्रकाशित भई त्यसपछि देखिन छोडेको यस पत्रिकाबाट नै नेपालीसाहित्यका विविध विधामा पूर्णरूपेण आधुनिकताको थालनी[१४] भयो ।

---

११. डा. खेमनाथ कोइराला, पूर्ववत्, पृ. १६६

१२. शरदचन्द्र शर्मा, **नेपाली साहित्यको इतिहास (माध्यमिक काल)** काठमाण्डौः त्रि. वि. पाठयक्रम विकास केन्द्र, २०३७, पृ. ८९

१३. डा. खेमनाथ कोइराला, पूर्ववत्, पृ. १६७

१४. रघुनाथ घिमिरे, **नेपाली साहित्यमा 'शारदा' पत्रिकाको योगदान**, (त्रि. वि. स्नातकोत्तर शोधपत्र, २०३१), पृ. ७

त्यसपछि सूर्यभक्त जोशीको सम्पादनमा काठमाण्डौबाटै सं. १९९२ भदौबाट 'उद्योग' (पाक्षिक) प्रकाशन प्रारम्भ भयो भने मणिसिंह गुरुङको सम्पादनमा सं. १९९२ पौषमा असामबाट 'गोर्खासेवक' (साप्ताहिक)को प्रकाशन प्रारम्भ भयो । त्यसैगरी दार्जीलिङबाट काशीबहादुर श्रेष्ठको सम्पादनमा 'उदय' मासिक (सं. १९९३ माघ), के.डि. प्रधानको सम्पादनमा 'नेबुला' मासिक (सं.१९९३ श्रीपञ्चमी), के. डि. प्रधानकै सम्पादनमा 'नेबुला' शीर्षक परिवर्तन गरी 'परिवर्तन' मासिक (सं. १९९४ पौष), रूपनारायण सिंहको सम्पादनमा 'खोजी' (ई. १९४० सेप्टेम्बर) जस्ता पत्रिकाहरू प्रकाशन प्रारम्भ भए । यसै क्रममा वनारसबाट तेजबहादुर र अरुहरूको सम्पादनमा 'सर्वहितैषी पत्रिका' मासिक (सं. १९९७ असार), कालिम्पोङबाट रणधीर सुब्बाको सम्पादनमा 'गोर्खा' साप्ताहिक (ई. १९४५ जनवरी), सिंगापुरबाट 'पर्वते' (सं. २००३) जस्ता पत्रिका प्रकाशनारम्भ भए । यसपछि काठमाण्डौबाट हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा 'साहित्यस्रोत' मासिक (सं. २००४ वैशाख), वनारसबाट लक्ष्मीप्रसाद देवकोटा र अरुहरूको सम्पादनमा 'युगवाणी' साप्ताहिक (सं. २००४ माघ), कलकत्ताबाट एस. पी. प्रधानको सम्पादनमा 'उत्थान' पाक्षिक (ई. १९४७ अक्टोवर), काठमाण्डौबाट देवीप्रसाद रिमालको सम्पादनमा 'आँखा' मासिक (२००५), 'नेपालशिक्षा' मासिक (सं. २००५ असोज), कालिम्पोङबाट नरेन्द्रप्रसाद कुमाईंको सम्पादनमा 'पुकार' मासिक (ई. १९४८), दार्जीलिङबाट पारसमणि प्रधानको सम्पादनमा 'भारती' मासिक (सं. २००६ असार), कमलकुमार शर्मा र अरुहरूको सम्पादनमा कथाप्रधान 'हाम्रो कथा' मासिक (सं. २००६ भदौ), बुद्धिसागर पराजुली र अरुहरूको सम्पादनमा काठमाण्डौबाट 'पुरुषार्थ' मासिक (सं. २००६ पौष), दार्जीलिङबाट टि. मनेनको सम्पादनमा 'साथी' साप्ताहिक (ई. १९४९), कलकत्ताबाट एस. एस. बाङ्देलको सम्पादनमा 'प्रभात' मासिक (ई. १९५० सेप्टेम्बर) जस्ता पत्रिकाहरू पनि प्रकाशनारम्भ भएका देखिन्छन् ।

यसरी प्रजातन्त्र घोषणा (सं. २००७, फाल्गुण ७) पूर्वका नेपाली पत्रपत्रिकाहरूलाई सर्सर्ती हेर्दा कतिपय पत्रिकाहरू विज्ञापन र पाठक अभावका कारण थोरै समयमै बन्द हुनपुगेका थिए भने केही अलि बढी समयसम्म चलेका देखिन्छन् । त्यस्तै भएपनि पाठकवर्गलाई पत्रिका पढ्ने खुल्दुली चाहिँ जगाइदिएका थिए । यसै पृष्ठभूमिका कारण नेपाली साहित्यका गद्य र पद्य विधा ती पत्रिका मार्फत् अगाडि आउन सफल भए । यस सिलसिलामा कथा र निबन्ध जस्ता विधालाई 'गोर्खासंसार', 'हाम्रो कथा' जस्ता पत्रिकाहरूले आधुनिकातातर्फ धकेल्ने प्रयास गरे भने 'माधवी' जस्ता पत्रिकाहरूले भाषिक उत्थानतर्फ जोड दिए । 'जन्मभूमि' जस्ता पत्रिकाले भाषा-सहित्यको विकास सँगसँगै नेपालीहरूमा एकता र जागृतितर्फ आह्वान गरे । 'उपन्यास तरङ्गिणी' ले उपन्यास तर्फको चासो राख्यो भने 'सुन्दरी' ले शृङ्गारिकतालाई मलजल दिने काम गऱ्यो ।

चेतनाका संवाहक पत्र-पत्रिकाहरूमाथि राणा शासकहरूको कुदृष्टि पर्ने परिवेशका कारण सो अवधिमा नेपाल भित्रबाट भन्दा नेपाल बाहिरबाट पत्रिकाहरू बढी प्रकाशित भए । नेपालभित्रबाट प्रकाशित थोरै पत्रिकाहरूले थोर–बहुत राणाजीहरूको गुणगान गर्नु स्वभाविक थियो र त्यसै गरेर भएपनि आफ्नो टाउको जोगाउने गर्थे । यसप्रकार एकतन्त्रीय राणाशासन कालमा जे जति पत्रिकाहरू निस्किए, त्यस बेलाको शासन अनुसार नै तिनीहरू निस्कन सफल भएका थिए । चाहे जे होस्, नेपालभित्रबाट प्रकाशित शारदा, उद्योग जस्ता पत्रिकाले नेपाली साहित्यको श्रीवृद्धिका लागि दिएको युगान्तकारी योगदान भुल्न खोजेर पनि भुल्न सकिन्न ।

सङ्क्षिप्तमा भन्नुपर्दा नेपाली साहित्यको प्राथमिक कालमा मुद्रण–प्रकाशनको सुरुवात भएको थिएन । माध्यमिक कालमा आएर मुद्रण-प्रकाशनको थालनी र विकास भयो

। राणकालीन निरङ्कुशताभित्रै पनि मुद्रण-प्रकाशनको थालनी र विकासको परिणति स्वरूप जनचेतना र युगबोधको विकास हुँदै गयो अर्थात् भनौं नवचेतना र नवजागरणको आँकुरा पलाउँदै गयो र आधुनिकता टुसाउन थाल्यो । अतः नेपाली साहित्यको आधुनिक नवचेतना र नवजगरणको विकासका सन्दर्भमा प्रजातन्त्रपूर्वका पत्रिकाहरूको योगदान उल्लेख्य थियो भनेर स्वीकार्नुपर्ने हुन्छ ।

## २.३ प्रजातन्त्र प्राप्ति पछिका नेपाली साहित्यिक पत्रिकाहरू

जहानियाँ राणा शासनको अन्त्य भएर वि. सं. २००७ सालमा आएको प्रजातान्त्रिक प्रणाली पछि नेपालमा साहित्यिक पत्रकारिताले कोल्टे फेऱ्यो । सं. २००७ साल फाल्गुण ७ गतेको शाही घोषणाद्वारा श्री ५ त्रिभुवनबाट नेपाली जनतालाई वाक् र प्रकाशन स्वतन्त्रता सहित मौलिक अधिकार बक्सियो । नेपालमा प्रजातन्त्र सुरू भयो । अन्य प्रजातान्त्रिक मुलुकमा झैं नेपालमा पनि पत्र-पत्रिका प्रकाशन गरी प्रकाशन स्वतन्त्रता सम्बन्धी प्राप्त अधिकारको उपभोग र संरक्षण गर्ने चाहना नेपालीहरूमा बढ्दै गए अनुरूप विभिन्न ध्येय, आकृति र विचारधाराका पत्रिकाहरू प्रकाशनमा आउनथाले । यसै सिलसिलामा सं. २००७ साल फाल्गुण ८ गते सिद्धिचरण श्रेष्ठको सम्पादनमा 'आवाज' दैनिक निस्कियो । यो सम्पूर्णतः साहित्यिक पत्रिका नभए पनि प्रजातन्त्र प्राप्ति पछिको नेपाली माटोबाट प्रकाशित पहिलो र महत्त्वपूर्ण पत्रिका मानिन्छ ।

साहित्यिक पत्रिकाको लहरमा हेर्दा नारायणप्रसाद बाँस्कोटाको सम्पादनमा 'प्रगति' ( सं. २०१० वैशाख), ईश्वर वराल र भवानी भिक्षुको सम्पादनमा 'धरती' (सं. २०१३), ईश्वर वरालकै सम्पादनमा कविताप्रधान 'इन्द्रेणी' (सं. २०१३) प्रकाशित देखिन्छन् । यी मध्ये १७ अङ्कसम्म प्रकाशित 'प्रगति' द्वैमासिक र ११ अङ्कसम्म प्रकाशित 'धरती'ले आफ्नो प्रकाशन कालभरि नै नेपाली साहित्यलाई सक्दो योगदान दिए । 'इन्द्रेणी'मा नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटा लगायतका स्वच्छन्दतावादी कविहरूका कविताहरू प्रकाशित भई नेपाली साहित्यको काव्यिक यात्रालाई अघि बढाउने काम भएको थियो ।

यसै बीचमा बालबालिकाका लागि धनमान सिंह परियारको सम्पादनमा प्रकाशित 'बालसखा' (सं. २००८) र प्रगतिशील फाँटमा श्यामप्रसाद शर्माद्वारा सम्पादित 'सेवा (सं. २००८: विरगञ्ज) एवम् 'साहित्य' (सं. २०१६: काठमाण्डौ) तथा कमल दीक्षितको सम्पादनमा 'नेपाली' (सं. २०१६) जस्ता पत्रिकाहरू प्रकाशित भए । यी पत्रिकाहरूले नेपाली साहित्यको श्रीबृद्धिमा प्रकाशन कालभरि योगदान दिइरहे ।

'शारदा' (सं. १९९१) पत्रिकाको प्रकाशन नेपाली साहित्यिक पत्रकारितामा जसरी एउटा कोसेढुङ्गा साबित भएको थियो, त्यसैगरी सं. २०१७ सालमा प्रकाशित 'रूपरेखा'ले साहित्यिक पत्रकारितामा सबैभन्दा धेरै अङ्क निकालेर अनि अनेक नवोदित प्रतिभालाई प्रोत्साहित गरेर कीर्तिमान कायम गऱ्यो ।[१५] द्वैमासिकबाट मासिक हुँदै प्रकाशित भएको यस पत्रिकाले देवकोटाको उत्तरवर्ती समयमा नेपाली कवितामा आएको प्रयोगवादी धारालाई मलजन दिने काम गऱ्यो । नेपाली कवितामा प्रयोगवादलाई निम्त्याउने कवि मोहन कोइरालाका कवितालाई स्थापित र प्रतिष्ठित मात्र तुल्याएन, देवकोटा उत्तरयुगको

---

१५. रोचक घिमिरे, **नेपाली साहित्यिक पत्रकारिता र प्रवृत्तिगत वैशिष्ट्य**, हाम्रो पुरुषार्थ (वर्ष ३२, अङ्क २, सम्पूर्णाङ्क ५०, वैशाख २०६२), पृ. ७८

साहित्यिक वादलाई निरन्तरता प्रदान गरेर यस पत्रिकाले नेपाली साहित्यमा केन्द्रीय योगदान दिने काम गऱ्यो । कविता, कथा, संस्मरण र लेखका विशेषाङ्क निकाल्नुका साथै कुनै सिद्धान्त र आग्रहतर्फ नलागी यसले नेपाली साहित्यका प्रसिद्धदेखि लिएर नवोदित एवम् शास्त्रीय परम्परादेखि समसामयिक धारासम्मका स्वच्छन्दतावादी, प्रयोगवादी, प्रगतिवादी जस्ता सबै प्रकारका विचार, धारा र व्यक्तित्वलाई स्थान दियो । यसर्थ 'रूपरेखा' झर्रोवाददेखि त्यसका विरोधी तथा मध्यमार्गी विद्वानहरूसम्म सबैका रचना प्रकाशित गरेर साहित्यसेवामा समर्पित रहेको पत्रिका[१६] बन्न पुग्यो ।

रूपरेखा (सं. २०१७) पछि प्रकाशित अन्य साहित्यिक पत्रिकाहरूमा के. पी. शैलको सम्पादनमा 'इन्दु' (सं. २०१७), गोपालप्रसाद रिमालको सम्पादनमा 'दर्पण' (सं. २०१७), रोचक घिमिरेको सम्पादनमा 'रचना' (सं. २०१८), वासुदेवको सम्पादनमा 'सिंहनाद' (सं. २०१९), भवानी घिमिरेको सम्पादनमा 'भानु' (सं. २०२०) आदि जस्ता पत्रिकाहरू प्रकाशित भए । नेपाली साहित्यको श्रीबृद्धिका लागि यिनीहरूको पनि उल्लेख्य योगदन रहेको कुरा भुल्न सकिन्न ।

सं. २०२० सालपछिका प्रमुख साहित्यिक पत्रिकाहरूमा गोरखापत्र संस्थानबाट प्रकाशित 'मधुपर्क' (सं. २०२५), साझा प्रकाशनबाट प्रकाशित 'गरिमा' (सं. २०३८), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित 'प्रज्ञा', 'कविता', 'समकालीन साहित्य', बैंकर्स क्लब ( नेपाल राष्ट्र बैंक) बाट प्रकाशित 'मिर्मिरे', कृषि विकास बैंकबाट प्रकाशित 'समष्टि', नेपाली झर्रोघर, चन्द्रगढीद्वारा प्रकाशित 'जुही', नगेन्द्रराज शर्माद्वारा सम्पादित 'अभिव्यक्ति', लगायत बगर, उन्नयन, तन्नेरी जनमत, प्रलेस, नदी, पल्लव, वेदना, अक्षर, श्रीजा, अभिनव आदि देखिन्छन् । त्यसरी नै रमझम, तुवाँलो, सौगात, कल्पना, पारिजात, विम्ब, सञ्चय, सुनगाभा, बान्की, हाम्रो पुरुषार्थ, विदेह, सङ्कल्प, दायित्व, सन्दर्भ, रचना, प्रस्थान आदि जस्ता पत्रिकाहरूको प्रकाशनले वि. सं. २०२० पछि नेपाली साहित्यको विकासमा टेवा दिइरहेका छन् । यी पत्रिकाहरूले विविध विषयका साथै नेपाली साहित्यका कथा, कविता, नाट्य, निबन्ध, समालोचना जस्ता विविध विधालाई समेट्दै प्रकाशित हुँदै आइरहेका छन् । यसका अतिरिक्त यी पत्रिकाहरूले नेपाली साहित्यका समसामयिक कवि, नाटककार एवम् साहित्यकर्मीहरूका विविध भाव र शैलीका सिर्जनात्मक र समालोचनात्मक लेखहरू प्रकाशित गर्दै नेपाली साहित्यलाई विविधतायुक्त सामग्री प्रदान गरेर महत्वपूर्ण कार्य गरेको तथ्य प्रष्ट हुन्छ । यसैगरी प्रस्तुत पत्रिकाहरू मार्फत् आधुनिक नेपाली साहित्यका सबैखाले स्रष्टा र सिर्जनाहरूले जनसमक्ष प्रस्तुत हुने अवसर मात्र पाएनन् कि यिनबाट नेपाली साहित्यको श्रीबृद्धिमा लाग्नेहरूका लागि सजिलो माध्यम पनि बनेका छन् ।

यसरी नेपाली पत्र-पत्रिकाको इतिहासमा प्रजातन्त्र (सं. २००७ फाल्गुण ७)को उत्तरवर्ती प्रकाशनलाई हेर्दा 'प्रगति', 'इन्द्रेणी', 'रूपरेखा', 'रचना', 'मधुपर्क', 'गरिमा' 'प्रज्ञा', 'समकालीन साहित्य' प्रभृत्ति पत्रिकाहरूले आधुनिक नेपाली साहित्यको विकासमा उल्लेखनीय योगदान दिएको पाइन्छ भने अन्य पत्रिकाहरूले पनि नेपाली साहित्यको विकासमा धेरथोर योगदान दिएकै देखिन्छ ।

---

१६. डा. तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास**, (काठमाण्डौः संकल्प प्रकाशन, वि. सं. २०३९) पृ. २४५ ।

## २.४ समसामयिक स्थिति र 'दायित्व'को प्रकाशन

नेपाली पत्र-पत्रिकाको इतिहासलाई हेर्दा नेपालभित्रबाट प्रकाशित हुने पत्र-पत्रिकाहरूले कुनै न कुनै रूपमा शक्तिको अधीनमा रही अघि बढ्नुपरेको देखिन्छ । नेपालबाट प्रकाशित हुने २००७ सालपूर्वका पत्रिकाहरूले १०४ वर्षे जहानियाँ राणाशासनको स्तुतिगान एवम् प्रशंसा गर्नु परेकाले स्वतन्त्र रूपमा साहित्यिक सिर्जनाको प्रकाशन गर्न मुस्किल परेको थियो । २००७ सालमा जहानियाँ राणाशासनको अन्त्य भई प्रजातन्त्र घोषणा भएपछि पत्रिकाहरूले स्वतन्त्र रूपमा प्रकाशन हुने वातावरण प्राप्त गर्दछन् । त्यसैले गर्दा तात्कालीन सिर्जनशील युवाहरूबाट सामयिक एवम् साहित्यिक सँगालाहरू र केही पत्रिकाहरू प्रकाशित भएका देखिन्छन् । यसरी प्रकाशित विविध पत्रिकाहरूले नेपाली साहित्यका फाँटमा सक्दो योगदान दिएको देखिन्छ ।

वि. सं. २०१५ सालमा भएको आमनिर्वाचनबाट निर्वाचित प्रजातान्त्रिक सरकारलाई सं. २०१७ सालमा अपदस्थ गरी नेपालको हावापानी र माटो सुहाउँदो राजनैतिक व्यवस्थाका नाममा निरङ्कुश पञ्चायती व्यवस्था लागू गरियो । यसले गर्दा २००७ सालबाट पत्रिकाहरूले प्राप्त गरेको प्रकाशन स्वतन्त्रताको वातावरणमा अवरोध आयो । पत्र-पत्रिकाहरूले प्रकाशनमा सोचेर अगाडि बढ्नुपर्ने भयो । पत्र-पत्रिकामा प्रकाशित लेख-रचनामा पञ्चायती व्यवस्थाको विरोधको गन्ध मात्र फेला परेपनि पत्रिकामाथि नै प्रतिबन्ध लगाइनुका साथै सो लेख-रचनाका लेखक समेतले कालकोठरीको जीवन बिताउनु पर्दथ्यो । यसप्रकारको तात्कालीन प्रशासनिक निगरानीका कारण पत्रिका प्रकाशनदेखि लिएर पाठक ( ग्राहक) समेत पाउन मुस्किल थियो । जसले गर्दा प्रकाशनमा पर्नजाने आर्थिक भार असुलीमा समेत व्यवधान खडा हुन्थ्यो । यसप्रकार आर्थिकभार वहन गर्न पत्रिकाहरू असक्षम हुँदैगएको अवस्थामा वि. सं. २०२३ सालताका त विज्ञापनमा समेत सेन्सरसिप लगाइयो । यतिमात्र होइन, त्यसबेला पत्रिका दर्ता गराउन समेत झमेला व्यहोर्नु पर्दथ्यो । जसले गर्दा साहित्यानुरागी जमातबाट ठाउँठाउँबाट सामयिक सँगालोको रूपमा पत्रिकाहरू प्रकाशित हुन थालेका थिए । वि. सं. २०२२ सालदेखि २०२६ सालसम्मका प्रकाशनलाई हेर्दा यस कुराको पुष्टि हुन्छ । यसपछि प्रकाशन सुगम बनाउने निहुँमा सं. २०३१ सालमा अझै कडा प्रतिबन्ध लगाईयो । यसपछि वि. सं. २०३६ सालको जनमतसंग्रहबाट पनि सो परिवेशमा केही परिवर्तन आउन सकेन । त्यस्तै वातावरणबीच पनि जुन सामयिक सङ्कलन र पत्रिकाहरू प्रकाशित भएका थिए, ती मध्ये थुप्रैले प्रत्यक्ष-परोक्ष रूपले प्रतीकात्मक भाषा र प्रयोगशील शैलीका अभिव्यक्तिबाट प्रजातान्त्रिक स्वतन्त्रताको आह्वान गरिरहे । वि.सं. २०४६ सालको जनआन्दोलन अगाडिसम्मका पत्रिकाहरूमा यस्तो प्रकृति टड्कारै देखिन्छ । यसै परिवेशमा वि. सं. २०४४ सालको नववर्षारम्भ सँगै मान्छेका बस्न, खान, बोल्न र जीवनका प्रत्येक पहलुमा रम्न सिकाउने साहित्यको सेवा गर्ने लक्ष्यका साथ लक्ष्मी पन्तको सम्पादनमा दर्शन, साहित्य र कलाका साथै राष्ट्रिय-अन्तर्राष्ट्रिय समसामयिक गतिविधिहरूसँग पनि परिचय बढाउने सङ्गमका रूपमा 'दायित्व' (सामयिक सङ्कलन)को प्रकाशन भएको देखिन्छ ।

'दायित्व' पत्रिकाको प्रकाशनकाल सम्ममा प्रकाशित भएका समसामयिक साहित्यिक पत्र-पत्रिकाहरूलाई हेर्दा ती विविध सामयिक सङ्कलन र पत्रिकाहरूले साहित्यका विविध विधालाई आत्मसात गर्दै अगाडि बढिरहेका देखिन्छन् । यी मध्ये कुनैमा कविताको प्रचुरता रहेको देखिन्छ भने कुनैमा विशुद्ध गद्यको आधिक्यता । समग्रमा भन्दा तात्कालीन परिवेशमा प्रकाशित भइरहेका पत्रिकाहरूमध्ये केही स्थायी रूपमा प्रकाशित भइरहन्थे त केही पत्रिका लहडी युवाहरूको सम्पादक बन्ने रहरमा निस्केका हुन्थे । यसरी सम्पादक बन्ने रहरले

निस्केका पत्रिकाहरूले पाठकलाई उपयुक्त हुने किसिका सामग्री दिन सकिरहेका थिएनन् । त्यस्तै कतिपय पत्रिकाहरूमा विज्ञापनको प्रचुरता देखिनेगर्थ्यो भने कतिपय पत्रिकाले एकपक्षीय विचारलाई अघि बढाइरहेका हुन्थे । यस किसिमका समसामयिक पत्रिकाहरूले पाठकहरूलाई पत्रिकामार्फत केही खुराक दिने प्रयास गरे तापनि तिनले स्तरीयता र मूल्य स्थापन गर्न सकिरहेका थिएनन् ।

यसै परिप्रेक्ष्यमा पत्रिकाको स्तरीयता, पाठकवर्गको रुचि र तात्कालीन अवस्थामा पूरा गर्नुपर्ने पत्रिकाको खाँचोलाई बुझेर नै 'दायित्व'ले सो दायित्व बहन गरेको देखिन्छ । आफ्नो पहिलो अङ्कदेखि नै दर्शन, साहित्य र कलालाई अँगाल्दै दर्ता पछि द्वैमासिक रूपमा प्रकाशन गर्ने बाचाका साथ सर्वप्रथम सामयिक सङ्कलनका रूपमा प्रकाशन हुनथालेको देखिन्छ । लक्ष्मी पन्तको सम्पादकत्वमा निस्कनथालेको यस पत्रिकाले साहित्यका कविता, कथा, उपन्यास, एकाङ्की, लेख-निबन्ध, जीवनी, अन्तर्वार्ता, संस्मरण, लोकसाहित्य, अनुवाद जस्ता विविध विधालाई समावेश गर्दै प्रकाशनमा ल्याउने गरेको देखिन्छ । **दायित्व**का प्रायः अङ्कहरूमा रहेको 'दायित्व बोल्छ' र 'पुस्तक परिचय' अनि कतिपय अङ्कहरूमा रहेका 'साहित्यिक गतिविधि'ले गर्दा अन्य साहित्यिक क्रियाकलापतर्फ पनि **दायित्व**को चासो रहेको तथ्य खुल्दछ । विशेषतः रजत अङ्कपछि पूर्णतः बन्द भएका जान्नुपर्ने कुरा, एक फन्कोमा अनेक ज्ञान, विज्ञान जगत, बुझिनसक्नु छ जस्ता स्तम्भहरूले साहित्येत्तर विषय पनि प्रस्तुत गरेका छन् ।

'दायित्व'ले आफ्नो प्रकाशन अवधिमा साहित्यका विविध विधाका रचनालाई मात्र महत्व दिने काम नगरेर यसले बेलाबखत कथा, कविता, यात्रा, संस्मरण, समालोचना जस्ता विविध विशेषाङ्क पनि प्रकाशित गरेको देखिन्छ । यसरी नै साहित्यिक प्रतिभाहरूको सम्मान, सम्झना गर्ने क्रममा 'समालोचना तथा पुरस्कृत प्रतिभा विशेषाङ्क' (वर्ष ६ पूर्णाङ्क १७, २०४९ वैशाख), 'भारतीय नेपाली साहित्यिक विशेषाङ्क' (वर्ष ७ पूर्णाङ्क २१, २०५०), 'शङ्कर कोइरालाः स्मृति विशेषाङ्क' (वर्ष ११ पूर्णाङ्क ३०, पौष २०५४), 'विशिष्ट साहित्यकार विशेषाङ्' (वर्ष १३ पूर्णाङ्क ३५, कार्तिक २०५६), 'शङ्कर कोइरालाः समालोचना विशेषाङ्क' (वर्ष १५ पूर्णाङ्क ४१, कार्तिक २०५८), 'शङ्कर कोइरालाः कथा विशेषाङ्क' (वर्ष १७ पूर्णाङ्क ४७, असोज-कार्तिक २०६०), 'निजामती साहित्यकार विशेषाङ्क' (वर्ष १८ पूर्णाङ्क ४८, वैशाख २०६१) पनि निकालेको देखिन्छ । उपर्युक्त विविध कुराहरूलाई हेर्दा 'दायित्व' आफ्नो प्रकाशन क्रममा राम्रो पत्रिकाको दाँजोमा उभिन सफल छ भन्ने कुरामा दुइमत हुन सक्दैन ।

'दायित्व' वास्तवमा तात्कालीन परिवेशमा च्याउ उम्रिए झैं उम्रिएका, कसैको व्यक्तिगत स्वार्थपूर्तिको उद्देश्यले ओतप्रोत भएका पत्रिका झैं नभएर खास उद्देश्य र लक्ष्य प्राप्तिका लागि जन्मेको देखिन्छ । यसले साहित्यका क्षेत्रमा केही गर्न सकौं, केही दिन सकौं भन्ने लक्ष्य राखेको पाइन्छ ।[१७]

यसरी हेर्दा 'दायित्व' आफ्नै किसिमको पृष्ठभूमिमा रहेर साहित्यका विविध विधाका रचनाहरू प्रकाशित गर्दै दर्शन जस्तो गहन र कलाजस्तो नवीन विषयलाई आफूमा समाविष्ट गरेर मासिक पत्रिकाको रूपमा दर्ता भएर प्रकाशित भएको देखिन्छ ।

---

१७. लक्ष्मी पन्त, **सम्पादकीय**, दायित्व (वर्ष १, अङ्क १, २०४४ वैशाख)

## २.५ 'दायित्व'को शीर्षक चयनको आधार

प्रत्येक पत्रिकाको नामको पछाडि एउटा न एउटा अर्थ लुकेको हुन्छ र यसै नामका आधारमा सो पत्रिका कुन प्रकारको हो भनेर अनुमान लगाउन पनि सकिन्छ । यस दृष्टिले 'दायित्व'को नामकरण हेर्दा अभिधात्मक तहमा 'जिम्मेवारीपन' हुन्छ । हुनत 'दायित्व'का विभिन्न अर्थ हुनसक्छन् – दिनु वा बुझाउनु, जिम्मेवारी, जवाफदेही, अभिभारा इत्यादि । जसमा **दायित्व**को लक्ष्य केही गर्न सकौं, केही दिन सकौं[१८] भन्ने रहेको देखिन्छ । साहित्य भनेको सबैको साझा सम्पत्ती हो । सबै मिलेर साहित्य, संस्कृति र कलालाई बचाउनु पर्दछ । यो जिम्मेवारी सम्पूर्ण नागरिकमा रहन्छ र रहनुपर्दछ । त्यसै अनुरूपको दायित्व महशुस गरी त्यही नेपाली कला र साहित्यको उत्थानका लागि दायित्व बहन गर्ने इच्छा अनुरूप 'दायित्व' शीर्षक रहनगएको[१९] कुरा प्रष्ट छ ।

नेपाली साहित्यका विविध विधाका रचनाहरू प्रकाशन गरेर नेपाली साहित्यिक भण्डारको संवृद्धितर्फको दायित्व पनि यसले बोकेको छ । नवप्रतिभाहरूका नवसिर्जनाहरू समावेश गरी तिनको हौसला बढाउनेदेखि लिएर नेपाली साहित्यका दिग्गज व्यक्तित्वहरूका रचना समावेश गरेर तिनप्रति श्रद्धा गर्न पनि पछि नपरी निरन्तर रूपमा यो अगाडि बढेको देखिन्छ । यसले अन्य कुराहरूलाई त्यागेर सम्पूर्णतः साहित्यिक सेवामा प्रतिबद्ध देखिन्छ । राजनैतिक अर्थका रूपमा तात्कालीन सन्दर्भमा सामाजिक र प्रशासनिक बेमिल्दा पक्षहरूमाथि वैचारिक विद्रोह गर्नका लागि सचेत र क्रान्तिकारी नागरिकको दायित्व बहन गर्ने कुरा पनि 'दायित्व' शीर्षकबाट प्रष्ट हुन्छ । अर्कोतर्फ मानवीय सेवामा अर्थात् नागरिक चेतनाको अभिवृद्धितर्फको 'दायित्व' पनि अभिव्यञ्जित छ । अझ दार्शनिक तहमा पुगेर अर्थ लगाउनु पर्दा साहित्यिक मार्गबाट 'परजन हितायः'को भाव पनि यसले ध्वनित गरेको छ भन्न सकिन्छ ।

यसरी माथि प्रस्तुत गरिएका अर्थका सापेक्षतामा 'दायित्व'को विषयवस्तुको प्रतिपादन र लक्ष्यलाई हेर्दा यसमा साहित्यिक अर्थले नै प्रमुखता पाएको देखिन्छ । यस सन्दर्भमा 'दायित्व'को अर्थ 'जिम्मेवारी' र प्रकारान्तरमा साहित्य, संस्कृति र कलालाई बचाउने र प्रगतिपथमा डोऱ्याउने उत्तरदायित्व प्रतिपादन गरिएको छ । यसैले नेपाली साहित्यको श्रीवृद्धिको दायित्व महशुस गरी साहित्यिक रचनाहरूको सङ्कलनका रूपमा प्रकाशित पत्रिकाको नामकरण पनि 'दायित्व' नै राख्ने मूल औचित्य रहेको छ ।

## २.६ 'दायित्व'को उद्देश्य

'दायित्व' एउटा निश्चित उद्देश्य र लक्ष्य लिएर अघि बढेको पत्रिका हो । यसको पनि आफ्नै किसिमको उद्देश्य रहेको छ । जुन देशको साहित्यको विकास हुँदैन, संस्कृतिको उत्थान हुँदैन, भाषाको स्तरीयता कायम हुँदैन, त्यो देश यथार्थमा विकसित हुँदैन । यसर्थ आफ्नो राष्ट्रको विकासको दायित्व हृदयङ्गम गर्दै यसै कुराको परिपूर्ति गर्ने मूल विचार लिएर 'दायित्व'ले नेपाली साहित्य, नेपाली संस्कृति र नेपाली भाषालाई अघि बढाउने निश्चित लक्ष्य लिएको देखिन्छ । यसले साहित्यिक क्षेत्रमा केही योगदान गर्नखोज्ने तर बाटो

---

१८. ऐजन्

१९. प्र. स. रामप्रसाद पन्तबाट प्राप्त जानकारी अनुसार

नदेखेर अल्मलिइरहेका वर्गलाई प्रोत्साहित गर्ने मुख्य उद्देश्य[२०] लिई त्यही मूल्य र मान्यता अनुरूप अगाडि बढेको देखिन्छ । अर्थात् यसबाट के कुरा प्रष्ट हुन्छ भने प्रकाशकको खोजीमा दौडिरहेका राम्रा रचनाहरूलाई स्थान दिँदै र पुराना स्थापित साहित्यकारहरूलाई पनि सम्मान गर्दैजाने उद्देश्य 'दायित्व'ले राखेको छ । 'दायित्व' कुनै विचारधारा, शैली, प्रयोग, विधा, सिद्धान्त आदिको सीमाभित्र रहेको छैन । यो सम्पूर्ण विचारधाराका विभिन्न विधामा कलम चलाउने लेखक- साहित्यकारहरूलाई स्थान दिँदै र सम्मान गर्दैआएको एवम् कुनै गुट विशेषमा नलागी, प्रगतिशील - अप्रगतिशील कुराहरूमा नअल्मलिई नेपाली साहित्यको उत्थान गर्ने उद्देश्यले प्रेरित हुँदै अगाडि बढेको छ ।[२१]

नेपाली पत्र-पत्रिकाको सापेक्षतामा 'दायित्व'लाई हेर्दा यसले संस्कृति, कला र साहित्य जस्ता कुनै एक विषय वा एक पक्षलाई विकास गर्ने भन्दापनि यी सबैको समष्टि विकास गर्ने लक्ष्य राखेको पाइन्छ । दर्शन, कला, संस्कृति र साहित्यको संयुक्त प्रकाशन गर्ने पनि यसको लक्ष्य रहेको देखिन्छ । उद्देश्य राखेर र योजनाहरूको निर्माण मात्र गरेर त्यसको पूर्ति हुन सक्दैन । आफ्नो लक्ष्य पूर्ति भयो भएन भनेर पुष्टि गर्ने दिन पनि आउँछ । यस सन्दर्भमा 'दायित्व'लाई हेर्दा यसले आफ्नो प्रकाशन यात्रा पचासौं अङ्क (पूर्णाङ्क ५०) नघाइसकेको छ र यिनीहरू मार्फत दर्शन, साहित्य, कला र संस्कृतिको प्रकाशन गरेको छ । यसबाट नेपाली दर्शन, साहित्य, कला र संस्कृतिको विकासमा योगदान पुऱ्याउने लक्ष्य पनि हासिल गरेको छ ।

उपर्युल्लिखित तीन विषय मध्ये साहित्यको सर्वाङ्गीण विकास गर्ने यसको मूल औचित्य रहेका कुरा  दर्शन, कला र साहित्यको अङ्गका रूपमा, साहित्यको परिपोषकको रूपमा दर्शन र कलालाई प्रस्तुत गरिनुले स्पष्ट हुन्छ ।  दर्शन र कलाको आ-आफ्नै क्षेत्र र संसार छ, दायित्वमा यिनीहरू साहित्य मै समाहित भएर आएका छन् ।  'हाम्रो अङ्ग-प्रत्यङ्गमा साहित्य अभिसिञ्चित भएको छ'[२२] जस्तो अभिव्यक्ति द्वारा साहित्यलाई दार्शनिक तहबाट नियालेको तथ्य प्रष्ट हुन्छ । साहित्यको सर्वाङ्गीण विकास गर्नका लागि साहित्यलाई विविध समृद्धिको बाटो तर्फ लम्काउने काम मात्र नगरेर यसले साहित्यसँग सम्बन्ध राख्ने दर्शन र कलाको पनि विकास गरेको छ ।  साहित्यमा शिवत्वका लागि दर्शन र  रसिलो, सुस्वादिलो एवम् सुरम्य बनाउन कलाको साथ लिएको छ ।

यसैगरी पत्रिका प्रकाशनका क्रममा मनोरञ्जनात्मक एवम् बौद्धिक खुराकयुक्त सामग्री प्रकाशन गर्ने उद्देश्य राखेको देखिन्छ ।  कुनै वर्ग, समुदाय, भावनाको हितमा भन्दा पानि 'वहुजन हिताय, वहुजन सुखाय' को कामनाका साथ 'दायित्व' प्रकाशित देखिन्छ । साहित्यिक रचना प्रकाशित गर्दा स्थापित एवम् प्रतिष्ठित प्रतिभाहरूका साथै नवोदित प्रतिभाहरूको रचनालाई पनि समानुपातिक रूपमा यसले प्रकाशन गर्ने लक्ष्य राखेको देख्न पाइन्छ ।

---

२०. लक्ष्मी पन्त, **सम्पादकीय**, दायित्व (वर्ष १, अङ्क १, २०४४)

२१. प्र.स. रामप्रसाद पन्तबाट प्राप्त जानकारी अनुसार ।

२२. लक्ष्मी पन्त, पूर्ववत्

## २. ७ 'दायित्व' को परिचय

**दायित्व**को परिचय भन्नाले यहाँ प्रस्तुत पत्रिकाका अङ्क सम्मका अङ्कहरू, हरेक अङ्कमा प्रकाशित विधागत रचना तथा यस पत्रिकासँग सम्बन्धित सम्पादक, सह-सम्पादक, रचना सम्पादक, प्रकाशक र व्यवस्थापक तथा सहयोगी एवम् मुद्रक पर्दछन् । यसरी हेर्दा प्रस्तुत पत्रिकाले आफ्नो प्रकाशनकालमा भोग्नु परेका विभिन्न किसिमका समस्याहरू र ती समस्याबाट जुझेर पनि यसले नेपाली साहित्यमा दिन सकेको योगदानमूलक रचनाहरूको परिचय नै 'दायित्व' को परिचय हो । यिनै कुराहरूलाई निम्नलिखित उपशीर्षकमा राखेर प्रष्ट्याइएको छ ।

### २. ७. १ 'दायित्व'का प्रकाशित अङ्कहरू

वि.सं. २०४४ साल वैशाखको बिहानीसँगै सामयिक साहित्यिक संकलनका रूपमा झुल्केको 'दायित्व' २०६१ कार्तिक सम्ममा जम्मा ५० अङ्क प्रकाशित गर्न सफल भई त्यसपछि पनि निरन्तर प्रकाशित भईरहेको छ । प्रथम प्रकाशनदेखि नै साहित्यका विविध विधालाई समेट्दै आएको 'दायित्व' ले प्रकाशनका क्रममा सार्क बालिका-दशक विशेषाङ्क ( अ.१३) जनआन्दोलन विशेषाङ्क (पू. १४), समालोचना तथा पुरस्कृत प्रतिभा विशेषाङ्क ( पू.१७), भारतीय नेपाली साहित्यिक विशेषाङ्क (पू.२१), कविता अङ्क (पू. २४), रजत अङ्क (पूं.२५) , कथा विशेषाङ्क – १ (पू.२९), शंङकर कोइरालाः स्मृति विशेषाङ्क (पू.३०), यात्रा विशेषाङ्क (पू.३२) विशिष्ट साहित्यकार विशेषाङ्क (पू.३५) शङ्कर कोइरालाः समालोचना विशेषाङ्क (पू.४१) लघुकथा विशेषाङ्क (पू.४३), शङ्कर कोइरालाः कथा विशेषांक विशेषाङ्क (पू.४७), निजामती साहित्यकार विशेषाङ्क (पू.४८) र स्वर्ण विशेषाङ्क २०६१ ( पूर्णांक ५०) जस्ता विशेषाङ्कहरू निकालेर आफ्नो अलग पहिचान राख्न सक्षम भएको पाइन्छ । अङ्क एकदेखि पूर्णाङ्क एघारसम्म सामयिक सङ्कलनका रूपमा प्रकाशित भएर पूर्णाङ्क १२ देखि अर्थात २०४७/३/३ मा का.जि.का. मा (द.नं. २०/०४६-०४७) दायित्व प्रकाशन प्रा.लि. अन्तर्गत 'दायित्व मासिक' दर्ता भएर सालाखाला चौमासिक रूपमा यसको प्रकाशन हुँदै आई[२३] वि.स. २०६१ कार्तिक सम्ममा पूर्णाङ्क ५० सम्म प्रकाशन भएको देखिन्छ । विभिन्न वाध्यतावश बीच बीचमा संयुक्ताङ्कका रूपमा प्रकाशित हुँदै आएको **दायित्व**ले प्रकाशनको अनियमितताको मारबाट पनि आफूलाई जोगाउन सकेको देखिँदैन । यस प्रकार प्रकाशनको क्रममा अनियमित हुँदै अघि बढ्नु परे तापनि **दायित्व**ले आफूलाई स्तरीय रूपमा प्रस्तुत गर्दै आएको छ र पाठकवर्गलाई सकेसम्म धेरै बौद्धिक खुराक प्रदान गरी सन्तुष्ट गर्ने काम गरेको छ । यो दायित्वको प्रमुख विशेषता पनि हो । यसरी बीच बीचमा अनियमित हुँदै संयुक्ताङ्क पनि प्रकाशन गर्दै आएको दायित्वले समस्यै समस्याको भुँवरीमा रुमलिँदै भए पनि आफ्नो यात्राका पचासौँ अङ्क नघाएको छ । यस किसिमको **दायित्व**को प्रकाशनलाई वर्ष, अङ्क र प्रकाशित प्रत्येक अङ्कमा पृष्ठसंख्या कति थिए भन्ने कुरा निम्न लिखित तालिकामा देखाइन्छ ।

---

२३. रामप्रसाद पन्त, **सम्पादकीय**, दायित्व (वर्ष १८, पू. ५०, कार्तिक) २०६१

| क्र. सं. | वर्ष | पूर्णाङ्क | साल | जम्मा पृष्ठ संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | १ | २०४४ वैशाख | २६ | प्रवेशाङ्क |
| २ | १ | २ | २०४४ आषाढ | ३२ | |
| ३ | १ | ३ | २०४४ पौष | ४६ | |
| ४ | २ | ४ | २०४५ वैसाख | ६४ | |
| ५ | २ | ५ | २०४५ भाद्र | ४६ | |
| ६ | २ | ६ | २०४५ पौष | ४४ | |
| ७ | ३ | ७ | २०४६ वैसाख | ४८ | |
| ८ | ३ | ८ | २०४६ आषाढ | ४४ | |
| ९ | ३ | ९ | २०४६ कार्तिक | ५८ | |
| १० | ३ | १० | २०४६ पौष | ४४ | |
| ११ | ४ | ११ | २०४७ वैशाख | ४८ | |
| १२ | ४ | १२ | २०४७ आश्विन | ५२ | |
| १३ | ४ | १३ | २०४७ पौष | ५२ | |
| १४ | ५ | १४ | २०४८ वैसाख | ३२ | जनआन्दोलन विशेषाङ्क |
| १५ | ५ | १५ | २०४८ असोज | ४४ | |
| १६ | ५ | १६ | २०४८ पौष | ४४ | |
| १७ | ६ | १७ | २०४९ वैसाख | ५६ | समालोचना तथा पुरस्कृत प्रतिभा विशेषाङ्क |
| १८ | ६ | १८ | २०४९ असोज | ५२ | |
| १९ | ६ | १९ | २०४९ पौष | ३८ | |
| २० | ७ | २० | २०५० वैसाख | ५८ | |
| २१ | ७ | २१ | २०५० | १४० | भारतीय नेपाली साहित्यकार विशेषाङ्क |
| २२ | ८ | २२ | २०५१ वैसाख | ४० | |
| २३ | ८ | २३ | २०५१ आश्विन | ४८ | संयुक्ताङ्क |
| २४ | ८ | २४ | २०५१ फागुन | ३२ | संयुक्त कविता अङ्क |
| २५ | ९ | २५ | २०५२ – | ६८ | रजत अङ्क |
| २६ | १० | २६ | विजयादशमी २०५३ | ५२ | |
| २७ | १० | २७ | पौष २०५३ | ५० | |
| २८ | ११ | २८ | वैशाख २०५४ | ३६ | |
| २९ | ११ | २९ | असोज २०५४ | ८२ | कथा विशेषाङ्क-१ |
| ३० | ११ | ३० | पौष २०५४ | ४४ | शङ्कर कोइरालाः स्मृति विशेषाङ्क |
| ३१ | १२ | ३१ | वैसाख २०५५ | ३८ | |
| ३२ | १२ | ३२ | आश्विन २०५५ | ९० | यात्रा विशेषाङ्क- १ |
| ३३ | १२ | ३३ | पौष २०५५ | ५६ | |
| ३५ | १३ | ३४ | वैसाख २०५६ | ५६ | |
| ३५ | १३ | ३५ | कार्तिक २०५६ | १५४ | विशिष्ट साहित्यकार विशेषाङ्क |
| ३६ | १३ | ३६ | पौष-फागुन २०५६ | ४८ | संयुक्ताङ्क |
| ३७ | १४ | ३७ | वैसाख २०५७ | ५६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८ | १४ | ३८ | असोज २०५७ | ६४ | |
| ३९ | १४ | ३९ | पौष २०५७ | ७० | |
| ४० | १५ | ४० | वैसाख २०५८ | ६० | |
| ४१ | १५ | ४१ | कार्तिक २०५८ | २०३ | शङ्कर कोइरालाः समालोचना विशेषाङ्क |
| ४२ | १६ | ४२ | वैसाख २०५९ | ७६ | |
| ४३ | १६ | ४३ | असार २०५९ | ६६ | लघुकथा विशेषाङ्क |
| ४४ | १६ | ४४ | असोज २०५९ | ६० | |
| ४५ | १७ | ४५ | वैसाख २०६० | ७८ | |
| ४६ | १७ | ४६ | असार २०६० | ६४ | |
| ४७ | १७ | ४७ | असोज–कात्तिक २०६० | ८० | शङ्कर कोइरालाः कथा विशेषाङ्क |
| ४८ | १८ | ४८ | वैसाख २०६१ | १६० | निजामती साहित्यकार विशेषाङ्क |
| ४९ | १८ | ४९ | असार २०६१ | ६० | |
| ५० | १८ | ५० | कार्तिक २०६१ | १७६ | स्वर्ण विशेषाङ्क २०६१ |

*द्रष्टव्यः उपर्युक्त तालिकामा भएका पृष्ठ सख्या टङ्कण भएका पृष्ठ मात्र हुन् । प्रायः सबै अङ्कहरूमा पृष्टाङ्कन नभएका केही साहित्येत्तर सामग्रीहरू पनि राखिएका छन् ।*

## २.७.२ 'दायित्व'को सम्पादन, प्रकाशन, व्यवस्थापन र मुद्रण

वि.स.२०४४ साल वैशाखदेखि सामयिक संकलनका रूपमा प्रकाशनारम्भ हुँदा **दायित्व**का प्रधान सम्पादक लक्ष्मी पन्त, सहसम्पादक तारा कार्की, उपसम्पादक सरला श्रेष्ठ र प्रबन्धक रामप्रसाद पन्तको नाम देखिन्छ । **दायित्व**को पहिलो अङ्कदेखिनै सम्पादन र व्यवस्थापन साहित्यकार रामप्रसाद पन्तबाट हुने गरेको र आफ्नो जागिरे जीवन भएकाले पञ्चायत कालमा साहित्यिक पत्रिकामा चासो राख्ने आफ्नी श्रीमती लक्ष्मी पन्तलाई सम्पादकको स्थानमा राखी स्वयं रामप्रसाद पन्त चाहिँ व्यवस्थापकका रूपमा रहेको तथ्य आरम्भिक अभिलेखले जनाएको छ ।[२४] पत्रिका प्रकाशनका क्रममा सम्पादन व्यवस्थापनतर्फ पदीय दायित्वको फेरबदल हुँदै 'दायित्व मासिक' को रूपमा दर्ता भएको अङ्क (१२ औं अङ्क ) मा प्रधान सम्पादकको रूपमा कृष्ण वाउसे र कार्यकारी सम्पादक रामप्रसाद पन्त अनि रचना सम्पादकमा तारा कार्कीको नाम देख्न पाइन्छ । त्यसपछिका अङ्कहरूमा पनि पदीय दायित्व फेरबदल हुँदै रहेको देखिन्छ । चौधौँ अङ्कदेखि कार्यकारी सम्पादक तथा बाइसौं अङ्कदेखि प्र.स.को रूपमा रामप्रसाद पन्तको नाम देखिन्छ । आरम्भदेखि नै सम्पादन प्रक्रियामा सहयोग पुऱ्याउदै आएका साहित्यिक पत्रकार तारा कार्कीले **दायित्व**को पूर्णाङ्क २५ (रजतबर्ष २०५२) सम्म रचना सम्पादकका रूपमा सहयोग पुऱ्याउँदै आएको देखिन्छ । पू. २६ (विजया दशमी २०५६) -देखि भने रचना सम्पादक तारा कार्कीको संलग्नता छुटेको

२४. प्रा गोपीकृष्ण शर्मा, **दायित्वको यात्राः स्वर्ण अङ्कसम्म**, दायित्व (वर्ष १८, पू. ५०) २०६१ कार्तिक

भएपनि रामप्रसाद पन्त र लक्ष्मी पन्तका साथै सम्पादन सल्लाहकार ठाकुर शर्माको पत्रिकागत सहकार्य देखिन्छ ।

यी विभिन्न व्यक्तिहरूको नाम पत्रिकामा उल्लेख हुँदै आएपनि पत्रिका प्रकाशनका सन्दर्भमा सम्वद्ध सञ्चालक र व्यवस्थापकबाट केही न केही सहयोग भए तापनि सम्पादन प्रकाशनदेखि लिएर व्यवस्थापन सम्मको अधिकांश कार्य रामप्रसाद पन्तद्वारा नै भएको जानकारी पनि पाइन्छ ।[२५] यसैगरी प्रथम अङ्कदेखि तेस्रो अङ्कसम्म सल्लाहकारका रूपमा मधु वी.सी चौथोदेखि छैटौँसम्म डा. मथुरा के.सी एवम् सातौँदेखि एघारौँसम्म रामप्रसाद पन्त र डा. मथुरा के.सी, बाह्रौँदेखि बीसौंसम्म डा. मथुरा के.सी र डा. भोला रिजाल, एक्काइसौंमा डा. मथुरा के.सी. हुँदै बीचका ३ अङ्क छोडी २४ औं अङ्कमा पुनः डा. मथुरा के.सी. र २६ औंदेखि पचासौंसम्म नै कवि ठाकुर प्रसाद शर्मा सल्लाहकारको रूपमा देखिन्छन् । यस क्रममा अङ्क ४३ देखि सह-सम्पादकको रूपमा यादव भट्टराईको नाम देख्न सकिन्छ भने पत्रिका प्रकाशनका क्रममा विभिन्न समयमा विष्णु ज्ञवाली, कमल ज्ञवाली, केशवराज पन्त, ऋषीराम डाँगी, गिरीराज पन्थ, हेमलाल न्यौपाने, कृष्णबहादुर थापा प्रभृति व्यक्तित्वहरूको विशेष सहयोग रहेको कुरा पनि प्रष्टिन्छ ।

सुरुमा 'दायित्व' को प्रकाशन 'दायित्व परिवार'बाट भएको देखिन्छ भने नवौं अङ्कदेखि 'दायित्व प्रकाशन (प्रा.) लि.' , २१/१५३ डिल्लीबजार काठमाण्डौबाट प्रकाशन भएको देखिन्छ । पू.२२ (वैशाख २०५१) सम्म डिल्लीबजारमा रहेको **दायित्व**को कार्यालय पू.२३ बाट घ १-६०१ चावहिल काठमाण्डौमा सरेपछि पनि यो पत्रिका निरन्तर प्रकाशन भइरहेको देखिन्छ । 'दायित्व'लाई पनि संस्थागत एवम् सङ्गठित रूपमा संस्थापन गराई निरन्तरता दिँदैजान यसै पत्रिकाका प्र.स.रामप्रसाद पन्तको अध्यक्षतामा 'दायित्व वाङ्मय प्रतिष्ठान' गठन भएको[२६] देखिन्छ । तत्पश्चात 'दायित्व' पत्रिकाको प्रकाशन यसै प्रतिष्ठानले गर्दै आएको देखिन्छ । यसबाट पत्रिकाले प्रतिष्ठान जन्माएको कुरा पनि सिद्ध हुन आउँछ । 'दायित्व'को आफ्नै छापाखाना नभएकोले सुरूदेखि पचासौं अङ्कसम्मका प्राय सबै अङ्क चावहिल अपसेट प्रेस र केही केही अङ्कहरू भने काठमाण्डौका विविध छापाखानाहरूमा मुद्रण भएको जानकारी पाइन्छ ।[२७] **दायित्व**को प्रकाशन खर्चको कुरा गर्दा विज्ञापन नै प्रमुख स्रोत भएको र केही केही रकम प्र. सं. रामप्रसाद पन्तलेनै निजी स्रोतबाट जुटाउने गरेको कुरापनि थाहा हुन आएको छ ।[२८]

उल्लेखित प्रक्रियाबाट सम्पादन, प्रकाशन, व्यवस्थापन र मुद्रण हुँदै आएको **दायित्व** पत्रिकाले 'दायित्व मासिक' भनेपनि १८ वर्षको अवधिमा पचासौं अङ्क नघाएर सरदर वार्षिक ४ अङ्क अर्थात् त्रैमासिक रूपमा पाठक सामु आएको देखिन्छ । चाहे जे होस, सुस्त गतिमै भएपनि निजी स्रोतबाट चलेको **दायित्व**ले स्वर्ण जयन्ति मनाउँदै अगाडि बढेको छ ।

---

२५. प्र.सं. रामप्रसाद पन्तबाट प्राप्त जानकारी अनुसार

२६. रामप्रसाद पन्त, **सम्पादकीय**, दायित्व वर्ष १४, पू.३८) असोज २०५७

२७. प्र.स. रामप्रसाद पन्तबाट प्राप्त जानकारी अनुसार

२८. ऐजन्

### २.७.३ 'दायित्व'मा प्रकाशित सामग्री

| १२४. भारतीको आलु र निर्मलाको माछा- २ | रामप्रसाद पन्त | १७/४५ | २९ |
| १२५. पाण्डव सुनुवार र श्रोताको कन्दरा | अरुण खत्री 'नदी' | १७/४५ | ७२ |
| १२६. सिक्किम यात्राः तेत्तीस वर्ष अघिको सम्झना | डा. तुलसी भट्टराई | १७/४६ | ६ |
| १२७. कुलचन्द्रको श्राद्ध | अच्युतरमण अधिकारी | १७/४६ | १० |
| १२८. कार्यक्रम झरनाको अनुभूति यात्राको | माधवप्रसाद काफ्ले | १७/४६ | ३६ |
| १२९. माधव घिमिरे 'सागर'सँग जम्काभेट | अरुण खत्री 'नदी' | १७/४६ | ५७ |
| १३०. नारी, बुद्ध र रोबोटका आँखा | नरेन्द्रराज पौडेल | १८/४८ | ९ |
| १३१. चौरजहारी, त्रास र कृष्णप्रसाद | प्रतीक ढकाल | १८/४८ | ६६ |
| १३२. अमेरिकाबाट आफ्नै जन्मभूमितिर | जय छाङ्छा | १८/४८ | ९० |
| १३३. मलाई मृत्युले पनि पत्याएन | हरि थापा | १८/४८ | १०६ |
| १३४. आँखामा बसेकी अनामिका | आनन्दप्रकाश नेपाल | १८/४८ | १३८ |
| १३५. आफ्नो सहर | धनुश्चन्द्र गौतम | १८/५० | २१ |
| १३६. दोस्रो सांस्कृतिक भेला र कवि युद्धप्रसाद मिश्र | विष्णु प्रभात | १८/५० | ७७ |

## ३.१० लोकसाहित्य

| क.स. विषय | रचनाकार | वर्ष/अङ्क | पृष्ठसंख्या |
|---|---|---|---|
| १. चरिको विवाहको सवाई | हरिकला पन्त | १४/३८ | १७ |
| २. बाह्र महिनाको बखान | हरिकला पन्त | १५/४० | ५ |
| ३. लोकगाथाका तीन टुक्रा | हरिकला पन्त | १६/४२ | १० |
| ४. फेदापे वनझाँक्रीको कथा | प्रा. मोहन सिटौला | १७/४५ | ११ |

## ३.११ जीवनी

| क्र.स. विषय | रचनाकार | वर्ष/अङ्क | पृष्ठसंख्या |
|---|---|---|---|
| १. शङ्कर कोइराला : संक्षिप्त जीवनी | – | ११/३० | – |
| २. मेरो संक्षिप्त जीवनी | प्रा. नयराज पन्त | १३/३५ | १० |
| ३. मेरो संक्षिप्त जीवनी | प्रो. यदुनाथ खनाल | १३/३५ | ११ |
| ४.मेरो संक्षिप्त जीवनी | वासुदेव शर्मा लुइँटेल | १३/३५ | १२ |
| ५.चित्रकार कुलमानसिंह भण्डारी | रमेशजङ्ग सिजापति | १५/४० | ३७ |

## ३.१२ विविध

### ३.१२.१ पाठक प्रतिक्रिया

| क्र.स. विषय | रचनाकार | वर्ष/अङ्क | पृष्ठसंख्या |
|---|---|---|---|
| १. पाठक प्रतिक्रिया | लक्ष्मण शाह | १/२ | – |
| २. पाठक प्रतिक्रिया मञ्च | गिरीराज पन्त | १/३ | – |
| ३. मैलो देखेको दायित्व | बोधराज पन्त | २/४ | – |
| ४. पाठकको दृष्टिकोण | वेनीकाजी राई | ३/९ | ४८ |
| ५. पाठकको दृष्टिकोण | शन्तोष शर्मा | ३/९ | ४९ |
| ६. दायित्व वर्ष ३ अङ्क ९ लाई हेर्दा | शालिकराम पाण्डे | ३/१० | – |
| ७. पाठकको दृष्कोिण | अमीर निशाचर | ३/१० | – |
| ८. पाठकको दृष्टिकोण | पाण्डवराज कार्की | ४/१३ | – |
| ९. पाठकको दृष्टिकोण | रवि पन्थ | ४/१३ | – |
| १०. पाठकको विचार | रमेशजी सजल | ५/१४ | – |
| ११. पाठकको विचार | रमेशचन्द्र घिमिरे | ५/१४ | – |
| १२. पुरस्कृत प्रतिभाहरूलाई बधाइपत्र ! | प्रमोद स्नेही | ६/१८ | – |
| १३. पुरस्कृत प्रतिभाहरूलाई बधाइपत्र ! | दीपक ढकाल | ६/१८ | – |
| १४. पाठकको दृष्टिकोण | राजबुद्धि राणा | ६/१९ | – |
| १५. पाठकको दृष्टिकोण | राजेन्द्रप्रसाद अधिकारी | ७/२० | – |
| १६. पाठकको दृष्टिकोण | रमेश पौडेल | ८/२२ | – |
| १७. पाठकको दृष्टिकोण | सेवकप्रसाद नेपाल | ८/२२ | – |
| १८. पाठकको दृष्टिकोण | हीरा क्षेत्री | ८/२३ | – |
| १९. पाठकको दृष्टिकोण | देवी पन्थी | ८/२३ | – |
| २०. पाठकको दृष्टिकोण | प्रदीप मोक्तान ‘मनोनित’ | ८/२३ | – |
| २१. पाठकको दृष्टिकोण | यज्ञप्रसाद शर्मा ‘विमली’ | ११/२९ | – |
| २२. पाठकको दृष्टिकोण | प्रभात सदिन | ११/२९ | – |
| २३. पत्रांश (कृतिका कुरा) | विप्लव शर्मा | १२/३१ | – |
| २४. पाठकको दृष्टिकोण | पूर्ण मुनंकर्मी | १५/४१ | – |
| २५. पत्रसाहित्य | लुशराज | १६/४२ | – |
| २६. पाठक दृष्टिकोण | जोतारे धाइबा | १७/४६ | – |
| २७. पाठक दृष्टिकोण | विवेक ज्ञवाली | १७/४६ | – |

| | | | |
|---|---|---|---|
| २८. पाठक दृष्टिकोण | राजकुमार क्षेत्री | १७/४७ | – |
| २९. पाठक दृटिकोण | जोतारे धाइबा | १८/४८ | – |
| ३०. पाठक दृटिकोण | नवीन पाठक 'अञ्जान' | १८/४८ | – |
| ३१. पाठक दृटिकोण | हरिप्रसाद अधिकारी 'विश्चल' | १८/४८ | – |
| ३२. पाठक दृटिकोण | सुदीप कोइराला | १८/४८ | – |
| ३३. पाठक दृटिकोण | माधव काफ्ले | १८/४८ | – |
| ३४. पाठक दृटिकोण | उर्मिला पन्त पाण्डेय | १८/४८ | – |

## ३.१२.२. पुस्तक चर्चा/कृति परिचय

| क.स. कृति | परिचय दिने | वर्ष/अङ्क | पृष्ठसंख्या |
|---|---|---|---|
| १. पूर्वक्षितिज | | ३/८ | ४३ |
| २. लिनुमा आनन्द दिनुमा आनन्द | सरित् | ३/९ | ५३ |
| ३. उम्रन्छन् आँसुका वृक्ष | ठाकुर | ३/१० | ३९ |
| ४.आगो पालेका पेट र शीत ओढेका बस्तीहरू | ठाकुर | ४/११ | ४३ |
| ५. समयका स्वरहरू | ठाकुर | ४/१२ | ४६ |
| ६. मदन कृष्ण र हरिवंश | अनजान | ४/१२ | ४६ |
| ७. शीला (उपन्यास) | - | ५/१४ | ३२ |
| ८. कविका कविता | ठाकुर | ६/१८ | ४३ |
| ९. सौन्दर्य लहरी र सप्ततरङ्गिणी | ठाकुर | ६/१८ | ४३ |
| १०.मान्छेको अस्मिता | ठाकुर | ८/२२ | ३३ |
| ११.स्मारिका (नुवाकोट जिल्लाको) | ठाकुर | ८/२४ | ३२ |
| १२.शङ्कर कोइराला | ठाकुर | ९/२५ | ५५ |
| १३.सिफारिस एउटा रोगीको रोग | ठाकुर | १०/२७ | ३४ |
| १४.शङ्करजीको पछिल्लो कोसेली 'रिमा' | श्रीकृष्ण गौतम | ११/२९ | ७६ |
| १५.'मेरो छातीका कोलाजहरू' लाई केलाँउदा | राप्रप | १२/३२ | ८५ |
| १६.'अर्थहीन अर्थहरू' लाई अर्थ्याउँदा | राप्रप | १२/३२ | ८५ |
| १७.'विश्वामित्र' माथि विचरण गर्दा | राप्रप | १२/३३ | ४१ |
| १८.'स्वतन्त्रता' लाई समेट्दा | राप्रप | १२/३३ | ४२ |
| १९.'सपनार खण्डहरहरू' | ठाकुर | १२/३३ | ४३ |
| २०.'अन्तर्ध्वनि' का ध्वनिहरू | युवराज नयाँघरे | १२/३३ | ४३ |
| २१.शंकै शंका, मनको घाउ रपरिभाषा हराउँदा | राप्रप | १३/३६ | ४५ |
| २२.'द्यौसी भैलो' खेल्दै जाँदा | राप्रप | १४/३७ | ४० |
| २३.'एक जोर फूलघडा' भित्रको रूपरेखा | सरित् | १४/३७ | ४१ |
| २४.चस्किरहन्छ मुटु, पात्रहरू | 'नदी' | १४/३७ | ४१ |
| २५.सौतजी दोरो, आझेलभित्रका कलासाधक, अस्मिता | राप्रप | १४/३८ | ५४ |
| २६.मनका टालहरू, एक्लोयात्री | खिमानन्दआचार्य | १४/३८ | ५५ |
| २७.भग्न आस्थाको खण्डहर, तरङ्ग अर्थहीन अर्थहरू, नेपाली दुःखान्त गीतिकाव्यको विवेचना, सूक्ष्म शिखाहरू | अरुणबाबु खत्री | १४/३८ | ५६ |
| २८.जीवनपानीका फोहराहरू | शुभ मुकारुङ | १४/४४ | ५१ |

### ३.१२.३ सम्पादकीय

| | | | |
|---|---|---|---|
| १. सम्पादकीय | प्र. सं. लक्ष्मी पन्त | १/१ | – |
| २. सम्पादकीय | प्र. सं. लक्ष्मी पन्त | १/२ | – |
| ३. सम्पादकीय | प्र. सं. लक्ष्मी पन्त | १/३ | – |
| ४. सम्पादकीय | प्र. सं. लक्ष्मी पन्त | २/४ | – |
| ५. सम्पादकीय | प्र. सं. लक्ष्मी पन्त | २/५ | – |
| ६. सम्पादकीय | प्र. सं. लक्ष्मी पन्त | २/६ | – |
| ७. सम्पादकीय | प्र. सं. लक्ष्मी पन्त | २/७ | – |
| ८. सम्पादकीय | प्र. सं. लक्ष्मी पन्त | ३/८ | – |
| ९. सम्पादकीय | प्र. सं. लक्ष्मी पन्त | ३/९ | – |
| १०. सम्पादकीय | प्र. सं. लक्ष्मी पन्त | ३/१० | – |
| ११. सम्पादकीय | प्र. सं. लक्ष्मी पन्त | ४/११ | – |
| १२. सम्पादकीय | प्र. सं. कृष्ण बाउसे | ४/१२ | – |
| १३. सम्पादकीय | प्र. सं. लक्ष्मी पन्त | ४/१३ | – |
| १४. सम्पादकीय | का. सं. रामप्रसाद पन्त | ५/१४ | – |
| १५. सम्पादकीय | का. सं. रामप्रसाद पन्त | ५/१५ | – |
| १६. सम्पादकीय | का. सं. रामप्रसाद पन्त | ५/१६ | – |
| १७. सम्पादकीय | का. सं. रामप्रसाद पन्त | ६/१७ | – |
| १८. सम्पादकीय | का. सं. रामप्रसाद पन्त | ६/१८ | – |
| १९. सम्पादकीय | का. सं. रामप्रसाद पन्त | ६/१९ | – |
| २०. श्रद्धाञ्जलीः वासु शशी र पारिजतलाई | का. सं. रामप्रसाद पन्त | ७/२० | – |
| २१. सम्पादकीय | का. सं. रामप्रसाद पन्त | ७/२१ | – |
| २२. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | ८/२२ | – |
| २३. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | ८/२३ | – |
| २४. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | ८/२४ | – |
| २५. सम्पादकीय (प्रशङ्ग प्रारम्भदेखिको) | प्र. सं. रामप्रसाद पन्त | ९/२५ | – |
| २६. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १०/२६ | – |
| २७. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १०/२७ | – |
| २८. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १०/२८ | – |
| २९. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | ११/२९ | – |
| ३०. सौम्यपुरुषलाई श्रद्धासुमन | प्र. सं. रामप्रसाद पन्त | ११/३० | – |
| ३१. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १२/३१ | – |
| ३२. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १२/३२ | – |
| ३३. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १२/३३ | – |
| ३४. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १३/३४ | – |
| ३५. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १३/३५ | – |
| ३६. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १३/३६ | – |
| ३७. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १४/३७ | – |
| ३८. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १४/३८ | – |
| ३९. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १४/३९ | – |

| | | | |
|---|---|---|---|
| ४०. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १५/४० | – |
| ४१. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १५/४१ | – |
| ४२. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १६/४२ | – |
| ४३. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १६/४३ | – |
| ४४. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १६/४४ | – |
| ४५. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १७/४५ | – |
| ४६. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १७/४६ | – |
| ४७. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १७/४७ | – |
| ४८. सम्पादकीय | प्र. सं. रामप्रसाद पन्त | १८/४८ | – |
| ४९. हाम्रो राष्ट्रिय भाषा र संस्कृतिका केही कुरा | प्र. सं. रामप्रसाद पन्त | १८/४९ | – |
| ५०. अन्तरकथाः स्वर्णाङ्कसम्मको | प्र. सं. रामप्रसाद पन्त | १८/५० | – |

### ३.१२.४ अन्यः

१. सामान्य ज्ञान
२. जान्नुपर्ने कुरा
३. एक फन्कोमा अनेक ज्ञान
४. बुझिनसक्नु छ
५. एक छिन हासौं कि !
६. विज्ञान जगत
७. विश्वज्ञान
८. ऐतिहासिक ज्ञान
९. खेल संसार
१०.दायित्व बोन्छ
११.साहित्यिक गतिविधि
१२.मननीय कुराहरू
१३.विविध जानकारी आदि

*द्रष्टव्यः माथिको तालिकाका 'समालोचना तथा पुरस्कृत प्रतिभा विशेषाङ्क (वर्ष ६ पू. १७) मा प्रकाशित कविता, कथा र पुनः प्रकाशित भएका हुन् । त्यसरी नै निबन्धअन्तर्गत क्रमसङ्ख्या ९ र समालोचनाअन्तर्गत क्रमसङ्ख्या ६ र १४ पनि सत्रौं अङ्कमा पुनः प्रकाशित छन् । 'अन्यः' मा उल्लेखित स्तम्भहरू विभिन्न अङ्कहरूमा तर अनियमित रूपमा प्रकाशित छन् ।*

## परिच्छेद चारः

# विधागत आधारमा 'दायित्व' पत्रिकाको विश्लेषण, मूल्याङ्कन तथा योगदान

नेपाली साहित्यको अभिवृद्धि गर्ने लक्ष्यका साथ निस्किएको 'दायित्व' पत्रिकामा साहित्यका कविता (मुक्तक, गीत, गजल, हाइकु समेत), आख्यान (कथा र उपन्यास), निबन्ध-प्रबन्ध तथा लेख, अन्तर्वार्ता, समीक्षा/समालोचना, हास्यव्यङ्ग्य, रूपक जस्ता विविध विधाहरूको प्रकाशन भएको पाइन्छ । साथै विविध स्तम्भका रूपमा दायित्व बोल्छ, पाठक प्रतिक्रिया, सम्पादकीय, पुस्तक परिचय, साहित्यिक गतिविधि तथा ज्ञान-विज्ञान र आश्चार्यजनक घटनाहरू जस्ता सामग्री पनि छापिएका छन् । यहाँ विधासिद्धान्तका आधारमा 'दायित्व'मा प्रकाशित विविध रचनाहरूको गुणात्मक मूल्य केलाउनुका साथै तिनको विवेचना र मूल्याङ्कन प्रस्तुत गरिएको छ ।

## ४.१ नेपाली कविताका क्षेत्रमा 'दायित्व'को योगदान

नेपाली साहित्यका विविध विधामा योगदान दिन प्रयासरत रहेको **दायित्व** पत्रिकाले आफ्नो प्रकाशन कालदेखि नै निरन्तर रूपमा कविता प्रकाशन गर्दै आएको छ । प्रकाशनको शुभारम्भताका देशमा विद्यमान राजनैतिक परिवेशका कारण कविहरू ज्वारभाटाको रूपमा मनमस्तिष्कबाट स्वतःस्फूर्त रूपमा आएका भावलहरीहरूलाई जस्ताको तस्तै अभिव्यक्त गर्न असमर्थ थिए तापनि कवि प्रतिभाले आफ्ना मनमस्तिष्कमा नाच्ने त्यस्ता भावलाई अभिनव शैली र बिम्ब, प्रतीकका साथ अभिव्यक्त गर्दै गद्य–पद्य (मुक्तक, गीत, गजल र हाइकु समेत) गरी जम्मा ७५९ कविताहरू छापिएका छन् । त्यतिमात्र नभई वर्ष ८ पूर्णाङ्क २४ 'कविता अङ्क'को रूपमा प्रकाशित गरी कविता विधालाई संख्यात्मक मात्र हैन गुणात्मक तहमा पनि माथि उचालेको देखिन्छ । यसप्रकार 'दायित्व'मा प्रकाशित विविध कविका कविताको अध्ययन गर्दा तिनले समसामयिक गरिमा, मधुपर्क, कविता आदि साहित्यिक पत्रिकाका कविताहरूले झैं गुणात्मकताको खोज गरेका छन् । यसरी हेर्दा **दायित्व**का यी कविताहरूमा वर्तमान युगमा मानिसले भोगेका दुःख, पीडा, असन्तुष्टि, शोक, नैराश्य, थिचोमिचो, विसङ्गति आदि चित्रण हुनुका साथै भौतिक विज्ञानले अन्धो भएको युगमा बढ्दै गएको मानवीय विकृतता, कुण्ठित यौनेच्छा, अस्तित्व र स्वाभिमानको अनुसन्धान, सामाजिक यथार्थताको प्रस्तुति एवम् प्रकृति–चित्रण र आध्यात्मिक चिन्तन तथा जन र जगतका खडेरी र वर्षाका कुराहरू विषय बनेर आएका छन् । यतिमात्र होइन, मृत्युको डोऱ्याइमा रहेको मान्छेको जीजिविषा, आफ्नो मूल्य नै नबुझी मूल्यहीनतामै बाँचेको मान्छे र सांसारिक कल्याणको वसन्त खोज्ने मान्छेको चित्रण अनि राष्ट्र, विश्व र मानवीय प्रेमका साथै स्व-संस्कृतिप्रतिको मोहहरूको प्रतिबिम्ब पनि **दायित्व**का कविताहरूमा पाइन्छ । यस प्रकारका विविध विषयहरूलाई अँगालेर कविता लेख्ने विविध कविहरूमध्ये दैवज्ञराज न्यौपाने, केदारमान 'व्यथित', कृष्णप्रसाद पराजुली, क्षेत्रप्रताप अधिकारी, भरतराज शर्मा 'मन्थलीय', मोहन कोइराला, पारिजात, डा. मथुरा के. सी., इन्द्रकुमार श्रेष्ठ 'सरित्', पूर्णविराम, कृष्ण बाउसे, लव गाउँले, रामेश्वर राउत 'मातृदास', प्रह्लाद पोखरेल, विप्लव ढकाल, मञ्जुल, नारायण 'गोदारे', डा. घनश्याम 'परिश्रमी', यदु पन्थ, मित्रलाल पंज्ञानी, युवराज नयाँघरे,

ठाकुर शर्मा, मनु ब्राजाकी, मुरारी पराजुली, दामोदर पुडासैनी 'किशोर', गिरिराज पन्थ, श्यामदास वैष्णव, वियोगी बुढाथोकी, वीरेन्द्र राई, खीला तुम्बाहाम्फे, दुवसु क्षेत्री, मञ्जु काँचुली, स्व. पं. सोमनाथ उपाध्याय घिमिरे 'व्यास', प्रकट पंगेनी 'शिव', श्रीहरि फुँयाल, अर्जुन विरक्ति, कैलाससिंह ठकुरी 'आँसु', प्रभृत्ति कवि प्रतिभाका विविध कविताहरूले नेपाली कविताका स्वच्छन्दतावादी, स्वच्छन्दतावादी-प्रगतिवादी, प्रयोगवादी र समसामयिक धाराको प्रतिनिधित्व गरेका छन् । यसप्रकार विभिन्न विषयलाई अँगालेर विविध शैलीमा लेखिएका समग्र कविका कवितारूको अध्ययन गर्न यहाँ सम्भव नभए तापनि केही प्रतिनिधि प्रतिभाहरूको अध्ययन विश्लेषण यहाँ तल गरिएको छ ।

### ४.१.१ केदारमान 'व्यथित'को कवितात्मक कृति

क्रान्तिचेतको झिल्का सहित स्वच्छन्दतावादी भावधारामा रहेर कविता सिर्जना गर्ने 'व्यथित'को 'कामना' (वर्ष १०, पूर्णाङ्क २७) शीर्षकको कविता **दायित्व**मा प्रकाशित छ । यस कवितामा कवि व्यथित राष्ट्रिय चेत विश्वचेतमा समाहित गर्न अग्रसर देखिन्छन् । यस क्रममा कवि भन्छन् –

.......... विश्वका सम्मुख
नर– सूर्यकै रूपमा
आफ्नो पहिचान प्रस्तुत गर्न सकूँ म ।
'कामना' (वर्ष १०, पूर्णाङ्क २७, पृष्ठ १)

यसप्रकार यस कवितामा कवि भूमिसँग असम्बद्ध आकाशमा उडान भर्न नखोजी, तृष्णिकालाई भोग्न नखोजी, दूर वनको आगो अर्थात् चेतनाको ज्योति प्राप्तिहेतु वर्तमानको कठ्याङ्ग्रिदो हिमनदीमा डुब्न नखोजी सप्तरङ्गी इन्द्रेणीको स्वरूपमा अर्थालोकका साथ शव्दावली संयोजनद्वारा आफ्नो देशको उदय र विस्तारको कथा विश्वसामु प्रस्तुत गर्ने चाहना राख्न पुगेका छन् । पद्यात्मक रूपमा प्रस्तुत भएको उक्त कविताले स्वच्छन्दतावादी कविमा हुने राष्ट्रवादी स्वर उराल्न पुगेको कुरा टड्कारो रूपमा देख्न सकिन्छ ।

### ४.१.२ दैवज्ञराज न्यौपानेको कवितात्मक कृति

स्वच्छन्दतावादी भावधारालाई अँगालेर कविता लेख्ने दैवज्ञराज न्यौपानेको एउटा गीतिकविता (गीत) **दायित्व**मा प्रकाशित छ । सो 'घुम्टोभित्र कान्तिपुरी' (वर्ष १०, पूर्णाङ्क २७) गीतमा जाडो यामको कान्तिपुर अर्थात् काठमाडौं उपत्यकाको परिवेश कस्तो हुन्छ भन्ने कुराको चित्रण गर्दै त्यस परिवेशमा मानव समाजको स्थिति कस्तो हुन्छ भन्ने कुराको उद्घाटन गर्दै कवि बोल्छन् –

वन पनि वैलाउँछ वैलाउँछ मन
हिउँदका दिन हुन्छन् सधैं यस्ता किन ?
'घुम्टोभित्र कान्तिपुरी' (वर्ष १०, पूर्णाङ्क २७ पृष्ठ १)

यसरी यस गीतिरचनामा कवि न्यौपाने हिउँद लागेपछि हुस्सुको घुम्टोले कान्तिपुर छोपिएपछि शहर छिट्टै सुत्ने र ढिलो व्यूँझने, सबैजना जाडोले लुग्लुगाउने, घाम पनि चीसा लाग्ने भएकोले गलबन्दी र कानेटोपी किन्ने सल्लाह दिनपुग्छन् । यस गीतबाट स्वच्छन्दतावादी प्रकृतिचित्रणको भाव झल्किएको छ ।

## ४.१.३ कृष्णप्रसाद पराजुलीका कवितात्मक कृति

स्वच्छन्दतावादी प्रगतिवादी भावधारामा रहेर कविता सिर्जना गर्ने कवि कृष्णप्रसाद पराजुली स्थापित कविहरूमा चर्चित कवि पनि हुन् । उनको गीतिलयमा संरचित कविता 'उसको गीत गाउँछु' **दायित्व** (वर्ष ४, अङ्क १३) मा प्रकाशित छ । यस कवितामा कविको स्वच्छन्दतावादी - प्रगतिवादी भाव सल्बलाएको पाइन्छ । कविले २०४६ सालको अन्त्यमा तात्कालीन परिवेशमा प्रजातन्त्र पुनस्थापनाका निम्ति आत्मवलिदान दिने शहीदहरूको सम्मान गर्दै ऊ अर्थात् शहीदको गीत गाउन चाहेको कुरा व्यक्त गर्दै भनेका छन् –

कसले थाप्यो गोली छातीमा
उसको सुन्दर गीत म गाउँछु ।
'उसको गीत गाउँछु' (वर्ष ४, अङ्क १३, पृष्ठ ८)

प्रस्तुत कवितामा कवि बादल छाएको आकाशमुनी छरिइरहेका आँसु पुछ्ने यात्राका क्रममा रगतले माटो पोत्ने यात्रीले छातीमा थापेका गोलीले गर्दा घामले च्याएको र माटोले गाएको अनुभूत गर्न पुगेका छन् । तसर्थ सो कवितामा गोली थाप्ने योद्धाप्रतिको सद्भाव प्रकटित भएको छ । यसरी पराजुलीद्वारा क्रान्तिचेतयुक्त भावलाई स्वच्छन्दतावादी लेप सहित सरल र सहज किसिमले प्रस्तुत गरिएको छ ।

त्यस्तै पराजुलीको अर्को एउटा 'कसरी लगूँ तारी !' (वर्ष ९, पूर्णाङ्क २५) शीर्षक गीतमा आफूलाई अँधेरीको भूँवरीमा झारेर बाटो छेकेकाले अब पारी कसरी पुग्ने भन्ने कुराले चिन्तित तुल्याएको भाव व्यक्त गरिएको छ । यसै सिलसिलामा कवि भन्छन् –

छेक्नखोज्यौ बाटो मेरै अँधेरीमा झारी
कसरी म जँघारमा लगूँ फेरि तारी !
'कसरी लगूँ तारी !' (वर्ष ९, पूर्णाङ्क २५, पृष्ठ २७)

यसरी घामले पोल्दा छायाँ, जीवनभरि माया, रुझाईमा ओत, अड्ने सहारा, सुसेलीको भाका आदि दिइएको व्यक्तिबाटै अँधेरीको भूँवरीमा पारिएकोले आफू रनभुल्लमा परेको भावाभिव्यक्त गर्दै जीवनको आशावादी मार्गको खोजमा प्रवृत्त स्वच्छन्दतावादी प्रवृत्तिका साथ प्रस्तुत भएका छन् ।

## ४.१.४ क्षेत्रप्रताप अधिकारीका कवितात्मक कृति

स्वच्छन्दतावादी-प्रगतिवादी भावधारामा रहेर गीति र गद्यलयका कविता सिर्जना गर्ने कवि अधिकारीका 'शून्यबाट सुरू भएको यात्रा' (वर्ष १, अङ्क २) र 'सुखीराम उर्फ ढाक्रे' ( वर्ष १४ पूर्णाङ्क ३८) गरी दुई कविता **दायित्व**मा प्रकाशित छन् । यी मध्ये पहिलो 'शून्यबाट सुरू भएको यात्रा' (पृष्ठ ६) शीर्षक कवितामा कवि शून्यबाट सुरु भएको मानिसको जीवनयात्रासँग सिङ्गो राष्ट्रको यात्रा जोड्दै कुनै कार्य हुनु र नहुनुका बीचबाटै समृद्धिको बाटो पछ्याउनु हामी सबैको साझा नियति हो भन्ने कुरा व्यक्त गर्न पुगेका छन् भने दोस्रो कविता 'सुखीराम उर्फ ढाक्रे' शीर्षकको कवितामा देशमा प्रजातन्त्र आएको धेरै समय बितिसक्दा पनि निम्नस्तरका मानिसहरूको जीवनस्तरमा केही सुधार हुन नसकेको र तिनैको बुई चढेर संसदमा जाने नेताहरू छलकपटबाटै कमिशन र दानापानी जुटाइरहेकोले टीठ व्यक्त गर्दै अगाडि थप्छन् –

अर्धजीवन बाँचिरहेका
सुखीरामहरू मुर्दावाद

रुन्चेहाँसोमा हाँसिरहेका
दुःखीरामहरू मुर्दावाद !
'सुखीराम उर्फ ढाक्रे' (वर्ष १४, पूर्णाङ्क ३८, पृष्ठ १२)

यसरी प्रस्तुत दुवै कविताहरूमा कवि अधिकारीको स्वच्छन्दतावादी काव्यप्रवृत्ति अनुरूप क्रमशः राष्ट्रभक्ति र गरिब तथा निमुखा नागरिकहरूको बुई चढेर संसद जाने नेताहरूप्रति व्यङ्ग्य प्रहार गर्दै जीवन वास्तवमा अर्धजीवन नभई पूर्ण जीवन बाँच्न पाउनुपर्ने मानवतावादी स्वर ध्वनित भएको छ ।

## ४.१.५ भरतराज शर्मा 'मन्थलीय'का कवितात्मक कृति

परिष्कृत र परिमार्जित भाषिक प्रयोगका साथ स्वच्छन्दतावादी-प्रगतिवादी भावधारामा रहेर कविता सिर्जना गर्ने कवि मन्थलीयका जम्मा तीनवटा कविता **दायित्व**मा प्रकाशित छन् । प्रथम कविता 'मेरो सौन्दर्य' (वर्ष १०, पूर्णाङ्क २७) शीर्षकको गद्यकवितामा कवि कुनैपनि कुरा एकतर्फी प्रयासबाट सम्भव नहुने र प्राकृतिक चक्रको लागि प्रकृति र पुरुष दुवैको सम्मिलन आवश्यक छ भन्दै अगाडि भन्छन् –

सौन्दर्य हो सार ! अपार सुखसागर
चाहिन्छ पुरुष प्रकृतिलाई त्यसैकोलागि
र प्रकृति पुरुषलाई त्यसैकोलागि,
संसार हो मिलनको सफल अभिसार !
'मेरो सौन्दर्य' (वर्ष १०, पूर्णाङ्क २७, पृष्ठ १०)

यसरी प्रस्तुत कवितामा प्रकृति र पुरुषको समानुपातिक सहभागिता आवश्यक छ । यहाँ एकको मात्र अस्तित्व सारहीन हुनपुग्दछ भन्दै प्रकृति, पुरुष र ईश्वरको तादात्मीकरणबाट स्वच्छन्दतावादी प्रवृत्ति झल्किएको छ ।

त्यस्तै कवि मन्थलीयको **दायित्व**मा प्रकाशित दोस्रो कविता हो – हदबन्दी (वर्ष १६, पूर्णाङ्क ४२, पृष्ठ १) । ज्यादाजसो शास्त्रीय छन्दमा कविता रचना गर्ने कवि मन्थलीयको यो अनुष्टुप छन्दमा संरचित कवितामा कवि सबै कुरामा हदबन्दी निर्धारण भई सबैलाई सबै कुराको समानता प्रदान गर्न सके राम्रो हुन्थ्यो भन्दै स्वच्छन्दतावादी–मानवतावादी स्वर ओकल्न पुगेका छन् । **दायित्व**मा प्रकाशित मन्थलीयको तेस्रो कविता 'च्छो रोल्पा एक हिमाली ताल' (वर्ष १६ पूर्णाङ्क ४३) हो । उक्त कविता **दायित्व बाङ्मय प्रतिष्ठान, नेपाल**द्वारा मिति २०५९।३।१६मा आयोजित कार्यक्रममा वाचन गरी सुनाइएको जनाइएको छ । सत्र अक्षरे शास्त्रीय मन्दाक्रान्ता छन्दको उपयोग गरी लेखिएको यस कवितामा कवि नेपालको उच्च हिमाली स्थानमा अवस्थित 'च्छो रोल्पा' तालको र यस क्षेत्रको प्राकृतिक रमणीयतामा रमाएका छन् । यस क्रममा कवि भन्छन् – यो च्छो रोल्पा हिमनगरको दृष्य हो रम्य खूप (पृष्ठ ६०) । प्राकृतिक मनोहारिता र प्रकृतिगर्भ ईश्वरीय सत्ताको गान गर्ने मन्थलीयले स्वच्छन्दतावादी प्रवृत्ति यस कवितामा पनि प्रस्तुत गरेका छन् ।

यसरी समग्र रूपमा हेर्दा कवि मन्थलीयका स्वच्छन्दतावादी -प्रगतिवादी तीन कविताहरू **दायित्व**मा प्रकाशित छन् ।

### ४.१.६ मोहन कोइरालाको कवितात्मक कृति

मोहन कोइराला नेपाली कविताको स्वच्छन्दतावादी कविताधारामा रहेर कविता सिर्जनयात्रा सुरू गरेर देवकोटाउत्तर युगमा प्रयोगधर्मी कविता परम्पराको थालनी गर्ने स्रष्टाका रूपमा परिचित छन् । वि. सं. २०३० पूर्व असंप्रेष्य कविता लेख्ने कोइराला ३० को दशक पछि केही संप्रेष्य हुँदै गएको भनिन्छ । यसै सिलसिलामा संरचित यिनको 'धोबिचरा' **दायित्व** (वर्ष ३, अङ्क ८) मा प्रकाशित छ ।

प्रस्तुत कवितामा कविको धोबिचरो मानवीय प्रतीकको रूपमा आएको छ र त्यसको कालो रङ्ग अवगुण एवम् सेतो रङ्ग गुण पक्ष हुन् । शैव मिथक प्रयोग गर्दै शिवभक्तिका निम्ति मन्दिरका गवाक्षमा बिहानैपिच्छे चियाएर मात्र पुग्दैन, शिवपद प्राप्ति हेतु त दीर्घ त्यागको आवश्यकता छ भन्दै कवि अगाडि भन्छन् –

बिहान गवाक्षमा आएर नित्य बस्छ
कैलास महिमा त्यतिले पुग्दैन
शिव महिमा त्यतिले सकिँदैन ।
'धोबिचरा' (वर्ष ३ अङ्क ८, पृष्ठ १)

यसप्रकार कवि यो संसारमा शिवत्वको सही प्राप्ति हेतु वाह्याडम्बरले मात्र केही हुँदैन र कर्मले मनको भित्री तहबाटै त्यागका साथ लागिपरेमा शिवपद प्राप्त गरी मोक्ष प्राप्त गर्न सकिन्छ र सांसारिक शून्यतामा लीन हुन सकिन्छ । यहाँ विसङ्गति व्याप्त छ भन्ने कुरा उठाउँदै चाहना र व्यवहारको असङ्गत परिस्थितिमा बाँच्न हामी मानिसहरू बाध्य छौं । तसर्थ यो जीवन निस्सार छ, अस्तित्वहीन छ । यहाँ सही पहिचान प्राप्त गर्न असम्भव छ भन्ने भाव परिलक्षित भएको छ । यो प्रयोगवादी मान्यता पनि हो । यस कवितामा पनि कविको भाषा केही क्लिष्ट छ र व्याकरणीक मान्यता पनि भाँचिएको छ ।

### ४.१.७ पारिजातको कवितात्मक कृति

पारिजातद्वारा सिर्जित 'जुठी दमिनीको आभिव्यक्ति' शीर्षकीय कविता **दायित्व** (वर्ष १, अङ्क १) मा प्रकाशित छ । नेपाली कविताको स्वच्छन्दतावादोत्तर धाराको रूपमा देखापरेको प्रयोगवादी भावधारामा रहेर संरचित उक्त कवितामा 'लक्ष्मी' नाम गरेकी बालटुहुरी दमिनीको अभिव्यक्ति प्रस्तुत छ । यहाँ लक्ष्मीको जीवन प्रायः बीभत्स, विसङ्गत, व्यर्थ, निस्सार र शून्य पनि देखिएको छ । त्यसैले त अगाडि ऊ भन्छे –

मर्ने काल आउँदैन, बाँच्ने मन छैन मालिक !
'जुठी दमिनीको आभिव्यक्ति' (वर्ष १, अङ्क १, पृष्ठ १०)

प्रस्तुत विवेच्य कवितामा लक्ष्मी नामकी दमिनी आठ वर्षकी हुँदै टुहुरी हुन पुग्छे र मावलमा गई सौतेनी माइजूको यातनाका साथ सोह्र वर्ष उमेरकी हुन्छे । त्यसपछि सोही माइज्यूकी भाइकी कान्छी श्रीमतीको रूपमा भित्रिन्छे । वय र रूपमा लालुपाते झैं भएपनि वनमारा फैली झ्याम्मिएको पाखाजस्तै बाँझै रहेकीले ऊ आफ्नो जीवन निस्सार ठान्छे र त बाँच्न मन पनि गर्दिन । ऊ विवश भएर बाँच्न बाध्य छे । यो विसङ्गत संसारको स्वरूपको प्रस्तुति पनि हो । त्यसैले ऊ बीउ छर्न लायक बनाइदिन याचना गरिरहेकी छे ।

यसरी हेर्दा यो कविताले प्रयोगवादी कवितालेखनको मान्यता अनुरूप ईश्वररहित र विकासवादी जीवशास्त्रीय पृष्ठभूमिमा मानव जीवनलाई यौन वासनाको आँखाले हेरेको छ । त्यसैले त लक्ष्मीको जीवन पनि विद्रुप, बीभत्स, विसङ्गत, व्यर्थ, निस्सार र शून्य पनि

देखाइएको छ । जीवनजगतका विसङ्गति वा शून्यतालाई चिरी भ्रमकै रूपमा भएपनि मानवीय अस्तित्व र अस्मिताको खोजी पनि गरिएको छ ।

## ४.१.८ डा. मथुरा के. सी.का कवितात्मक कृति

समसामयिक युगमा विशेषतः गद्यमा र छिटफुट रूपमा गीतिलयमा कविता लेख्ने डा. मथुरा के. सी. का तीन कविता र दुई गीत गरी जम्मा पाँच काव्यरचना **दायित्व**मा प्रकाशित छन् । जसमध्ये 'मेरो देश' (वर्ष १, अङ्क १) शीर्षकीय गीतिलयमा संरचित कवितामा कविले राष्ट्रियताको गान गरेका छन् । यस क्रममा उनी भन्छन् –

हिउँ हिउँले पोतेको मेरो देश
हलो र फालीले जोतेको मेरो देश
X X X
मेरो आदर्श हो, मेरो प्रेरणा हो ।
'मेरो देश' (वर्ष १, अङ्क १, पृष्ठ १७)

यसरी यस कवितामा कवि हिउँलो प्रकृति, पसिनासिञ्चित माटो, पटुका र भोटोको भेष, खोरिया, बेँसी, पशुपालन हुँदै लालीगुराँस, घामपानी आदिमा रमाउँदै त्यही नै हामी नेपालीको आदर्श र प्रेरणा हो भन्दै स्वराष्ट्रगान र जातीय गौरवको पहिचान प्रस्तुत गर्न पुगेका छन् । डा. के. सी. को दोस्रो कविता 'घुँयेत्रोको जमाना छैन अब' (वर्ष ३, अङ्क ७)मा वैज्ञानिक प्रगतिका साथ विश्व धेरै अगाडि बढिसकेको छ, हामी भने पुरानै संस्कार र मानसिकता बोकेर हिँडिरहेछौं । त्यसैले हामीले आफ्नै जीवन पाल्न पनि संघर्ष गरिरहनु परेको छ भन्दै भन्छन् –

अज्ञान र अन्धविश्वास विरुद्ध
युद्ध सुरू गरौं ।
'घुँयेत्रोको जमाना छैन अब' (वर्ष ३, अङ्क ७, पृष्ठ ३०)

यसरी हामी अझपनि पुरानै रीतिस्थिति र चालचलनमा रहनुको सट्टा ज्ञानको ज्योति बालेर अगाडि बढ्नुपर्छ भन्ने नवचेतना प्रस्तुत गर्दै प्रगतिवादी स्वर उराल्न पुगेका छन् ।

त्यस्तै उनको अर्को कवितात्मक रचना 'गीत' (वर्ष ४, अङ्क ११, पृष्ठ ३५) मा हामी नेपालीको विपन्नताको उल्लेख गर्दै त्यसैको कारण मनमा उब्जिएको वेदनायुक्त भाव पोखिएको छ ।

**दायित्व** (वर्ष ५, अङ्क १५)मा प्रकाशित के. सी.को मानिसमा निहित पृथक शक्ति चेतनाको शाश्वतता प्रस्तुत गरिएको गीतिलयमा संरचित कविता 'धर्ती, शून्य, सूर्य र मानव' मा धर्तीको विशाल हृदय, शून्यको अनन्तता र सूर्यको उर्जा जस्तै मानवमा भएको चेतनशीलता संसारका अरू प्राणिहरूमा भन्दा अत्युच्च छ भन्दै बोलिएको छ –

अरूपनि प्राणिहरू कति छ कति हुन्
तर चेतनशील एउटै मानव जाती ।
'धर्ती, शून्य, सूर्य र मानव' (वर्ष ५अङ्क १५, पृष्ठ ४१ )

त्यस्तै उनको **दायित्व**मा प्रकाशित अन्तिम काव्यरचना 'गीत' (वर्ष ७ पूर्णाङ्क २०)मा स्वप्नसुन्दरीप्रतिको आफ्नो मनोभाव प्रस्तुत गरिएको छ । निन्द्रा, तन्द्रा र व्यूँझो

अवस्थामा पनि साथ रहने स्वप्नसुन्दरीसँगको विछोडले आँसु झार्नपुग्ने कविको अन्तराभिव्यक्ति यहाँ प्रस्तुत छ । यसै सिलसिलामा उनी भन्छन् –

पोल्टाभित्र तिम्रै वैंश ओठभरि गीत
छातीभित्र तिम्रो माया पाउभरि शीत
'गीत' (वर्ष ७ पूर्णाङ्क २०, पृष्ठ ५३)

यसप्रकार समग्रमा हेर्दा कवि के. सी. का गद्य र गीतिलयमा संरचित विविध भावका पाँच काव्यिक रचना **दायित्व**मा प्रकाशित छन् ।

## ४.१.९ इन्द्रकुमार श्रेष्ठ 'सरित्'का कवितात्मक कृति

नेपाली कविताको समसामयिक धाराका कवि सरित्का जम्मा पाँचवटा कविताहरू **दायित्व**मा प्रकाशित छन् । 'लाहुरे' (वर्ष २ अङ्क ४, पृष्ठ ५) शीर्षकको कवितामा लाहुर जाने नेपालीहरूको जातीय पहिचानको खोजी गरिएको छ भने दोस्रो कविता 'सहर !' (वर्ष २ अङ्क ५, पृष्ठ २१) मा सहरको विसङ्गति र खोक्रोपन नियाल्दै यहाँ मानवता हराएको भाव अभिव्यक्त भएको छ । त्यस्तै **दायित्व**मा प्रकाशित सरित्को तेस्रो कविता 'जिन्दगी' (वर्ष ८ पूर्णाङ्क २४, पृष्ठ १२) मा क्षणभङ्गुर मानवीय जिन्दगीको पीडामयी यथार्थता प्रस्तुत गरिएको छ । उनको चौथो कविता 'कलियुगकी अहिल्या' (वर्ष १३ पूर्णाङ्क ३६, पृष्ठ ३५)मा नारी मनका तृष्णाको अभिव्यक्ति भएको छ भने पाचौं कवितात्मक कृति 'गीत' (वर्ष १७ पूर्णाङ्क ४६, पृष्ठ ३५)-मा मानवीय मनको उदासीपनको अभिव्यक्ति पाइन्छ ।

सरित्का यी समग्र पाँच कवितात्मक कृतिहरूले गद्यलय (गीत बाहेक)मा बहँदै वर्तमान युगीन विकृति-विसङ्गति र त्यसबीचको मानवीय मनोदशाको सूक्ष्मत्तम प्रस्तुति गरेका छन् ।

## ४.१.१० पूर्णविरामका कवितात्मक कृति

नेपाली कविताको समसामयिक धाराका एक सशक्त कविका रूपमा परिचित कवि पूर्णविरामको 'हिँडेको दिनलाई यसरी भनें' (वर्ष ३, अङ्क ८, पृष्ठ १०) शीर्षकको कविता 'समालोचना तथा पुरस्कृत प्रतिभा विशेषाङ्क' (वर्ष ६ पूर्णाङ्क १७)मा पुनः प्रकाशित छ । वर्तमान युगका बेथितिहरू केलाउँदै त्यसप्रति विद्रोहको राँको बाल्दै प्रगति उन्मुख काव्यचेत प्रस्तुत गर्ने यी कविको यस कवितामा पनि सोही भावको अभिव्यक्ति पाइन्छ । वर्तमानका प्रत्येक दिनगत कार्यहरूको र परिवेशको सुधारोन्मुख यात्रा तय नभएकोमा तीब्र रोष प्रकट गर्दै त्यसलाई परिवर्तन गर्नुपर्ने आवश्यकता औंल्याउँदै कवि भन्छन् –

जसको रगतले पोतिनु पर्‍यो धरती
र जसको श्राद्धको समयमा
हाँसी-हाँसी हिँड्नुपर्‍यो
त्यस्तो कुनै प्रमाण नदेखाएर
आजको एउटा दिन गयो ।
'हिँडेको दिनलाई यसरी भनें' (वर्ष ३, अङ्क ८, पृष्ठ ११)

## ४.१.११ कृष्ण बाउसेका कवितात्मक कृति

समसामयिक नेपाली कविताधारामा रहेर कविता सिर्जना गर्ने बाउसेका जम्मा चारवटा कविताहरू **दायित्व**मा प्रकाशित छन् । जसमध्ये प्रथम कविता 'मेरी प्रेयसी आज पनि विद्रोहको पोष्टर टाँस्दैछे' (वर्ष ३,अङ्क ८)मा प्रेयसीरूपी गतिशील परिस्थितिको रन्थनाहटमा कवि भन्छन्–

जमानाका दिव्य चक्षु खोलेर बाँच्नेले;
अँधेरी रातलाई हत्केलाले छोपेर
हाउगुजी लखेट्न सक्नुपर्छ .........
'मेरी प्रयसी आज पनि विद्रोहको पोष्टर टाँस्दैछे' (वर्ष ३,अङ्क ८, पृ. ३६)

यसप्रकार कवि बाउसेको परिस्थितिप्रतिको तीब्र विद्रोह यस कवितामा प्रस्तुत छ भने त्यससँग जुझेर अगाडि बढ्नुपर्ने प्रगतिशील विचारधारा पनि ।

**दायित्व**मा प्रकाशित उनको दोस्रो कविता 'मैले प्रेमका कविताहरू लेख्न छोडें' (वर्ष ५, अङ्क १४, पृष्ठ १०) मा कवि २०४६सालको जनआन्दोलनका समय भएको सरकारी दमनको बिद्रोह गर्दै प्रतीकात्मक रूपमा स्वतन्त्रता, सद्भाव र न्यायिक वातावरणको खोजी गरिरहेका छन् भने तेस्रो कविता 'नेताहरू' (वर्ष ६ पूर्णाङ्क १८, पृष्ठ २२) मा प्रजातन्त्रको पुनस्थापना पछिको वातावरणका नेपाली नेता भनाउँदाहरूमा रहेको स्वार्थान्धताको चित्रण गरिएको छ । त्यस्तै उनको चौथो कविता 'आवश्यक भएको छ' (वर्ष १४, पूर्णाङ्क ३७) मा कवि वर्तमान सन्त्रासयुक्त युगमा जीजिविषाहरू पालेर स्वतन्त्र र उन्मुक्तताको हाँसो हाँस्न मुस्किल परिरहेको बखत सिर्जनाको खेती गर्न आवश्यक छ भन्दै अगाडि भन्छन् –

सपनाहरू कोरल्न आवश्यक भएको छ
यो सन्त्रासले जेलिएको बस्तीमा ।
'आवश्यक भएको छ' (वर्ष १४, पूर्णाङ्क ३७, पृष्ठ १२)

यसरी समग्र रूपमा हेर्दा कवि बाउसेका वर्तमान युगीन सन्दर्भहरू कोट्याउँदै त्यसका बीचमा मानवीय अस्तित्व र अस्मिताको लागि संघर्षशील हुनुपर्दछ भन्ने समसामयिक धाराको एक प्रवृत्ति अनुरूप प्रगतिशील भावधाराका गद्य कविताहरू यस पत्रिकामा प्रकाशित छन् ।

## ४.१.१२ लव गाउँलेका कवितात्मक कृति

**दायित्व** मा गाउँलेका 'गाउँलेका मसीना कविता' (वर्ष ३, अङ्क ९) शीर्षकमा चारवटा मसीना कविताहरू प्रकाशित छन् । यहाँ उनका जनसंख्या वृद्धिदर रोक्न एड्स आयात गरिने भावको 'प्रतीक्षा', अभावग्रस्तताको रोगले अस्पतालनै थलिएको भावको 'फेसन', युग फोस्रो आश्वासनमा बाँचेको छ भन्ने भावको 'आश्वासन' र विसङ्गति र फोहोरी कुरा नै हाम्रोलागि गौरव भन्ने व्यङ्ग्यात्मक भावको 'भेराइटी कर्नर' गरी चारवटा कविताहरू प्रस्तुत छन् । यसैबीचको नमूनाको स्वरूप एउटा कविता हेरौं –

रोगी बढेः निदान भएन
निदान भएः उपचार भएन
उपचार भयो औषधि छैन
कस्तो कडा रोगको आगमन भएछ
अब त अस्पताललाई पनि सञ्चो छैन ।

'फेसन' (वर्ष ३, अङ्क ९, पृष्ठ ८)

यस प्रकार लव गाउँलेका मसीना चारवटा कविता मुक्तकाकारमा भएपनि समसामयिक युगीन भाव बहन गर्न सक्षम छन् ।

## ४.१.१३ रामेश्वर राउत 'मातृदास'का कवितात्मक कृति

नेपाली कविताको समसामयिक धारामा रहेर गीति र गद्य लयका कविता रचना गर्ने कवि मातृदासका जम्मा ६ वटा कविताहरू **दायित्व**मा प्रकाशित छन् । **दायित्व**को वर्ष ३ अङ्क ९मा प्रकाशित झ्याउरे गीतिलयमा संरचित कविता 'तिहार– यो बेला' (पृष्ठ ३९)मा कवि मातृदासले हिन्दूहरूको चाड तिहारको बेलाको प्राकृतिक एवम् भाइचाराको परिवेश एवम् महत्ताको विश्लेषण गरेका छन् भने दोस्रो कविता 'मन तरङ्ग अनेक रङ्ग' (वर्ष ४ अङ्क ११ , पृष्ठ १६)मा वासन्तिक नेपाली मनोहारी प्रकृतिको चित्रण गर्दै सो बखत मनको तरङ्ग पनि पावन लहरीसँगै रमाउने भाव व्यक्त गरेका छन् । कता कता प्रकृति-कविता भान हुने यो कवितामा कविको मन वसन्तकालीन प्राकृतिक सौन्दर्यसँग रमाएको छ । त्यस्तै तेस्रो कविता 'ध्यानमग्न भक्तहरू' (वर्ष ४, पूर्णाङ्क २४, पृष्ठ १५) मा देशको वर्तमान परिवेशका बेथिति र विसङ्गतिहरूको प्रसङ्ग कोट्याउँदै त्यसै विसङ्गतिभित्रै हामी भ्रमपूर्ण जीवन बाँचिरहेका छौं भन्ने भाव अभिव्यक्त भएको छ । चौथो कवितात्मक कृति 'मेलम्चीको पानी' (वर्ष १२ पूर्णाङ्क ३१) शीर्षकको गीतमा मेलम्चीको पानीसँग धर्तीको उर्वराशक्तिको तुलना गर्दै सो मायारुपि पानीले धर्तीमाता एवम् जन्मभूमि उर्वर बनाउने सन्देश दिँदै मातृभूमि रुवाउने कुनै काम नगर्न सबैमा अनुरोध गर्दै भनेका छन् –

नपारिदेऊ आमालाई मुटु दुख्ने घाउ
वैंश सबै सुम्पेकी छन् समाई तिम्रै पाउ
'मेलम्चीको पानी' (वर्ष १२, पूर्णाङ्क ३१, पृष्ठ ३३)

त्यस्तै मातृदासको अर्को कविता 'उत्ताउलिएका घामका झुल्का' (वर्ष १२ पूर्णाङ्क ३३) शीर्षकको गद्यकवितामा देशमा शासनको वागडोर सम्हाल्नेवालाहरू उत्ताउलिएर बाटो बिराउन थालेको कुरा व्यक्त गर्दै अगाडि थप्छन् –

आजकल घामका झुल्काहरू उत्ताउलिएर
देखादेखि लाजै नमानी
आफ्नै पिंढीमा लाज बिसाउन थालेका छन् तिनीहरू ।
'उत्ताउलिएका घामका झुल्का' (वर्ष १२ पूर्णाङ्क ३३, पृष्ठ २६)

नेताहरूका खराब नियतिको कारण जनसाधारणको जीवन कष्टकर बनेको भाव यस कवितामा अभिव्यञ्जित छ ।

यिनको **दायित्व**मा प्रकाशित छैटौं तथा अन्तिम कविता रहेको छ – चोटको चोइटो (वर्ष१६, पूर्णाङ्क ४३) । नेपाली मझौला झ्याउरे गीतिलयमा संरचित यस कवितामा नेपाली एकताको गौरवमय इतिहासमा वर्तमान राजनैतिक द्वन्द्वका कारण कवि हृदयमा गहिरो चोट पुगेको भाव प्रकटित छ । यसै सन्दर्भमा कवि बोल्छन् –

चोटको चोइटो पहरो फुट्ला ? नेपाली एकता
बैरीले शीर रेटेर रित्तो हेर्नेछन् रमिता !
'चोटको चोइटो'(वर्ष १६, पूर्णाङ्क ४३, पृष्ठ ६१)

यसरी यस कवितामा नेपाली - नेपालीबीचको फुटप्रति सजग हुनुपर्ने कुरा उल्लेख गर्दै यदि फुटको अवस्थाबाटै गुज्रिरहने हो भने हाम्रो स्वाभिमान नै गुम्नसक्ने तर्फ सङ्केत गरिएको छ ।

यसप्रकार मातृदासका समग्र कविता हेर्दा समसामयिक राष्ट्रिय गरिमाप्रति सजगताको भावाभिव्यक्ति रहेको पाइन्छ ।

## ४.१.१४ प्रह्लाद पोखरेलका कवितात्मक कृति

गद्य, शास्त्रीय र गीति तीनै लयका कविता सिर्जना गर्ने नेपाली समसामयिक भावधाराका कवि पोखरेलको एउटा गद्य र तीनवटा शास्त्रीय छन्दमा संरचित कविताहरू **दायित्व**मा प्रकाशित छन् । जसमध्ये पहिलो गद्यकविता 'बदमाश' (वर्ष ३, अङ्क १० पृष्ठ ३९) कवितामा कविले बदमाश व्यक्तित्वको नियति नै बदमाशी भए त्यो अविजेय हुन्छ भन्ने भाव उद्धृत गरेका छन् भने दोस्रो 'गन्तव्य' (वर्ष ९ पूर्णाङ्क २५, पृष्ठ २९) शीर्षकको शार्दूलविक्रीडित छन्दमा संरचित कविताले २०४६ सालको जनआन्दोलनबाट पुनःस्थापित प्रजातन्त्रबाट जनताले आशा गरे अनुरूपको प्रजातन्त्र प्राप्त नगरेकोले यथार्थ तहको प्रजातन्त्र प्राप्तिको गन्तव्य पूरा भइनसकेको भाव व्यक्त भएको पाइन्छ । त्यस्तै शादूलविक्रीडित छन्दकै उपयोग गरी लेखिएको पोखरेलको 'यात्रा' (वर्ष १३ पूर्णाङ्क ३४) कवितामा यात्राको महत्ता दर्शाउँदै मानव जीवन पनि एक यात्रा हो भन्दै अगाडि बोलिएको छ –

यात्रा जीवन-राजमार्ग पनि हो यात्री सबै दौडिने
गैरो जीवन-पोखरी छ कसरी यात्राबिना पौडिने ?
'यात्रा' (वर्ष १३ पूर्णाङ्क ३४, पृष्ठ १९)

यसप्रकार **यात्रा** कवितामा कविले यात्राबाट नै नवक्षितिज प्राप्त हुने हुँदा जीवनयात्रा गरी यसबाट जीवनको नवक्षितिज उघार्नुपर्ने कुरा व्यक्त गरेका छन् ।

कवि पोखरेलको **दायित्व**मा प्रकाशित अन्तिम कविता हो – 'श्रद्धासुमन कवि भरतराज मन्थलीयप्रति' (वर्ष १८ पूर्णाङ्क ४८, पुष्ठ ६२) । यो कवि भरतराज मन्थलीयको देहवसान पछि उनको स्मरणमा श्रद्धापूर्वक अनुष्टुप छन्दमा संरचित कविता हो । कवि पोखरेलले यस कवितामा कवि मन्थलीयप्रतिको आफ्नो भाव व्यक्त गरेका छन्।

यसरी कवि पोखरेलका **दायित्व**मा प्रकाशित समग्र कविताले समसामयिक नेपाली कविता धाराको जीवनजगतको अवलोकन गर्दै स्वच्छ समाजको परिकल्पना गर्ने प्रवृत्ति प्रस्तुत गरेका छन् ।

## ४.१.१५ विप्लव ढकालका कवितात्मक कृति

नेपाली कविताको समसामयिक धारामा कवितात्मक नवप्रयोगको रूपमा भित्रिएको जापानी कवितारूप हाइकु लेखन गर्ने कवि ढकालका 'केही हाइकुहरू' (वर्ष ४, अङ्क १२) मा प्रकाशित छन् । तीन हरफे र सत्रअक्षरे २४ वटा हाइकुहरू मार्फत कवि ढकालले समसामयिक युगका विकृति, विसङ्गति, विद्रुपता, आशा, निराशा, मानवीय जीजिविषाप्रतिको खोट आदि कुरामाथि व्यङ्ग्यात्मक झटारो हानेका छन् । यसै सिलसिलामा नमूना स्वरूप केही हाइकु हेरौं –

| | | |
|---|---|---|
| ढाक्रे मरेछ | लक्ष्य + संकल्प | बाँच्ने क्रममा |
| पेट रित्तै थियो रे | – धैर्य X हिउँको यात्रा | थाहै नहुँदो रै'छ |
| चामलको भारी ! | = लंगौटी जात्रा ! | आफू मरेको ! |

'केही हाइकुहरू' (वर्ष ४ अङ्क १२, पृष्ठ ३१)

यसप्रकार कवि ढकालका समसामयिक युगीन विकृति-विसङ्गतिमाथिको व्यङ्ग्य प्रहार हाइकुका रूपमा प्रस्तुत भएका छन् ।

## ४.१.१६ मञ्जुलका कवितात्मक कृति

समसामयिक युगमा रहेर विशुद्ध प्रगतिवादी धारामा कलम चलाउने मञ्जुलका तीनवटा गीत र एउटा कविता गरी चारवटा कवितात्मक कृति **दायित्व**मा प्रकाशित छन् । जसमध्ये पहिलो कृति 'जीवन कहिले अन्तमा' (वर्ष ५, पूर्णाङ्क १५ , पृष्ठ ८) शीर्षक गीतमा जीवन उकालो, ओरालो, सम्म, भिरालो, उज्यालो, अँध्यारो, कोलाहल, एकान्त जहाँपनि हुनसक्छ र यो क्रम अनन्तसम्म रहिरहन्छ । यस क्रममा प्रकाशपुञ्जसरि सडक खोज्नेहरू सुवासित हुन्छन्, सन्तान र पुर्खाको संरक्षण गर्नेहरू अनन्तसम्म जीवन्त रहन्छन् । तसर्थ सधैं संघर्षशील भई जीवन बाँच्नुपर्ने भाव अभिव्यक्त गरिएको छ । त्यस्तै दोस्रो 'गीत' (वर्ष ७ पूर्णाङ्क २०, पृष्ठ ५७)मा माथिल्लो वर्गका मानिसहरूद्वारा तल्लो वर्गका मानिसहरूप्रति गरिने घृणा, थिचोमिचो र अन्याय-अत्याचारले गर्दा तल्लो वर्गका जनताका लागि विद्रोह गर्ने प्रेरणास्रोत मिलेको कुरा अभिव्यक्त भएको छ । त्यसरी नै उनको तेस्रो कृति 'पुल' (वर्ष १० पूर्णाङ्क २७, पृष्ठ ३०) शीर्षकीय कवितामा मन फाटिसकेपछि मन फटाउने वस्तु खोलाको वारपार गर्ने पुल धेरै दरिलो बनाउनु पर्ने कुरा व्यक्त गरिएको छ । यहाँ खोलाका दुई किनार सम्पन्न र विपन्न वर्ग हुन् भने तिनको बीचमा सम्बन्ध स्थापित गर्ने पुलले निभाउनुपर्ने जिम्मेवारीको पृष्ठभूमि केलाइएको यो सरल गद्यकविता हो । त्यस्तै **दायित्व**मा प्रकाशित उनको अन्तिम काव्यकृति 'गीत' (वर्ष १४ पूर्णाङ्क ३८) हो । यस गीतमा कवि यहीं (नेपाल?) को पाखा-पखेरामा हराउन चाहन्छन्, खेत, पाखा, कलकल बग्ने खोला, बादल, वन आदि हेर्दै चरी भएर उड्न चाहन्छन् र यसै परिवेशको घामछायाँमा जुनी फेर्दै बाँच्न चाहन्छन् ।

यसप्रकार कवि मञ्जुलका **दायित्व**मा प्रकाशित कवितात्मक कृतिहरूले समसामयिक युगको विकृति केलाउँदै त्यसको विरोध गर्दै अघि बढ्नुपर्ने चेत मुखरित गरेका छन् ।

## ४.१.१७ नारायण 'गोदारे'का कवितात्मक कृति

नेपाली कविताको समसामयिक धाराका कवि गोदारेका गद्य र गीतिलयमा संरचित जम्मा पाँचवटा कविता **दायित्व**मा प्रकाशित छन् । जसमध्ये 'मुगूको सम्झना' (वर्ष १४ पूर्णाङ्क ३८, पृष्ठ २२) शीर्षकको कवितामा कविले पश्चिम नेपालको दुर्गमस्थल मुगूको अवस्थिति चित्रण गर्दै त्यहाँको विकासमा जोड दिनुपर्ने कुरा औंल्याएका छन् । अर्को कविता 'सिद्धिचरण र मूल मन्त्र' (वर्ष १५ पूर्णाङ्क ४०, पृष्ठ ९) शीर्षकको कवितामा कवि गोदारेले राष्ट्रिय गरिमा र संस्कृति नै नेपालीको गौरव हो भन्ने सिद्धिचरण श्रेष्ठको मूल मन्त्र रहेको कवितात्मक सन्दर्भ कोट्याउँदै हामीले राष्ट्र र राष्ट्रियता अनि जातीय अस्तित्व बचाइराख्नु पर्दछ भन्ने भाव व्यक्त गरेका छन् । त्यस्तै उनको तेस्रो कविता 'हिजडा नाच र कम्मर भाँच' (वर्ष १६ पूर्णाङ्क ४४, पृष्ठ १०)मा दिनदिनै नाङ्गिँदै गएको नेपाली संस्कृतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ भने अर्को कविता 'युद्ध र मान्छे' (वर्ष १७ पूर्णाङ्क ४५) मा

युद्धबीभिषिकाले ग्रस्त वर्तमान युगको मान्छे यन्त्रवत चलिरहेछ भन्ने भाव अभिव्यक्त गर्दै भनिएको छ –

युद्ध ललकार्छ मान्छे
मान्छे ललकार्छ युद्धपनि
'युद्ध र मान्छे' (वर्ष १७ पूर्णाङ्क ४५, पृष्ठ ५)

यसप्रकार यस कवितामा वर्तमान युगको मान्छे र युद्धको समानान्तरतामा मृत्यु अविजेय बन्छ र खुशीले हाँस्छ पनि भनिएको छ ।

त्यस्तै कवि गोदारेको **दायित्व**मा प्रकाशित अन्तिम कविता 'अक्षरहरू' (वर्ष १८ पूर्णाङ्क ४८, पृष्ठ ३९) मा देशको समसामयिक राजनैतिक द्वन्द्वका कारण ग्रस्त नेपाली परिवेशको चित्रण गरिएको छ ।

कवि गोदारेका यी समग्र कविताहरूको अवलोकन गर्दा उनका कवितामा समसामयिक भावधाराको समसामयिक राजनैतिक, सांस्कृतिक, सामाजिक र विश्वयुगीन पृष्ठभूमि केलाउने प्रवृत्ति पाइन्छ ।

## ४.१.१८ डा. घनश्याम न्यौपाने 'परिश्रमी'का कवितात्मक कृति

अरबी, फारसी, बङ्गाली, हिन्दी हुँदै माध्यमिक कालीन कविप्रतिभा मोतीराम भट्टले नेपाली कवितामा भित्र्याएको गजल लेखन परम्परामा नेपाली कविताको समसामयिक धाराका सशक्त गजलकारका रूपमा चर्चित डा. घनश्याम न्यौपाने 'परिश्रमी'का चारवटा गजलहरू **दायित्व**का विभिन्न अङ्कमा प्रकाशित छन् । जसमा गजलको शास्त्रीय मान्यताअनुसार प्रेमीकासँग गरिएका रतिरागात्मक भावधाराबाट अलि परिवर्तित रूपमा जीवनका विवशता, वाध्यता, पीडा, छट्पटी र वर्तमान युगीन विसङ्गतिहरूको अभिव्यक्ति पाइन्छ । तिनीहरू मध्ये 'अटाइनसक्नु छन्....... '(वर्ष ५, पूर्णाङ्क १५, पृष्ठ २४) बोलको गजलले जिन्दगीको विवशता ओकलेको छ भने 'लोकप्रिय बन्न यहाँ'..... (वर्ष ९ पूर्णाङ्क २५, पृष्ठ ४७) बोलको गजलमा वर्तमान युगको सामाजिक विकृतिप्रति व्यङ्ग्य गरिएको छ । त्यस्तै 'फल्दैन भन्दैछौ.....' (वर्ष १६ ,पूर्णाङ्क ४२, पृष्ठ ५३) बोलको गजलले क्रान्तिकारी चेत ओकल्दै भोका पेटहरू जुर्मुराएर उठेमा सामन्तवादी संस्कारको अन्त भई नवयुगको आगमन अवश्य हुन्छ भन्ने भाव व्यक्त भएको छ । त्यस्तै उनको अन्तिम 'लाग्छ अनाहकमा किन ........' (वर्ष १७, पूर्णाङ्४५, पृष्ठ ३५) बोलको गजलमा मानवीय जिन्दगीको बेसहारापनप्रति टिठ व्यक्त गरिएको छ ।

**दायित्व**मा प्रकाशित परिश्रमीका सम्पूर्ण गजलहरू प्रायः १४ देखि १८ अक्षरका बीचको गीतिलयमा संरचित छन् । रदिफ र काफियाको सचेत प्रयोग भएपनि उनका गजलमा तखल्लुस पाइदैन र बहरमा संरचित गजल पनि देखिँदैनन् । समान अक्षरीय गीतिचेत भने उत्तरोत्तर प्रवल हुँदै गएको देखिन्छ । नमुनास्वरूप दुई सेर हेरौं –

उठ्नुपर्छ भोका पेटले कसेर कम्मर
झुप्राहरूको चुलामा आगो बल्छ जरुर

सन्देह पालेर मनमा सपना साकार हुँदैन
ताप चाहिन्छ फलाम पनि गल्छ जरुर ।
'फल्दैन भन्दैछौ ......'(वर्ष १६ पूर्णाङ्क ४२, पृष्ठ ५३)

यसप्रकार गजलकार परिश्रमीका **दायित्व**मा प्रकाशित गजलहरूले समसामयिक धाराको गजल लेखन परम्परा अनुरूप प्रेम मात्र नभएर विविध भावको अभिव्यक्ति दिएका छन् ।

## ४.१.१९ यदु पन्थका कविता

नेपाली कविताको समसामयिक धारामा रहेर कविता सिर्जना गर्ने कवि पन्थका जम्मा ९ वटा कविताहरू **दायित्व**मा प्रकाशित छन् । जसमा 'प्रण' (वर्ष १ अङ्क ३, पृष्ठ २८) शीर्षकको अनुष्टुप छन्दमा संरचित कवितामा सनातनदेखि चलिआएको नेपालीपन र गौरवको रक्षा गर्ने प्रण गरिएको छ भने 'कोइली तिमी गाउँदै जाऊ' (वर्ष २, अङ्क ५, पृष्ठ २७) शीर्षकको गद्यकवितामा विविध आक्रमणबाट होसियार रहँदै नेपाली सांस्कृतिक स्वर निरन्तर घन्काउनुपर्ने भाव अभिव्यक्त भएको पाइन्छ । त्यस्तै उनको तेस्रो कविता 'अस्तव्यस्तता' (वर्ष ३, अङ्क ८, पृष्ठ ३)मा २०४६ सालको जनआन्दोलनपूर्वको देशको आर्थिक, राजनीतिक र नैतिक एवम् सांस्कृतिक अस्तव्यस्तताको झलक झल्किएको छ । चौथो कविता 'नौलो समाजको सिर्जना गर्न' (वर्ष ३, अङ्क १०, पृष्ठ २७) कवितामा २०४६ सालको जन आन्दोलनको लागि आ-आफ्नो ठाउँबाट आ-आफ्नो क्षमता अनुसारको बिद्रोहात्मक हतियारका साथ अगाडि बढ्न जनताहरूलाई आह्वान गरिएको छ भने पाचौँ कविता 'कस्ता अनुहार, कस्तो चमत्कार' (वर्ष ४, अङ्क १४, पृष्ठ २९)मा २०४६ सालको जन आन्दोलनको सफलताले पञ्चहरूको अवस्था क्षत-विक्षत भएको वर्णनात्मक अभिव्यक्ति पाइन्छ । छैटौँ कविता 'होसियार अर्जुनहरू !!' (वर्ष ५, पूर्णाङ्क १८, पृष्ठ १५)मा देशमा प्रजातन्त्र आएपनि शासनको वागडोर असत्यकै लहडबाजीमा चलिरहेकाले त्यसतर्फ सजग हुनुपर्ने भाव अभिव्यक्त भएको पाइन्छ । त्यस्तै सातौँ कविता 'परेवाहरू भाग्दैछन्' (वर्ष १२, पूर्णाङ्क ३१)मा देशमा सिर्जित अशान्तावस्थाको चित्रण गर्दै शान्ति पुनस्थापनाको इच्छा राख्दै कवि बोलेका छन् –

> आकाशभरि सेता परेवाहरू
> निर्धक्कसँग उडाऊँ
> मनभरि अहिंसाको भरोसा जगाऊँ
> र, निर्धक्कसँग जीवन बिताऊँ ।
>
> 'परेवाहरू भाग्दैछन्' (वर्ष १२ पूर्णाङ्क ३१, पृष्ठ २५)

त्यसरी नै कवि पन्थको **दायित्व**मा प्रकाशित आठौँ कविता 'बत्ती' (वर्ष १३, पूर्णाङ्क ३४, पृष्ठ ३५) मा हामी नेपालीमा चेतनाको स्तर ज्यादै न्यून भएको भावाभिव्यक्ति पाइन्छ भने उनको नवौँ तथा अन्तिम कविता 'जादूगर' (वर्ष १४, पूर्णाङ्क २९)मा देशको स्वार्थपूर्ण र जालझेलयुक्त राजनीतिको पर्दाफास गर्दै ती राजनेताहरूलाई जादूगरको उपमा दिइएको छ । यहाँ जादूगरले झैं दुनियाँदारको आँखामा छारो हाल्दै आफ्नो भुँडी भर्ने प्रवृत्ति निरन्तर क्रियाशील रहेको भावाभिव्यक्ति पाइन्छ ।

यसप्रकार कवि यदु पन्थका **दायित्व**मा प्रकाशित गद्यकविता (एउटा बाहेक)-हरूले समसामयिक नेपाली कविताधाराका प्रवृत्तिहरूमा विशेषत: राजनैतिक कुसंस्कार र कुकृत्यको पर्दाफास गर्दै परोक्ष रूपमा त्यस्ता कार्यहरूप्रति व्यङ्ग्य प्रहार पनि गरेको पाइन्छ ।

## ४.१.२० अनूदित कवितात्मक कृतिहरू

नेपाली भाषामा सिर्जित कविताहरू मात्र नभएर **दायित्व**का विभिन्न अङ्कहरूमा विदेशी भाषाका कविहरूद्वारा रचित कविताहरू नेपालीमा अनुवाद गरेर पनि प्रकाशित भएका छन् । जम्मा पाँचवटा त्यस्ता अनूदित कविताहरू **दायित्व**मा देख्न पाइन्छ । तिनको व्याख्या तल गरिएको छ ।

### ४.१.२०.१ बोरिस पास्तरनेक

कवि बोरिस पास्तरनेकको 'बोरिस पास्तरनेकको कविता' **दायित्व**को वर्ष २ अङ्क ५, पृष्ठ ८ मा प्रकाशित छ र यो कविता एच्पी शर्माले अनुवाद गरेका छन् । विछोड पछि हुने व्यथामय स्मृतिले दुई मित्रवत आत्मामा न्यानोपन छाउँछ भन्ने भावको यो गद्यलयमा संरचित कविता मिठासपूर्ण पनि छ ।

### ४.१.२०.२ फेदरिको

एच्पी शर्माद्वारा अनुवादित स्पेनिस कवि फेदरिकोको 'फेदरिको गारथिया लारेका' ( वर्ष २, अङ्क ६, पृष्ठ ३०) शीर्षकको छोटो कवितामा आफू मरेपछि पनि आफ्नो आत्माको लागि झ्याल खुल्ला राखिदिनू भन्ने कविको आत्मपरक अभिव्यक्ति पाइन्छ ।

### ४.१.२०.३ हिरोत्सुजु कावागुची

**दायित्व**मा कवि कावागुचीको 'मेरीको, तायोसी, चीयोको' (वर्ष ६, पूर्णाङ्क १८ , पृष्ठ ८) शीर्षकको कविता लक्ष्मी पन्तद्वारा अनूदित भएर प्रकाशित भएको छ । यस कवितामा कर्म र परोपकारको लागि सन्देशको भाव छ ।

### ४.१.२०.४ मिकिरो खासाको

क्षेत्रप्रताप अधिकारीद्वारा अनूदित कवि मिकिरो खासाकोको कविता 'एकादेशमा' (वर्ष ५, पूर्णाङ्क १६, पृष्ठ २९) **दायित्व**मा प्रकाशित छ । गद्यलयमा संरचित उक्त कवितामा प्राकृतिक सौन्दर्यमा रमाउँदै जीवनयात्रा सफल पार्ने कविको चाहना पाइन्छ ।

### ४.१.२०.५ श्वेथाओ

चिनियाँ भाषाका कवि श्वेथाओको 'वसन्तको प्रतीक्षा' (वर्ष ७, पूर्णाङ्क २०, पृष्ठ १७) कविता सुवर्ण देवकोटाबाट अनूदित भई **दायित्व**मा प्रकाशित छ । यस गद्यकवितामा ऋतुराज वसन्तसँग मानवीय वैंशको कोमलता, मनोहारिता र उर्वरशीलताको तुलना गरिएको भाव पाइन्छ ।

यसप्रकार **दायित्व**मा पाँचजना विदेशी ख्यातिप्राप्त कविहरूका एक/एक उत्कृष्ट कविताहरू अनूदित भएर प्रकाशित भएका छन् ।

## ४.१.२१ निष्कर्ष

**दायित्वमा** प्रकाशित कविताहरू संख्यात्मक र गुणात्मक दुवै दृष्टिले नेपाली कविताको फाँटलाई स्तरीय र सघन तुल्याउन सफल भएका छन् । यस पत्रिकाका

कविताहरूले स्वतःस्फूर्त भावको प्रस्तुतिकरण, प्रगतिवादी समसामयिक दृष्टि, राष्ट्रप्रेम, वर्तमान मानवीय जीवनका कुण्ठा, नैराश्य, यौन अतृप्ति, बूभुक्षा, प्रकृति चित्रण, हर्ष, वियोग, सुख-दुःखको प्रस्तुतीकरण, युगीन यथार्थ र सत्य सन्दर्भको उद्घाटन, विश्रृङ्खल मानवीय चिन्तनको प्रदर्शन, निःसार -विसङ्गत जीवनदृष्टि, जीवनलाई सम्पूर्णतामा हेर्ने प्रयास, मानवीय आस्था र मूल्यको उपयोग, विवश जीवनको चित्रण, सामाजिक, आर्थिक र राजनैतिक समस्या र मान्यताप्रति तीक्ष्ण व्यङ्ग्य, ऐतिहासिक सन्दर्भहरूको संस्मरण जस्ता विविध विषयवस्तुलाई अँगालेका छन् । साथै नेपाली कविताका स्वच्छन्दतावादी, स्वच्छन्दतावादी - प्रगतिवादी, प्रयोगवादी र समसामयिक धाराका स्थापित र नवपुस्ताका कविसम्मका कविताहरू मार्फत नेपाली कविताको आधुनिक काललाई अग्रगति प्रदान गर्नमा **दायित्व**ले स्मरणीय योगदान दिएको छ । नेपाली कवितामा प्रयोग हुँदै आएका विविध वाद र विविध बिम्ब, प्रतीक तथा मूर्त- अमूर्त शैली जस्ता कुराहरूको उपयोग पनि **दायित्व**मा प्रकाशित कविताहरूमा भएको पाइन्छ । भाव, शैली र विषयवस्तुका दृष्टिले **दायित्व**मा प्रकाशित अधिकत्तम कविता बेजोड हुन पुगेका छन् । काव्यात्मक मूल्यका दृष्टिले पनि **दायित्व**का कविताहरू उल्लेख्य छन् । यसरी एकै वाक्यमा समेटेर भन्दा के भन्न सकिन्छ भने **दायित्व**मा प्रकाशित कविताहरूले नेपाली कविता विधाको विकासका सन्दर्भमा उल्लेखनीय योगदान दिएका छन् ।

## ४.२ नेपाली कथाको क्षेत्रमा 'दायित्व' पत्रिकाको योगदान

'दायित्व' पत्रिकाले आफ्नो प्रकाशनको शुरूवातदेखि नै कथा क्षेत्रमा पनि त्यत्तिकै योगदान दिँदै आएको देखिन्छ । गद्यसाहित्यको विकासका निम्ति आख्यान अन्तर्गत कथा विधाको प्रकाशनलाई महत्वपूर्ण मान्नुपर्ने हुन्छ । यसै अवधारणा अनुरूप **दायित्व**ले नेपाली कथासाहित्यमा स्थापित भइसकेका कथाकारहरू र नवसिर्जनशील दुवैखाले प्रतिभाहरूका कथा प्रकाशित गर्दै आएको पाइन्छ । त्यति मात्र होइन, 'कथा विशेषाङ्क–१' (वर्ष ११ पूर्णाङ्क २९), 'लघुकथा विशेषाङ्क' (वर्ष १७, पूर्णाङ्क ४७) र 'शङ्कर कोइरालाः कथा विशेषाङ्क' (वर्ष १७, पूर्णाङ्क ४७) गरी तीन–तीनवटा कथा विशेषाङ्क नै प्रकाशन गरी नेपाली कथा साहित्यलाई संख्यात्मक र गुणात्मक दुवै रूपले माथि उचालेको पाइन्छ । यस क्रममा **दायित्व**मा सामाजिक यथार्थवादी धाराभित्र रहेर कथा लेख्ने दौलतविक्रम विष्ट, शङ्कर कोइराला, मनोवैज्ञानिक यथार्थवादी धारालाई अँगाल्ने अशेष मल्ल, माया ठकुरी, समाजवादी यथार्थवादी धारा अर्थात प्रगतिवादी धाराभित्र बसी कलम चलाउने रमेश विकल एवम् नवयुगीन आन्दोलन र अभियानमा सरिक हुँदै नयाँ नयाँ मान्यतालाई अँगालेर कथा लेख्ने मनु ब्राजाकी, ध्रुव सापकोटा, ध्रुवचन्द्र गौतम, मधुवन पौडेल, रामप्रसाद पन्त, भागीरथी श्रेष्ठ, ठाकुर शर्मा प्रभृत्ति कथाकारका कथाहरू प्रकाशित भएको पाइन्छ । उपर्युक्त कथाकारहरू र अन्य नवोदित कथाकारहरूका कथाकृतिहरूको संख्या यस पत्रिकाका विविध अङ्कहरूमा गरी जम्मा ३६४ पुग्न गएको छ । ती सम्पुर्ण कथाकारहरूका कथाकृति ( अत्याधुनिक लघुकथा समेत) मध्ये केही प्रतिनिधि कथाकार र तिनका कथाकृतिहरूको सामान्य अध्ययन यहाँ गरिएको छ ।

### ४.२.१ दौलतविक्रम विष्टको कथा

आधुनिक नेपाली कथासाहित्यको सामाजिक यथार्थवादी धारामा रहेर कथा लेख्न सुरू गरेका र पछि प्रगतिवादी चेत समेत प्रस्तुत गर्नथालेका विष्टको 'रिट्ठे नुनियाँ' (वर्ष ११,

पूर्णाङ्क २९) शीर्षकको कथा **दायित्व**मा प्रकाशित छ । उक्त कथामा कथाकारले एउटा ग्रामीण गरिब नुनियाँको पारिवारिक करूण परिस्थिति चित्रण गर्दै घरमा जस्तै आपद्-विपद् परेपनि इमान्दारीपूर्ण तरिकाले साहुको काम गरिरहेको यथार्थता प्रस्तुत गरेका छन् । साहुबाट प्राप्त पारिश्रमिक आफूलाई चित्त नबुझेपनि बाहिर प्रकट नगरेरै चुप लागेर काममा मात्र ध्यान दिनुले एकातिर गरिबको कर्तव्यपरायणताको चित्रण हुन्छ भने अर्कातर्फ गरिबहरूले चोरी-चाकरीबाट जीवन बाँच्नु परेको विवशता पनि छर्लङ्ग्याइएको छ । त्यसैको परिणति स्वरूप रिट्ठेको बाबु पक्राउ परेको छ । घर बिचल्लीमा परेको छ । यसरी यस कथामा सामाजिक यथार्थता प्रस्तुत गरिएको छ ।

## ४.२.२ शङ्कर कोइरालाका कथा

सामाजिक यथार्थवादी र मनोवैज्ञानिक कथाकारका रूपमा परिचित कोइरालाका जम्मा ३३ वटा कथाहरू 'दायित्व'मा प्रकाशित छन् । जसमध्ये २७ वटा कथाहरू (दायित्वमै त्यसपूर्व प्रकाशित तीनवटा समेत) त 'शङ्कर कोइरालाः कथा विशेषाङ्क' (वर्ष १७ पूर्णाङ्क ४७)मा प्रकाशित छन् । चर्चा र परिचर्चाबाट ओझेल परिरहेका कोइरालाका कथाहरूको विशेषाङ्क समेत निकाल्नुबाट के स्पष्ट हुन्छ भने **दायित्व**ले उनीप्रतिको सम्मानको एउटा दायित्व पूरा गरेको छ ।

कोइरालाको 'शङ्कर कोइरालाः कथा विशेषाङ्क' (वर्ष १७, पूर्णाङ्क ४७)मा समेत पुनसङ्ग्रहित कथा 'लाममा उभिने प्रयास गर्दा' (वर्ष १, अङ्क १, पृष्ठ २) कथामा कथाकार मानव समाजमा मानवकै अस्तित्व शून्य भएको अर्थात् विकृत र बेरूप भई बेवास्ताको भएको यथार्थ प्रस्तुत भएको छ । दास्रो कथा 'सुनको बिकुट'(वर्ष २, अङक ५, पृष्ठ २९) मा भन्सारमा काम गर्ने हरिनारायणलाई फसाइएको कुरा चित्रण गरी फटाहा ठाउँमा एउटा सोझो व्यक्तित्व बाँच्न मुस्किल छ भन्ने यथार्थता झल्काइएको छ । हास्यकथा नाम दिइएको उनको अर्को कथा 'कस्तुरी मृग र तीखे गाई' (वर्ष ३, अङ्क ७ , पृष्ठ १८)मा गाईले कस्तुरीलाई चिडियाखानामा लगेर थुनिदिएको किंवदन्ती ल्याउँदै आजकाल सोझासाझा जनताहरू स्वतन्त्र रूपमा हिँडडुल गर्नबाट समेत बञ्चित भएको भाव ध्वनित भएको छ । त्यस्तै अर्को हास्यकथा नाम दिइएको कथा 'भगवान तिमीकहाँ छौ ?' (वर्ष ४, अङ्क ११) मा जुन देशमा धर्म र अधर्ममा फरक मानिँदैन, त्यहाँ कङ्गाल र कङ्कालमा फरक नपर्ने हुनाले जेल-नेलको सजाय भन्दा ज्यानसजाय प्यारो भइसकेको भाव अभिव्यक्त भएको छ । 'सुकुम्बासी' (वर्ष ९, पूर्णाङ् २५, पृष्ठ ११) शीर्षकको कथामा इष्टमुनिका बाबु उपचार पुग्न नसकेका कारण मर्छ भने इष्टदेव स्वयम्लाई श्रीमतीले घर बेचेर बँचाउछे । यसबाट उनीहरू सुकुम्बासी बन्न पुगेका छन् । यस कथामा कदम कदममा खतराको सामना गर्दै अगाडि बढ्दा पनि सुकुम्बासीसम्मको स्थिति भोग्नुपरेको यथार्थता प्रस्तुत छ । त्यस्तै 'हीरा' (वर्ष १०, पूर्णाङ्क २७, पृष्ठ १३) कथामा सौता-सौता र तिनका सन्तानबीचको वैमनश्यता सधैं रहिरहने हुनाले सबैखाले फरेव थाप्नसक्ने यथार्थको प्रस्तुति छ । 'शङ्कर कोइरालाः कथा विशेषाङ्क' (वर्ष १७, पूर्णाङ्क ४७)मा समेत पुनः प्रकाशित कथा 'जसको जवाफ छैन' (वर्ष ११, पूर्णाङ्क २९, पृष्ठ ४३) कथामा नेपाली साहित्यिक जगतमा भित्रिएको विकृति-विसङ्गतिको नाङ्गो चित्र प्रस्तुत गरिएको छ । त्यसरी नै 'बूढो' (वर्ष १२, पूर्णाङ्क ३१, पृष्ठ १३), जुन 'शङ्कर कोइरालाः कथा विशेषाङ्क' (वर्ष १७, पूर्णाङ्क ४७)मा समेत पुनः प्रकाशित छ, कथा शारदा वर्ष १३ अङ्क ३मा त्यसअघिनै प्रकाशित देखिन्छ । यस कथामा एउटा गरिब बूढोको छोरो 'माइलो' ज्वरोले थलिए पनि बाबुको ओखति र घरको

छाक टार्न माइलो साहुको मेला जान्छ र बीच सडकमा बेवारिस रूपमा मर्छ । यो सामन्तवादी संस्कारमा गरिबहरूको दुर्दशाको तीतो तर यथार्थ प्रस्तुति हो । उनको 'पिरो धुवाँ' (वर्ष १६, पुर्णाङ्क ४४, पृष्ठ १) कथा २००९ सालमा लेखिएको भनिएको छ । यस कथामा हरिवीर कप्तान मानजीतसँग आफ्नी श्रीमती वेश्यावृत्तिमा लागेको कुरा थाहा पाएर पनि थाहा नपाए झैं हुन्छ र आफू पनि एउटी भद्र स्त्रीको रूपैयाँ लुट्छ । यसबाट मानिसको नैतिक पतनको पराकाष्ठाको  यथार्थता झल्कन्छ । यसरी उपर्युक्त कथाहरूले विविध सामाजिक यथार्थता प्रस्तुत गरेका छन् ।

कथाकार कोइरालाका २७ वटा कथाहरू सङ्ग्रहित भई आएको **दायित्व**को अङ्क हो – 'शङ्कर कोइरालाः कथा विशेषाङ्क' (वर्ष १७, पूर्णाङ्क ४७) । यस अङ्कमा शङ्कर कोइरालाका **दायित्व**का अगाडिका अङ्कहरूमा प्रकाशित भइसकेका तीनवटा कथाहरू- बूढो, लाममा उभिने प्रयास गर्दा र जसको जवाफ छैन पुनः प्रकाशित छन् भने पारिजात, प्रगति, रत्नश्री, धरती, शारदा, उद्योग जस्ता पत्रिकामा प्रकाशित अरू २४ वटा कथाहरू प्रकाशित छन् । उल्टोमान्छे ( पारिजात, वर्ष ४, अङ्क ५) , छोरो बढ्ला कमाइ गर्ला (प्रगति, वर्ष २, अङ्क ३), म मूर्ति चोर होइन हजुर ! (रत्नश्री, वर्ष २२ अङ्क ४- ६), सोच (रत्नश्री, वर्ष १ अङ्क ५), अनुसा (धरती, वर्ष १ खण्ड २ पूर्णाङ्क ७), कान्ति (धरती, वर्ष १ खण्ड २ पूर्णाङ्क १०), एउटा बहाना (धरती, वर्ष १ अङ्क ४), सरुवा बढुवा (शारदा, वर्ष २६ अङ्क ३), शान्तिको अन्तस्तल (शारदा, वर्ष २० अङ्क १), रातमा चोर (शारदा, वर्ष २५ अङ्क १२), नयाँ बुहारी (प्रगति, वर्ष २ अङ्क ४ पूर्णाङ्क १०), उस्तै साथी (शारदा, वर्ष १५ अङ्क २), झगडाको रूप (पारिजात, वर्ष ३ अङ्क ५ पूर्णाङ्क १५), बास (शारदा, वर्ष १५ अङ्क ६), जुद्धनाथ (शारदा, वर्ष १६ सङ्ख्य ११), चिलाउने रोग (पारिजात, वर्ष ४ अङ्क ३ पूर्णाङ्क १८), बौलाहा (शारदा, वर्ष १४ संख्या ८४), काम गर्ने जीउ (रत्नश्री, वर्ष १६ अङ्क ६), अँधेरी रातः निर्जन गोरेटो (रत्नश्री, वर्ष २ अङ्क २), उनको व्यक्तित्व (रत्नश्री, वर्ष ५ अङ्क ३), मेरो अन्तिम इच्छा (रत्नश्री, वर्ष २४ अङ्क १), गाण्टू (उद्योग २००८), निद्रालु (रत्नश्री, वर्ष २१ अङ्क २–३), मृत्युको सपना (रत्नश्री, वर्ष ९ अङ्क २) शीर्षकका कथाहरूले समसामयिक सामाजिक कुरीति, कुसंस्कार, अन्याय-अत्याचार, विकृति-विसङ्गति, सामाजिक चेतनस्तर आदिको यथार्थ चित्रण गरेका छन् ।

यसप्रकार शङ्कर कोइरालाका **दायित्व**मा प्रकाशित जम्मा ३३ कथाहरूले देशको र पारिवारिक, राजनैतिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवम् मानवीय मनोजगतको यथार्थतम प्रस्तुति गरेको पाइन्छ ।

## ४.२.३ रमेश विकलका कथा

नेपाली कथा साहित्यको मनोवैज्ञानिक यथार्थवादी र समाजवादी यथार्थवादी कथाकारका रूपमा ख्यातिप्राप्त रमेश विकलको 'ककराको लास' (**दायित्व**ः वर्ष ११ पूर्णाङ्क २९) शीर्षकको कथामा मर्स्याङ्दीको ककरामा भेटिएको लास यसको पो हो कि उसको पो हो कि भन्ने कौतूहल गाउँलेहरूबीच भइरहेका बखत पुलिस आएपछि जालझेलमा प्रहरीद्वारा मारिएको गाउँकै श्यामकृष्ण पराजुलीको लास भएको पत्ता लाग्दछ । पञ्चायत कालदेखिको गाउँको राजनैतिक सञ्चालक बगाले काइँलाको जालझेलबाट भएको उक्त घटनालाई सरकारी सञ्चारमाध्यमबाट दोहोरो भिडन्तमा मारिएको आतङ्ककारीको संज्ञा दिइन्छ । यसरी यस कथामा सामन्तवादी संस्कारमा राष्ट्रको सच्चा पहरेदारको बद्नियतिपूर्ण अन्त्यको यथार्थ पाइन्छ ।

**दायित्व**मा प्रकाशित विकलको नीतिकथा नाम दिइएको 'बुद्धिमानको पहिचन' (वर्ष १८, पूर्णाङ्क ५०) शीर्षकको अर्को कथा प्रकाशित छ । यस कथामा मोहमद जफर सादिक नामका एक मुसलमान विद्वान र एक युवकका बीचको बुद्धिमानको पहिचन गर्ने कसरी ? भन्ने कुरामा छलफल हुन्छ र राम्रो मध्येको राम्रो बोल्ने र नराम्रो बोल्नु परेका खण्डमा कम भन्दा कम खराब (नराम्रो ) बोल्ने व्यक्ति नै बुद्धिमान हो भन्ने निर्क्यौल हुन्छ । यसबाट समाजवादी समाजको चाह राखिएको कुरा परिलक्षित हुन्छ ।

## ४.२.४ ध्रुवचन्द्र गौतमको कथा

आधुनिक नेपाली कथाका प्रयोगवादी धारामा रहेर कथालेखन सुरू गर्ने गौतमको 'बिस्थापित' (वर्ष १ अङ्क ३ – वर्ष २ अङ्क ४) शीर्षकको कथा **दायित्व**मा प्रकाशित छ । यहाँ गाउँबाट सहरको सम्पन्न दाइकोमा आई बसेर र काठमाण्डौ डुलेर अन्ततः एक्लो महसुस गर्दै घर फर्केको 'ऊ' पात्रको आख्यान छ । ऊ पात्र सहरमा जीवन गुजार्न धेरै सजिलो पर्ला भन्ने सोचेर काठमाण्डौ पसेको हुन्छ । कहीँ कतैबाट पनि एक्लो महसुस गर्नपुगेपछि 'विभू' नामकी एक परिचित महिलासँग असजिलोसित रु. सय सापटी मागेर खानपिन गर्दै बस चढेर घर फर्कन्छ । उसको दाइ मन्त्रालयमा उप-सचिव भए पनि न काम दिलाउँछ , न माम नै दिलाउँछ । दाइको घरमा बसुन्जेल पनि ऊ उपहासको पात्र सिवाय केही हुँदैन । ऊ वास्तवमा एक बोझझैं भएर अस्तित्वहीनतामै बाँचेको छ ।

निष्कर्षतः यस कथामा के भन्न खोजिएको छ भने मानिस आफन्तहरूका बीचबाटै विस्थापित भइरहेको छ । धनमुखी बन्दैगएको समाजमा अन्ततोगत्वा मानव जीवन अस्तित्व र सङ्गतिको बस्तीबाट टाढा हुँदैछ, आस्तित्वहीन बन्दैछ । यस कथामा गौतमको नवप्रयोगशील सूक्ष्म विश्लेषण पाउन सकिन्छ ।

## ४.२.५ मनु ब्राजाकीका कथा

नेपाली कथाको आधुनिक कालको नवयुगीन धारामा रहेर थरिथरीका प्रयोगशील कथा लेख्ने ब्राजाकीका जम्मा दुईवटा कथाहरू **दायित्व**मा प्रकाशित छन् । जसमध्ये प्रथम कथा 'ऋण तिरिदिने व्याज' (वर्ष ११, पूर्णाङ्क २९) मा घर चलाउन धौ धौ परिरहेका बखत धर्मजीको साहु (खुद्रा व्यापारी) पैसा उठाउन आउँछ । सो तिर्ने उपाय नभई धर्मजी कालो-नीलो भइराखेका बेला वडासाहुले धर्मजीको ऋण तिरिदिन्छ । उसकी (धर्मजीकी) श्रीमती त्यस साहुकहाँ साहुलाई यौनसन्तुष्टि दिन जाने गर्दिरहिछ भन्ने अनौठो घटनाको यथार्थ पछिबाट थाहा हुन्छ । मतलव धर्मजीकी श्रीमतीलाई यौनप्यास मेटाउन उपयोग गरेबापत उसको ऋण तिरिएको रहेछ । यसबाट के थाहा हुन्छ भने गरिबहरू घर-खर्च चलाउन समेत अनैतिक धन्दाको फन्दामा फस्न पुग्नुपर्ने संस्कारमा हामी बाँचिरहेका छौं ।

त्यस्तै ब्राजाकीको अर्को कथा 'धतुरोको फूल' (वर्ष १४, पूर्णाङ्क ३७) कथामा दुईजना बीच नाटकीय रूपमा भएको वार्तलापबाट नेपालमा भएका विभिन्न प्रोजेक्टहरूको रूप धतुरोको फूल हो भन्ने निष्कर्ष निकालिएको छ । कथाको संरचना अत्याधुनिक छ । धतुरोको फूल भन्दा फल हेर्दा डरलाग्दो भए झैं ती प्रोजेक्टहरू पनि त्यस्तै हुनसक्ने तर्फ भाव लक्षित छ ।

यसप्रकार **दायित्व**मा ब्राजाकीका अत्याधुनिक शैली-शील्पका साथ नवप्रयोग गरी लेखिएका कथा प्रकाशित छन् ।

## ४.२. ६ माया ठकुरीको कथा

नेपाली कथाको आधुनिक कालको प्रयोगवादी धारामा कथालेखन सुरू गरी नारी मनको विश्लेषणतिर प्रवृत्त हुनपुगेकी कथाकार ठकुरीको 'रसभरी' (वर्ष १८, पूर्णाङ्क ५०) कथा **दायित्व**मा प्रकाशित छ । यस कथामा श्रीमान्सँगै बसेर खाने उत्कट इच्छाका साथ अपूर्वाले श्रीमान्लाई मन पर्ने रसभरी ल्याएर राखेकी हुन्छे । पहिलो दिन श्रमान्ले खान नामञ्जुर गरेपछि त्यो त्यसै राखेर भोलिपल्ट मात्र श्रीमान् - श्रीमती दुवै सँगै बसेर रसभरी खान्छन् । यसबाट श्रीमतीहरू श्रीमान्को खुसीको लागि आफ्ना इच्छाहरू पनि मारिदिन्छन् भन्ने स्पष्ट हुन्छ । यो नारी मनोविश्लेषणको यथार्थत्तम प्रस्तुति हो ।

## ४.२.७ ध्रुव सापकोटाका कथा

आधुनिक नेपाली कथाको नवचेतनावादी मोडमा रहेर कथा लेख्ने सापकोटाको 'फरार' (वर्ष १४, पूर्णाङ्क २९) कथा **दायित्व**मा प्रकाशित छ । यस कथामा राष्ट्रको ढुकुटीको दुरूपयोग गरेका व्यक्तिहरूको नाम व्यापक रूपमा जनमानससामु प्रचारमा आएपनि त्यसको कार्वाहीको लागि सरकार नतमस्तक बनेर बस्छ र फरार भएको ढ्वाङ रची दुनियाँ छल्ने कार्यमात्र गर्छ भन्ने तीतो राजनैतिक विसङ्गति पोखिएको छ । यो एकप्रकार नेपालको राजनैतिक दण्डहीनताको यथार्थ नमूना पनि हो ।

## ४.२.८ रामप्रसाद पन्तका कथा

**दायित्व**का प्रधानसम्पादक समेत रहेका पन्तका यथार्थवादी र समाजवादी यथार्थवादी भावधाराका जम्मा सोह्रवटा कथाहरू **दायित्व**मा प्रकाशित छन् । जसमध्ये प्रथम कथा 'एउटो चिठी परदेशी बहिनीलाई' (वर्ष १, अङ्क १, पृष्ठ १६) मा भर्खर नवदुलही भित्र्याएर बसेको संजयलाई आफू पढ्न बसेका बेला डेरा बसेको घरकी नेपाली मूलका भरतीय नागरिककी छोरी साधना, जोसँग आत्मीय दाजुबहिनीको सम्बन्ध थियो, को प्रेम प्रस्ताव राखिएको पत्र प्राप्त हुन्छ । सो मार्ग गलत भयो भन्ने भावका साथ संजयले प्रत्युत्तर लेख्छ । यसबाट आदर्शवादी-यथार्थवादी भाव झल्कन्छ । उनको दोस्रो कथा 'श्री दुर्गा रिसाल' (वर्ष २, अङ्क ५, पृष्ठ २९) एक विधवा नारी दुर्गा रिसालको केन्द्रियतामा संरचित छ । विकृत सामाजिक संस्कारका कारण घर भित्रन नसकी उनी जागिर खाँदै अबोध चार छोरीहरूको लालनपालनमा लागेकी छिन् । अर्थात् यो कथा बेसहारा नारीको दिनचरियागत यथार्थ चित्रण हो । त्यस्तै तेस्रो कथा 'सम्झनाले झक्झक्याउँदा' (वर्ष ३, अङ्क ९, पृष्ठ ५५)मा 'म' पात्रको साथी सुरेसको धैर्यता र उसको परिवर्तकामी कार्यप्रति प्रोत्साहन छ र समाजका प्रत्येक नागरिक यस्तै सचेत र परिवर्तकामी हुनुपर्छ भन्ने भाव व्यञ्जित भएको छ । चौथो कथा 'मुख्य कवि' (वर्ष ३, अङ्क १०)मा 'म' पात्रको कार्यालयीय साथी खुब जँड्याहा छ र ऊ अवसर परेको खण्डमा जहाँ जे पनि गर्छ । उसलाई आफ्नै कार्यालयको प्रशासनले पनि केही गर्न सक्दैन किनकि उसको पहुँच माथिसम्म छ । यो पञ्चायतकालीन सरकारी संयन्त्रको एक झलक पनि हो । त्यस्तै पाचौं कथा 'बाबुको गाउँ– छोराको नाउँ' (वर्ष ४, अङ्क १३, पृष्ठ ३७)मा 'म' पात्रलाई गाउँघर र पुर्ख्यौली सम्पत्तीको देखभालमा लगाउने उनका ८५ वर्षीय बुबाको मनसाय छ भने छोरो (म पात्र) जागिरको तह बढाउँदै गाउँघरको जग्गा बेचेर सहरमा घर सार्ने मनसायमा छ । यसबाट आजको समाजको अघिल्लो पुस्तामा गाउँप्रतिको मोह र पछिल्लो पुस्तामा सहरप्रतिको मोह रहेको यथार्थ भल्किएको छ । 'चाकरीको धूनमा .....' (वर्ष ५, पर्णाङ्क १४, पृष्ठ २५) कथामा 'म' पात्र आफूले गरेको

चाकरीको कथानक बुन्छ । सो कथा पञ्चायतकाल भित्रै लेखिएको भनिएको छ । यस कथामा काम भन्दा चाकरीको भाउ छ भन्ने भाव रहेको छ । अर्को कथा 'भय' (वर्ष ५ पूर्णाङ्क १५, पृष्ठ ३४)मा मान्छेसँग मान्छे खुलेर कुरा गर्न डराइरहेको वर्तमान युगको चित्रण छ । 'परिणति' (वर्ष ५, पूर्णाङ्क १६, पृष्ठ २५) कथामा वर्गीय असमानताबीचको विवाह र श्रीमान् श्रीमतीबीचको असमझदारीको परिणति स्वरूप ती दुवैको जीवन बर्बाद भएको कथा छ । त्यस्तै 'मैले चिनेका नेता' (वर्ष ६, पूर्णाङ्क १८, पृष्ठ ३९) कथामा प्रजातन्त्र आएपछिका नेताहरूले प्रजातन्त्र अघिका आत्मीय मित्रहरूलाई पनि भुलेर र बेवास्त गरेर मात्र हैन, निकृष्ट व्यवहार समेत गरेर आफ्नो बाटो मात्र सोझ्याएको यथार्थ छ । 'राम कहानी' (वर्ष ६, पूर्णाङ्क १९) व्यङ्ग्यकथा भनिए पनि निबन्धात्मक प्रस्तुतियुक्त छ । यसमा सामाजिक विकृति–विसङ्गतिमाथि व्यङ्ग्य हानिएको छ । त्यस्तै 'परिचय' (वर्ष ८, पूर्णाङक २३) कथामा लेखकको जन्मभूमि वलेटक्सार, गुल्मीको सामाजिक संरचनाको विवरण मात्र दिइएको छ । खासै कथा भनेर कथानक छैन । 'अपरिचित भीडभित्र' (वर्ष ११, पूर्णाङ्क २९) शीर्षकको कथामा एउटी असहाय रोगी महिलालाई 'म' पात्र औषधोपचार गरी पठाउँछन् । रोगी मरेको, रोगीकी जेठी छोरी कुनै अपरिचितसँग बेपत्ता भएको र साना छोरीहरू मागी खाँदै हिँड्दै गरेको विवरण रोगीकी सहयोगीबाट पछिबाट जानकारी प्राप्त हुन्छ । वास्तवमा यो कथा बेसहाराको दुःखद कहानी हो । 'आवश्यकता' (वर्ष १६, पूर्णाङ्क ४३) कथामा मनिसले वर्तमानको आवश्यकता मात्र महसुस गर्छ, त्यसपछिको खतरालाई वास्ता नगरी वर्तमानमा मात्र रमाउँछ भन्ने कुरा दर्शाइएको छ । त्यसरी नै 'बगलीमारा' ( वर्ष १६, पूर्णाङ्क ४४) कथामा बगलीमाराले भीड एकत्रित गरी त्यस भीडको ध्यान अन्तै मोड्दै खल्ती रित्याएको साङ्गठनिक प्रस्तुति देखाइएको छ । 'दृष्टिभेद' (वर्ष १७, पूर्णाङ्क ४६) कथामा पहिले एकै सरहको पदमा हुँदा हुने शिष्टाचार पछि पद अर्थात् ओहोदामा तलमाथि पर्नेबित्तिकै मान्छेको शिष्टाचार र व्यवहारमा समेत परिवर्तन भएको मानवीय मानसिक यथार्थताको चित्रण छ । 'नेपाल चिनाउने उद्घोष' (वर्ष १८, पूर्णाङ्क ४९)मा वक्ष, नाभी र नितम्ब प्रदर्शन गरेर 'मिस नेपाल' रूपी छाप लगाई नेपाली नारीहरूको शालीनता नङ्ग्याउनेहरू नै नेपाललाई विश्वमा चिनाउने उद्घोष गर्दछन् र विशाल जनसमूह पनि त्यसैमा भीड लागेको छ भन्दै नेपाली नारी अस्मिता र आदर्शताको रूप नाङ्डिइरहेकोतर्फ व्यङ्ग्यात्मक प्रस्तुति छ ।

यसरी समग्रमा हेर्दा **दायित्व**मा प्रकाशित पन्तका सोह्र कथाहरूले देश र समाजको वर्तमान युगको विविध विकृति र विसङ्गतिहरूको यथार्थ प्रस्तुति गरेका छन् ।

## ४.२.९ भागीरथी श्रेष्ठका कथा

नोपाली कथाको समसामयिक धारामा नवचेतनाका साथ कथा लेख्ने श्रेष्ठका जम्मा पाँचवटा कथाहरू **दायित्व**मा प्रकाशित छन् । जसमध्ये पहिलो कथा 'अन्धकार गुफा' (वर्ष ३, अङ्क ८)ले २०४६ सालको जनआन्दोलनको पूर्वसन्ध्यामा नेपालीहरूको मनस्थिति आन्दोलित भएको परिवेश प्रतीकात्मक ढङ्गमा प्रस्तुत गरेको छ । दोस्रो कथा 'महत्वाकांक्षी ठूलो दाजु' (वर्ष ५, पूर्णाङ्क १४) मा नेपालमा दलहरूको एकताबाट प्राप्त २०४६ सालको प्रजातन्त्र पछि दलहरूबीचको फुट र आपसी खिचातानीका कारण प्रजातन्त्र पुनः खोसिएको प्रतीकात्मक कथा छ । यस कथामा कथा प्रकाशन समय (२०४८ वैशाख)को नेपालको राष्ट्रिय परिवेशको चित्रण गर्दै संभावित खतरातर्फको लक्षण प्रस्तुत गरिएको छ । वास्तवमा पछि भयो पनि त्यस्तै । त्यसैगरी श्रेष्ठको तेस्रो कथा 'अन्ततः' (वर्ष ९, पूर्णाङ्क २५)मा कथावाचक मधुकका बाबुको विधवा परस्त्री र उसकी छोरीप्रति अनैतिक सम्बन्ध छ ।

त्यसैका कारण मधुकी आमा मरेकी छे र आज ती विधवा र उनकी छोरी आउने खवर सुनेपछि मधु पनि आन्दोलित हुँदै घर छोडेर हिँड्छे । त्यतिखेर मात्र उसको बाबुमा पश्चाताप र भयको आभाष हुन्छ । त्यस्तै चौथो कथा 'साँचो' (वर्ष १२, पूर्णाङ्क ३३)ले जीवनसाँचो भन्नु हाम्रो हातखुट्टा र मनमस्तिष्क हो भन्ने निर्क्योल गरेको छ । **दायित्व**मा प्रकाशित उनको अन्तिम कथा 'निर्माण' (वर्ष १६, पूर्णाङ्क ४३)मा नवनिर्मित घरको पहिले विरोध भएपनि पछि प्रसंसा भएको छ । यसबाट प्रत्येक नवसंरचा पहिले परम्परागत मान्यताको आँखामा छारो भएपनि सही र उपयोगी छ भने बिस्तारै पूज्य हुँदैजान्छ भन्ने भाव परिलक्षित हुन्छ । राज्यसंरचनाको नयाँ रूप पहिले पहिले परम्परावदी सञ्चालकको आँखामा बिभ्काए पनि बिस्तारै त्यसको समर्थनमा जनसमुह निर्माण हुन्छ । त्यसैले नवनिर्माणको कार्य रोक्नु हुँदैन भन्ने अग्रहतर्फको ध्वन्यात्मकता पनि यहाँ भल्किन्छ ।

यसप्रकार भागीरथी श्रेष्ठका नवयुगीन चेतना र नवप्रयोगका साथ प्रस्तुत भएका कथाहरू **दायित्व**मा प्रकाशित छन् ।

## ४.२.१० ठाकुर शर्माका कथा

नेपाली कथाको नवयुगीन धारामा रहेर कथालेखन गर्ने शर्माका जम्मा चारवटा कथाहरू **दायित्व**मा प्रकाशित छन् । जसमध्ये प्रथम कथा 'जवानीको पाप' (वर्ष १, अङ्क १)मा कुमारीमै आमा बनेर आफ्नो पाप लुकाउन सागरीले आफ्नो बच्चा खोल्सामा फालेकी छे । यो उत्ताउलो प्रेमको परिणति पनि हो । दोस्रो कथा 'यस्तो पनि जिन्दगी' (वर्ष ९, पूर्णाङ्क २५) मा विदेशको जागिर छोडेर स्वदेशको सेवा गर्न देश फर्किएर जागिर खाएपनि आर्थिक दूरावस्था भोगिरहेको विनोद श्रीमती सानीको निश्छल मायामा भुलेको छ । वास्तवमा यो नेपाली कर्मचारीहरूको आर्थिकावस्थाको यथार्थ चित्रण हो । यस्तै **दायित्व**को वर्ष ११ पूर्णाङ्क २९मा प्रकाशित 'अन्त्यहीन व्यथा – १' कथामा शैक्षिक बेरोजगारहरू दिनानुदिन पलायन भइरहने र पागल समेत हुनसक्ने व्यथा चित्रित छ भने 'अन्त्यहीन व्यथा – २'मा गरिबीको पीडा अन्त्यहीन व्यथा भएको भएको चित्रण छ । 'सेते साहु' (वर्ष १६, पूर्णाङ्क ४३) कथामा जवानीका दिनमा गरेका कुकृत्यका कारण सेते साहुका सम्पूर्ण सहाराका बाटाहरू बन्द भएपछि बेसहारायुक्त बुढेसकाल बिताइरहेको चित्रण छ ।

समग्रमा हेर्दा ठाकुर शर्माका **दायित्व**मा प्रकाशित कथाहरूले वर्तमान समाजका दुर्नियतिहरूको यथार्थ चित्रण गरेका छन् ।

## ४.२.११ अनूदित कथाहरू

**दायित्व**मा नेपाली भाषाका कथाकारहरूका अतिरिक्त विदेशी भाषाका ख्यातिप्राप्त कथाकारहरूका कथाहरू अनुवाद भएर प्रकाशित भएका देखिन्छन् । **दायित्व**मा यस्ता कथाहरूको सङ्ख्या दश छ ।

### ४.२.११.१ रेमीडे गौरमण्ट

फ्रेञ्चभाषी कथाकार रेमीडे गौरमण्टको 'सुनको मोहर' (वर्ष २, अङ्क ५) कथा **दायित्व**मा प्रकाशित छ । यो कथा लक्ष्मी पन्तद्वारा अनुवाद भएर प्रकाशित देखिन्छ ।

### ४.२.११.२ गेडे मोपासान्ट

फ्रेञ्चभाषी कथाकार मोपासान्टका 'जङ्गलमा' (वर्ष २, अङ्क ६) र 'दुई जना साथीहरू' (वर्ष ३, अङ्क १०) गरी दुई कथाहरू **दायित्व**मा प्रकाशित छन् । जसमध्ये प्रथम कथामा ६० वर्षीय निकोला वियोरियन र ५५ वर्षीया उनकी श्रीमतीलाई वनरक्षकले जङ्गलमा भेटेर पक्रन्छ । वास्तवमा उनीहरू अपराधी नभई माया प्रेमको पूर्वस्मृतिमा उत्तेजित भई एकान्तस्थलको खोजीमा त्यहाँ पुगेका थिए । यसबाट मान्छेको तन बूढो भएपनि मन बूढो हुँदैन भन्ने शास्वतता चित्रण भएको छ भने दोस्रो कथामा साउवेज र मोरिसट नामका दुई माझी मित्रहरूको मित्रता र तिनीहरूको दुःखद अन्त्य प्रस्तुत भएको छ । यी दुवै कथा लक्ष्मी पन्तद्वारा अनूदित देखिन्छन् ।

### ४.२.११.३ चार्ल्स लुइस फिलिप

कथाकार चार्ल्स लुइस फिलिपको 'उदारता' कथा लक्ष्मी पन्तद्वारा अनुवाद भएर **दायित्व**(वर्ष ३, अङ्क ७) मा प्रकाशित भएको छ । उक्त कथामा धनीहरूले गरिबहरूलाई कसरी वशमा पार्छन् भन्ने कुरा देखाईएको छ ।

### ४.२.११.४ नीला पद्मनाभन

तामिल भाषाका कथाकार नीला पद्मनाभनको 'अनभिज्ञता' कथा लक्ष्मी पन्तद्वारा अनुवाद भएर **दायित्व**(वर्ष ३, अङ्क ८) मा प्रकाशित देखिन्छ । उक्त कथामा १०/१२ वर्षीया विना आफ्नो ट्युसन मास्टरसँग विवाहको लागि प्रस्ताव राख्छे र पछि बुझ्ने भएपछि पुनः गल्ती महशुस गर्छे । यसबाट चञ्चले अवस्थामा केटाकेटीहरूले अनभिज्ञ रहेरै पनि सबैकुरा खोल्छन् भन्ने देखाइएको छ ।

### ४.२.११.५ अताउलहक कासिमी

पाकीस्तानी भाषाका कथाकार कासिमीको 'अलाउद्दीनको हविगत' कथा शङ्कर कोइरालाबाट अनूदित भएर **दायित्व**(वर्ष ३, अङ्क ९)मा प्रकाशित भएको देखिन्छ । यस कथामा भयङ्कर र अलौकिक शक्तिवाला व्यक्तित्वलाई उसको शक्ति अनुरूपको काम गर्न नलगाई कमसल काम गर्न लगाउने गरेमा शक्तिवान्को शक्ति क्षीण हुँदै जान्छ भन्ने कुरा चित्रण गरिएको छ ।

### ४.२.११.६ खलील जिब्रान

कथाकार खलील जिब्रानको 'दुई विद्वान' कथा सुरेस न्यौपानेद्वारा अनुवाद भई **दायित्व**(वर्ष ४, अङ्क ११) मा प्रकाशित भएको छ । उक्त लघुकथामा आस्तिक र नास्तिक दुई विद्वानबीचको ईश्वरको अस्तित्व बारेको बहस पछि दुवै विद्वान परिवर्तन भई आस्तिक नास्तिक र नास्तिक चाहिँ आस्तिक भएको कथा छ । यो छोटो भएर पनि सुन्दर कथा छ ।

### ४.२.११.७ श्याम विहारी गुप्त

कथाकार गुप्तको कुन्दनकुमार पन्तद्वारा अनूदित 'तर्कको सट्टा लठ्ठी' कथा **दायित्व**(वर्ष ५, पूर्णाङ्क १६)मा प्रकाशित छ । यस कथामा स्वामी विवेकानन्दले तर्कको

प्रयोगात्मक विधि अपनाउँदै लठ्ठी प्रयोग गरेको कथानक छ । मूर्खहरूसँग तर्कको लागि लठ्ठी नै उठाउनुपर्ने ध्वन्यात्मकता पनि यहाँ झल्किन्छ ।

### ४.२.११.८ अहदाफ सुएफ

कथाकार अहदाफ सुएफको कथा 'जैनाको विहे' **दायित्व**(वर्ष ११, पूर्णाङ्क २९) मा प्रकाशित छ । भाउपन्थीद्वारा अनूदित उक्त कथामा 'जैना' नामकी केटीको विवाहको कथानक छ । एक किसिमको वैवाहिक संस्कार यस्तो पनि हुँदो रहेछ भन्ने छाप कथाले पाठकहरूमा नपारी छोड्दैन ।

### ४.२.११.९ वाइकम मुहम्मद बशिर

'त्यो एउटा मान्छे' मनु ब्राजाकीद्वारा अनुवाद भएर **दायित्व**(वर्ष ११, पूर्णाङ्क २९) मा प्रकाशित मलायम भाषाका कथाकार बशिरको कथा हो । यस कथामा एउटा क्रुर बस्तीमा अभर परी ज्यान समेत जाने अवस्थाको म पात्रलाई उसकै बगलीमाराले बचाएको कथा छ । अति कूतूहलमय सो कथाले जो कोही पाठकको पनि मन लोभ्याउँछ ।

यसप्रकार **दायित्व**मा ९ जना विदेशी भाषाका ख्यातिप्राप्त कथाकारहरूका जम्मा १० वटा विभिन्न भाव र विषय अनि आकारका कथाहरू प्रकाशित भएका छन् ।

## ४.२.१२ निष्कर्ष

**दायित्व**मा प्रकाशित उपर्युक्त कथाहरूले सङ्ख्यामा मात्र नभई गुणात्मक स्तरीयतालाई समेत अघि बढाउँदै नेपाली कथाको इतिहासमा महत्वपूर्ण स्थान ओगट्न सफल भएका छन् । दुई - दुई वटा कथाविशेषाङ्क निकाल्नुले पनि कथा क्षेत्रमा **दायित्व**को योगदान स्वतः सिद्ध हुन्छ । यस पत्रिकाका कथाहरूले समाजको यथार्थ, समाजमा भएका मान्छेहरूका मानसिक स्थिति, कुण्ठा र यौनग्रन्थी समेतलाई केलाउनुका साथसाथै यथार्थवादी भएर समाजलाई हेर्ने काम गरेका छन् । त्यस्तै यौन विकृति, अतृप्ति र वर्तमान जीवनमा आउँदै गएको नैतिक मूल्यह्रास, मान्छेको जीवनलाई सम्पूर्णतामा नियाल्ने प्रयास, वैज्ञानिक तार्किक तथ्यमा आधारित भौतिकवादी दृष्टि, मानवीय मूल्यको प्रस्तुतीकरण प्रतिको आग्रह, व्यक्ति-जीवनका संवेग र मनोद्वन्द्व तथा कुवासना, अनैतिक कामवृत्ति, आजको मान्छेको स्वार्थी मानोभाव, आर्थिक लिप्सा, मानवीय मूल्यह्रासमा चोइटिएको व्यक्तिको विशृङ्खल चिन्तनको प्रयोग, वर्तमान जीवनका कटु अनुभव र तिक्त यथार्थको चित्रण जस्ता कुराहरूलाई यी कथाहरूले आफ्नो कथाको मूल विषयबस्तु बनाएका छन् । यसरी विविध विषयलाई टिपेर लेखिएका 'दायित्व'का कथाहरूले नेपाली कथाका सामाजिक यथार्थवादी, प्रयोगवादी, समाजवादी यथार्थवादी आदि हुँदै नवयुगसम्मका र अनूदित कथा समेतको परम्परालाई अग्रगति दिएका छन् । चाहे सामाजिक यथार्थवादी धाराका सन्दर्भमा होस् चाहे मनोवैज्ञानिक, समाजवादी यथार्थवादी र नवयुगका राल्फा, अमलेख, तेस्रो आयाम, बुटपालिस जस्ता विविध साहित्यिक आन्दोलनमा आबद्ध भएर लेखिएका कथाहरू नै हुन्, यी सबै धारामा लेखिने कथाहरू मध्येका स्तरीय कथाहरू प्रकाशन गरेर **दायित्व**ले नेपाली कथा विधाको इतिहासमा अविस्मरणीय योगदान दिएको छ । यसमा प्रकाशित कथाहरूको स्तरीयताले पनि नेपाली कथाको प्रगतिमा 'दायित्व'-ले खेलेको भूमिका अमूल्य भएको देखिन्छ ।

## ४.३ नेपाली उपन्यासका क्षेत्रमा 'दायित्व'को योगदान

नेपाली साहित्यको विविध विधामा सक्दो योगदान दिन प्रयासरत **दायित्व**ले आफ्नो प्रकाशन कालमा उपन्यास विधाको पनि प्रकाशन गरेको देखिन्छ । यस पत्रिकामा 'माथिको आदेश' र 'इतिहास दोहोरियो' गरी दुई अपूर्ण उपन्यास प्रकाशन गरेर **दायित्व**ले उपन्यास प्रकाशनमा उपस्थिति देखाएको छ । यस क्रममा यी उपन्यासको छुट्टाछुट्टै विवेचना हुनु वाञ्छनीय देखिन्छ ।

## ४.३.१ दायित्वमा प्रकाशित उपन्यास 'माथिको आदेश'

उपन्यासकार शङ्कर कोइरालाद्वारा लिखित हास्यव्यङ्ग्य लघुउपन्यास 'माथिको आदेश' 'दायित्व'को 'शङ्कर कोइराला स्मृति विशेषाङ्क' (वर्ष ११, पूर्णाङ्क ३०, पृष्ठ १) मा प्रकाशित देखिन्छ । उपन्यासको अन्त्यमा लेखकले "म बिरामी भएकोले यो लघुउपन्यास अपूरै रहनगयो"[२९] भनेबाट एकातिर उपन्यास अपूर्ण रहेको तथ्य खुल्दछ भने "तर जति भूमिकामा भन्ने कुराहरू ती यसमा भनिसके झैँ लाग्छ"[३०] भन्ने भनाईबाट मूल कुरा आईसकेको प्रतीत हुन्छ ।

यस उपन्यासको मुख्य पात्र 'चतुर्भुज' नाम बदल्दै 'हन्बेर्नु' हुन्छ । तातोलाई समाएर भाँडो उचालपछार गर्ने मुख्य आधारको रूपमा आएको हन्बेर्नु जहाँ जसरी प्रयोग भएपनि सफलता पाउँदै जान्छ । ऊ कालोधन्दा, कवितात्मक हल्का प्रचार, राजनीतिका सिङ न पुच्छरका भाषण, राष्ट्रिय समाजभित्र विभाजन गराउने काम, धार्मिक सन्तुलनमाथि प्रहार गर्दै क्षतविक्षत गर्ने काम आदिमा प्रयोग हुँदैजान्छ । यस्ता अनेक कर्म-कुकर्म आदिमा संलग्न हन्बेर्नु शक्तिशाली र द्रव्यपतिका काला कर्मको एक विशेष सहयोगी बन्दै उनीहरूका आन्तरिक जीवनको खेलाडी पनि हुनपुग्छ । विशेषगरी यस लघुउपन्यासमा यस्तै कथानक बुनोट पाइन्छ ।

हन्बेर्नु जस्तो सामान्य मानिस पनि अनेकौँ अवैध र अनैतिक कार्यव्यवहार गर्दै गएर उद्योग वाणिज्य र राज्यशक्तिका सञ्चालक समेतलाई हल्लाउन ,चलाउन सक्तछ, यो सत्य यस उपन्यासले व्यक्त गरेको छ । त्यसैगरी उपन्यासले नारी चरित्र, विकृत नारी चरित्र र सौत्याने आमाका व्यवहार जस्ता कुरालाई पनि व्यक्त गरेको छ । हत्या, हिंसा र धम्की तथा आतङ्कका संस्कारलाई मान्यता दिँदै त्यसै अनुसारको व्यवहार गर्दै आएको नायकका माध्यमबाट तस्करहरू शक्ति, पैसा, पत्नी आदिको समयोचित प्रयोगबाट आफ्नो उद्देश्य पूरा गर्दछन् भन्ने पनि देखाइएको छ । त्यसरी नै उपन्यासमा प्रेममा धोका पाएकी स्त्री भेटेमा तस्करहरू तिनको कसरी उपयोग गर्दछन् भन्ने कुरा पनि देखाइएको छ । आदर्श एकातिर र व्यवहार अर्कातिर भइरहेको वर्तमान नेपाली समाजको यथार्थ चित्र उतार्दै यस उपन्यासमा त्यसप्रति तीखो व्यङ्ग्य पनि प्रहार गरिएको छ । यसबाट अग्रिम सुधारको प्रष्ट चेतना दिइएको आभाष हुन्छ ।

---

२९. रामप्रसाद पन्त, **सम्पादकीय**, दायित्व (वर्ष १४, पृ.३८) असोज २०५७
३०. पूर्ववत्

समष्टिमा हेर्दा औपन्यासिक धरातलमा सरल तर प्रवल क्षमताका यथार्थवादी उपन्यासकार कोइरालाको प्रस्तुत उपन्यासले पनि सरलता, तीब्रता, सङ्क्षिप्तता र गहन व्यङ्ग्य जस्ता विशेषता अवलम्बन गरेको देखिन्छ । उपन्यास अधुरो भएपनि चित्तप्रष्ट छ र त सफल पनि लाग्छ ।

### ४.३.२ 'दायित्व'मा प्रकाशित उपन्यास 'इतिहास दोहोरियो'

ठाकुरनाथ रिमालद्वारा लिखित 'इतिहास दोहोरियो' धारावाहिक उपन्यास भनेर **दायित्व**को वर्ष १७, पूर्णाङ्क ४६मा उपन्यासको पहिलो परिच्छेद मात्र प्रकाशित छ । त्यसपछिका परिच्छेदहरू **दायित्व**का त्यसपछिका कुनैपनि अङ्कमा प्रकाशित देखिँदैनन् । यस परिच्छेदमा त्रिचन्द्र कलेजका दुई विद्यार्थी रश्मी र दिनेशचन्द्रका बीच मनमनमा एकापसप्रति अङ्कुराएको प्रेमाभावसम्मको चित्रण छ । त्यसपछिका कुनैपनि अङ्क तथा परिच्छेद नदेखिएबाट उपन्यासको स्वरूपको बारेमा यसै भन्न नसकिने स्थिति भएपनि सुरूवात कूतूहलमय छ, रोचक छ ।

### ४.३.३ निष्कर्ष

**दायित्व**मा प्रकाशित उपर्युक्त दुई उपन्यास मध्ये पहिलो 'माथिको आदेश' अपूर्ण भएपनि "भूमिकामा भन्न खोजेको कुरा भनिसके झैं लाग्छ"-बाट पूर्ण मान्नुपर्ने हुन्छ । यसले देश र समाजको सामाजिक यथार्थभित्रको विकृति विसङ्गतिहरूको चित्रण गर्दै व्यङ्ग्यका माध्यमले सुधारको चहना राखेको पाइन्छ भने दोस्रो 'इतिहास दोहोरियो' प्रकाशन सुरू मात्र भएकोले त्यस बारेमा चाहिँ प्रेमकथाको सुरूवात मात्र भएको छ भन्नुपर्ने हुन्छ । विशेषतः 'माथिको आदेश' एक व्यङ्ग्यधर्मी सामाजिक लघुउपन्यास प्रकाशनबाट 'दायित्व' को उपन्यास विधामा योगदान छ भन्न सकिन्छ ।

## ४.४ एकाङ्की, रूपक तथा नाटकका क्षेत्रमा 'दायित्व'को योगदान

आफ्नो प्रकाशनका क्रममा **दायित्व**ले साहित्यका अन्य विधाहरू झैं नाट्यविधालाई पनि प्रकाशित गर्दै आएको पाइन्छ । **दायित्व**मा ठूला नाटक र महानाटकको स्वरूप त फेला पर्दैन तर नाटकको लघुरूप एकाङ्कीहरूको प्रकाशन चाहिँ यसले गरेको पाईन्छ । **दायित्व**का पचासौँ अङ्क सम्ममा प्रकाशित एकाङ्की सङ्ख्या ८ रहेको छ । यी नाट्यहरू विशेषगरी सामाजिक यथार्थवादी, प्रयोगधर्मी र मनोवैज्ञानिक यथार्थवादी भावधारामा संरचित देखिन्छन् । आजका मान्छेहरूको समस्या, जीवनजगतप्रति मान्छेमा निहित धारणा र युगीन चिन्तनहरूको वर्तमान स्वरूपको छायाँचित्र **दायित्व**का एकाङ्कीहरूमा उतारिएको पाइन्छ । प्रगतिवादी स्वर र वर्गीय समस्याले ग्रस्त नेपालको यथार्थस्थितिको उद्घाटन समेत गरिएका 'दायित्व'का एकाङ्कीहरूमा प्रयोगात्मक शिल्पको उपयोग, अमूर्त शैलीको प्रयोग र बिम्ब एवम् प्रतीकहरूको प्रयाग समेत गरिएको पाइन्छ । यतिमात्र नभई मानवीय जीवनका विकृत पक्ष र मानवीय कमजोरीप्रति तीव्र व्यङ्ग्य दिने चेष्टा समेत यसभित्रका एकाङ्कीहरूले गरेका छन् । यस पत्रिकामा प्रकाशित एकाङ्की, रूपक तथा नाट्यका नाट्यकर्मीहरू रामप्रसाद पन्त, रामप्रसाद ज्ञवाली, फणीन्द्रराज खेताला, लीलबहादुर क्षेत्री, मुक्ति उपाध्याय, वेदकुमारी न्यौपाने र सूब सेन हुन् । यिनीहरूमध्ये केही प्रमुख प्रतिभाका कृतिहरूको मात्र विवेचना यहाँ गरिएको छ ।

### ४.४.१ फणीन्द्रराज खेतालाको एकाङ्की

नेपाली एकाङ्कीको आधुनिक कालीन आदर्शोन्मुख यथार्थवादी धारामा रहेर एकाङ्की लेख्ने खेतालाको 'बूढो गोरू' एकाङ्की **दायित्व**(वर्ष ६, पूर्णाङ्क १८) मा प्रकाशित छ । यस एकाङ्कीमा केदार बाजे, बज्यै, राजन, शुशिला, रञ्जना, प्रभात, सन्तोषकाजी र गङ्गी गरी जम्मा ८ जनाको उपस्थितिबाट उमेरले नेटो काटी अशक्त हुँदै गएपछि आफ्नै एक मात्र शिक्षित छोरा र बुहारीबाट अपहेलित भएको कथ्य प्रस्तुत गरिएको छ । आफ्ना जवानीका दिनहरूमा गोरूसरी जोतिएर छोरो राजनलाई एम. ए. सम्म पढाएका भ्रण्डै सत्तरी वर्ष पुग्न लागेका दमका रोगी केदार र कान नसुन्ने उनकी श्रीमती 'बज्यै' त्यही छोरोको विवाह पछि राम्रो जागिरे भएपछि तिनै छोरा-बुहारीबाट अपहेलित बन्दछन् भने नाती प्रभात हजुरबुबासँगै बस्छ । छोरा बुहारी नातिनीका साथ निस्कन्छन् । एकाङ्कीको मुख्य कथाबस्तु यत्ति हो ।

यस नाटकमा भूतकालीन धरोहरका रूपमा अशक्त बूढा-बूढी केदार बाजेको पुस्ता छ भने छोरा-बुहारी राजन र शुशिला वर्तमान पुस्ता एवम् राजनका छोराछोरी रञ्जना र प्रभात भविष्यको पुस्ताको रूपमा उपस्थित छन् । यसर्थ यसमा वर्तमान पुस्ताबाट पूर्वपुस्ता उपेक्षित मात्र हैन अपहेलित पनि छ । बरु अबोधतामै भएपनि भविष्यले अघिल्लो पुस्ता रुचाएको छ । एकाङ्कीमा एकातिर केदारबाट राजन र शुशिला छुट्टिन खोजिरहेछन् भने अर्कातिर नाती प्रभात हजुरबुबासँगै बस्न खोजिरहेछ । एकाङ्कीमा राजन र शुशिलाले घर छाड्नुपर्ने भएबाट वर्तमान पुस्ताले आदर्श र संस्कारको बाटो छोड्न थालेकोले उनीहरूको बाटो अलमल्लमा परेको कुरा पनि चित्रित छ ।

समग्रमा हेर्दा एकाङ्कीमा बुढेसकालमा जसको आशा र भरोसामा बाँच्नुपर्ने हो ऊ बाटै अघिल्लो पुस्ता ताडित छ । अशक्त बुबाआमालाई बूढो गोरू र थारो गाईको रूपमा देख्नु वास्तवमा वर्तमानको दिग्भ्रमित परिवेश हो, विकृति हो, विसङ्गति हो । यसबाट कसैको पनि भलाई हुन्न ।

राजन र शुशिलाको सोचमा परिवर्तन भएमा मात्र त्यहाँ सन्तुलन आउछ । यसबाट एकाङ्कीले सामाजिक विसङ्गति केलाउँदै लाक्षणिक रूपमा आदर्शीकरणको लागि अपेक्षा राखेको पाईन्छ ।

### ४.४.२ लीलबहादुर क्षेत्रीको एकाङ्की

नेपाली एकाङ्की साहित्यको आदर्शोन्मुख यथार्थवादी धारामा रहेर एकाङ्की लेखन सुरू गरेका क्षेत्रीको 'दायित्व'मा 'प्रतीक्षा' (वर्ष ७, पूर्णाङ्क २१) एकाङ्की प्रकाशित छ । पूर्वीय नाट्यकलामा प्रयुक्त विदूषकको ठाउँमा उद्घोषक र प्रमुख पात्र प्रभा एवम् बलक छोरो र परदेसिएको श्रीमान् प्रितम गरी जम्मा चार जना पात्रको भूमिकामा एकाङ्की पूर्ण भएको छ ।

उद्घोषकले प्रभाको जीवन कठोर भएको कुरा औंल्याई सुरू भएको एकाङ्कीमा प्रभा आफ्नो बालक छोरो सुताउन लोरीको रूपमा गीत गाउँछे र पुनः उद्घोषक कथा अघि बढाउँछ । फेरि श्रीमान्लाई सम्झेर प्रभा गीत गाउँछे र निदाउँछे । सपनीमा प्रितम उपस्थित भई संवाद हुन्छ, दुवै गीत गाउँछन् । सपनीमै 'प्रितम !' भनी प्रभा चिच्याउँछे । केही लडेको 'टुङ्ग' आवाज पछि मुरली बज्दै एकाङ्की समाप्त हुन्छ । एकाङ्कीको मुल कथावस्तु यत्ति हो ।

यस एकाङ्कीको कथावस्तु शृङ्गार भएपनि संरचनापक्ष हेर्दा उत्तरआधुनिक युगका जर्मनेली नाटककार बर्टोल्ड ब्रेख्तको महाकाव्यीय रङ्गमञ्चको झैं देखिन्छ । श्रीमान् पर्देसिएर घरमा बालक छोराका साथ बसेकी प्रभाको श्रीमान् भेट्ने उत्कट अभिलाषाको कथावस्तु अगाडि बढाउने क्रममा गीत, सपनी, सपनी-संवाद एवम् दर्शक र पात्रबीचको दूरी छोट्याउने पात्र उद्घोषक तथा कथावस्तुको निचोड बिना नै एकाङ्कीको अन्त्य जस्ता कुराहरूले महाकाव्यीय शिल्प अँगालेको कुरा प्रष्ट हुन्छ । यसबाट क्षेत्रीको उक्त एकाङ्कीले नेपाली एकाङ्कीको समसामयिक धाराको गुण अवलम्बन गरेको छ भन्न सकिन्छ ।

### ४.४.३ निष्कर्ष

समग्रमा भन्नुपर्दा 'दायित्व'मा प्रकाशित एकाङ्कीहरू संङ्ख्यामा कम भएपनि गुणात्मकताका दृष्टिले उच्च लाग्छन् । यस पत्रिकामा समाविष्ट एकाङ्कीहरूले शोषणयुक्त समाजको चित्रण, शाषकवर्गप्रति तीब्र व्यङ्ग्य, विसङ्गत र निःसार जीवनको चित्रण, दुःखद र यथार्थ जीवनको प्रस्तुतीकरण, आधुनिक वैज्ञानिक भौतिकवादी विचारको प्रतिपादन, नवीन पुस्ता र पुरानो पुस्ताबीचको अमिल्दो स्थिति, सामाजिक एवम् राजनैतिक विकृति, यौनसन्दर्भ, मनोग्रन्थीले ग्रस्त आजको युगीन मान्छेको प्रदर्शन जस्ता विविध विषयलाई अँगालेका छन् । यसमा प्रकाशित एकाङ्की सामाजिक यथार्थवादी, प्रगतिवादी, प्रयोगवादी आदि भावधाराका साथै उत्तरआधुनिक महाकाव्यीय रङ्गमञ्च शिल्पीसम्मका छन् । शैली-शिल्प पक्षका दृष्टिले हेर्दा परम्परागत शैली-शिल्प र परम्परा विरुद्ध प्रचलित नवप्रयोगधर्मी शैली-शिल्प अँगालेर लेखिएका एकाङ्कीहरू 'दायित्व'मा बढी समावेश देखिन्छन् । नेपाली एकाङ्की फाँटमा स्थापित र प्रतिष्ठित एकाङ्कीकारका एकाङ्कीहरू पनि यस पत्रिकामा प्रकाशित भएका छन् । यसबाट नेपाली एकाङ्कीको ऐतिहासिक विकासक्रमका सन्दर्भमा 'दायित्व'ले दिएको योगदान प्रष्टिन्छ ।

## ४.५ निबन्ध-प्रबन्ध/लेखका क्षेत्रमा 'दायित्व'को योगदान

'दायित्व'ले प्रकाशनारम्भ वि.सं. २०४४ वैशाखदेखि पचासौं अङ्क (२०६१ कार्तिक) सम्मनै निबन्ध-प्रबन्ध तथा लेखहरूलाई विविध अङ्कहरूमा समावेस गर्दै आएको देखिन्छ । नेपाली वाङ्मयका दर्शन, साहित्य र कलाका अतिरिक्त वैज्ञानिक आविष्कारका विषयवस्तुका क्षेत्रलाई समेत समेट्दै जम्मा ९९ वटा रचनाहरू प्रकाशित गरेको देखिन्छ । **दायित्व**मा प्रकाशित निबन्ध-प्रबन्ध तथा लेखहरूको अध्ययन मनन गर्दा यस पत्रिकाले नेपाली निबन्धको आत्मपरक लेखनलाई मात्र होइन, वर्णनात्मक, विवरणात्मक लेखनको क्रमलाई पनि अघि बढाउँदै लगेको छ ।

प्रस्तुत पत्रिकामा प्रकाशित लेख - निबन्धका विषयलाई समग्रमा हेर्दा यस विधाभित्र विशेषतः समसामयिक साहित्यिक गतिविधि, त्यसप्रतिको यथेष्ट सुझाव, ऐतिहासिक स्थल र हिमाली भेकको यथार्थ चित्रण एवम् दर्शन-कला सम्बन्धि विविधि चिन्तनको उपयोग गरिएको पाइन्छ । समसामयिक विषयका क्रममा विज्ञान र आर्थिक लेख, भारतीय नेपाली साहित्यिक गतिविधि जस्ता विविध कुराहरूको सन्दर्भ समेत यस पत्रिकाका लेख-निबन्धमा भएको पाइन्छ ।

यसप्रकार नेपाली वाङ्मयका दर्शन, कला र साहित्यको समष्टि रूपको संयुक्त प्रकाशनका रूपमा देखापरेको 'दायित्व'मा साहित्यका विविध विधाका विविध क्षेत्रलाई समेट्दै निबन्ध/प्रबन्ध तथा लेख लेखनमा समेत व्यापक आयाम समेट्ने प्रयास भएको देखिन्छ । यस क्रममा यस पत्रिकाभित्र देखा परेका निबन्ध/प्रबन्ध तथा लेख लेख्नेहरूमा फणीन्द्रराज खेताला, मधुवन पौडेल, रमण, लक्ष्मी पन्त, प्रतीक ढकाल, अच्युतरमण अधिकारी, सानुराजा श्रेष्ठ 'अञ्जान', डा. तुलसी भट्टराई, कृष्ण प्रधान, श्रीकृष्ण गौतम, राजेन्द्र सुवेदी, डा. मथुरा के. सी., हरि मञ्जुश्री, इन्द्रकुमार श्रेष्ठ 'सरित्', उत्तमकृष्ण मजगैया, श्रीओम रोदन, कैलाससिंह ठकुरी, अविनास श्रेष्ठ, तारा कार्की, युवराज नयाँघरे, भैरवनाथ रिमाल 'कदम', गोविन्द गिरी 'प्रेरणा', हरिहर प्रदीप घिमिरे, भागवत आचार्य, सत्यमोहन जोशी, कमल दीक्षित, तेजेश्वरबाबु ग्वंग आदि जस्ता नयाँ तथा पुराना प्रतिभाहरू देखिन्छन् । यी मध्ये यस विधालाई बढी अँगाल्ने केही लेखकका रचनाहरूलाई यहाँ विवेचना गरिएको छ ।

## ४.५.१ कमल दीक्षितका निबन्धात्मक कृति

आधुनिक नेपाली निबन्धको विशेषतः दास्रो चरण (वि.सं. २००४ - २०३५)को निजात्मक एवम् बौद्धिक चिन्तनधारामा रहेर संस्मरणप्रधान निबन्ध लेख्ने दीक्षितका दुईवटा निबन्धात्मक कृति 'दायित्व'मा प्रकाशित देखिन्छन् । जसमध्ये प्रथम 'रिलिफ भयो रे' (वर्ष १२, पूर्णाङ्क ३१) शीर्षकको निबन्धमा आफू चीनयात्रामा जाने सम्पूर्ण योजना बनाई सकेपछि आफ्नो पासपोर्ट नभेटिएर खोजीमा लाग्दाको परिवेश चित्रण छ । पासपोर्ट खोज्दा खोज्दा हैरान भैसकेपछि अन्तमा पासपोर्ट भेटिन्छ । पासपोर्ट भेटिएपछि त्यही पासपोर्ट नभेटिएका बखतको मानसिक स्थितिबाट रिलिफ याने कि मुक्ति मिलेको कुरा निबन्धमा उल्लेख छ । त्यस्तै उनको दोस्रो निबन्धात्मक कृति 'अरु के गर्नु र?' (वर्ष १८, पूर्णाङ्क ५०) **दायित्व** बिशेष स्तम्भमा छापिएको छ । यस लेखमा दीक्षितको 'दायित्व' पत्रिकासँगको भेटका सन्दर्भहरू जोड्दै **दायित्व**का केही विशेषाङ्कहरूको महत्ता उजागर गरिएको छ ।

यसप्रकार दीक्षितका संस्मरणप्रधान दुईवटा निबन्धात्मक लेखहरू **दायित्व**मा प्रकाशित छन् ।

## ४.५.२ कृष्णप्रसाद ज्ञवालीको निबन्ध

नेपाली निबन्धको आधुनिक कालीन निजात्मक एवम् बौद्धिक चिन्तनधाराबाट उदाएका प्रवासी (शिलाङ, मेघालय) नेपाली निबन्धकार ज्ञवालीको 'जमरा, अक्षता र हाम्रो दशैं' (वर्ष ७, पूर्णाङ्क २१) निबन्ध **दायित्व**मा प्रकाशित छ । यस निबन्धमा नेपालीहरूको महान चाड दशैंको बेलाको प्राकृतिक मनोरमा र जमरामा समावेश हुने अन्नको उत्पत्तिकालीन स्वच्छताको विश्लेषण गरिएको छ । दिव्यतापूर्ण जौ, सहधर्मी विराट् गहुँ, सु-संस्कृत धान जस्ता अन्नहरूको जमरा र स्वच्छ एवम् शुभ्र अक्षताको वरण गरी दशैंमा हामी पनि ज्योतिर्मयी हुन्छौं । त्यसबेलाको शारदीय वातावरणमा जमरा र अक्षताले सजिएका हामी व्यक्तिको रूपमा नरही व्यष्टिलाई समष्टिमा मिलाउन पुग्छौं । यसबाट विश्वव्यापी आनन्दको अनुभूति हुन्छ भन्ने निजात्मक र विश्लेषणपूर्ण बौद्धिक चिन्तन प्रस्तुत गरिएको छ ।

यसप्रकार ज्ञवालीको प्रस्तुत निबन्ध एक निजात्मक एवम् बौद्धिक चिन्तनधाराको एक सबल निबन्धको रूपमा रहेको छ ।

### ४.५.३ गोपीकृष्ण शर्माको निबन्ध

आधुनिक नपाली निबन्धको समसामयिक धारामा अनुभूतिप्रधान तथा प्रगतिवादी प्रकृतिका निबन्ध लेख्ने शर्माको 'घाँटी हेरी हाड निल्नु' निबन्ध **दायित्व**(वर्ष १७, पूर्णाङ्क ४६)-मा प्रकाशित छ । यस निबन्धमा 'घाँटी हेरी हाड निल्नु' भन्ने नेपाली उक्ति साधारण व्यवहारमा उपयोगी सिद्ध भएपनि सदा-सर्वदा घाँटी हेरी हाड निल्ने गर्नाले कुनै नयाँ आविष्कार र नवप्रयोगको ढोका खुल्न सक्दैन । तसर्थ विशेष अवस्थाको शुभकर्मका लागि प्रगतिको नवद्वार खुलाउन बुद्धिमतापूर्वक यस उक्तिभन्दा अगाडि बढ्न हिच्किचाउनु हुँदैन । त्यो नै बुद्धिमानी हुन्छ भन्ने भाव व्यक्त गरिएको छ ।

यसप्रकार शर्माको यस निबन्धबाट समाजलाई अग्रगामी सोचको विकास गर्न प्रेरित गरिएको छ ।  यो प्रगतिवादी सोचको भाव बहन गरेको निबन्ध छोटो तर सवल छ ।

### ४.५.४ राजेन्द्र सुवेदीको निबन्धात्मक कृति

आधुनिक नेपाली निबन्धका फाँटमा सामाजिक एवम् राजनैतिक विसङ्गतिबाट जन्मिएका विकृतिमाथि तीव्र व्यङ्ग्य प्रहार गर्ने निबन्धकारका रूपमा परिचित सुवेदीको 'आन्तरिम वर्षः सम्भावित विकृति - संस्कृति र साहित्यमा' निबन्धात्मक लेख **दायित्व** (वर्ष ५, पूर्णाङ्क १४)-मा प्रकाशित छ । यस लेखमा आन्तरिम वर्ष (२०४७) मा नेपालको शैक्षिक एवम् साहित्यिक र सांस्कृतिक क्षेत्रमा छाएको शून्यता केलाउँदै त्यसपछिका दिनहरूमा त्यसतर्फ ध्यान दिन आवश्यक भएको कुरा औँल्याइएको छ ।

**दायित्व**मा प्रकाशित सुवेदीको यस लेखले दिएको सारभूत कुरा भनेको राष्ट्रिय शैक्षिक एवम् साहित्यिक र सांस्कृतिक पुनर्संरचनामा अग्रगामी निकासको खोजमूलक राष्ट्रिय चिन्तन हो ।

### ४.५.५ युवराज नयाँघरेको निबन्धात्मक कृति

नेपाली निबन्धको समसामयिक चरणका निबन्धकार नयाँघरेको 'जंगलभित्रको घामपानी' निबन्ध **दायित्व** (वर्ष ९, पूर्णाङ्क २५)मा प्रकाशित छ । लेखकले नि-यात्रा भन्न रुचाएको यो निबन्ध सूर्यविनायकको वनक्षेत्रमा आयोजित अधिकारीहरूको देवालीमा लेखक पाहुनाको रूपमा गएका छन् । यस निबन्धमा निबन्धकार पशुवली दिएर आफ्नो कूलदेवता मनाउने प्राणीघाती संस्कारप्रति टीठ व्यक्त गर्नपुगेका छन् । यस क्रममा वनक्षेत्रको रमणीयतामा उनी मुग्ध बनेका छन् र त्यसैमा हराउँछन् पनि । यसै सन्दर्भमा उनी एक पागल मगन्तेको निश्छलताको चित्रण पनि गर्नपुगेका छन् ।

समग्रमा हेर्दा नयाँघरेको प्रस्तुत निबन्धले प्राकृतिक स्वच्छताभित्र आयोजित पञ्चवली जस्तो प्राणीघातक विषयबस्तुले प्रथमपुरुष दृष्टिविन्दुबाट श्रृङ्खलीकृत हुँदै सु-सङ्गठित रूपमा प्रस्तुति पाएको छ । निबन्ध निजात्मक भावको सरल प्रस्तुतिको एक राम्रो कृति पनि हुन पुगेको छ ।

### ४.५.६ फणीन्द्रराज खेतालाका निबन्धात्मक कृति

फणीन्द्रराज खेतालाका जम्मा पाँचवटा निबन्धहरू **दायित्व**मा प्रकाशित छन् । जसमध्ये प्रथम निबन्ध 'सूर्यदर्शन' (वर्ष ३, अङ्क ७) निबन्धमा सूर्यको दर्शन नगरी खाना

नखाने आफ्नी बूढीबज्यैको प्रशङ्ग कोट्याउँदै मानिसको हठवादीताले ज्यानै लिनसक्छ । तसर्थ अनुकूलताको परिवेश हेरेर मात्र हठ लिनुपर्ने, नत्र समयसँग सम्झौता गरेर अघि बढ्नुपर्ने भाव व्यक्त भएको छ । त्यस्तै उनको दोस्रो निबन्ध 'ॐ फट्ट' (वर्ष ३, अङ्क ९) संस्मरणात्मक निबन्धमा आफ्नो अक्षरारम्भ एक महात्माद्वारा गराइएको र 'ॐ फट्ट' बाट नै भएको कुरा उठाउँदै आफूमा पलाएको आफ्नो देश, जाती, संस्कृति र भाषाप्रतिको ममताप्रतिको गौरवको अनुभूति छ । त्यस्तै तेस्रो निबन्ध 'आफैँलाई टेकेर हिँड्दा' (वर्ष ४ अङ्क १२) मा सत्मार्गतिरको एक्लो गन्तव्यतिर लाग्नु आफूप्रतिको इमान्दारी हो । समाज र देशप्रतिको इमान्दारी मानिसको कर्तव्य हो र कर्तव्य निर्वाह गर्न अधिकार पाउनु पर्दछ । तसर्थ कर्तव्य र अधिकारको समुचित परिचालनबाट मात्र अग्रगति प्राप्त हुन्छ भन्ने भाव व्यक्त भएको छ । त्यसरी नै उनको चौथो निबन्ध 'पुराना जीर्ण पात नझरी नयाँ पालुवा लाग्दैन' (वर्ष १४, पूर्णाङ्क ३७) निबन्धमा राष्ट्रनिर्माणमा पुराना विचार र चिन्तनलाई त्याग्दै नव-नव चिन्तनका साथ राष्ट्रनिर्माणको काम युवापुस्तामा हस्तान्तरण गर्दै जानुपर्दछ भन्ने भाव अभिव्यञ्जित छ । 'नब्बे सालको भूईंचालो र म' (वर्ष १४, पूर्णाङ्क ३९) संस्मरणात्मक निबन्धमा वि. सं. १९९० साल माघ २ गते गएको भूकम्पले गरेको बिनासका बीच आफ्नो बाल्यवयको मनस्थिति चित्रण छ ।

**दायित्व**मा प्रकाशित खेतालाका उपर्युक्त निबन्धहरू हेर्दा सामाजिक, सास्कृतिक विषयबस्तुमा आधारित भएर लेखिएका छन् । विशेषगरी संस्मरणात्मक निबन्धहरू भएकाले सबै निबन्धको प्रस्तुति प्रथमपुरुष दृष्टिविन्दुबाट गरिएको छ । आरम्भ, विकास र उपसंहारको श्रृङ्खला निर्वाह भएकै छ भने गृहीत विषयको निजात्मक भाव प्रस्तुत गर्न सफल यी निबन्धहरू सरल र सङ्क्षिप्त भइकन पनि सवल लाग्छन् ।

## ४.५.७ हर्षनाथ भट्टराईका निबन्धात्मक कृति

निबन्धकार हर्षनाथ भट्टराईका जम्मा दुईवटा निबन्धात्मक कृतिहरू **दायित्व**मा प्रकाशित छन् । जसमध्ये प्रथम निबन्ध 'सच्चा प्रेम कल्पवृक्षको बीज समान हो' (वर्ष १४, पूर्णाङ्क ३७) मा आजको युगमा विकसित एकल परिवार परिपाटीले गर्दा संयुक्त परिवाको जस्तो प्रेमपूर्ण र सामाजिक, पारिवारिक सद्भावको अन्त्य हुँदैगएको एवम् मानव अहम्ताले ग्रस्त हुदै गएको वर्तमान युगीनतथ्यलाई प्रष्ट्याइएको छ । यस निबन्धमा यन्त्रवत बन्दैगएको युगमा एकल परिवार प्रणालीले मानवीय मनमा थप यान्त्रिकता पैदा गर्ने हुनाले प्रेमपूर्ण सद्भावको अन्त्य हुँदै गएको युगीन यथार्थ प्रस्तुत छ । त्यस्तै दोस्रो निबन्धात्मक कृति 'सङ्घे-शक्ति' (वर्ष १६, पूर्णाङ्क ४२) शीर्षकको लेखमा आफ्नो रक्षार्थ सङ्घीय रूपमा सङ्गठित हुनुपर्दछ । त्यसो भएमात्र हामी आफ्नो रक्षा गर्न सक्छौं । नत्र हाम्रो अस्तित्व क्षीण बन्दैजान्छ भन्ने भाव व्यक्त भएको छ ।

यसप्रकार भट्टराईको 'सच्चा प्रेम कल्पवृक्षको बीज समान हो' निबन्ध सु-सङ्गठित रूपमा निजात्मक भाव संप्रेषण गर्न सफल रहेको छ भने दोस्रो 'लेख' भनिए पनि निबन्धात्मक लेख बन्न पुगेको छ । यी दुई कृतिले भट्टराई र **दायित्व** दुवैको गरिमा बढाएका छन् ।

## ४.५.८ इन्द्रकुमार श्रेष्ठ 'सरित्'का निबन्धात्मक कृति

इन्द्रकुमार श्रेष्ठ 'सरित्'का जम्मा तीनवटा निबन्धात्मक कृतिहरू **दायित्व**मा प्रकाशित छन् । जसमध्ये पहिलो '**साल्गीको बलात्कृत आँसु**मा' (वर्ष ६, पूर्णाङ्क १९)मा

पारिजातको कथासङ्ग्रह 'साल्गीको बलात्कृत आँसु' मा सङ्ग्रहित कथाहरूलाई प्रगतिवादी साहित्यिक सिद्धान्तको कसीबाट नियाल्दै ती कथाहरू वास्तविक रूपमा प्रगतिवादी हुन नसकेको भावाभिव्यक्ति पाइन्छ । त्यस्तै दास्रो 'मनका रागहरू: भावनाका छालहरू' (वर्ष १०, पूणाङ्क २७) निबन्धमा प्रेम र सद्भावरागी मनमा उब्जेका भावनाका छालहरूको प्रस्तुति पाइन्छ । यस निबन्धमा नचाहेको हुने र चाहेको कहिल्यै नपुग्ने मानवीय जीवनको नियतिबाट निरास बन्नपुगेको मन बोकेर हिँड्नुपर्दा लेखक द्रविभूत बनेका छन् । त्यस्तै 'यो मौसम अर्थात् गजलमय मौसम' (वर्ष १६ पूर्णाङ्क ४४) शीर्षकीय लेखमा गजलका आधारभूत तत्व औल्याउँदै घनश्याम परिश्रमीको गजलसङ्ग्रह 'यो मौसम (२०५०)ले गजलको स्तरीयता वहन गर्न नसकेको कुरा व्यक्त गरिएको छ ।

सरित्का उपर्युक्त लेख-निबन्धहरू हेर्दा 'मनका रागहरू: भावनाका छालहरू'ले विचारात्मक निबन्धको स्वरूप ग्रहण गरेको देखिन्छ भने बाँकी दुईवटालाई साहित्यिक विधागत सिद्धान्तको चर्चा गरिएका निजात्मक भावका लेखहरू हुन् भन्न सकिन्छ । यिनमा समीक्षा-आलोचनात्मकताको गुण प्रवल बनेर देखा परेको छ । अर्थात '**साल्गीको बलात्कृत आँसुमा**' र 'यो मौसम अर्थात् गजलमय मौसम' दुईवटा चाहिँ आलोचनात्मक लेख भन्न सुहाउँछन् । यसर्थ सरित्को 'मनका रागहरू: भावनाका छालहरू'ले चाहिँ विसङ्गतिहरू बीचको मानवीय जीजिविषाको आत्मगत अनुभूति सङ्क्षिप्त रूपमा भूमिका, विस्तार र उपसंहारको श्रृङ्खला ग्रहण गरेको पाइन्छ ।

## ४.५.९ मधुवन पौडेलको निबन्धात्मक कृति

निबन्धकार मधुवन पौडेलको 'विदाको दिन' निबन्ध **दायित्व** (वर्ष ३, अङ्क ७)मा प्रकाशित छ । यो निबन्ध पूर्णाङ्क १६ सम्ममा पुरस्कृत रचना पनि भएकोले **समालोचना तथा पुरस्कृत प्रतिभा विशेषाङ्क** (वर्ष ६, पूर्णाङ्क १७)मा पुनः प्रकाशित छ । पौडेलको यस निबन्धमा जीवन यन्त्रवत रूपमा चल्दाचल्दै अन्त भइरहेछ । विदाको दिन भन्नु पनि यन्त्रवत व्यस्ततामा बितिदिन्छ भन्दै मृत्यु-समाधिमा पुगेपछि मात्र विदा अर्थात् मुक्ति मिल्छ भन्ने व्यञ्जनात्मक भाव अभिव्यञ्जित छ । यो निबन्ध सरल भाषामा प्रारम्भ, विकास र अन्तको सङ्गठन निर्वाह गर्दै प्रथमपुरुष दृष्टिविन्दुबाट निजात्मक भाव व्यञ्जित गर्न सफल छ । भावात्मक भइकन पनि निबन्ध दार्शनिक लाग्छ ।

## ४.५.१० निष्कर्ष

'दायित्व'मा प्रकाशित अन्य विधाहरूले झैँ निबन्ध तथा लेखहरूले पनि सङ्ख्यात्मक र गुणात्मक दुवै स्तर प्राप्त गरेका छन् । प्रस्तुत पत्रिकामा प्रकाशित निबन्ध, प्रबन्ध तथा लेखहरूले दर्शन, साहित्य तथा कला जस्ता विविध विषयबस्तुलाई आफ्नो क्षेत्र बनाएको पाइन्छ । समसामयिक राजनैतिक, ऐतिहासिक र आर्थिक - सामाजिक जस्ता विविध पक्षबाट विषयबस्तु टिपी लेखिएका यहाँका निबन्ध-प्रबन्ध तथा लेखहरूले जीवनी, वेदान्त दर्शनका आध्यात्मिक चिन्तन, साहित्यका विधागत सिद्धान्तको चर्चा, पुरातत्व सम्बन्धी वर्णन, वैयक्तिक बौद्धिक चिन्तनमूलक दृष्टिकोण, भाषिक चर्चा आदि विषयवस्तु समेटेको पाइन्छ । यी विषयलाई प्रस्तुत गर्ने सन्दर्भमा यहाँका निबन्धात्मक कृतिमा आत्मपरक शैली, विवरणात्मक शैली र तुलनात्मक एवम् समीक्षात्मक शैलीको उपयोग गरिएको पाइन्छ । साहित्य, दर्शन र कलाका अतिरिक्त पुरातत्व, भाषिक चर्चा, समीक्षा-विश्लेषण र नवीन बौद्धिक चिन्तका दृष्टिले समेत **दायित्व**मा प्रकाशित निबन्ध, प्रबन्ध तथा लेखहरू महत्त्वपूर्ण

रहेका छन् । यसरी **दायित्व**मा प्रकाशित निबन्ध, प्रबन्ध तथा लेखहरूले नेपाली साहित्यको सम्बन्धित विधाको स्तरीयता र समृद्धिका लागि महत्वपूर्ण योगदान दिन सफल भएका छन् ।

## ४.६ स्मृति/संस्मरणका क्षेत्रमा 'दायित्व'को योगदान

साहित्यका अन्य विधाहरू झैँ संस्मरण विधाको महत्त्व पनि साहित्यमा रहेको हुन्छ । वर्तमान युगमा संस्मरणात्मक र नि-यात्रात्मक लेख-निबन्धको स्थान उत्तरोत्तर विशिष्ट बन्दै गइरहेको छ । लेख-निबन्ध विधाको एक उपविधाको रूपमा संस्मरणलाई लिइने परिपाटी रहँदैआएको भएपनि यहाँ संस्मरणलाई छुट्टै राखी अध्ययन गर्ने प्रयास गरिएको छ । विशेषतः 'दायित्व' पत्रिकामा यो विधाले महत्त्वपूर्ण स्थान ओगटेकोले पनि त्यसतर्फ आकर्षित भइएको हो । यसको तात्पर्य केहो भने 'दायित्व'ले स्मृति/संस्मरण विधालाई प्रकाशन गरी नेपाली साहित्यको क्षेत्रलाई अझ विस्तृत र व्यापक रूपमा विकास गर्न सहयोग पुऱ्याउने लक्ष्य लिएको देखिन्छ । यस सन्दर्भमा **दायित्व**ले 'शङ्कर कोइरालाः स्मृति विशेषाङ्क' (वर्ष ११, पूर्णाङ्क ३०), 'यात्रा विशेषाङ्क - १' (वर्ष १२, पूर्णाङ्क ३२) र 'विशिष्ट साहित्यकार विशेषाङ्क' (वर्ष १३, पूर्णाङ्क ३५) जस्ता तीन-तीनवटा संस्मरणप्रधान विशेषाङ्क नै प्रकाशन गरेको देखिन्छ । यसबाट पनि 'दायित्व'ले संस्मरणको क्षेत्रमा गुणात्मक र परिमाणात्मक समृद्धितर्फ विशेष चासो राखेको महसुस हुन्छ । तसर्थ **दायित्व**मा प्रकाशित स्मृति/संस्मरणहरूको विवेचना तल गरिन्छ ।

### ४.६.१ मदनमणि दीक्षितको संस्मरणात्मक लेख

२०४० को दशकवाट यात्रा-संस्मरणका क्षेत्रमा उदाएका मदनमणि दीक्षितको 'केही पुराना सम्झना' **दायित्व** बर्ष १३, पूर्णाङ्क ३५ मा प्रकाशित छ । यस संस्मरणमा दीक्षितको जीवनमा आएका पत्रकारिताका मोडहरूको सन्दर्भ कोट्याउँदै नेपालमा निर्दलीय पञ्चायती व्यवस्थाको घेराभित्र नेपालको राजनैतिक चलखेल एकदमै सीमित थियो भन्ने कुरा उठाइएको छ । अर्थात भनौँ यस लेखले समग्रमा पञ्चराजनीतिको सूत्रात्मक सङ्क्षिप्त झलक प्रस्तुत गरेको छ । सरल भाषा र वर्णनात्मक शैलीमा प्रस्तुत भएको यो संस्मरणले बौद्धिक सचेतनाको अपेक्षा राखेको छ ।

### ४.६.२ फणीन्द्रराज खेतालाका संस्मरणात्मक लेख

**दायित्व**मा फणीन्द्रराज खेतालाका २ वटा संस्मरणात्मक लेखहरू प्रकाशित छन् । जसमध्ये प्रथम 'मान्छे कि देउता !' (वर्ष १०, पूर्णाङ्क २६) शीर्षक संस्मरणमा वि.सं. २००० तिर आफू कैलाली, धनगढी हुदै लखनाउ जाँदा आफू बाटोमा बिरामी परेर इन्तु न चिन्तु भई लडेको अवस्थामा कसैले आफूलाई उपचार गरी पठाएको विवरण प्रस्तुत छ । तिनै विदेशी भूमिका अपरिचित संरक्षणकर्तालाई उनले 'मान्छे कि देवता !' भनेर हर्षोद्गार व्यक्त गरेका छन् । दोस्रो 'आमा, मेरी आमा' (वर्ष १३, पू. ३५) शीर्षक संस्मरणमा आफू ६४ वर्षको हुँदा आफ्नी आमाको स्वर्गवास भएको कुराले आफूमा टुहुरोपनको महसुस भएको कुरा व्यक्त गरेका छन् । सरल र वर्णनात्मक शैलीमा भावनात्मक सन्तुलनका साथ लेखिएका यी दुवै संस्मरणले पाठकको मन छुन सक्छन् ।

### ४.६.३ रमेश विकलका संस्मरणात्मक लेख

नेपाली साहित्यको विशेषतः प्रगतिवादी धारामा कलम चलाउने विकलका जम्मा ३ वटा संस्मरणात्मक लेखहरू **दायित्व**मा प्रकाशित छन् । ती मध्ये 'कागको प्रतिशोधमा' (वर्ष १०, पृ. २७) मा आफ्ना दाजुले अनायासमा कागको बचरा मार्दा धेरै दिनसम्म कागले झम्टिने गरेको र दाजुको सङ्गतले आफूले पनि दुःख पाएको कुरा उल्लेख गर्दै त्यस बेलाको काठमाण्डौको अवस्थाको चिनारी दिने काम समेत गरेका छन् । नेपाली वीर लडाकूका रूपमा कागलाई मानवीकरण पनि गरेका छन् । त्यस्तै उनको 'सन्ताउन्न वर्ष बितेछ त्यस यात्राको' (वर्ष १२, पृ. ३२) शीर्षकको यात्रा संस्मरणमा वि.सं. १९९९ सालमा गरेको कैलाश र मानसरोवर यात्राको सजीव चित्रण गरिएको छ । त्यस क्रममा भोगेका अप्ठारा परिवेशहरूका साथ नेपालको पश्चिमी दार्चुला, बझाङ आदि क्षेत्रको प्राकृतिक सौन्दर्य र मानवीय संवेदनाको चित्रण गरिएको छ । त्यस्तै उनको अन्तिम संस्मरण 'छालहरूसँग' उचालिँदै पछारिँदै' (वर्ष १३, पृ. ३५) मा सैद्धान्तिक भावुकता र अव्यवहारिक आदर्शताले अहिलेको अवस्थामा आफ्ना परिवारका सदस्यले भोग्नुपरेका दुःख कष्टप्रति बिस्मात् गरिएको छ । साथै आफ्नो पारिवारिक पृष्ठभूमिदेखि लिएर नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा हुने र आफूले भोगेका दुःख-कष्टलाई पनि छताछुल्ल पोखेका छन् । समग्रमा हेर्दा विकलका यहाँ प्रकाशित संस्मरणत्मक लेखहरूले समसामयिक नेपाल र नेपाली समाजगत भावनाको प्रस्तुति दिने निबन्धात्मक क्षमता राखेका छन् ।

### ४.६.४ पूर्णप्रकाश नेपाल 'यात्री' का संस्मरणात्मक लेख

यात्रात्मक सेरोफेरोबाट विषय वस्तु टिपेर सिर्जना गर्ने 'यात्री' का जम्मा २ वटा संस्मरणात्मक लेखहरू **दायित्व**मा प्रकाशित छन् । 'वाल्यस्मृति' (वर्ष १२, पृ. ३२) शीर्षकको संस्मरणमा आफ्नो पढ्ने इच्छा हुँदाहुँदै पनि राणा शासकका नजरमा पढ्ने जस्तो नराम्रो काम गरेको अपराधमा भारतको प्रवासमा गई आरावाल भएको प्रसंगलाई कारुणिक रूपमा प्रस्तुत गरेका छन् । सत्पुरुषको संगतले मात्र नभएर सद्भावको संचारले पनि आफ्नो जीवन धन्य बनाउन सकिन्छ भन्ने धारणा यसमा रहेका रहेको देखिन्छ । त्यस्तै 'मेरो वाल्यस्मृति' (वर्ष १३, पृ. ३६) मा हिन्दु-मुस्लिम दंगाका समयमा सिलगुढीमा भएको एक घटना कोट्याउदै अज्ञात शब्दभेदनको भ्रमात्मक सोचाई र शस्त्रजीवीको अल्पज्ञता दुर्बल हुन्छ भन्ने मान्यता व्यक्त गरिएको छ । उनका यी दुवै संस्मरणले भावनात्मक गहिराइमा पुगेर परिवेशको यथार्थत्तम प्रस्तुति दिएका छन् ।

### ४.६.५ धर्मराज थापाको संस्मरणात्मक लेख

जनकविकेशरी धर्मराज थापाको 'आत्मसंस्मरण' (वर्ष १३, पृ. ३५) शीर्षकको संस्मरणात्मक लेख **दयित्व**मा प्रकाशित छ । यस संस्मरणमा थापा आफूले २००७ सालको क्रान्तिका समयका कलाकारका तर्फबाट समाजलाई, राष्ट्रलाई कसरी माया गर्न पुगे भन्ने कुरा दर्शाएका छन् । यस क्रममा उनले राष्ट्रिय एवम् लोकभाकाका गीत गाएर जनतामा आफ्नो पहिचान प्रस्तुत गरेको कुरा सरल एवम् आनुप्रासिक शैलीमा अभिव्यक्त गरेका छन् ।

### ४.६.६ डा. तुलसी भट्टराईका संस्मरणात्मक लेख

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव समेत बनिसकेका डा. भट्टराईका जम्मा ३ वटा संस्मरणात्मक लेखहरू **दायित्व**मा प्रकाशित देखिन्छन् । जसमध्ये पहिलो

'पचास वटा कृतिका लेखक शङ्कर कोइराला' (वर्ष ११, पृ. ३०) मा ५० वटा भन्दा बढी कृति प्रकाशन गरिसकेका शङ्कर कोइरालाले कुनै साहित्यिक मूल्य नपाएको र जीवनको अन्तिम क्षणमा क्यान्सरले च्याप्दा समेत उपचारविहीन अवस्थामै मर्नु परेको कुरा उल्लेख छ । त्यस्तै दोस्रो 'छब्बीस वर्ष अगाडिको अविस्मरणीय यात्रा' (वर्ष १२, पृ.३२) मा २०२९ सालमा गरेको पूर्वी नेपालको यात्राका सन्दर्भमा आफूले भोग्नु परेका कठिनाइहरूका बीच पनि यात्राको उद्देश्य (घर-ताप्लेजुङ पुग्ने इच्छा) पूरा गरेको विवरण प्रस्तुत गरिएको छ । त्यस्तै 'सिक्किम यात्राः तेत्तीस वर्ष अघिको सम्झना' (वर्ष १७, पृ. ४६) शीर्षक यात्रा-संस्मरणमा आफूले सिक्किम तर्फको यात्रा गर्दा अनुभव गरेका भावलाई र नेपाल तथा सिक्किमको भाषिक, सामाजिक, राजनीतिक, सांस्कृतिक समानताका बारेमा विभिन्न विचार उल्लेख गरेका छन् ।

डा. भट्टराईका उपर्युक्त तीन संस्मरणात्मक लेखमध्ये पहिलो समीक्षात्मक निबन्धको गुणयुक्त छ भने दोस्रो र तेस्रो यात्रा संस्मरणले नि-यात्राको स्तर हासिल गरेका छन् ।

## ४.६.७ सुब सेनका संस्मरणात्मक लेख

नि-यात्राकार सुबसेनका जम्मा ३ वटा संस्मरणात्मक लेखहरू यस पत्रिकामा प्रकाशित छन् । त्यस मध्ये 'आफ्नै खोजका पाइला सार्दा' (वर्ष १०, पृ. २७) मा नेपालको पश्चिम पहाडी जिल्ला गुल्मीको यात्राको वर्णन गरेका छन् साथै त्यहाँको समाज पञ्चायतकालमा कस्तो थियो ? समाजलाई सही बाटोमा अग्रसर गराउन आफूले के कस्ता प्रयास गरे भन्ने कुरा उल्लेख गरेका छन् । समाजमा रहेको शोषण, थिचो-मिचो र अन्यायको बिरुद्धमा जनचेतना जगाउन मोर्चाबन्दी गर्दै पढे-लेखेकालाई एकट्ठा बनाउँदै हिडेको कुरा यस यात्रा संस्मरणमा सेनले उल्लेख गरेका छन् । यसैगरि सुब सेनले आफ्नो अर्को 'ग्वाली चौरबाट बाहुनथोक' (वर्ष ११, पृ. २८) नामक संस्मरणात्मक लेखमा पनि गुल्मी जिल्लाकै सामाजिक जागरणका लागि ग्वालीचौरबाट बाहुनथोकसम्म गरेको यात्राको संक्षिप्त विवरण छ । सेनकै अर्को 'रिमुवा-उर्लेनी भएर तम्घासतिर' (वर्ष १२, पृ. ३२) यात्रा-संस्मरणमा नेपाली दाजु-भाइले लाहुरे भएर आफ्नो वलीदानी दिएपनि पछि परिवारमा पर्ने प्रभाव र नारी वेदना तथा बुर्हातनले छिया-छिया भएको हृदयको कोमल ममताका बारेमा उल्लेख गरेका छन् । सुब सेनका उपर्युक्त कतिपय यात्रा-संस्मरण केवल पञ्चायती शासनकालमा आफ्नो पक्षमा भोट झार्न गरेको दौडको विवरणमात्र जस्तो लाग्छन् भने कतिपय नि-यात्रात्मक गुणयुक्त पनि छन् । नारी वदेनालाई बुझ्ने मौका पाएर पनि उनले कुनै उपकार गर्ने चेष्टा गरेका छैनन् । त्यसैले सुब सेनका यात्रा संस्मरण नेताका आश्वासनमा आफ्नो बोली र लोली मिलाउने भावका पनि छन् भन्न सकिन्छ ।

## ४.६.८ रामप्रसाद पन्तका संस्मरणात्मक लेख

विशेषतः यात्रा-संस्मरण लेख्न खप्पिस रामप्रसाद पन्तका जम्मा १२ वटा संस्मरणात्मक लेखहरू **दायित्व**मा प्रकाशित छन् । जसमध्ये पहिलो 'यात्राका तीन अनुभव' (वर्ष २, अङ्क ६) मा भैरहवादेखि, बुटवल, तानसेन हुँदै रिडीसम्मको यात्राका क्रममा गरेका तीनवटा अनुभव-जुन तरिकाले भएपनि मोज गरेर बस्न पाए स्वर्ग र दुःख पाए नरक, रक्स्याहा बज्यैको अश्लील बोलीका कारण बीचबाटोमै गाडिले झारिदिएको परिवेश अनि राष्ट्र निर्माणका ठूलठूला कुरा गर्ने विभिन्न पार्टीका मान्छे बीच पनि धुम्रपानमा भने ऐक्यबद्धताको परिवेश चित्रण गरिएको छ । त्यस्तै दोस्रो 'चरिकोटसँग गाँसिएका दुई

सम्झना' (वर्ष ३, अङ्क ८) मा यात्रा गर्न सौखिन लेखक चरिकोट जाँदा बीच बाटोमा पुग्दा मध्यरात भएको र त्यस बखत बाटोमा हिउँ परेको एवम् अगाडि बाटोमा देखिइरहेको आगोको ज्वाला छेउमा पुग्दा फेरि झ्याप्पै निभेर नदेखिएको घटना उल्लेख गरेका छन् । त्यस्तै तेस्रो 'मेरो जीवनका तीन खतरनाक घटनाहरू' (वर्ष ४, अङ्क ११) मा आफू एक पटक अग्लो काफलको रूखबाट खसेको, उर्लंदो खोलाले बगाएर झण्डै ज्यान लिएको र भारतको ऋषिकेशमा पढ्दा वनभोज जाने क्रममा अति तीब्र गतिका कारण साइकल यात्रा दुर्घटित भई मरणाशन्न अवस्थामा पुगेको कुरा स्मरण गरिएको छ। चौथो संस्मरण 'लुकेको अस्तित्व लुकेरै अन्त्य भयो' (वर्ष ८, पृ. २२) मा आफ्नो सीमित स्वार्थको सङ्कूचित घेराबाट धेरै माथि उठेर समग्र समाज एवम् देशकै लागि केही दिने तर कसैबाट अनैतिक रूपमा केही नलिने एक वरिष्ट विद्वान रामचन्द्र शर्माले जीवनको अन्त्यसम्ममा आफ्ना परिवारका अधिक्तम सदस्यलाई विदाइ गरेर आफू एक्लै भएको घटनाको स्मरण गरिएको छ । यसमा जस्तै विद्वान पनि पारिवारिक मोहमा बाँधिएको हुन्छ भन्ने सत्यतालाई उजागर गरिएको छ । त्यस्तै पाचौं 'अज्ञात युवती' (वर्ष १०, पृ. २७) शीर्षकको यात्रा संस्मरणमा तम्घासबाट काठमाण्डौ आउँदा बसको सँगैको सिटमा एउटी युवती विरामी अवस्थामा फेला परेकी र सो युवतीले आफ्नो दाइ पछाडिको सिटमा भएको बताएपनि लेखकले सो व्यक्ति नदेखिकनै सबै यात्रु ओर्लिएर आ-आफ्नो बाटो लागेकाले वास्तवमा सो युवती उसले भने झैं सही दाइको साथमा थिई वा कोही दलाल दाइसँग थिई भनी चिन्ता व्यक्त गरेका छन् । त्यसैगरी 'सलामत देताङ् अर्थात् स्वागतम्' (वर्ष ११, पृ. २८) मा आफू दिल्ली हुँदै मलेसिया जाँदा दिल्लीमा भारतीय नागरिकले गरेको व्यवहार र जहाजमा भारतीय मूलका मलेसियन नागरिकको व्यवहारको तुलना गरेका छन् । त्यसरी नै 'बुकिट कियारा, अर्थात् उच्चस्थानमा रहेको बस्ती' (वर्ष १२, पृ. ३२) मा क्वालालम्पुर स्थित एउटा सेमिनार स्थल - बुकिट कियारामा तालिम लिन १ महिनासम्म बस्दा त्यहाँ आफूले देखेको प्राकृतिक एवम् संस्कारित सौन्दर्यको व्याख्या गरिएको छ । त्यसरी नै 'ट्वान्टी ट्वान्टी वावासन, अर्थात् २०२० भिजन' (वर्ष १३, पृ. ३४) मा विकासोन्मुख मुलुक मलेसियाले २०२० सम्मको भिजन अगाडि सारेर गर्दै गएको आर्थिक विकास जस्तै नेपालले पनि दीर्घकालीन आर्थिक नीति तर्जुमा गरी अगाडि बढ्नु पर्ने धारणा अभिव्यञ्जित छ । त्यसैगरी 'मेरो तेस्रो युद्ध अधुरै रह्यो' (वर्ष १४ पृ. ३८-३९) मा २०५६ सालमा आफू निर्वाचन अधिकृत भएर सिन्धुली जाँदा बाटामा भोगेका दुःख, कष्टका साथै मंगोल जातिका तामाङ्ग बस्तीमा रहेको अशिक्षा, अन्धविश्वास, गरिबीको उजागर गर्ने काम गरेका छन् । सिन्धुली जिल्लाको भौगोलिक, सामाजिक परिवेशको चित्रण गर्दै त्यसबेला निजामती कर्मचारी र सुरक्षाकर्मचारीले माओवादीबाट कति आतङ्कित हुनुपरेको थियो भन्ने कुराको उल्लेख गरेका छन् । उनले मतदान स्थलमा पुग्ने कार्यलाई पहिलो युद्ध, मतदान गराउनु दोस्रो युद्ध र सकुशल फर्कनुलाई तेस्रो युद्ध नामाकरण गरेका छन् । पन्तले दुईवटा युद्धमा विजय प्राप्त गरिककेका छन् भने तेस्रो युद्धको पूर्ण विवरण दिएका छैनन् । त्यस्तै 'बुद्धको जन्म भूमि नेपाल हो' (वर्ष १५, पृ. ४०) मा आफू जापान बस्दा, घुम्दा वा आपसमा चर्चा हुँदा नेपाल भारतको एक प्रान्त जस्तै हो, बुद्धको जन्मस्थल भारत हो जस्ता कुरा सुनेकोले हामी नेपालीमाथि ठाडो आक्रमण भएको महसुस गरी लेखकले त्यसको प्रतिकार गरी यथार्थ बताएको कुरा उल्लेख गर्दै त्यस्तो झुटो प्रचारबाजीबाट राष्ट्र र राष्ट्रियतामाथि आँच आउँछ । त्यस बारे अन्तराष्ट्रिय दूतावासहरू सजग हुनुपर्छ भन्ने कुरा अभिव्यक्त भएको छ । त्यस्तै 'गया तीर्थ यात्राःयात्रा कि जात्रा' (वर्ष १६, पृ. ४२) मा लेखकले पितृऋणबाट मुक्त हुन हिन्दु धर्मशास्त्र अनुसार गयामा गएर पिण्डदान गर्ने क्रममा वनारसमा पुगेर दशाश्वमेधघाटमा प्रथम पिण्डदान गरेको र त्यहाँका पण्डाबाट ठगिएको कुरा उल्लेख गरेका

छन् । त्यसपछि गयामा पिण्डदान गर्दा साह्रै समस्यामा परेको, पण्डा, भिखारी र कावा (पिण्ड खाने)-ले दिक्क लगाउनुका साथै बस यात्रामा सरकारी (रोडवेज) बसका कर्मचारीले आधाबाटैमा अलपत्र पारेको कुरा पनि उल्लेख गरेका छन् । नेपालीहरू आफ्नै देशमा भएका तीर्थस्थलमा नगएर भारतीय तीर्थस्थलमा गएर दुःख पाउने र ठगिने गरेको प्रसंगलाई आत्मिक पीडाका रूपमा प्रस्तुत गरेका छन् र अन्तिम संस्मरण ' भारतीको आलु र निर्मलाको माछा-२' (वर्ष १७, पू. ४५) मा नेपालको प्रसिद्ध 'वन्यजन्तु राष्ट्रिय निकुञ्ज' चितवनको सौराहामा हातीमा चढेर त्यहाँको वन जङ्गलको दृश्यावली अवलोकन गरेको उल्लेख छ । एकसिंगे गैंडाको संरक्षणका बारेमा स्थानीय बासिन्दालाई विशेष ज्ञान र अधिकार दिनुपर्ने कुरा पनि उल्लेख गरेका छन् ।

समग्रमा हेर्दा नि-यात्रा भन्न सकिने खालका संस्मरणात्मक लेखहरू पन्तले यहाँ प्रकाशित गराएका छन् । तिनले एक न एक सन्देश एवम् शब्दचित्र प्रस्तुत गरेका छन् । विशेषतः वस्तुगत विषयबस्तु टिपेर भावात्मक सन्तुलनका साथ प्रस्तुत भएका पन्तका संस्मरण/संस्मराणात्मक लेखहरूले **दायित्व**मा राम्रै स्थान ग्रहण गरेकाछन् ।

## ४.६.९ दार्सिङ्बासे माइलाका संस्मरणात्मक लेख

दार्सिङ्बासे माइलाका जम्मा चारवटा संस्मरणात्मक लेखहरू **दायित्व**मा प्रकाशित छन् । 'यसपालीको मेरो दशैं/आमा रोगिएको दशैं' (वर्ष ४, अङ्क १२) मा २०४६ सालको दशैंमा आफू टीका लगाउन घर जाँदा भोग्नु परेका सास्तीहरूको विवरण प्रस्तुत गर्दै आमाको महत्व दर्शाइएको छ । त्यस्तै 'कस्ता कस्ता मान्छे , कस्तो कस्तो स्वभाव ! !' (वर्ष ४, अङ्क १३) मा दुई वटा यात्राको सन्दर्भ कोट्याउँदै पहिलो यात्रामा तराइबासी नेपाली पनि नेपालीबाटै अपहेलित हुनु परेको र दोस्रो यात्रामा नेपालीलाई नेपाल भित्रै भारतीय महिलाबाट गरिएको दबदबा अर्थात् अभद्र व्यवहार एवम् तेस्रो मुलुकका नागरिकसँग भएको मित्रतापूर्ण व्यवहारको उल्लेख गरिएको छ । त्यस्तै 'समझदारीको अर्थ' (वर्ष ६, पू. १९) मा पहाडी क्षेत्रमा भर्खरै बनेको मोटरबाटोमा ट्रकका ड्राईभरले यात्रुमाथि ठगी गर्दछन् भन्ने देखाइएको छ । त्यस्तै 'बाबा मलाई छाडेर किन जानु भयो' (वर्ष ७, पू. २०) शीर्षकको संस्मरणमा आफ्ना ८८ वर्षीय पिताको मृत्युले छोराको मनमा पारेको चोटका कारण तरङ्गित भावलहरहरू पोखिएको छ र काजक्रिया गरी फर्किएका कुरा उल्लेख गरिएको छ । समग्रहमा माइलाका यी ४ संस्मरणात्मक कृतिहरू यात्रा वृत्तात्मक तथा नियात्रात्मक ओजले भरिपूर्ण छन् ।

## ४.६.१० निष्कर्ष

**दायित्व**मा प्रकाशित निबन्धात्मक गुण बोकेका संस्मरणात्मक लेखहरूले संख्यात्मक र गुणात्मक दुवै स्तर प्राप्त गरेका छन् । प्रस्तुत पत्रिकामा संस्मरण, स्मृति तथा यात्रावृत्तान्त भनेर राखिएका रचनालाई संस्मरणात्मक परिधीभित्र राखेर हेर्दा यी रचनाहरूले देश विदेशको प्राकृतिक, सांस्कृतिक, सामाजिक, भौगौलिक परिवेशहरूको चित्रण गरी शब्दचित्रका माध्यमद्वारा सम्बन्धित क्षेत्रको भ्रमण गराउने क्षमता राखेका छन् । समसामायिक राजनैतिक, आर्थिक, सामाजिक विशेषता मात्र होइन, मानव जीवन भोगाइका क्रममा आइपरेका विविध समस्या एवम् मानसिक भावयात्राको विचरणबाट दार्शनिक तहसम्मको यात्रा संस्मरण समेत गरेका **दायित्व**का संस्मरण प्रधान लेखहरू मौलिक छन् । यस क्रममा प्रकाशित स्मृतिप्रधान तथा संस्मरणप्रधान विशेषाङ्कहरू (शङ्कर कोइराला:

स्मृति विशेषाङ्क, यात्रा विशेषाङ्क- १, विशिष्ट साहित्यकार विशेषाङ्क) प्रकाशन गरेर **दायित्व**ले संस्मरणको क्षेत्रमा स्तरीयता र समृद्धि थप्नमा महत्वपूर्ण योगदान दिएको छ ।

## ४.७ 'दायित्व'मा प्रकाशित अन्तर्वार्ता तथा भेटवार्ताहरू

**दायित्व** पत्रिकाका विभिन्न अङ्कमा नेपाली वाङ्मयका स्थापित भाषाशास्त्री, कवि समालोचक एवम् प्रतिष्ठित साहित्यिक कलाकर्मीहरूसित लिइएका भेटवार्ता/अन्तर्वाता प्रकाशित छन् । रामप्रसाद पन्त, तारा कार्की, ठाकुर शर्मा, हेमराज पाण्डे, अरुणबाबु खत्री 'नदी' एवम् कतिपय **दायित्व** परिवारको अनुरोधबाट लिइएका जम्मा छयालीस (४६) अन्तवार्ताहरू **दायित्व**मा प्रकाशित छन् । यस पत्रिकामा दौलतविक्रम विष्ट, केदारमान व्यथित, इन्द्र बहादुर राई, डा लख्खीदेवी सुन्दास, धर्मराज थापा, श्यामदास वैष्णव, फणीन्द्रराज खेताला प्रभृति विशिष्ट साहित्यकारहरूसँग साहित्यिक विषयमा, गोपाल योञ्जनसँग सङ्गीतको विषयमा, दिलकुमारी भण्डारी, जगत क्षेत्री, शिव प्रधान आदिसँग भारतमा नेपाली भाषाले पाएको संवैधानिक मान्यताको विषयमा र दहाल यज्ञनिधि, टुकराज मिश्र आदिसँग साञ्चारिक भाषाका विषयमा लिइएका अन्तर्वाताहरू प्रकाशित छन् । यस्ता विविध क्षेत्रका विषयमा लिइएका अन्तर्वाता तथा भेटर्वाताहरूको अध्ययन तल प्रस्तुत गरिन्छ ।

### ४.७.१ डा. धुवचन्द्र गौतमसँग एकछिन

**दायित्व**को वर्ष १, अङ्क २ मा प्रस्तुत शीर्षकको अन्तर्वार्ता प्रकाशित छ । यसका अन्तर्वार्ताकार रामप्रसाद पन्त हुन् । आख्यानपुरुष डा. गौतमले रामप्रसाद पन्तसँग **दायित्व** पत्रिकाको प्रकाशनका बारेमा जानकारी लिए, प्रशंसा पनि गरे तर अन्त्यमा **दायित्व**मा प्रकाशन गर्न लेख माग्दा रोयल्टी मागे । सो रोयल्टी तल्काल दिन असमर्थ रहेको बताए पछि पन्तलाई कुनै लेख वा रचना दिएनन् । यसबाटे ठूला साहित्यकार भनाउँदाहरूले नयाँ साहित्यिक पत्रिकाको विकासमा सहयोग गर्दा रहेनछन् भन्ने कुरा पनि झल्किन्छ ।

### ४.७.२ धर्मराज थापा

'कला भन्ने कुरा भगवान हो' (वर्ष ५, पृ. १४) शीर्षकमा हेमराज पाण्डे र लालगोपाल सुवेदीद्वारा धर्मराज थापासँग लिइएको अन्तर्वाता **दायित्व**मा प्रकाशित छ । यस अन्तर्वातामा थापाको विशेषत लोकगीत संकलन र गायनका विषयमा गरिएको कुराकानी प्रस्तुत छ । लाहुरे भएर विदेशी भूमीको सेवा गर्नु भन्दा आफ्नो देशका लेक-वेसी पाखा-पखेरामा रहेका नेपाली दाजुभाइ, दिदी-बहिनीहरूका सुख-दुःखको साथी बनेको लोकगीत संकलन गर्ने र तिनलाई संरक्षण एवम् सम्वर्धन गर्नेतर्फ उनी लागेको कुरा यस अन्तर्वार्ताबाट पुष्ट हुन्छ । यस क्रममका उनको साहित्यिक जीवनको पनि सङ्क्षिप्त चर्चा गरिएको छ ।

### ४.७.३ इन्द्रबहादुर राई

'दायित्व' मा इन्द्रबहादुर राईसँग लिइएको अन्तर्वार्ता 'लीला सत्य प्रतिदिन प्रतिक्षण यति छर्लङ्ग छ , कसैले आयामिक भएको हुनै पर्दन यो देख्न...............' **दायित्व**(वर्ष ७, पृ. २१)मा प्रकाशित छ । दायित्व परिवारको अनुरोधमा उहाँले लेखेर पठाएको अन्तर्वार्तामा

नेपाल र भारतबीचको नेपाली साहित्यमा भाषिक, वस्तुगत र सैद्धान्तिक अन्तर हुने कुरा उल्लेख गर्दै आयामेली लेखन पछिको लिलालेखनको बारेमा पनि सङ्क्षिप्त चर्चा गरिएको छ । मानिस आत्मगततासित भूल, भ्रान्ति र पूर्वाग्रह एवम् स्वार्थका बीच बाँच्ने खेल गरिरहेछ । वास्तवमा त्यही नै लिला हो भन्ने धारणा व्यक्त गर्दै उनी समालोचनामा भन्दा पनि सिर्जनामा रमाउन चाहन्छन् भन्ने कुरामाथि यस अन्तर्वार्ताले प्रकाश पारेको छ ।

## ४.७.४ पारिजात

रामप्रसाद पन्त र हेमराज पाण्डेद्वारा पारिजातसँग लिइएको अन्तर्वार्ता **दायित्व** (वर्ष ६, पृ. १९) मा 'राजनीति नभएको साहित्य कस्तो हुन्छ, म खोजी रहेको छु' शीर्षक दिएर प्रकाशित छ । यसमा पारिजातको साहित्य र समाजलाई हेर्ने दृष्टिकोण प्रस्तुत भएको छ । यस क्रममा रचनामा सरसता, सरलता, लयात्मकता र भाव विन्यासमा मिठासको आवश्यकता रहेको कुरा औँल्याइएको छ । त्यसरी नै प्रजातन्त्र प्राप्तिपछि पनि नेपालमा साहित्यिक र प्राज्ञिक स्तर उक्सिन नसकेकोमा खेद प्रकट गरिएको छ ।

## ४.७.५ डा. लख्खीदेवी सुन्दास

दार्जीलिङ निवासी नेपाली समालोचक, कथाकार र कवयित्री डा. लख्खीदेवीसँग **दायित्व परिवार**ले लिएको अन्तर्वार्ता 'भानुभक्तको शालीक तोडिनु, नेपाली भाषा-साहित्यको इतिहासमा लागेको कलङ्क हो' शीर्षकमा **दायित्व** (वर्ष ७, पृ. २१) मा प्रकाशित छ । 'नेपाली कवितामा दार्जीलिङको योगदान' शीर्षक अनुसन्धानमूलक कार्यमा त्रि. वि. वि.बाट विद्यावारिधिको उपाधि प्राप्त गर्ने सुन्दासको व्यक्तित्व वारे प्रकाश पार्ने यस अन्तर्वार्तामा भारतमा नेपाली भाषालाई संवैधानिक मान्यता दिलाउने सन्दर्भमा आन्दोलित भइरहेको समयमा भानुभक्तको शालीक तोडिएको घटनाको स्मरण गर्दै सो कार्य निन्दनीय भएको कुरा पनि व्यक्त भएको छ । समग्रमा यस अन्तर्वार्तामा लख्खीदेवी सुन्दासको नेपाली भाषाप्रतिको लगनशीलता बारे प्रकाश पारिएको छ ।

## ४.७.६ डा. तारानाथ शर्मा

नेपाली निबन्ध र समालोचनाका मूर्धन्य साधक डा. तारानाथ शर्मासँग ठाकुर शर्मा र रामप्रसाद पन्तद्वारा लिइएको अन्तर्वार्ता 'दायित्व' (वर्ष १०, पृ. २६) मा 'समालोचना भनेको मौलिक कृतिहरूको विश्लेषण र मूल्याङ्कन हो' शीर्षकमा प्रकाशित छ । यस अन्तर्वार्तामा नेपाली साहित्य, समालोचना र साहित्यिक परिवेशका बारेमा कुरा गरिएको छ । नेपाली स्रष्टाहरूलाई प्रशंसाको मात्र खाँचो छ, वास्तवमा त्यसरी समालोचना हुन सक्दैन । समालोचनाले त कृतिको गुण र दोष छुट्याउन सक्नुपर्छ भन्ने मान्यता डा. शर्माको रहेको छ । यसै क्रममा नेपाली सरकारी साहित्यिक संस्थाभन्दा निजी संस्थाहरूमै उदारता छ भन्ने कुरा पनि यसमा आएको छ । विदेसी साहित्यको तुलनामा पुग्न हाम्रो नेपाली साहित्यले अझ धेरै फड्को मार्नुपर्ने आवश्यकता पनि यहाँ औँल्याइएको छ ।

## ४.७.७ कविवर माधवप्रसाद घिमिरे

'दायित्व' (वर्ष १२, पृ. ३३) मा कविवर माधवप्रसाद घिमिरेसँग लिइएको अन्तर्वार्ता 'गद्यमा म छरिन्छु तर पद्यमा म भरिन्छु' शीर्षक दिएर प्रकाशित छ । वार्ताकार ठाकुर शर्मा र रामप्रसाद पन्तद्वारा लिइएको यस अन्तर्वार्तामा कवि घिमिरेको काव्यिक दीर्घसाधना र

समसामयिक नेपाली कविताको स्थितिका बारेमा चर्चा गरिएको छ । यस क्रममा कवि घिमिरे लोकलय र बोलीबाट प्रभावित भएकै कारण गीति र मात्रा छन्दका सरल कविताहरू लेख्न अग्रसर भएको तथ्य पनि खुलस्त भएको छ ।

## ४.७.८ वसन्तकुमार शर्म्मा नेपाल

विशेषतः 'नेपाली शब्दसागर' जस्तो कोश सम्पादन गरी पछिल्लो समयमा निकै चर्चामा आएका वसन्तकुमार शर्म्मा नेपालसँग लिइएको अन्तर्वार्ता 'दायित्व' (वर्ष १४, पृ. ३९)मा 'अलिपिबद्ध अभिव्यक्ति भाषा हो भने लिपिबद्ध अभिव्यक्ति साहित्य हो' शीर्षकमा प्रकाशित छ । यसका अन्तर्वार्ताकार रामप्रसाद पन्त र ठाकुर शर्मा हुन् । यस अन्तर्वार्तामा शर्म्माको साहित्यिक, भाषिक र थोरै मात्रामा प्राध्यापकीय जीवनको चर्चा गरिएको छ । सरलभन्दा केही असहज लाग्ने गद्य शैलीमा प्रस्तुत वार्तामा शर्म्मा कसरी साहित्यिक र भाषिक क्षेत्रमा प्रवेश गरे, के कस्ता प्रकृतिका रचनाहरू प्रकाशित गराए भन्ने कुरा स्पष्ट पारिएको छ । यस क्रममा शर्म्माको नेपालीइतर भाषाप्रतिको लगाव पनि प्रष्ट्याइएको छ ।

## ४.७.१० श्यामप्रसाद शर्मा

वरिष्ठ प्रगतिशील साहित्यकारका रूपमा चर्चित श्यामप्रसाद शर्मासँग ठाकुर शर्मा र रामप्रसाद पन्तद्वारा लिइएको अन्तर्वार्ता 'दायित्व' (वर्ष १५, पृ. ४०) मा ' समाजलाई अग्रगति दिने साहित्य नै प्रगतिशील साहित्य हो' शीर्षक दिएर प्रकाशित छ । यस अन्तर्वार्तामा श्यामप्रसाद शर्माको विशेष ख्यातिप्राप्त विधा निबन्ध र समालोचना भए पनि उनले कविता, गीत आदिमा पनि कलम चलाएको कुरा स्मरण गरिएको छ । यसैगरी झमककुमारी घिमिरेजस्ता साहित्यिक समर्पणाप्रति साहित्यिक समाजले कदर गर्नुपर्ने कुरा पनि उल्लेख गरिएको छ । समग्रमा के भन्न सकिन्छ भने यस अन्तर्वार्ताबाट श्यामप्रसाद शर्माको साहित्यिक र भावनात्मक उदारतावादी व्यक्तित्व प्रस्तुत भएको छ ।

## ४.७.११ प्रा. गोपीकृष्ण शर्मा

पूर्वीय काव्यशास्त्रका ज्ञाता मानिने प्रा. गोपीकृष्ण शर्मासँग रामप्रसाद पन्त र यादव भट्टराईद्वारा लिइएको अन्तर्वार्ता 'भाषाका माध्यमबाट उदात्त विचार वा अनुभूतिलाई सम्प्रेषित गर्ने ललितकला होः साहित्य' शीर्षकमा 'दायित्व' (वर्ष १७, पृ. ४७) मा प्रकाशित छ । यस अन्तर्वार्ताबाट शर्माको साहित्यिक र प्राध्यापकीय व्यक्तित्व प्रस्तुत भएको छ । यसका साथै साहित्य र जीवनबीचको घनिष्ठ सम्बन्ध हुने कुरा, साहित्य सधैँ प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रगतिशील हुने कुरा र नेपाली साहित्यलाई विश्वसाहित्यको समकक्षमा हेर्ने कुराजस्ता विविध बौद्धिक एवम् नीतिगत कुराहरू पनि प्रस्तुत भएको छ ।

## ४.७.१२ निष्कर्ष

'दायित्व' मा प्रकाशित लगभग पचास अन्तर्वार्ताहरूको स्तर उच्च देखिन्छ । यी अन्तर्वार्तामा भाषाविद्, सङ्गीतकर्मी, कवि–सर्जक र समीक्षकहरू नै प्रमुख विषय बनेर आएका छन् । भाषाविद्हरूबाट नेपाली भाषाका समस्याका बारे र भाषिक राजनीतिकर्मी ( विशेषतः भारतीय नेपाली)-हरूबाट नेपाली भाषालाई संवैधानिक मान्यता दिलाउन के कस्तो सङ्घर्ष गर्नुपर्‍यो र कसरी उद्देश्य हासिल भयो भन्ने बारेमा अन्तर्वार्ताबाट निष्कर्ष प्रस्तुत गरिएको छ । त्यस्तै सङ्गीतकर्मीहरू मार्फत नेपाली समाजमा सङ्गीतको विकासको यथार्थ

स्थिति, तिनमा रहेको समस्या र समाधानको उपायलाई खुलस्त पारिएको छ । त्यसरी नै कवि–साहित्यकारहरू मार्फत सिर्जनात्मक नेपाली साहित्यको नवलेखनको दिशा प्रष्ट पार्न खोजिएको छ । समालोचाहरूबाट नेपाली समालोचनाको विकास, नेपाली साहित्यको मूल्याङ्कन र स्तर बारे चर्चा सहित तिनमा रहेको समस्या र तिनको समाधानको उपायप्रतिको दृष्टिकोण प्रस्तुत भएको छ । यसप्रकार 'दायित्व'मा प्रकाशित भेटवार्ता/अन्तर्वार्ताले नेपाली सङ्गीत, भाषा र साहित्यका समस्या र तिनको निराकरणका उपायहरूको सर्भेक्षण गर्ने काम गरेका छन् । अन्तर्वार्ताको प्रस्तुतीकरणमा केही विश्लेषणत्मक र अन्यत्र सबै संवादात्मक शैली अँगालिएको छ । समग्रमा **दायित्व**मा प्रकाशित भेटवार्ता/अन्तर्वार्ताले नेपाली साहित्यको अन्तर्वार्ता लेखन परम्परालाई अग्रगति दिने काम मात्र नगरेर नेपाली भाषा, संगीत र साहित्यका विविध क्षेत्रलाई अगाडि बढाउने सन्दर्भमा उल्लेख्य पाइला चालेको छ भन्न सकिन्छ ।

## ४.८ नेपाली समालोचनाका क्षेत्रमा 'दायित्व' को योगदान

साहित्यका अन्य विधाहरूलाई जस्तै समालोचना विधालाई पनि 'दायित्व' पत्रिकाले फलाउने, फुलाउने र अग्रगति दिने प्रयास गरेको छ । पत्रिकाको दोस्रो अङ्कदेखि निरन्तर रूपमा 'दायित्व' ले नेपाली साहित्यका समालोचनात्मक कृतिलाई स्थान दिँदै आएको देखिन्छ । यस क्रममा **दायित्व**मा विभिन्न सर्जकका जम्मा १८१ वटा समीक्षात्मक कृति फेला पर्दछन् । यी समीक्षात्मक कृतिहरू नियाल्दा तिनले नेपाली साहित्यका कविता, कथा, उपन्यास, निबन्ध, एकाङ्की तथा नाट्य लगायत तिनका रचनाकार र सिङ्गै साहित्यको क्षेत्रमा दृष्टि पुऱ्याएको पाइन्छ । त्यति मात्र होइन, **दायित्व**ले समालेचनाका विशेषाङ्कहरू 'समालोचना तथा पुरस्कृत प्रतिभा विशेषाङ्क' (वर्ष ६, पू. १७, २०५९ वैशाख) र 'शङ्कर कोइराला: समालोचना विशेषाङ्क (वर्ष १५, पू. ४१, कात्तिक २०५८)नै प्रकाशन गरेबाट **दायित्व**ले समालोचनाका क्षेत्रमा संख्यात्मक र गुणात्मक योगदान दिएको तथ्य छर्लङ्ग हुन्छ । यहाँ 'दायित्व' मा समाविष्ट सम्पूर्ण समालोचकका समालोचनात्मक कृतिलाई नकेलाई केही प्रतिनिधि समालोचकका कृतिलाई अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ४.८.१ डा. तारानाथ शर्माको समालोचनात्मक कृति

नेपाली साहित्यका प्रसिद्ध समालोचक डा. तारानाथ शर्माको आलोचनात्मक दृष्टि प्रस्तुत गरिएको 'दायित्व' को 'यात्रा विशेषाङ्क' लाई हेर्दा' शीर्षकको समालोचनात्मक कृति 'दायित्व' (वर्ष १२, पू. ३३) मा प्रकाशित छ । यस आलोचनात्मक लेखमा डा. शर्माले **दायित्व**को 'यात्रा विशेषाङ्क' (वर्ष १२, पू. ३२) मा प्रकाशित सामाग्रीहरूको स्तर मापन गर्ने काम गरेका छन् । उनका अनुसार **दायित्व**को सो विशेषाङ्कमा समाविष्ट जम्मा २५ रचनाहरू मध्ये शिवगोपाल रिसालको 'यात्रा दर्शन दिग्दर्शन' बाहेक अरु सबै नियात्रा भएको कुरा उल्लेख गरेका छन् । शर्माले 'यात्रा दर्शन दिग्दर्शन' चाहिँ नियात्रा र वस्तुगत यात्रा वर्णन पनि हुन नसकेको धारणा अघि सारेका छन् । त्यहाँ समाविष्ट १२ स्वदेशी यात्रा र १२ विदेशी यात्रा मध्ये ध.च. गोतामेको विदेश यात्रासँग सम्बन्धित 'बेलायतको एक साँझ' संस्मरणात्मक र रामप्रसाद पन्तको 'बुकिट कियारा अर्थात उच्चस्थानमा रहेको बस्ती' र श्रीकृष्ण गौतमको 'दुई पटकसम्म हुन सक्छ कि' चाहिँ सफल भएको शर्माको दावी छ । त्यसैगरी स्वदेशयात्रामा आधारित युवराज नयाँघरे, भीष्म उप्रेती र मञ्जुलका बाहेक अरू स्तरीय नै भएको शर्माको निचोड छ । यस क्रममा टीकाराम पन्थी र भरतराज शर्मा 'मन्थलीय' का रचनामा 'यात्रा' र 'भ्रमण' शब्द जतातते परेपनि ती नियात्राको गुण वहन

गर्ने खालका नभई उपदेशात्मक बनेको आलोचकको दावी छ । यसै सिलसिलामा शर्माले 'सङ्ग्रहमा यस्ता रचनाले तीतो, पीरो र टर्रो स्वाद मिसाएर रसिलो अचारको काम पनि गर्छन्'[३१] भनेर व्यङ्ग्य पनि गरेका छन् ।

यसरी प्रस्तुत आलोचनात्मक लेखमा समालोचक शर्माले सच्चा नियात्राको पहिचान गर्दै स्तर पनि निर्धारण गरेका छन् । 'नियात्रा' शीर्षकमा लेखिएको लेखलाई पनि 'नियात्रा' नै भन्ने विद्वत्वर्गको झँाको झार्न पनि शर्मा पछि परेका छैनन् ।

## ४.८.२ डा. ऋषिराज वरालको समालोचनात्मक कृति

प्रगतिवादी समालोचकका रूपमा प्रतिष्ठित डा. ऋषिराज वरालको समालोचनात्मक लेख 'नेपाली उपन्यासमा सामाजिक चिन्तनः स्वरूप र दिशा' **दायित्व** (वर्ष १०, पृ. २७) मा प्रकाशित छ । यस लेखमा वरालले प्रारम्भिक अवस्थामा प्रकाशित (नेपाली उपन्यासको प्रकाशन) कतिपय नेपाली उपन्यास र उपन्यासकारलाई पश्चगामी चिन्तन बोकेका उपन्यासकार भनेर आलोचना गरेका छन् । उनले मिथकीय, सामाजिक उपन्यासलाइ सफल उपन्यास मानेका छैनन् । उनले प्रगतिवादी चिन्तन भएका सामाजिक धरातलमा उभिएका उपन्यासलाई सफल उपन्यास र उपन्यासकारलाई सफल उपन्यासकार मानेका छन् । सफल उपन्यास र उपन्यासकारका रूपमा 'कामरेड हुतराज राजधानी प्रस्थान', 'अमर बस्ती' जस्ता उपन्यासहरूका स्रष्टाको नाम लिनु सर्वथा उचित देखा पर्दछ[३२] भनेर उपन्यासमा नितान्त प्रगतिवादी र नेपाली समाजको चित्रणको अपेक्षा राखेका छन् ।

## ४.८.३. डा. दयाराम श्रेष्ठका समालोचनात्मक कृति

समालोचक डा. दयाराम श्रेष्ठका जम्मा २ वटा समालोचनात्मक कृतिहरू 'दायित्व' मा प्रकाशित छन् । जसमध्ये पहिलो 'नेपाली कथाको यथार्थवादी धारा' (वर्ष ११, पृ. २९) हो । यसमा श्रेष्ठले नेपाली कथामा यथार्थवाद विभिन्न कारणबाट प्रवेश गरेको थियो भन्दै यथार्थवाद सुरू भएपछि कथाकारहरूका विषयवस्तुमा आधारहीन कल्पनाको सट्टा सार्थक कल्पना, अतिभावुकतापूर्ण अभिव्यक्तिको सट्टा मानवीय संवेगहरूको स्वाभाविक प्रस्तुति, पलायन भावको सट्टा समानुभूति र हार्दिक भाव तथा किंवदन्तीमा आधारित इतरलोकका स्वर्गीय अनुभूतिको सट्टा आफूले स्वयम् प्रत्यक्ष अनुभव गरेका, भोगेका वा देखेका मानिसका पतन र दुर्नियति, कष्ट, दुःख, पीडा र व्यथाको कथा जस्ता यथार्थमा आधारित मूल्यहरू देखिन थालेको कुरा अभिव्यक्त भएको छ । यस सन्दर्भमा कथाकारहरू व्यक्तिमन तथा सामाजिक सत्यतर्फ पूरै प्रवृत्त हुँदैजाँदा सामाजिक यथार्थवादी, मनोविज्ञानवादी र प्रगतिवादी कथाहरू जन्मदै गएको कुरा उल्लेख गरिएको छ । फ्रायड र मार्क्सका साथै अन्य पाश्चात्य दर्शन एवम् विचारधारालाई समेत संस्कृति सापेक्ष आत्मसात गरेर यस धाराले व्यक्ति, व्यक्ति-मन, समाज र सामाजिक व्यवस्था वारे पाठकमा बोध गराउने उद्देश्य राखेको हो भनिएको छ । त्यसैगरी उनको दोस्रो व्यक्तिसमीक्षात्मक लेख 'कथाकार शङ्कर कोइराला' (वर्ष १५ पृ. ४१) मा सामाजिक कुरीतिका विरुद्ध आवाज दिने कथाकार शङ्कर कोइरालाले सय भन्दा बढी कथा प्रकाशित गराए पनि उनका थोरै मात्र कथाले सफलता पाएको चर्चा गर्दै उनका कथाको संरचना कमजोर र विषय एवम् शैली विविधतापूर्ण हुन्छ भनिएको छ ।

---

३१. डा. तारानाथ शर्मा, **दायित्वको यात्रा विशेषाङ्कलाई हेर्दा**, दायित्व (वर्ष १२ पृ. ३२) २०५५, पृ. ३
३२. डा. ऋषिराज वराल, **नेपाली उपन्यामा सामाजिक चिन्तन**, दायित्व (वर्ष १० पृ.२७) २०५३, पृ. २३

यथार्थवादी नेपाली कथाधाराबाट पृथक गर्न नसकिने शङ्कर कोइरालाका कथामा तीव्र समाजबोध व्यक्त हुने कुरा पनि औंल्याइएको छ ।

समग्रमा के भन्न सकिन्छ भने डा. श्रेष्ठका यी २ समालोचनाले विशेषतः नेपाली कथाको यथार्थवादी धारालाई केलाउँदै शङ्कर कोइरालाको कथाकारिताका प्राप्ति र अप्राप्तिको निर्क्योल गरेका छन् ।

## ४.८.४ प्रा. गोपीकृष्ण शर्माका समालोचनात्मक कृति

समालोचक प्रा. गोपीकृष्ण शर्माका जम्मा ८ वटा समालोचनात्मक लेखहरू **दायित्व**मा प्रकाशित छन् । जसमध्ये प्रथम 'कुन्जिनी' खण्डकाव्यमा वस्तुसंयोजन' (वर्ष २, अं. ५) मा महाकवि लक्ष्मीप्रसाद देवकोटाको प्रबन्धकाव्य 'कुन्जिनी'मा संयोजित वस्तुको चर्चा गरिएको छ । कुन्जिनीमा प्रयोजनपरक पात्र, ग्रामीण परिवेश र प्राकृतिक वातावरणको पृष्ठभूमिमा अमर प्रेमको सन्देशलाई विभिन्न घुम्ति र मोडहरूबाट खारेर कञ्चन पार्ने प्रयास गरिएको कुरा उल्लेख गर्दै यस लेखमा शर्माले प्रकृति र प्रेमको अन्योन्याश्रित सम्बन्धबाट केन्द्रीय कथ्य 'अमर प्रेम' को पुष्टि गरेको कुरा औंल्याएका छन् । त्यसरी नै 'रम्भापानी खण्डकाव्य' (वर्ष ३, अं. ७) मा पाल्पाका प्रगतिवादी साहित्यकारको 'रम्भापानी' खण्डकाव्यमा पाल्पाको एक धार्मिकस्थलको सांस्कृतिक मूल्यबारे चर्चा गरिएको छ भनिएको छ । धर्मलाई अन्धपरम्परामा होइन जीवनवादी दृष्टिले हेर्नुपर्छ र कर्मयोगी बन्नुपर्छ भन्ने सन्देश बोकेको 'रम्भापानी'ले प्रगतिवादी चिन्तन बोकेको निर्क्योल गरिएको छ । त्यस्तै 'आस्थाका आयामभित्रका कृष्णप्रसाद पराजुली' (वर्ष ४, अं. १३) मा 'कृष्णप्रसाद पराजुलीः आस्थाका आयाम' ग्रन्थको परिचयात्मक समीक्षा गर्दै यस ग्रन्थमा कृष्णप्रसाद पराजुलीको बहुआयामिक व्यक्तित्व समेटिएको कुरा उल्लेख गरिएको छ । त्यसैगरी 'धर्तीको सुसेली नियाल्दा' (वर्ष ५, पृ. १५) मा कवयित्री बाबा बस्नेतको कवितासङ्ग्रह 'धर्तीको सुसेली' मा देश निमार्णका कुरा आएपनि कलात्मकताको कमी औंल्याएका छन् । त्यसैगरी '**दायित्व**का कविता हेर्दा' (वर्ष ६, पृ. १७) मा **दायित्व**का सोह्रौं अङ्कसम्म प्रकाशित कविताहरूको सङ्क्षिप्त चर्चा परिचर्चा गर्दै तत् अङ्कसम्ममा **दायित्व**मा विविध लय र भावका प्रतिष्ठित र नवोदित कवि प्रतिभाका कविताहरू समावेश भएको चर्चा गरिएको छ । त्यसैगरी 'इन्द्रबहादुर राईको सँगालो पहाड र खोला माथि नियाल्दा' (वर्ष ७, पृ. २१) मा इन्द्रबहादुर राईको कथासङ्ग्रह 'पहाड र खोला' को समीक्षा गरिएको छ । यस कृतिमा विधाभञ्जन र विधामिश्रण गरी खिचडी जस्तो बनाइएको छ भन्दै शर्माले यसलाई दार्जीलिङको सेरोफेरोमा उभिएको सङग्रह भनेका छन् । यस सङ्ग्रहमा समाज-संस्कृति, साहित्य र साहित्यकार, नेपाली जातीसँगको दार्जीलिङको तादात्मीकरण एवम् धर्म र दर्शन सम्बन्धी कथाहरू भएको चर्चा गरिएको छ । निष्कर्षतः 'पहाड र खोला' कृति सूक्ष्म समाज निरीक्षण, वैचारिक प्रौढता र मौलिक गद्यशैलीयुक्त गहकिलो संकलनको रूपमा प्रस्तुत भएको कुरा औंल्याइएको छ । त्यसैगरी '**हत्याराः शान्ति र सिर्जनाका**मा कथाकार शङ्कर कोइराला' (वर्ष १५, पृ. ४१) शीर्षककोको समीक्षात्मक लेखमा शङ्कर कोइरालाको कथासङ्ग्रह 'हत्याराः शान्ति र सिर्जनाका'को विश्लेषण गरिएको छ । यस लेखमा शर्माले सो सङग्रहमा जम्मा ३ कथा मात्र संगृहीत भएका र ती कथाहरूले यथार्थवादी धारा र शैलीको प्रतिनिधित्व गरेको भए पनि वस्तु संयोजन कमजोर भई कालजयी हुन नसकेको तथ्य खुलाएका छन् । त्यसैगरी अन्तिम समीक्षात्मक लेख '**दायित्व**को साहित्यिक यात्राः स्वर्ण अङ्क सम्म' (वर्ष १८ पृ ५०) मा 'दायित्व' पत्रिकाको प्रकाशन इतिहास कोट्याउँदै यसमा विविध विधाका रचना समावेश भएको, समय समयमा विविध विशेषाङ्क प्रकाशन गरेको र विविध प्रकारका समस्याहरू

झेल्दै भएपनि जनस्तरबाट जन्मेर स्वर्णअङ्क पार गरेर **दायित्व**ले साहित्यिक स्थिरता र मूल्य दुवै प्राप्त गरेको कुरा उल्लेख गरेका छन् । यस क्रममा पदीय दायित्व फेरबदल हुँदै भएपनि यो पत्रिकालाई यहाँ सम्म ल्याइपुऱ्याउन प्रयासरत व्यक्तित्वहरूप्रति पनि सह्राना गरिएको छ ।

यसप्रकार गोपीकृष्ण शर्माका **दायित्व**मा प्रकाशित समीक्षात्मक लेखहरूले समालोचनाको क्षेत्रमा अग्रगति दिएको प्रष्ट छ अर्थात भनौं **दायित्व**मा गोपीकृष्ण शर्माका जम्मा ८ वटा गुणग्राही समालोचना प्रकाशित छन् ।

## ४.८.५ प्रा. घटराज भट्टराईका समालोचनात्मक कृति

समालोचक घटराज भट्टराईका जम्मा ३ वटा समालोचनात्मक कृति 'दायित्व' मा प्रकाशित छन् । जसमध्ये पहिलो समीक्षात्मक टिप्पणी 'कथाको चिनारी' (वर्ष ११, पृ. २९) मा कथा विधाको चिनारी दिँदै कथा आख्यान विधाको एक रूप भएको, विषय, पात्र-चरित्र, उद्देश्य, घटना, भावशैली जस्ता तत्वहरू आधारभूत तत्व भएको, छोटो, मनोरञ्जन, शिक्षा, ज्ञान र कलाको गद्यरूप हो, विषयवस्तु भने जेपनि हुनसक्छ भनिएको छ । त्यस्तै 'सहायता लघु-उपन्यास पढ्दा' (वर्ष १५, पृ. ४१) मा शङ्कर कोइरालाद्वारा लिखित 'सहायता' उपन्यासमाथिका आफ्ना भाव व्यक्त भएका छन् । यस लेखमा शङ्कर कोइरालाका कृतिमा प्रगतिवाद, अस्तित्ववाद, प्रकृतिवाद, स्वच्छन्दतावाद जस्ता पश्चिमी हावाले ल्याएका वादहरूको विवाद गर्नु नपर्ने धारणा राख्दै 'सहायता' उपन्यास आकार प्रकारले लघु भएपनि नेपाली जीवनको मार्मिक, संवेदनशील र कारुणिक पक्षलाई साहित्यिक र कलात्मक रूपले अभिव्यक्त दिन सफल छ भनिएको छ । त्यस्तै 'नेपाली कथाको माध्यामिक कालमा' (वर्ष १८, पृ. ५०) मा नेपाली कथाको माध्यामिक कालमा गोरखापत्र एवम् अन्य पत्रिकामा प्रकाशित कथाहरूको विवरण प्रस्तुत गर्दै माध्यमिककालीन नेपाली कथाको प्रवृति औँल्याइएको छ । माध्यमिककालीन कथाहरू अनिश्चित स्वरूपका, रूपान्तरित, धार्मिक, काल्पनिक र आध्यात्मिक विषयवस्तुका, नारीलाई वासनाको पुतली ठानिएका, स्थूल वर्णनका, औपदेशिक र मनोरञ्जनप्रधान रहेका थिए भन्ने यथार्थ प्रस्तुत गरिएको छ । त्यस्तै भएपनि कथाको आधार भने बनेको धारणा व्यक्त गरिएको छ ।

यसरी **दायित्व**मा समावेश भएका भट्टाराईका समालोचनात्मक लेखहरूले गुण - दोषको निराकरण गर्दै प्राप्ति र अप्राप्तिको निर्णय दिएका छन् । खोज र अनुसन्धानपरक प्रस्तुतिले भट्टाराईका यहाँ समावेश समीक्षात्मक लेखहरूलाई स्तरीयता प्रदान गरेका छन् ।

## ४.८.६ प्रा. रामप्रसाद दाहालका समालोचनात्मक कृति

डिल्लीबजार कन्या क्याम्पसका प्रमुख समेत रहेका राप्रसाद दाहालका जम्मा ६ वटा समीक्षात्मक लेखहरू **दायित्व**मा प्रकाशित छन् । जसमध्ये पहिलो 'कथाकारको रूपमा कोइराला र 'दोषी चश्मा' कथा' (वर्ष ३, अङ्क ७) मा कथाकार विश्वेश्वरप्रसाद कोइरालाले कथामा फ्रायडको मनोविश्लेषण, कामुको आस्तित्ववादी चित्रण र चेखबको शैलीलाई समेटेको कुरा उल्लेख गर्दै 'दोषी चश्मा' कथा सङ्ग्रहमा सङगृहीत कथाहरू मनोविश्लेषणात्मक, असामान्य मनोविश्लेणको विश्लेषक र साहित्यिक कलात्मकतायुक्त भएको निर्क्यौल गरिएको छ । त्यस्तै 'हाँस्यव्यङ्ग्य फाँटमा अर्याल र पिंडाली' (वर्ष ३ अङ्क ९) मा हास्यव्यङ्ग्यकार भैरव अर्याल र केशवराज पिंडालीबीच तुलनात्मक अध्ययन गर्दै अर्याल राजनैतिक सामाजिक विकृति र कमजोरीलाई औँल्याउदै विशेष गहिरिएर चिरफार

गर्न सिपालु छन् र पिंडाली प्रशङ्ग बुन्न सिपालु छन् भन्दै व्यक्ति विशेष र समाज भित्रका कुसंस्कार प्रतिको व्यङ्ग्य दुवैमा रहेको साझा गुण भएको कुरा औंल्याइएको छ । त्यस्तै '**दायित्व** पछाडि फर्केर नियाल्दा' (वर्ष ९, पू. २५) मा 'दायित्व' पत्रिकाका २४ अङ्कसम्म प्रकाशित रचनाहरूमाथि दृष्टि दौडाएका छन् । यस क्रममा दाहालले **दायित्व**मा प्रकाशित कथा, कविता, निबन्ध, यात्रा-साहित्य, समालोचना, अन्तर्वार्ता आदि प्रकाशित भएको र सबै विधाका वरिष्ठदेखि कनिष्ठ सम्मका सर्जकहरूले ठाँउ पाएको अनि ती प्राय जसो स्तरीय नै रहेको ठहर गरेका छन् र अन्त्यमा सन्देशमुलक र जीजिविषालाई चित्रण गरिएको रचनाको निरन्तर अपेक्षा राखेका छन् । त्यसरी नै 'कथालाई केही शब्दमा चिनाउन खोज्दा' (वर्ष ११, पू. २९) मा कथाको परिचयात्मक चिनारी प्रस्तुत गरिएको छ र 'गद्य शैलीमा लेखिएको जीवन-जगतको कुनै एक पक्ष वस्तु, व्यक्ति, स्थिति, परिस्थिति सङ्गठनलाई चित्रण गरिएको पात्रको माध्यमद्वारा पाठकको मनलाई आन्दोलित र चिन्तनशील बनाइरहने कलात्मक प्रस्तुति भएको साहित्यिक विधा नै आधुनिक कथा हो[३३] भनेर कथाको परिभाषिकरण गर्ने काम भएको छ । त्यस्तै 'प्रगतिवादी परमपरामै नमूना कृति' (वर्ष १४, पू. ३७) मा हृदयसिंह प्रधानको 'एक चिहान' उपन्यासको विश्लेषण गर्दै **एक चिहान** उपन्यासको कथावस्तुमा किसानहरूको दयनीय अवस्थामा साहु, तल्सिङ्हरूको अन्याय, अत्याचार, आधुनिकताको मुकुण्डो भिरेका विद्वानहरूको यौन भोक, कर्तुतहरू लगायत मानवताका कपटी रूप र अरौटे भरौटेको रूपलाई उदाङ्गो पार्दै राष्ट्रिय एकता कायम गर्न र साम्प्रदायिकताको अन्त्य गर्न प्रेरित गरेको छ भनिएको छ । यसले नै नेपाली प्रगतिवादी धारमा कहिल्यै नओइलाउने फूलको काम गरेको कुरातर्फ इङ्गित गरिएको छ । त्यसैगरी 'दोसाँघ उपन्यासलाई खोतल्दा' (वर्ष १५, पू. ४१) मा शङ्कर कोइरालाको उपन्यास 'दोसाँध' माथि समालोचनात्मक दृष्टि प्रस्तुत गरिएको छ । शङ्कर कोइरालाका मनमा उठेका ज्वारभाटाहरू मध्ये एउटा फिलुङ्गोको रूपमा **दोसाँध** उपन्यासलाई लिँदै यो उपन्यास व्यवहार-नीति, सेवा-नीति र कुटनीति भन्दा साहित्यको काल्पनिक क्षितिजमा केन्द्रित रहेको जनाएका छन् । भावप्रधान दोसाँध उपन्यास वर्णनात्मक, सरल शैली, गाँउदेखि शहरसम्मको परिवेश र काठमाण्डौका मध्यमवर्गीय समाजको यथार्थ चित्रणयुक्त छ भनिएको छ । नारी मनस्थिति र यौनजन्य प्रवृत्तिका साथै भावुकता र विद्रोहात्मक स्वरको करुणात्मक प्रस्तुतिको रूपमा **दोसाँध**लाई औंल्याइएको छ । त्यस्तै 'इतिहासको सेरोफेरोमा नेपाली यात्रा साहित्य' (वर्ष १८, पू. ५०) मा उत्सुकता र खोजको चाहनामा जन्मने यात्रासाहित्यको सुरूवात राजा गगनीरानको यात्रा (१५५०) बाट सुरू भई हालसम्ममा एक महत्वपूर्ण साहित्यिक विधा कै रूपमा अगाडि आएको चर्चा गरिएको छ । यस लेखमा यात्रासाहित्यले एक किसिमको चिन्तन, अनुभूति र ज्ञानकै सेरोफेरोमा वर्तमानको विशेषता बोकेर आएका हुन्छन् भन्दै दाहालले माया, स्नेह, सभ्यता र संस्कृतिको पहिचान र प्रशङ्गमा यात्रासाहित्य बगिरहेको निचोड प्रस्तुत गरेका छन् ।

रामप्रसाद दाहालका उपर्युक्त समालोचना हेर्दा तीनमा नेपाली साहित्यका विविध विधा र साहित्यकारका कृतिहरूको साहित्यिक मूल्य निरूपण गरिएका छन् । यी समीक्षात्मक लेखले कतै विधा चिन्तन त कतै विधागत ऐतिहासिक खोज अनि कतै कृति र कृतिकारगत मूल्य मान्यता केलाउँदै तिनका विशेषता र प्राप्ति-अप्राप्तिको निचोड प्रस्तुत गरेका छन् ।

---

३३. रामप्रसाद दाहाल, **कथालाई केही शब्दमा चिनाउन खोज्दा**, दायित्व (वर्ष ११, पू. २९) २०४५, पृ.७२

## ४.८.७ डा. तुलसी भट्टराईका समालोचनात्मक कृति

समालोचक डा. तुलसी भट्टराईका जम्मा ६ वटा समालोचनात्मक लेखहरू 'दायित्व' का विभिन्न अङ्कमा प्रकाशित छन् । त्यसमा पहिलो समीक्षात्मक लेख 'प्रगतिमूलक साहित्यः संक्षिप्त विवेचना' (वर्ष ३, अङ्क ९) मा जीवनका आवश्यकीय केन्द्रमा मानवतावादलाई प्रतिष्ठापित गर्दै हिड्ने साहित्यलाई प्रगतिमूलक साहित्यको घेराभित्र राख्दै प्रगतिवादी साहित्यले शोषण, अन्याय, उत्पीडन एवम् अमानवीय व्यवहारबाट ग्रस्त व्यक्ति र पक्षको मुक्तिका लागि सहायता दिनुपर्ने र सो कार्यबाट एउटा नयाँ समाजको निर्माण एवम् संशोधित संस्कृतिको स्थापना हुनपर्ने धारणा राखिएको छ । त्यस्तै 'कवि तूफानको 'सिपाहीको चिट्ठीबाटः केही शब्द' (वर्ष ५, पू. १६) मा रमेश तूफानका ३५ वटा कविताको सँगालो 'सिपाहीको चिट्ठीबाट' मा व्यक्तिमनका निराशा, कुण्ठा, घृणा, विवशता, बाध्यतादेखि लिएर राष्ट्र र समाजप्रतिको चिन्ता जस्ता यावत् बिषय पाइने कुरा उल्लेख गरिएको छ । यसरी नै 'दायित्वः दयित्व हो' (वर्ष ६ पू. १७) मा **दायित्व**का १६ आँ अङ्कसम्म प्रकाशित सबै लेख-निबन्ध एवम् समालोचना मात्र सरसर्ति हेरी मूल्याङ्कन गरी राम्रा मध्ये 'महाकवि निरालाः व्यक्तित्व र कृतित्व', 'विदाको दिन' र 'महाकवि देवकोटा र उनको मुनामदन' छानिएको कुरा स्पष्ट पारिएको छ । त्यस्तै 'वि.पी.-साहित्यमा नारी पात्र (वर्ष १४, पू. ३८) मा भट्टाराईले वि.पी. का रचनामा नारी जागृति र स्वतनत्रता साथै नारी अस्मिताको स्वतन्त्र अभिव्यक्ति भएको कुरा औंल्याएका छन् । यसमा वि.पी. का कृतिहरू नारी चरित्र, नारी अस्मिता र नारी अहं उच्च राख्ने सन्देश र विचारले भरिएका छन् भन्दै वि.पी. ले आफ्ना रचनाद्वारा सम्पूर्ण नारी समाजको आदर सम्मान गर्दै नारीलाई स्वतन्त्र, सबल र स्वाभिमानी भई बाँच्ने सन्देश दिनु भएको निर्क्यौल पनि गरेका छन् । त्यसै गरी '**आँसुको खहरे** मा बग्ने प्रयास (वर्ष १५, पू. ४१) मा शङ्कर कोइरालाको 'आँसुको खहरे ( २०३५) उपन्यासको विश्लेषण गरिएको छ । शङ्कर कोइरालाका अरू उपन्यास जस्तै यो उपन्यास पनि आञ्चलिक बनेको छ भन्दै प्रारम्भदेखि अन्त्यसम्म नै गाँउ र गाँउलेलाई कसरी साक्षर बनाउने भन्ने उद्देश्यमा दौडिएकोले यो उपन्यास एक प्रकार शिक्षा प्रचार कै निम्ति लेखिएको अनुभूत पनि गर्न पुगेका छन् । मास्टर यदुकान्त खहरेका खोचमा परेर 'आँसुको खहरे' भएको यो उपन्यासलाई सानो (६० पृष्टको) तर निकै गहकिलो कृतिका रूपमा भट्टराईले हेरेका छन् । त्यसै गरी 'सिक्किमको छोटो साहित्यिक यात्रा' (वर्ष १८, पू. ५०) मा भट्टराईले भारतीय भूमि सिक्किमको नेपाली साहित्यको ऐतिहासिक रूपरेखाको संक्षिप्त संकेत प्रस्तुत गर्दै खोजमूलक अभिव्यक्ति दिएका छन् । यस लेखमा हालसम्म प्राप्त जानकारी अनुसार 'पुलिसका कर्मचारीका पथप्रदर्शक' (सन्-१९२७) बाट सुरू भएको नेपाली भाषाको पुस्तक प्रकाशन यात्रामा तुलसीबहादुर क्षेत्रीको 'फूलबारी साहित्य परिषद्' (सन् १९४८) नामक संस्थाको संकलन 'इन्द्रकील पुष्पाञ्जली' (सन् १९५०), काशीराज प्रधानको सक्रियतामा प्रकाशित पत्रिका 'कञ्चनजङ्घा' (सन् १९५६), स्व. कवि सन्तवीर लिम्बु (प्रथम सिक्किममेली कवि), तुलसीराम कश्यपका कवितासङ्ग्रह, खण्डकाव्य र महाकाव्य, नरबहादुर भण्डारीको 'हाम्रो पुकार' पत्रिका, पवन चाम्लिङका कविता-काव्य, केदार गुरुङ सम्पादित पत्रिका 'स्रष्टा', सोनु लामा, सानुमाई शर्मा, घनश्याम नेपाल, पूर्ण राई, शिव प्रधान आदि हुँदै सुधा शर्मा, वेदनिधि राई आदिसम्म आइपुग्दा नेपाली साहित्यलाई महत्वपूर्ण योगदान पुगेको कुरा उल्लेख गरिएको छ ।

यी समग्र विश्लेषणबाट के स्पष्ट हुन्छ भने **दायित्व**मा समावेश भएका डा. तुलसी भट्टराईका समालेचनात्मक लेखहरूले नेपाली साहित्यका विविध पक्षको विश्लेषण गर्ने काम गरेका छन् । उनका यी लेखहरूले नेपाली साहित्यका विविध विधाको सैद्धान्तिक परिचय,

कतिपय कृतिको विश्लेषण र सिक्किमको नेपाली साहित्यको विकास-चर्चा सम्मको अनुसन्धान र खोज गरेका छन् ।

## ४.८.८ ठाकुर शर्माका समालोचनात्मक कृति

समीक्षक ठाकुर शर्माका जम्मा १२ वटा समीक्षात्मक कृति **दायित्व**मा प्रकाशित छन् । जसमध्ये पहिलो 'रिडी र राँची (हाँस्दै-रुँदै)' (वर्ष ६, पृ. १८) टुकराज मिश्रको उपन्यास 'रिडी र राँची (हाँस्दै-रुँदै)' (२०४८) का बारेमा गरिएको समालोचनात्मक लेख हो । यसमा शर्माले उपन्यासलाई एक सशक्त ऐतिहासिक उपन्यसका रूपमा हेर्दै यस कृतिमा नेपालका राणा शासनको बेला जनशक्ति एकातिर, सञ्चालन गर्ने शक्ति अर्कातिर र देशको साँचो शासक निष्कृय रहेकोले त्यस बेला जनताले आफ्ना कुरा आफ्ना मालिकलाई सुनाउन नपाउने स्थितिको चित्रण गरिएको छ भन्ने निचोड निकालेका छन् । त्यसैगरी 'विभिन्न तीन कृतिमाथि संक्षिप्त टिप्पणी' (वर्ष १३, पृ. ३४) मा ध.च. गोतामेको 'संज्ञा सर्वनाम' (२०५४) कृतिमा समाजमा भएका विभिन्न कुरीति, कुसंस्कार, विकृति, अन्याय र विसङ्गतिलाई देखाई त्यसलाई हटाउने प्रयासतिर अग्रसर भएका २१ वटा निबन्ध सङ्ग्रहित भएको , 'संस्कृति संरक्षण-केही लेख-केही विचार' (२०५५) मा डा.गोविन्द टण्डनका वि. सं. २०५४ भाद्रदेखि २०५५ पौषसम्म पाक्षिक रूपमा कान्तिपुर दैनिकमा प्रकाशित ऐतिहासिक स्थल, सांस्कृतिक स्थल, धार्मिक स्थल र देशका राष्ट्रिय सम्पदाहरूको विषयमा लेखिएका लेखहरूको संकलन भएको र श्यामप्रसाद शर्माको 'प्रकृति' कथा संग्रह (२०५५) मा परिष्कृत, सरल र जीवन्त कथाहरू संकलित भएको कुरा दर्शाएका छन् । त्यसरी नै 'विभिन्न तीन कृतिमाथि तेस्रो दृष्टि' (वर्ष १४ पृ. ३७) मा उत्तमकृष्ण मजगैयाँको वादी समुदायको कथावस्तुलाई समेटेर अनुष्टुप छन्दका आठ सर्गमा लेखिएको 'अपराजित' (२०५६) खण्डकाव्य र आफू बाँचेको समय, परिवेश, राष्ट्र र राजनीतिमा देखा परेका विकृति, विसङ्गति, विरोधाभास र भाँडभैलोलाई थिल्थिल्याएर प्रहार गर्ने प्रकृतिका ४० कविताको सङ्ग्रह 'तिमी नरहे देश डुब्न्याछ' (२०५६ पुस) एवम् नारयण गोदारेका साना, मीठा, सरल, मुटु छुने भनाई र कतै व्यङ्ग्यविद्रोह झल्किने खालका १५ कथाहरूको सङ्ग्रह 'देवघाट' (२०५६) को चर्चा गरिएको छ । त्यस्तै 'विभिन्न तीन कृतिमाथि तेस्रो दृष्टि (वर्ष १४ पृ. ३८) शीर्षक मै लेखिएको शर्माको अर्को समीक्षात्मक लेखमा कृष्ण बाउसे (कृष्णप्रसाद दुलाल) का सरलताको धरातलमा उभिएर पारस्परिक शिष्टतालाई अँगाल्दै मानवताको चिन्तन र जीवनदायिनी स्वरका ६६ कविताको सङ्ग्रह 'यस्तो उद्घोष गर्छु' (२०५६), आर.एम. डंगोलको मानवीय जीवनदर्शन, लेखकीय मूल्य र पाठकीय अन्तर्चेतना एउटै धागामा बाँधिएका ४१ वटा गद्य कविताको सङ्ग्रह 'राशीफल हेहिरहेको मान्छे' (२०५६) एवम् चन्द्रमणि प्रसाईंको पूर्वीय संस्कृति परम्परा र हिन्दु धर्मको सूक्ष्मत्तम दृष्टिकोणमा आधारित हुँदै तत्समवहुल भाषमा लेखिएका २७ निबन्धहरूको सङ्ग्रह 'सुक्ष्म तरङ्ग' (२०४८) को बारेमा संक्षिप्त चर्चा गरिएको छ । त्यसैगरी 'दुई कृतिमाथि दृष्टि दिँदा' (वर्ष १५, पृ. ४०) मा कवि कृष्ण प्रधानको श्रृङ्खलाबद्ध कवितासङ्ग्रह 'पानीका जलक्रीडा' र अनुजा घिमिरेका इतिहासमा कैयाँको प्रेरणा, मार्गदर्शन, आशिर्वाद, स्नेह, वात्सल्य, ममता र मायाको मसीको रङ्गयुक्त कविताहरूको सङ्ग्रह 'अर्थात' को चर्चा गरेका छन् । त्यस्तै 'शङ्कर कोइराला र उनको 'शीला' (वर्ष १५ पृ. ४१) शीर्षक समालोचनात्मक लेखमा शङ्कर कोइरालाद्वारा लिखित १८ अनुच्छेदमा संरचित यथार्थवादी उपन्यास 'शीला(२०४७)' ले २०४६ सालको जनआन्दोलनको यथार्थ प्रस्तुति गरेको कुरा औँल्याइएको छ । त्यसैगरी 'दुई कविका महत्वपूर्ण दुई कृतिः समीक्षात्मक दृष्टि' (वर्ष १६, पृ. ४२) शीर्षकको कृतिसमीक्षात्मक लेखमा कवि राधेश्याम भट्टराईको 'मेरो देश मेरै सपना'(२०५७) शीर्षकको

छन्दोबद्ध ४८ वटा कविताहरूको सङ्ग्रहमा सम्पूर्ण मानवजीवन समेट्न खोज्दाखोज्दै पनि आफ्नै सेरोफेरोमा घुमे जस्तो, सम्पूर्ण धर्तीलाई समेट्न खोज्दाखोज्दै पनि आफ्नो राष्ट्रप्रति सचेत रहेर आफ्नै सेरोफेरो, आफ्नै माटो, पहाड, वनजङ्गल, वनस्पति, हिमशिखर, चराचुरुङ्गी बोलेको अनुभव हुनुको साथै जीवनप्रतिको सचेतता, नेपाली समाजको विसङ्गति, विकृतिप्रति चिन्ता व्यक्त भएको र कवि भुवन हरि सिग्देको वार्णिक छन्दमा रचित खण्डकाव्य 'कुलबहादुर' (२०५८) मा एक गरीबको व्यथा बोलिएको ठहर गरिएको छ । त्यस्तै 'राष्ट्र निर्माणका केही प्रमुख प्रस्तावित उपायहरूको सम्बन्धमा' (वर्ष १६, पृ. ४४) शीर्षकले लेखमा सुदर्शन आचार्य द्वारा लिखित 'राष्ट्र निर्माणका केही प्रस्तावित उपायहरू' (२०५८) कृति देशको राजनैतिक विकास र आर्थिक निकास दिन तम्सेको भावभूमि लिएर आएको साहित्येत्तर कृति हो भनिएको छ । त्यस्तै 'चतुष्कोण भित्रका चार कृतिलाई हेर्दा' (वर्ष १७, पृ. ४५) शीर्षक लेखभित्र जम्मा चार वटा कृतिको समीक्षात्मक चर्चा गरिएको छ । यस क्रममा सिद्धहस्त कवि रमेश खकुरेलको महाकाव्य 'स्रग्धरा' (२०५९), श्रीकृष्ण गौतमको अनुसन्धानात्मक १७ वटा निबन्धहरूको सङ्ग्रह 'तिमी बहिरी छौ र आमा' (२०५६) , युवराज शर्मा गौतमको अत्रीवंशीय इतिहासपूर्ण ज्ञानमाला 'अत्रीवंश सतक' शम्भुकुमार मिलनको ५६ वटा गजलहरूको सङ्ग्रह 'तिम्रो शहरभित्र' (२०५९) का बारेमा सङ्क्षिप्त दृष्टि राख्दै यी कृतिहरू आ-आफ्नो ठाँउमा स्तरीय नै रहेको ठहर शर्माको छ । त्यस्तै 'सृष्टि सुन्दर दृष्टिमा निबन्ध काव्यकारिता' (वर्ष १७, पृ. ४६) शीर्षक समीक्षात्मक लेखभित्र साहित्यकार भद्रकुमारी घलेको 'समय र दृष्टि' (२०५९) निबन्धसङ्ग्रहभित्र प्रयोजन, समय, सापेक्षता, आदर्श, नैतिकता आदि एउटा मानिसले अपनाउनु पर्ने कुरातर्फ प्रभावित २३ वटा निबन्ध संग्रहित भएको र अपरिचित अर्थात शिवबहादुर क्षेत्रीको 'जानकी शोकाञ्जली' करुणरसले भरिएको चर्चा गरिएको छ । त्यस्तै '**सीतायन** महाकाव्यको षष्ठ खण्डलाई अवलोकन गर्दा' (वर्ष १८, पृ. ४९) मा डा. रमेशचन्द्र अधिकारीद्वारा लेखनारम्भ गरिएको 'सीतायन' महाकाव्यको ३२२५ श्लोकयुक्त षष्ठ खण्ड 'सीतायन'को चर्चा गर्दै यो कार्य महान् भएको दावी गरिएको छ । त्यसैगरी शर्माको अन्तिम समीक्षात्मक लेख 'साहित्यिक पत्रकारिता, **दायित्व**सँगको संलग्नता र **दायित्व**भित्रका अन्तर्वार्ता' (वर्ष १८, पृ. ५०) मा 'दायित्व' पत्रिकामा प्रकाशित अन्तर्वार्ताहरूको विवरण प्रस्तुत गरिएको छ ।

यसप्रकार 'दायित्व' मा प्रकाशित ठाकुर शर्माका विविध खाले १२ वटा समीक्षा/समालोचनात्मक लेखहरू विविध प्रविधि अपनाएर लेखिएका छन् । कुनै लेखहरू कृतिमाथि आधारित भएर लेखिएका छन त कुनै कृतिकारमाथि आधारित भएर लेखिएका छन् । त्यसै गरी कृति-परिचयात्मक रूपमा र विवरणात्मक रूपमा आधारित लेख पनि छन् । समग्रमा के भन्न सकिन्छ भने ठाकुर शर्माका समालोचनात्मक सबै कृतिहरूले निर्णयात्मक मूल्यनिर्णय प्रस्तुत नगरे पनि अधिकांश लेखहरूले सम्बन्धित विधा र कृति अनि व्यक्तित्वको साहित्यिक प्राप्ति-अप्राप्ति केलाउँदै मूल्य निर्धारण गरेका छन् ।

## ४.८.९ राजेन्द्र सुवेदीका समालोचनात्मक कृति

नेपाली समालोचनाको प्रगतिवादी धारामा रहेर कलम चलाउने राजेन्द्र सुवेदीका जम्मा चार समालोचनात्मक कृति 'दायित्व' मा प्रकाशित छन् । जसमध्ये प्रथम 'यसमा पनि शाश्वतता छ कि श्रीमान्' (वर्ष ५, पृ. १६) मा साहित्यमा शाश्वतता हुनुपर्छ भन्दै साहित्यकार तथा समालोचकहरूलाई प्रगतिवादी चिन्तनका आधारमा प्रश्नोत्तरात्मक शैलीमा व्यङ्ग्य गर्दै शास्वतता देखाउने कार्य गरेका छन् । यसक्रममा हामी सबैको देश, जाति, धर्म, संस्कृति, सभ्यता, जीवनपद्धति र मूल्यमान्यता विचार र परम्परका पक्षहरू भएको शास्वततासँगै भोक पनि एक महत्वपुर्ण शास्वतता भएकोले वर्गीय विसङ्गतिको निराकरण

एक अत्युच्च शास्वतता हो । त्यसैले हामीले यसतर्फ सजग हुनुपर्छ भन्ने सैद्धान्तिक आह्वान पनि यस लेखमा छ । त्यस्तै 'कथाकार ध्रुवचन्द्र गौतम र उनको प्रतिनिधि कथाका प्राप्तिहरू' (वर्ष ७, पृ. २०) शीर्षक लेखमा कथाकार गौतमको कथासङ्ग्रह 'गौतमका प्रतिनिधि कथाहरू' (२०४४) सङ्ग्रहमा जम्मा २१ वटा कथाहरू सङ्ग्रहित भएको र ती कथाहरूले उपेक्षापूर्ण जीवन भोगाई, जीवनका जटिलताभित्र बाँच्नका निमित्त गरिने संघर्ष जस्ता विषयवस्तु समेट्दै यौनलाई पनि जीवनको एक पक्ष र जीवन एक उपेक्षित र हास्यास्पद तत्वको रूपमा प्रस्तुत गरिएको आंकलन गरिएको छ । त्यसैगरी यस सङ्ग्रहका कथाहरूले मानवीय जीवनका संवेदनका साथै राजनीति, समाज र संस्कृतिका सङ्क्रमणलाई प्रदर्शित गरेको निक्यौंल गरिएको छ । त्यस्तै 'नेपाली कथाको समकालिन सन्दर्भ' (वर्ष ११, पृ. २९) मा वर्तमान समयविन्दुका समलालीन कथाहरू स्वैरकल्पनात्मक मनोवादी, मनोवैज्ञानिक रूपवादी, आलोचनात्मक यथार्थवादी र समाजवादी यथार्थवादी धारबाट अगाडि बढिरहेको तथ्य प्रष्ट पारिएको छ । त्यसैगरी उनको अन्तिम समालोचनात्मक कृति 'शङ्कर कोइरालाको उपन्यास **श्रीमती हिरोइन**'(२०३३)मा २२ वटा अध्यायमा संरचित भएर भत्किँदो नेपाली संस्कृतिको उदाङ्गो रूप प्रस्तुत गर्दै तिनप्रति हास्यास्पद व्यङ्ग्य गरिएको टुङ्ग्याउनी भएको निक्यौंल निकालिएको छ । यसबाट हास्यव्यङ्ग्य आफैँमा एक विधा नभएको पुष्टि गरेको छ भन्दै हास्यव्यङ्ग्य त अन्तर्वार्तात्मक प्रस्तुतिकला मात्र हो भन्ने भनाई पनि राखिएको छ ।

यी सम्पूर्ण चर्चाबाट **दायित्व**मा समाविष्ट राजेन्द्र सुवेदीका समालोचनात्मक लेखहरूले नेपाली साहित्यका विविध विधा, कृति र व्यक्तित्वको मन्थन गरेका छन् । यी लेखहरू कतै कृतिका प्राप्ति-अप्राप्तिको पर्दाफास गर्न पुगेका छन् भने कतै साहित्यमा हुनुपर्ने प्रगतिमूलक भावधाराप्रतिको आग्रहमा केन्द्रित छन् ।

## ४.८.१० शिव रेग्मीका समालोचनात्मक कृति

समालोचक शिव रेग्मीका जम्मा चारवटा समीक्षात्मक कृति 'दायित्व' मा प्रकाशित छन् । प्रथम कृति '**शारदा**मा प्रकाशित लुकुवा नाम' (वर्ष ५, पृ. १५) मा नेपाली साहित्यिक पत्रिकाको इतिहासमा प्रतिष्ठित 'शारदा' पत्रिकामा तात्कालीन राजनैतिक परिवेशका कारण त्यसबेला विभिन्न साहित्यकर्मीहरूले छद्म नामबाट रचना प्रकाशन गराउँथे भन्ने तथ्य खुलाइको छ । त्यस्तै 'दुई दर्जन **दायित्व**को अनुशील' (वर्ष ९, पृ. २५) मा 'दायित्व' पत्रिकाका २४ औं अङ्कसम्मका रचनाहरूको सङ्क्षिप्त चर्चा गर्दै 'दायित्व' का सत्रौं र एक्काइसौं अङ्क महत्वपूर्ण रहेको र **दायित्व**मा समावेश भएका अन्तर्वार्ता, खोजमूलक निबन्ध र समालोचनारू र विविष्ट स्रष्टाका विशिष्ट रचनाहरूले 'दायित्व' लाई जीवन्त तुल्याएको सन्दर्भ उल्लेख गरिएको छ । त्यस्तै 'नेपाली कथा' (वर्ष १, पृ. २९) मा जनजीवनमा आइपर्ने अप्ठेरा, विसङ्गति अनि विकृतिले भरिएका परिवेश र परिस्थितिको सामना गर्दै सार्थक जीवन जिउने होडबाजी नै आजको वास्तविक कथा हो[३४] भन्दै छोटो लेख प्रस्तुत गरिएको छ । त्यस्तै 'विपिनदेव ढुङ्गेलको नछापिएको फूलको थुङ्गा' (वर्ष १८, पृ. ५०) मा विराटनगर निवासी विपिनदेव ढुङ्गेलको पुराना कविहरूका कविताहरू संकलन गरी प्रकाशन गर्ने योजना अनुरूप तयार भएको 'फूलको थुङ्गा' मा प्रकाशनार्थ तयार भएका कतिपय कवितारू सो कृति तयार हुनु अगावै प्रकाशन हुन थालेकोले 'फुलको थुङ्गा' नछापिइकन ओइलाएको खोजमुलक प्रस्तुति छ ।

---

३४. शिव रेग्मी, **नेपाली कथा**, दायित्व (वर्ष ११, पृ. २९) २०४५, पृ.७३

यसप्रकार ‘दायित्व’ मा प्रकाशित शिव रेग्मीका समीक्षात्मक लेखरूले नेपाली साहित्यमा त्यति चर्चा नआएका विषय वस्तुलाई टिपेर जनसमक्ष प्रस्तुत गरेका छन् । यसबाट के स्पष्ट हुन्छ भने शिव रेग्मीका विशेषतः खोजमूलक कृतिहरूले ‘दायित्व’ मा स्थान पाएका छन् ।

## ४.८.११ यादव भट्टराईका समालोचनात्मक कृति

समीक्षक तथा समालोचक यादव भट्टराईका जम्मा छ वटा समालोचनात्मक कृतिले ‘दायित्व’मा स्थान पाएका छन् । जसमा प्रथम ‘दुई कृतिमाथिको अन्तर्दृष्टि’ (वर्ष १६ पृ. ४२) मा लोकेन्द्रबहादुर चन्दको प्रकृतिचित्रण, मानवीय संवेदना, जीवनका विविध अनुभूतिहरू, वेदना, आशावादिता, ग्रामीण जीवनका झुल्काहरू, मानिस हुनुको सार, सामाजिक विषमता र मनका अभिलाषा जस्ता विषयवस्तु समेटिएका ७१ वटा गीतिलयका कविताहरूको सङ्ग्रहका रूपमा ‘सन्ध्यावली’(२०५८) र श्रीओम श्रेष्ठ ‘रोदन’को मानवीय संवेदना, नैतिक पतन, सामाजिक मूल्य र मान्यतामा ह्रास, साँस्कृतिक विचलन, धार्मिक आडम्बरले निम्त्याएको विषम परिस्थिति, राजनीतिक विकृतिप्रतिको व्यङ्ग्यजस्ता विविध विषयवस्तुका ४२ वटा लघुकथाहरूको सङ्ग्रहको रूपमा ‘आँखीझ्याल’(२०५८)लाई विश्लेषण गरेका छन् । त्यस्तै ‘दुई गजलसङ्ग्रहमा सामान्य दृष्टि’(वर्ष १६, पृ. ४४)मा रासाद्वारा सिर्जित ‘रात निदाएको रातमा’(२०५८) गजलसङ्ग्रहमा अक्षर र मात्रात्मक सन्तुलन एवम् गति र यतिमा सजग वैविध्यता र उक्तिवैचित्यपूर्ण नवीन बिम्ब र प्रतीकयुक्त ६८वटा गजलहरू समावेश भएको अनि काशीराम विरसद्वारा सिर्जित ‘स्पर्शका अनुभूति’(२०५८) गजलसङ्ग्रहमा गरिबी, राजनैतिक विचलन, विकृति, विसङ्गति आदि विषयमा लेखिएका सरल भाषाशैली, सहज अभिव्यक्ति र विषयवस्तुको संवेदनशीलतायुक्त ४५ गजलहरू भएको कुरा विवेचना गरिएको छ । त्यसैगरि ‘कृति चारः दृष्टि एक’ (वर्ष १७, पृ. ४५) मा कृष्णप्रसाद बस्यालको यात्रासंस्मरणात्मक बीसवटा रचनाहरूको सङ्ग्रह ‘आफ्नै यात्राः आफ्नै अनुभूति’, समालोचक युवराज मैनालीद्वारा जम्मा १० जना साहित्यकारका कृतिका बारेमा गरिएको समालोचनाहरूको सङ्ग्रह ‘केही प्रतिभाः केही प्रवृत्ति’, कवि रतनकुमार पाण्डेको गीति खण्डकाव्य ‘कार्गिल’ र इन्द्रकुमार श्रेष्ठ ‘सरित्’ द्वारा लिखित तोया गुरुङको समग्र व्यक्तित्वमाथि प्रकाश पार्ने ‘तोया गुरुङः अनुभूति र स्वीकारोक्तिमा’ शीर्षकको परिचयात्मक प्रबन्धको सङ्क्षिप्त परिचय दिइएको छ । त्यस्तै ‘सिर्जनाका दुई फूल’ (वर्ष १७, पृ. ४६) मा आफ्नै जन्मस्थल गुल्मीको पुरकोट बाँझकटेरी र त्यस वरपरका क्षेत्रका यात्रानुभूति समेटिएको कृतिको रूपमा सुब सेनको ‘चालिस वर्षपछि’ र पाँचवटा साहित्यिक, आठवटा समीक्षात्मक निबन्ध तथा साहित्येत्तर विषयका आठवटा निबन्धहरू समावेश गरी सरल, सहज भाषाशैली र गहन तथा जीवनमूलक अभिव्यक्तिले भरिएको कृतिको रूपमा कुलचन्द्र कोइरालाको ‘कुलचन्द्र कोइरालाका निबन्धहरू’को समीक्षात्मक परिचय दिइएको छ । त्यसैगरी ‘केही कृतिः परिचयात्मक अभिव्यक्ति’(वर्ष १८, पृ. ४९) मा शङ्कर कोइरालाको उपन्यास ‘फेरि शीला’(२०५८), घनश्याम राजकर्णिकारको यात्रासंस्मरणात्मक कृति ‘बौद्ध तीर्थयात्रा (नालन्ददेखि लुम्बिनीसम्म)’, चन्द्रमणि प्रसाईंको सुक्तिसङ्ग्रह ‘चिन्तन र आत्मप्रकाशन’, पं. टेकनाथ अधिकारीको संस्मरणसङ्ग्रह ‘जीवनवृत्त’, नव सापकोटाको कवितासङ्ग्रह ‘काव्यान्तर’, वसन्त सापकोटाको हास्यव्यङ्ग्य कवितासङ्ग्रह ‘नाङ्गो नाक’, ‘दुःखी महल’ तिम्सिनाको खण्डकाव्य ‘प्रेमोन्वयन’, बाछिटा (पुण्यप्रसाद आचार्य)को व्यङ्ग्य कवितासङ्ग्रह ‘भन्न मिल्दैन’, भूषण ढुङ्गेलको मुक्तकसङ्ग्रह ‘तिमीले लगेको मुटु’ र दुःखी महलकै ‘दुई गीतिकाव्यः आमा र नाङ्गिएको गन्धर्व’ जस्ता कृतिहरूमाथि परिचयात्मक समीक्षा गरिएको छ । त्यस्तै ‘कविताको सैद्धान्तिक चिनारी’ (वर्ष १८, पृ. ५०)मा पूर्वीय

तथा पाश्चात्य विद्वानहरूले दिएका कवितासम्बन्धी परिभाषाहरू उद्धृत गर्दै तिनीहरूबाट निष्कर्षस्वरूप 'कविता भनेका सजीव अनुभवहरूको लयात्मक वा साङ्गीतिक अभिव्यक्ति हो । अनुभूतिको वाह्य प्रकटीकरण हो र व्यक्तिगत विचार वा भावनात्मकतालाई सार्वजनिक गर्ने सहज माध्यम हो[३५] भन्ने निर्क्यौल गरेका छन् ।

यसप्रकार यादव भट्टराईका **दायित्व**मा समावेश समीक्षात्मक लेखहरूले प्रथमतः विभिन्न नवसिर्जनाहरूको परिचयात्मक विवरण दिने काम गरेका छन् भने दोस्रोमा साहित्यिक सिद्धान्तको खोजमूलक प्रस्तुति पनि गरेका छन् ।

### ४.८.१२ निष्कर्ष

'दायित्व'मा प्रकाशित समालोचनात्मक लेखहरू सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले महत्वपूर्ण स्थान राख्दछन् । नेपाली समालोचनाको समसामयिक लेखनका सन्दर्भमा 'दायित्व'ले पनि समालोचनाको गतिलाई अघि बढाउने भूमिका खेलेको देखिन्छ । यस पत्रिकामा प्रकाशित समालोचनात्मक कृतिहरूमा नेपाली भाषा र साहित्यसम्बन्धी विविध समस्याबारे समालोचकीय धारणा र आ-आफ्ना दृष्टि प्रस्तुत भएका छन् । समालोचनाका सन्दर्भमा कृतिपरक, सैद्धान्तिक, प्रगतिवादी साथै प्रभावपरक समालोचनाको अस्तित्व पनि यस पत्रिकामा देख्न पाइन्छ । समालोचनाको विषय पनि भाषिक कृति, कृतिकार अनि सिद्धान्त नै पनि देखिन्छ । दुईवटा समालोचना विशेषाङ्कका साथसाथै स्वर्णअङ्क अनुसन्धान विशेषका रूपमा प्रस्तुत गरेबाट पनि **दायित्व**ले समालोचनालाई उत्तरोत्तर प्रोत्साहित र स्तरीकरण गर्दै नेपाली समालोचनाको आधुनिक युगलाई दरिलो टेवा दिने काम गरेको कुरा प्रष्ट हुन्छ । यस सन्दर्भमा 'दायित्व'को योगदान नेपाली समालोचनाको विकासक्रमलाई अघि बढाउनमा अकाट्य रहेको कुरा छर्लङ्ग हुन्छ ।

## ४.९ नेपाली हास्यव्यङ्ग्यका क्षेत्रमा 'दायित्व'को योगदान

नेपाली साहित्यका विभिन्न विधामध्ये हास्यव्यङ्ग्य लोकप्रिय विधा बन्दैगएको छ । कथा, नाटक, कविता, उपन्यासजस्ता विविध विधामा अन्तर्विधात्मक भएर पनि हास्यव्यङ्ग्य आएको हुनसक्छ । यस दृष्टिले हेर्दा हास्यव्यङ्ग्यलाई बेग्लै विधाको शीर्षकमा राखेर विवेचना गर्नु त्यति औचित्यपूर्ण हुँदैन । तरपनि 'दायित्व'मा 'हास्यव्यङ्ग्य' नै भनेर प्रकाशित गरिएकोले तत् शीर्षक अन्तर्गत प्रकाशित रचनाहरूलाई यहाँ समावेश गर्ने प्रयास गरिएको छ । यसरी हेर्दा **दायित्व**का विभिन्न अङ्कमा स्थापित र नवोदित गरी जम्मा ९ जना व्यङ्ग्यकारका १० वटा हास्यव्यङ्ग्यात्मक कृतिहरू प्रकाशित छन् । तीमध्ये नमूनास्वरूप केही प्रतिभा र तिनका रचनाहरूको विवेचना यहाँ गरिएको छ ।

### ४.९.१ लोकेन्द्रबहादुर चन्दको हास्यव्यङ्ग्यात्मक कृति

हास्यव्यङ्ग्यकार लोकेन्द्रबहादुर चन्दको हास्यव्यङ्ग्यात्मक कृति 'अढाई घडिको बादशाह' 'दायित्व' (वर्ष १४, पू. ३८)मा प्रकाशित छ । यसमा विजयबहादुर अचानक मन्त्री

---

३५. यादव भट्टराई, **कविताको सैद्धान्तिक चिनारी**, दायित्व (वर्ष १८, पू. ५०) २०६१, पृ. १४४

भएपछि बधाई दिन आउने र उसको सराहना गर्न आउनेहरूको भीडले उसका सबै नियमित कार्य ठप्प हुन्छन् । त्यतिखेरै  आफ्नो व्यवसायस्थल (पसल) चोरी भई कुनै पनि धनमाल रहँदैन  । त्यसपछि अर्को दिन त आफू फेरि मन्त्रीपदबाट खुस्किएको खबर  लिई सहानुभूति प्रकट गर्दै पुनः मन्त्री बन्ने तयारी गर्न ठूलो आर्थिक चन्दा माग्नेको एक हुल आउँछ । यसबाट विजयबहादुर विचलित भई पुनः आफ्नै गाउँ फर्किएर साधारण जीवनयापन गर्नथाल्छ । यस्तै कथ्यमा पूर्ण भएको यो लेखको विषयवस्तु राजनैतिक रहेको छ । ठूलो पदमा पुगेको राजनेताको घरव्यवहार असुरक्षित हुने र पदबाट विस्थापित भइसकेपछि पहिलेको पदको पुनःप्राप्तिको आशा देखाउँदै आर्थिक मारमा पार्ने नेपालको राजनैतिक परिवेशप्रति तीव्र व्यङ्ग्य प्रहार गर्दै  यस लेखले अन्ततः गाउँ फर्किएर साधारण जीवन यापन गर्नुमै हितकर हुने कुरातर्फ निर्देशित गरेको छ । वास्तवमा चन्दको यस हास्यव्यङ्ग्यात्मक लेखले नेपालको राजनैतिक विकृतिको भण्डाफोर गर्दै सरल जीवनयापनतर्फ आकर्षित गर्ने लक्ष्य लिएको देखिन्छ ।

## ४.९.२ विष्णु प्रभातको हास्यव्यङ्ग्यत्मक कृति

हास्यव्यङ्ग्यकार विष्णु प्रभातको 'दन्तपुराण' शीर्षकको व्यङ्ग्यात्मक लेख 'दायित्व' ( वर्ष १७ पू. ४५) मा प्रकाशित छ ।  'दाँतको महत्व' शीर्षकमा सानो कक्षाका विद्यार्थीले लेखेको निबन्ध लेखे जस्तै गरी लेखिएको यस लेखमा बाझेर र अरूलाई हप्काएर मात्र आफू महान बन्न सकिँदैन भन्ने भाव सहित मुखले चाहिँ बडा-बडा भाषण गर्ने तर त्यसलाई कार्यान्वयन नगर्ने ठूलाबडा भनाउँदाहरूलाई व्यङ्ग्य गरिएको छ ।  सर्वव्यापी र सर्वजनिन बनेको यो लेख हास्यात्मक भन्दा पनि बढी त विचारात्मक लाग्छ तथापि हपारेकै भरमा आफ्नो संसार बनाउन खोज्नेमाथि व्यङ्ग्य प्रहार गर्दै कार्यपीठिका तर्फको अनुराग जगाउने उद्देश्य भने यस लेखमा जरूर छ ।

## ४.९.३ युवराज मैनालीका हास्यव्यङ्ग्यात्मक कृति

व्यङ्ग्यकार युवराज मैनालीका जम्मा २ वटा हास्यव्यङ्ग्यात्मक कृतिहरू 'दायित्व' मा प्रकाशित छन् । यसमध्ये पहिलो 'साधक सम्मान मण्डली' (वर्ष १८, पू. ४८) मा ऐतिहासिक सन्दर्भ कोट्याउँदै नेपालमा कुनैपनि सही साधकले सम्मान पाउँदैन भन्ने कुरा गरिएको छ ।  भीमसेन थापादेखि लिएर वर्तमान कतिपय सही साधकहरू त्यसै त्यसै मरिरहने र नक्कली साधकहरू सम्मानित हुने परम्पराबीच हामी बाँचिरहेका छौँ भन्ने व्यङ्ग्योक्तिपूर्ण भावलाई तुकबन्दीयुक्त भाषाका माध्यमबाट प्रस्तुत गरिएको छ ।  मैनाली यहाँ यथार्थ देख्ने भन्दा कागको हुइयाँ सुन्नेको भाउ बढ्दै गएकोमा टीठ व्यक्त गर्नपुगेका छन् र त्यसप्रति अश्रृङ्खलित तर काव्यात्मक शैलीमा प्रस्तुत भएका छन् ।  साँचोमा अलि बौद्धिक व्यङ्ग्यलाई यहाँ प्रस्तुत गरेका छन् ।

त्यस्तै मैनालीको **दायित्व**मा प्रकाशित दोस्रो हास्यव्यङ्ग्यात्मक लेख हो-'महान् साहित्यकार' (वर्ष १८, पू. ५०) । यसमा 'म' पात्र ताल न सुरको कविता लेखेर मन्त्री लगायतका उच्चपदस्थ अधिकारीका हातबाट पुस्तक विमोचन गराई आफैँ खर्च गरेर आफ्नो प्रचार गराई चर्चित हुनपुग्छ ।  उसको कविता श्रृङ्खलाबद्धपनि छैन र वोधगम्य पनि छैन । त्यसैले उसको कविता कोही बुझ्दैन ।  स्वयं आफूपनि बुझ्दैन ।  त्यसैले ऊ महान् साहित्यकारको रूपमा, कविको रूपमा दारिएको छ र पुरस्कृत पनि भएको छ ।  यस प्रकारको कथ्य भएको यस लेखमा क्लिष्टतालाई नै कविता मान्नेहरूप्रति व्यङ्ग्य गरिएको छ

र आफैं फुर्किएको हास्यास्पद दृष्य पनि खिचिएको छ । यसरी हेर्दा कवितामा बोधगम्यताको अपेक्षा राखेको ठहर हुन्छ ।

मैनालीका उपर्युक्त २ व्यङ्ग्यात्मक लेखहरूले देशको बौद्धिकवर्गप्रति व्यङ्ग्य गरेका छन् । यहाँ मैनाली बौद्धिक वर्ग पनि लहैलहैमा र उच्च पदस्थहरूको पिछलग्गु भएर यथार्थताको धरातलमा उभिन नसकेकेमा तुकबन्दीयुक्त भाषाशैलीका माध्यमबाट व्यङ्ग्य प्रहार गर्न सफल छन् । तिनै भनाइगत शैलीमा अनुप्रासीयता उपस्थित गराई हास्यको काम पनि गराइएको छ । समग्रमा मैनालीका यहाँ समावेश व्यङ्ग्यात्मक कृति कम हास्य र बढी व्यङ्ग्ययुक्त छन् । तिनले सामाजिक एवम् बौद्धिक र राजनैतिक सुधारको अपेक्षा राखेका छन् ।

### ४.९.४ निष्कर्ष

'दायित्व' मा प्रकाशित हास्यव्यङ्ग्यले पनि अन्य विधाले झैँ आफ्नो स्थान जमाउन सफल भएको पाइन्छ । नेपाली साहित्यमा हास्यव्यङ्ग्य विधालाई कि त निबन्धको नवप्रयोग कि त मिश्रित विविध विधाभित्र राखेर हेर्ने चलन छ । यस दृष्टिले 'दायित्व' मा प्रकाशित हास्यव्यङ्ग्य निबन्धात्मक स्वरूपका साथै कथा र उपन्यास (जसको चर्चा सम्बन्धित विधाको विश्लेषणका क्रममा गरिएको छ) मा समीकृत भएर आएका छन् । विशेषतः निबन्धात्मक प्रस्तुतिका साथ प्रकाशित १० वटा हास्यव्यङ्ग्य नै 'दायित्व' लाई बचाउने हास्यव्यङ्ग्य हुन् । यी रचनामा समाजका अड्मिल्दा स्थिति, बोक्रे देखावटीपना र लहैलहैमा मच्चिने प्रवृति, मानिसको आन्तरिक र वाह्य प्रवृतिबीचको भिन्नता, फोस्रो धाक - रवाफ, दुःखमय जीवन भोगाई र बाध्यता, ठगवृत्ति, गैरजिम्मेवारीपूर्ण सरकारी कार्यकलाप जस्ता विषयवस्तु समेटिएका छन् । यसरी निबन्धात्मक प्रस्तुतिका रूपमा प्रकाशित 'दायित्व' का हास्यव्यङ्ग्यात्मक कृतिहरूले नेपाली हास्यव्यङ्ग्यको इतिहासमा धेरै नभएपनि केही न केही योगदान अवश्य दिएका छन् भन्न सकिन्छ ।

## ४.१० नेपाली लोकसाहित्यका क्षेत्रमा'दायित्व' को योगदान

अप्रत्यक्ष रूपमा साहित्यको बीज भएपनि सचेत रूपमा धेरै पछि मात्र सङ्कलन, सम्बर्द्धन र समीक्षण हुनथालेको लोकसाहित्यलाई पनि 'दायित्व' ले स्थान दिँदै आएको पाइन्छ । पत्रिकाको ३८ औं अङ्क (२०५७ असोज)-देखि यस विधाले 'दायित्व' मा प्रवेश पाएको देखिन्छ । यस क्रममा 'दायित्व' का चार अङ्कमा २ जनाका ४ वटा लोकसाहित्यिक हचनाहरू देखिन्छन् । यस दृष्टिले थोरै भएपनि लोकसाहित्यका क्षेत्रमा 'दायित्व' को योगदानलाई भुल्न सकिन्न । तसर्थ 'दायित्व' मा समावेश भएका लोकसाहित्यिक रचनालाई अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ४.१०.१ हरिकला पन्तको लोकसाहित्यिक कृति

गुल्मी निवासी (वि.स. २०५७ मा ७९ वर्षीया भनिएको) हरिकला पन्तको जिब्रोमा झुण्डिएको भनेर 'दायित्व' का ३ अङ्कमा एक एक लोकसाहित्यिक सामाग्री प्रकाशित छन् । जसमध्ये 'चरीको विवाहको सवाई' (वर्ष १४, पू. ३८) प्रथम कृति हो । सवाईलयमा भएको यस सवाईमा कोकले र न्याउली चरीको विवाहको आयोजना भएपछि वनमा अवस्थित प्रत्येक चराले एक एक कामको जिम्मा लिई सो विवाह सफल पारेको कथानक छ ।

स्थानीय भाषिक छाप परेको यस सवाईमा कतिपय पङ्क्तिहरू लामा र छोटा भएकोले लय तान्नपर्ने आवश्यकता भने अवश्य छ। जस्तैः

कुखुरा परेवाले पर (प्रहर) जनाया
लाटकोसेरो कानालाई घरी कुर्न लाया
कर्‍याङ्कुरुङ् जति छन् सिन्दुर लिन गया
'चरीको विवाहको सवाई' (व. १४, पू. ३८, पृ १७)

त्यसैगरी पन्तकै दोस्रो कृति 'बाह्र महिनाको बयान' 'दायित्व' (वर्ष १५, पू. ४०) मा प्रकाशित छ। तेह्र अक्षरीय समान अक्षर वितरण शैलीमा भएको यस गाथात्मक पद्यमा वर्षका बाह्र महिनाको बयान गरिएको छ। महिना अनुसार प्रकृति र समाजको व्यवहार के कसरी अगाडि बढ्छ भन्ने कुरा यसमा दर्शाइएको छ। यसमा पनि जनजिब्रोकै बोलीका शब्दहरू छन्। त्यसैगरी पन्त कै जिब्रोबाट लिइएको भनिएको 'लोगाथाका तीन टुक्रा' (वर्ष १६ पू. ४२) भनेर ३ पद्य दिइएका छन्। त्यसमध्ये पहिलो गोरखाका राजाले नुवाकोट जितेको चार हरफको र दोस्रो काशी जान आमासँग विदा मागिएको चार हरफको पद्य छ। त्यस्तै तेस्रो १० हरफको पद्यमा गाँउमा पहिरो आएर आफ्नो साठी मुरी धान फल्ने खेत बगाएपछि हेपाइ खाएको एक बालकको पछि ठूलो भएर नाम कमाउने अठोट छ। १२ अक्षरे गीतिलयमा भएका यी टुक्राले पनि ग्रामीण जीवनको भाषिक छाप छाडेका छन्।

यसप्रकार हरिकला पन्तका यहाँ प्रकाशित ३ लोकसाहित्यिक गाथा तथा पद्यले नेपाली जनजीवनको बोली प्रस्तुत गरेका छन्। यी सरल भइकन पनि सरस छन्।

## ४.१०.२ मोहन सिटौलाको लोककथा

प्रा. मोहन सिटौलाको 'फेदापे वनझ्ँाक्रीको कथा' 'दायित्व' (वर्ष १७, पू. ४५) मा प्रकाशित छ। नेपालको पूर्वी क्षेत्र लिम्बूवानमा यो लोककथा प्रचलित छ। यसमा भनिएको कथा अनुसार गाँउका केटाकेटीरू बौलाउने र हराउने गर्न थालेपछि गाँउका एक बृद्ध फेदाङ्वाले यो सबै वनझ्ँाक्रीको चाल हो भन्ठानी झाँक्री र विजुवा बोलाएर वनमा गएर तन्त्रमन्त्रका भरमा वनझ्ँाक्री र सोक्पालाई बोलाएर तिनीहरूलाई हतियार लुकाएका ठाँउसम्म फकाउँदै पुर्‍याएपछि घमासान युद्ध चल्यो। अन्ततः वनझ्ँाक्री र सोक्पाहरूको हार भयो। बँचेखुचेका सोक्पाहरू डाँडातिर भागे। त्यसपछि कोयाखोलाको वारिपारिको सारा फेदापे भेग वनझ्ाँक्री र सोक्पाका पीरबाट मुक्त भयो। यसप्रकार अन्त्य भएको यस लोककथाले पूर्वी नेपालको खासगरी लिम्बू समुदायमा रहेको मानसिक विश्वासलाई प्रष्ट पारेको छ।

## ४.१०.३ निष्कर्ष

'दायित्व' ले उपर्युक्त २ लोकसङ्कलकका जम्मा चार संकलनलाई प्रकाशन गरेर लोकसाहित्यलाई सहयोग गरेको छ। हरिकला पन्तका मुखारविन्दबाट प्राप्त चरीको सवाई, बाह्र महिनाको बयान र तीन टुक्राबाट लोकगाथामा एक बूँद थपिएको छ भने प्रा. मोहन सिटौलाबाट प्राप्त 'फेदापे वनझ्ँाक्रीको कथा' ले नेपाली लोककथाको क्षेत्रमा एक बूँद थपेको छ भन्न सकिन्छ। यसप्रकार 'दायित्व' मा प्रकाशित यी २ व्यक्तित्वद्वारा संकलित लोकसाहित्यिक कृतिले नेपाली लोकसहित्यका क्षेत्रमा झिनो रूपमै भए पनि योगदान दिएको छ भन्न सकिन्छ।

## ४.११. जीवनीका क्षेत्रमा 'दायित्व' पत्रिकाको योगदान

अन्य विभिन्न विधाहरू झैँ जीवनी विधाको पनि साहित्यमा आफ्नै विशिष्ट स्थान रहेको छ । त्यसैले 'दायित्व' ले जीवनी विधालाई थोरै मात्र भएपनि प्रकाशन गरी नेपाली जीवनी विधामा आफ्नो उपस्थिति जनाएको सन्दर्भमा 'दायित्व' का विभिन्न अङ्कमा जीवनी नै भनेर स्रष्टा वा कुनै विशिष्ट व्यक्तिको व्यक्तिगत जीवनरेखा कोर्ने प्रयास गरेका जम्मा पाँचवटा जीवनी प्रकाशित गरेको पाइन्छ । यसका अतिरिक्त विशिष्ट साहित्यकार विशेषाङ्क (वर्ष १३ पू. ३५) मा त्यस अङ्कमा स्थान पाएका विशिष्ट साहित्यकारहरूको परिचयात्मक संक्षिप्त जीवनी प्रस्तुत गरेको छ भने 'दायित्व' वाङमय प्रतिष्ठानको गठन (२०५७ जेठ) भएपछि प्रकाशित अङ्कहरूमा 'दायित्व वाङ्मय प्रठिष्ठान'का नवनव सदस्यहरूको परिचयात्मक संक्षिप्त जीवनी प्रकाशन गर्ने कार्य पनि हुँदै आएको पाइन्छ । तर यी जीवनीलाई यहाँ परिचयात्मकताको घेराभित्र राखेर परिच्छेद ३ को जीवनीको सूचीमा रहेका जीवनीलाई मात्र यहाँ समावेश गर्ने प्रयास गरिएको छ ।

'दायित्व' मा जीवनी विधाको रुपमा राखेर प्रस्तुत गरिएको पहिलो जीवनी हो- 'शङ्कर कोइरालाः संक्षिप्त जीवनी' (वर्ष ११, पू. ३०) । 'शङ्कर कोइरालाः स्मृति विशेषाङ्क'मा प्रथम पृष्ठ भन्दा अगावै राखिएको यो जीवनी बूँदागत रूपमा प्रस्तुत भएको छ । यसबाट शङ्कर कोइरालाको जीवनीका यथार्थ पक्ष र उनमा निहित विभिन्न व्यक्तित्वमाथि प्रकाश पारिएको छ । यति हुँदाहुँदै पनि शङ्कर कोइरालाका सम्पूर्ण कृतिको विवरण भने यहाँ पाईदैन । एक जागिरे पेशामा आफू बाँचेर नेपाली साहित्यका कथा, उपन्यास, नाटक, बालउपन्यास, हास्यव्यङ्ग्य, कविता, निबन्ध आदि विधामा कलम चलाए पनि 'रत्नश्री पदक' बाहेक उनले कुनै पदक तथा पुरस्कार नपाएको तथ्य चाँहि यस जीवनीबाट खुल्दछ । यहाँ कोइरालाले साहित्यकारलाई राजनीतिको रङ्गमा रङ्गीई भोजभत्तेरमा फ्याँकिएका टपरी चाटिरहेकी कुनै दुःख दुर्गन्धी कुमारी युवती जस्तो[३६] देखेको कुरा पनि उल्लेख गरिएको छ ।

'दायित्व' मा प्रकाशित अर्को जीवनीमूलक कृति हो - प्रा. नयनराज पन्तको 'मेरो संक्षिप्त जीवनी' (वर्ष १२, पू. ३५) । यस लेखमा पन्तले आफ्नो जन्मदेखि पारिवारिक, शैक्षिक र प्राज्ञिक एवम् साहित्यिक जीवन बारे बुँदागत रूपमा संक्षिप्त परिचय दिएका छन् । यसबाट प्रा. पन्तले नेपालको इतिहास, ज्योतिष, साहित्यकारहरूको जीवनी, प्राचीन कृतिहरू आदिको लेखन, सम्पादन र प्रकाशन गरेको र त्यसै क्रममा विभिन्न संस्कृत र नेपाली पत्रिकाहरूसँग सम्बद्ध हुँदै तिनमा आफ्ना विविध लेख -रचनाहरू पनि प्रकाशन गराएको तथ्य खुलस्त पारेका छन् ।

'दायित्व' को ३५ औं अङ्कमै प्रकाशित आत्मप्रकाशनात्मक जीवनी प्रो. यदुनाथ खनालको 'मेरो संक्षिप्त जीवनी' हो । यसमा वि.सं. १९९० साल साउन २८ गते तनहुँमा जन्मेका खनालको शिक्षा, शैक्षिक सेवा, श्री ५को सरकारको सेवा, प्राप्त पुरस्कार, कृतिहरू, अनुवाद र अन्य विशेष चिनारीका साथै संम्प्रतिहरूको उल्लेख गरिएको छ । यसबाट प्रो. यदुनाथ खनालको व्यक्तित्व, कृतित्व र विशेष सम्बद्ध क्षेत्रहरूको जानकारी पाइन्छ । यसबाट पाठकमा के पनि जानकारी हासिल हुन्छ भने प्रो. खनाल धेरै पुरस्कार पाएका नेपाली र अंग्रेजी भाषका अनुसन्धानात्मक लेखका लेखक हुन् र एक प्रखर राष्ट्रसेवक पनि हुन् ।

---

३६. शङ्कर कोइराला, **शङ्कर कोइरालाः संक्षिप्त जीवनी**, दायित्व (वर्ष १२, पू. ३०)

'दायित्व' मा प्रकाशित अर्को जीवनीमूलक लेख वासुदेव शर्मा लुइटेलको 'मेरो संक्षिप्त जीवनी' (वर्ष १३, पृ. ३५) हो । बुँदागत रूपमै प्रस्तुत यस लेखमा पनि लेखकको व्यक्तित्व र कृतित्वको आत्मप्रकाश भएको छ । १९९७ सालको 'शारदा' मा 'आमा' कविता प्रकाशन गरी साहित्यिक जीवन सुरू गरेका लुइँटेलले ६०-६५ थरी उपनामबाट रचना प्रकाशन गराएको तथ्य खुलाउने यस जीवनीमा लेखकका मौलिक कृति, सम्पादन, अनुवाद, संस्थापित संस्था, कर्म क्षेत्र र तीन पुस्ते पारिवारिक बनोटले विशेषतः लेखकमाथिका उल्लेखित कुराहरूको विवरण प्राप्त गर्न सकिन्छ भने उनलाई शैक्षिक प्रतिष्ठानहरूमै जीवन गुजारा गरेका अत्याधिक छद्मनाम प्रयोग गर्ने स्रष्टाका रूपमा पनि चिन्न सकिन्छ ।

'दायित्व' मा प्रकाशित अन्तिम जीवनी मूलक लेख हो – रमेशजंग सिजापतिद्वारा लिखित 'चित्रकार कुलमान सिंह भण्डारीमा श्रद्धासुमन' (वर्ष १५, पृ. ४०) । यस लेखमा भावप्रधान चित्रकलाका माध्यमबाट समाजमा देखिएका विसङ्गति, कुण्ठा, कुविचार, पछौटेपनलाई विषयवस्तु बनाएर यथार्थ र सजीव चित्र बनाउने कुलमानसिंह भण्डारी ( वि.सं. १९८२-२०५७) का जीवनका विविध पक्षबारे चर्चा गरिएको छ । निबन्धात्मक शैलीमा प्रस्तुत गरिएको यस जीवनीमा शिष्ट, सरल र प्रष्ट स्वभावका भण्डारीले नेपाली कलाका क्षेत्रमा धेरै पुरस्कार र सम्मानहरू प्राप्त गरेको उल्लेख गरिएको छ । यसक्रममा भण्डारीको कलाले अध्यात्मवादको जगबाट उठेर भौतिकवादको बाटो हुँदै द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादको लक्ष्य लिँदै सगरमाथको उचाई ताक्दै उकालो लाग्दै गरेको छ भन्ने भाव रहेको कुरा पनि जनाइएको छ ।

यसरी हेर्दा 'दायित्व' मा प्रकाशित 'जीवनी' संख्यात्मक दृष्टिले न्यून रहेपनि गुणात्मक दृष्टिले महत्वपूर्ण छन् । विशेषगरी साहित्य र कला क्षेत्रका व्यक्तित्वहरूको जीवनी लेखनमा फरक फरक किसिमको लेखनशैली देखिए तापनि जीवनी लेखिएका व्यक्तिको व्यक्तित्व पूर्ण रूपमा आएको छ । साहित्यका क्षेत्रमा ख्यातिप्राप्त विद्वानको जीवनी प्रस्तुत गर्दा बुँदागत रूपमा प्रस्तुत गरिएकोले तटस्थत प्रस्तुति रहेको छ । अझ तीन साहित्यकर्मीको जीवनी त व्यक्तिकै मुखबाट आत्मजीवनीको रूपमा आएको छ । एक कलासाधकको जीवनी निबन्धात्मक ढाँचामा ढालिएर प्रस्तुत भएको भएपनि यहाँ प्रभावपरकता कम छ । जीवनीबाट प्राप्त हुने प्रेरणाप्रद कुराहरू चाँहि व्यक्तिको जीवनगत विवरणबाट नै बुझ्न जरूरी छ । समग्रमा भन्दा जीवनी लेखनमा बूँदागत, निबन्धात्मक तथा आत्मपरक शैली शिल्प र भाषा प्रस्तुतीकरणका कारण 'दायित्व' का जीवनी महत्वपूर्ण छन् । यिनले नेपाली साहित्यको जीवनी विधाको विकासलाई अग्रगति दिनमा धेरथोर टेवा दिएका छन् । यस दृष्टिले 'दायित्व' मा प्रकाशित जीवनीको महत्व अवश्य नै छ भन्न सकिन्छ ।

## ४.१२ 'दायित्व' का विविध स्तम्भ

'दायित्व' विविध साहित्यिक विधाको प्रकाशन गर्ने पत्रिका मात्र नभएर पत्रिकाहरूमा प्रकाशित हुने विविध स्तम्भलाई आत्मसात गर्ने पत्रिका पनि हो । यसमा विविध स्तम्भका रूपमा पाठक प्रतिक्रिया, पुस्तक परिचय र सम्पादकीयका साथै साहित्यिक मूल्य खासै नराख्ने अन्य स्तम्भ पनि आएका छन् । यी स्तम्भहरूलाई हेर्दा यसमा सम्पादकीय बाहेक अन्य कुनै पनि स्तम्भले स्थायित्व प्राप्त गरेको देखिँदैन । प्रकाशित स्तम्भहरूमा पाठकको दृष्टिकोण/विचार र पुस्तक परिचय केही अङ्क छुटाएर प्रकाशित भइरहेका देखिन्छन् भने सम्पादकीय स्तम्भलाई 'दायित्व' ले कुनै पनि अङ्कमा छुटाएको छैन । यसप्रकार

सम्पादकीय सबै अङ्कमा देखिए तापनि उपर्युक्त अन्य स्तम्भहरूलाई प्रत्येक अङ्कमा राख्नै पर्छ भन्ने मान्यता राखेको देखिँदैन । यस पत्रिकामा जेजति स्तम्भ आएका छन्, तिनका आफ्नै शैली, शिल्प, भाव, धारा र विषयवस्तु रहेका छन् । यिनिहरूको प्रस्तुतीकरण पक्रिया पनि आ-आफ्नै प्रकारको छ । यसप्रकारका उपर्युक्त विविध स्तम्भहरूको सामान्य अध्ययन तल गरिन्छ ।

## ४.१२.१ पाठक प्रतिक्रिया

पाठकका बीच पत्रिका जति-जति लोकप्रिय हुँदै जान्छ, त्यति त्यति पत्रिका स्थापित र प्रतिष्ठित हुन्छ । यी कुराको जानकारीका लागि पत्रिकामा पाठक प्रतिक्रिया स्तम्भ रहने गर्छ । यसै कुरालाई मध्यनजर गर्दै 'दायित्व' ले पनि पाठकको प्रतिक्रिया, विचार तथा दृष्टिकोणलाई प्राथमिकताका साथ प्रकाशन गरेको देखिन्छ । 'दायित्व' मा प्रकाशित यस्ता 'पाठक विचार' कुनै अङ्कमा 'पाठक दृष्टिकोण' अनि कुनैमा 'पाठक प्रतिक्रिया' भनेर प्रकाशन गरेको पाइन्छ । शब्दमा जे लेखिएको भएपनि मूलतः यी सबै पत्रिकाको लागि पाठकले व्यक्त गरेका प्रतिक्रिया भएकोले ती सबैलाई यहाँ पाठक प्रतिक्रिया अन्तर्गत नै अध्ययन गरिएको छ ।

'दायित्व' दार्शनिक तहको कलात्मक साहित्य प्रस्तुत गर्न चाहने पत्रिका भएकोले यसले परम्परा र नवीनतालाई जोड्ने साहित्य प्रस्तुत गर्ने क्रममा आएका पाठक प्रतिक्रियाहरू यसैको भूमिका निर्वाहमा सहभागी छन् । यसमा समाविष्ट पाठक प्रतिक्रियाहरू साहित्यकार, समालोचक, पत्रकार र प्राध्यापक, बौद्धिक र सामान्य पाठक गरी सबै वर्गबाट आएका छन् । विविध विषयको सँगालोका रूपमा पत्रिका आएकोले विविधतालाई देख्न रुचाउने खालका पाठक प्रतिक्रिया पनि यसमा फेला परेका छन् ।

यस पत्रिकामा प्रकाशित पाठक प्रतिक्रियालाई हेर्दा पठित अङ्क वा विशेषाङ्कका बारेमा पाठकहरूकाबीच के कस्ता धारणा सल्बलाएछन्, 'दायित्व' पत्रिकाका सम्बन्धमा उनीहरूका के -कस्ता प्रतिक्रिया वा विचार छन्, ती सबैलाई यस स्तम्भमा स्थान दिइएको छ । 'दायित्व' का बारेमा विचार प्रकट गर्दा कुनै पाठकले स्तरीय भएको त कुनैले विविध ज्ञानवर्द्धक सामाग्रीको आवश्यकता भएको कुरा औँल्याएका छन् । यसैगरी कुनैले पूर्व प्रकाशित रचनाको झलक दिने रचना परेका अनि कुनैले कतिपय लेख-रचनाहरू पत्रिकाका पृष्ठ भर्न मात्र समावेश भएका धारणा पनि राखेको पाइन्छ । विशेष गरी प्रकाशित विशेषाङ्क र तिनमा समावेश भएका स्रष्टाहरूको रचनाका लागि भने प्रतिक्रियामार्फत सम्पादक धन्यवादका पात्र बनेका देखिन्छन् । त्यस्तै साहित्यका पारखी पाठकहरूले 'दायित्व' मा समाविष्ट स्तरीय रचना, व्यक्तित्व-भेटवार्ता अनि स्तरीय विशेषाङ्कको पारख गर्दै धन्यवाद दिने काममा पनि पाठकहरू पछि परेका देखिँदैनन् ।

यसरी 'दायित्व' ले **पाठक प्रतिक्रिया** स्तम्भ राखेर पाठकका हृदयमा यस पत्रिकाप्रति उब्जिएका धारणालाई सम्मानित गर्ने र त्यसबाट यथाशक्य प्रेरणा लिँदै अघि बढ्ने गरेको देखिन्छ ।

## ४.१२.२ कृति परिचय

**दायित्व**मा प्रकाशित विविध स्तम्भ मध्ये कृति परिचय पनि एक हो यस स्तम्भलाई **दायित्व**ले आफ्ना केही अङ्कहरूमा समावेश गरेको छ । यस स्तम्भमा पुस्तक परिचय गर्ने

क्रममा नेपाली साहित्यका कविता, कथा, नाटक, निबन्ध, उपन्यास, हास्यव्यङ्ग्य, समालोचना, गीत, मुक्तक जस्ता विविध विधा तथा अध्यात्मिक र लोकसाहित्यिक विषयमा लेखिएका पुस्तकहरूको परिचय प्रस्तुत गरिएको छ । यसमा ती नवीनतम कृतिहरूको चिनारी र तिनले प्राप्त गरेका विधागत मूल्य र प्राप्तिको संक्षिप्त रूपमै भएपनि समीक्षण, विश्लेषण र मूल्याङ्कन गरिएको छ । पुस्तक चर्चाका क्रममा एकातिर ती कृतिहरूको आवरण, साज-सज्जा र मूल्यको जानकारी गराईएको छ भने अर्कातिर चर्चा गरिएका पुस्तक पाठकलाई पढ्ने रूचि जागृत गराउनमा समेत स्तम्भ सफल रहेको देखिन्छ ।

यसरी 'पुस्तक-चर्चा' अर्थात 'कृति परिचय' स्तम्भ मार्फत 'दायित्व' ले नेपाली पाठकहरूलाई प्रकाशित नवीनत्तम कृतिहरूको जानकारी गराउनमा सक्दो योगदान दिएको अनुभव हुन्छ ।

## ४.१२.३ सम्पादकीय

'सम्पादकीय' स्तम्भ 'दायित्व' का सवै अङ्कमा प्रकाशित भएको महत्वपूर्ण स्तम्भ हो । यस पत्रिकाका सम्पादकका रूपमा तेह्रौं अङ्कसम्म (१२ औं अङ्क बाहेक) प्र.सं. लक्ष्मी पन्त रहेका छन् भने त्यसको विचमा बाह्रौं अङ्कमा प्र.सं का रुममा कृष्ण बाउसे देखिएका छन् । अथवा **दायित्व**को सुरूका अङ्कहरूमा (वर्ष १, पू. १ देखि व.४, पू. १३)-सम्म लक्ष्मी पन्त र बीचको एक अङ्क (वर्ष ४, अङ्क १२) मा कृष्ण वाउसे अनि त्यसपछिका वर्ष ५ पू. १४ देखि अन्तिमसम्म नै राप्रसाद पन्त गरी ३ जना रहेका देखिन्छन् । प्रस्तुत पत्रिका साहित्यिक सेवाको अभिप्रायबाट अगाडि बढेको कुरा पनि सम्पादकीयबाट प्रष्ट पारिएको छ । यस प्रसङ्गमा 'सत्यं शिवं सुन्दरम्'को त्रिवेणीको संगम भएर **दायित्व** प्रकाशित भएको कुरा स्पष्ट हुन्छ । साहित्यले मान्छेलाई बस्न, खान, बोल्न र जीवनका प्रत्येक पहलुमा सम्न सिकाएको छ भन्दै हाम्रो अंग-प्रत्यङ्गमा अभिसिञ्चित साहित्यको क्षेत्रमा केही योगदान गर्न खोज्ने तर बाटो नदेखेर अल्मलिई रहेको वर्गलाई प्रोत्साहित गर्ने उद्देश्यका साथ प्रकाशित[३७] **दायित्व** सम्पादनको औचित्यलाई पनि प्रष्ट पारिएको छ ।

सम्पादकीय लेखले विगतको निरिक्षण गर्दै वर्तमानको अध्ययनका साथ भविष्यको निश्चित दिशातर्फ संकेत गर्छ । यस सन्दर्भमा 'दायित्व' का सम्पादकको लेखनी सजक, सचेत र सबल हुँदै गएको देखिन्छ । 'दायित्व' ले नेपाली साहित्यका कविता, कथा, नाटक, निबन्ध जस्ता विविध विधाको विगतको पृष्ठभूमिमा वर्तमानलाई हिँडाउदै भविष्यलाई निश्चित दिशातिर जाने संकेत गर्ने काम पनि गर्दै आएको छ । 'सत्यं शिवं सुन्दरम्' को भावना अनुरूपका साहित्यिक रचनाहरूलाई समावेश गर्दै आएको र भविष्यमा पनि त्यसै अनुरूपका रचनाहरू आउनुपर्ने कुरा तर्फ पनि 'दायित्व' का सम्पादकीयमा आवाज उठाइएको छ ।

सम्पादकले आफ्नो सम्पादनको पुष्टि गर्ने कार्यमा भूल गर्दैन भन्ने कुरा 'दायित्व' पू.१ मा पत्रिकाको नामाकरण 'दायित्व'को रूपमा गरेको प्रसङ्ग कोट्याउँदै त्यसको शाब्दिक अर्थ मध्ये 'जिम्मेवारी' को मर्म अनुरूप केहि गर्न सकौं, कहि दिन सकौं[३८] भन्ने भावनाबाट अभिप्रेरित कार्य स्वरूप **दायित्व**को प्रकाशन भएको उल्लेख गरिएको छ ।

'दायित्व' का सम्पूर्ण सम्पादकीयहरूलाई हेर्दा तिनमा थोरै मात्र भएपनि भिन्न विषयवस्तुको चर्चा-परिचर्चा गरिएको पाइन्छ । यस सन्दर्भमा साहित्यप्रति समालोचकका मनमा उठेका

३७. लक्ष्मी पन्त, **सम्पादकीय**, दायित्व (वर्ष, १ अं. १)

दृष्टि प्रस्तुत गरिएका छन् ।

यसै गरी सम्पादकका कलमबाट **दायित्व**का विविध विशेषाङ्कहरू पनि सम्पादित भएका छन् । ती हुन् – सार्क बालिकादशक विशेषाङ्क (अ.१३), जनआन्दोलन विशेषाङ्क ( पू. १४), समालोचना तथा पुरस्कृत प्रतिभा विशेषाङ्क (पू.१७), भारतीय नेपाली साहित्यिक विशेषाङ्क (पू.२१), कविता अङ्क (पू. २४), रजत अङ्क (पू.२५) , कथा विशेषाङ्क – १ ( पू.२९), शंङकर कोइरालाः स्मृति विशेषाङ्क (पू.३०), यात्रा विशेषाङ्क (पू.३२) विशिष्ट साहित्यकार विशेषाङ्क (पू.३५) शङ्कर कोइरालाः समालोचना विशेषाङ्क (पू.४१) लघुकथा विशेषाङ्क (पू.४३), शङ्कर कोइरालाः कथा विशेषाङ्क (पू.४७), निजामती साहित्यकार विशेषाङ्क (पू.४८) र स्वर्ण विशेषाङ्क २०६१ (पू. ५०) । उपर्युक्त सम्पूर्ण अङ्कमा विशेषाङ्कका सम्बन्धित विषयमाथि सम्पादकको लेखनी केन्द्रित रहेको छ । विशेषाङ्क अघि आगामी अङ्क वारे दिशा-निर्देश र पछिको अङ्कमा सम्वन्धित विशेषाङ्कको प्राप्ति र अप्राप्ति पक्षको चर्चा गरिएको छ । सम्बन्धित अङ्कमा त सम्बन्धित विधाको परम्परागत र नवीन लेखन सन्दर्भ, महत्व, विशेषता र प्रकृति अनि त्यस कार्यको औचित्य माथि टिप्पणी परक दृष्टि प्रष्तुत गरिएको छ ।

त्यस्तै 'दायित्व' को प्रकाशनकालमा निधन भएका साहित्यकारहरू - पारिजात, वासुशशी, शङ्कर कोइराला, केदारमान व्यथित जस्ता धेरै श्रष्टाहरूप्रति सम्पादकीय मार्फत हार्दिक श्रद्धाञ्जली अर्पित गरिनुका साथै केही श्रष्टाहरू वारे जीवित रहँदासम्म कुनै किसिमको सम्मान नदिई मरेपछि शोक प्रकट गरेकोमा नेपाली समाजप्रति व्यङ्ग्यको झटारो पनि हानिएको छ । साथै साहित्यकारले बिताएका संकटमय जीवनको चर्चा गर्दै उनीहरूको निधनप्रति हार्दिक दुःख प्रकट गरिएको छ । यसका अतिरिक्त **दायित्व** प्रकाशन कालमा परेका श्री ५ का जन्म जयन्तीहरूमा शुभकामना प्रकट गर्न पनि सम्पादकको कलम पछि परेको छैन ।

**दायित्व**का सम्पादकले यस पत्रिकाको थालनीदेखि यसले विभिन्न समस्याको सामना गर्दै आएको तथ्यलाई समेत आफ्नो लेखनी मार्फत प्रस्तुत गरेका छन् । यस क्रममा पत्रिका दर्ता गराउन पञ्चायलकालको अन्त्य नै कुर्नु परेको, विज्ञापनमा कमी आएको, प्रजातन्त्र प्राप्ति पछि पत्रिकाको गुट नियाल्न खोजिएको, निजामती कर्मचारी भएर पत्रिका दर्ता गरेको भनी आक्षेप लगाईएको आदि जस्ता समस्या, संकट र तुषारापातलाई सहेरै पनि एक भन्दा अर्को अङ्कमा आशातीत प्रगति हासिल गर्दै अघि बढ्न सफल भएकोमा सम्पादकको कलम आश्वास्त भएको समेत देख्न पाईन्छ ।

**दायित्व**का सम्पादकको कलम बेलाबेला राष्ट्रिय एवम् अन्तराष्ट्रिय सन्दर्भमाथि पनि केन्द्रित भएको पाइन्छ । यस क्रममा २०४६ सालको जनआन्दोलनका समय भारतद्वारा नेपालमाथि लगाईएको नाकाबन्दीले ल्याएको २ देश बिचको धामिलोपनाका कारण हाम्रो परम्परा र संस्कृति एवम् इतिहासदेखिको सुमधुरतामा आँच आउन नहुने कुरा औंल्याइएको छ भने नेपालमा प्रजातन्त्र प्राप्ति (२०४६) पछि 'जनआन्दोलन विशेषाङ्क' (वर्ष ५, पू. १४) नै प्रकाशित गरेर समसामयिक सन्दर्भलाई उजागर पनि गरिएको छ । साथै 'सम्पादकीय' मा राजनीतिको दुर्गन्ध भित्र साहित्य होइन साहित्यले चाँहि राजनीति एवम् समाजलाई निर्देशित गर्न सक्नुपर्छ, त्यसो भए मात्र देशको उन्नती तथा प्रगति हुनसक्छ भन्ने दृष्टिकोण पनि प्रस्तुत गरिएको छ । अनि राष्ट्रिय भाषा र संस्कृतिलाई भुलेर विदेशी भाषा र संस्कृति

---

३८. ऐजन्

अवलम्बन गर्न सकेकोमा गौरान्वित हुनु मूर्खता मात्र हो । पहिले आफ्नो स्व-भाषा र संस्कृतिमा अटल भइसके पछि त्यसलाई अन्तर्राष्ट्रियकरण गर्नसक्नु चाँहि महान् कुरा हो भन्ने जातीय दायित्वपूर्ण भाव पनि 'दायित्व' का सम्पादकीय आलेखहरूमा पाइन्छ ।

यस पत्रिकाका सम्पादकले आफ्ना विविध सम्पादकीय लेखमार्फत नेपालमा भएका कमी र कमजोरीलाई पनि लेखाजोखा गर्ने काम गरेका छन् । ती सबैलाई समेटेर हेर्दा नेपाली साहित्यमा गुट र फुटको स्थिति सिर्जना भएको, नवमान्यताका साथ साहित्यहरू सिर्जना हुने काम एकदमै कम भएको , साहित्यप्रति रूचि लिने व्यक्तित्वहरू पनि नगन्य रहेको, पञ्चायतकालमा पत्रिका प्रकाशन तथा सम्पादनमा अत्यन्तै कठिनाई भएको, लेखकहरू वैचारिक लेखन वा सैद्धान्तिक लेखनमा भन्दा समसामयिक लेखनतर्फ उन्मुख भएको, साहित्य देश र समाजको प्रगतिपथको संवाहक हुन नसकेको, प्रसस्त विज्ञापनको अभाव, पत्रिकाको नाममा ठगी गरेर खानेहरूले सताएको जस्ता विविध समस्या भएको र ती सबैको सामना 'दायित्व' ले गर्नुपरेको कुरा पनि सम्पादकीय मार्फत प्रष्ट पारिएको छ ।

यस प्रकार सम्पादकको कलमबाट विविध पक्षको उद्घाटन गर्ने 'दायित्व' पत्रिकामा सम्पादकहरूको फेरबलदल मात्र होइन, एक पछि अर्को अङ्कमा सम्पादकीय लेखनको स्तर, शैली, ढाँचा र प्रवृति पनि उत्तरोत्तर विकसित हुँदै गएको देखिन्छ । यो क्रम अघि बढ्दै गएको **दायित्व**का पू. २५ र पू. ५० का सम्पादकीय त थोरैमा धेरै भन्न सक्ने र **दायित्व**को आन्तरिक विकासको संक्षिप्त झलक प्रस्तुत गर्ने आलेख कै रूपमा लेखिएका छन् । यसबाट पत्रिकाको स्तरीयता बढ्नुका साथै सम्पादकीय लेखनको मर्म र स्तरले पनि प्रगति गर्दै गएको अनुभव हुन्छ ।

यसरी लक्ष्मी पन्त, कृष्ण बाउसे र रामप्रसाद पन्त जस्ता सम्पादकबाट लेखिएका 'दायित्व' का सम्पादकीयमा साहित्य, समाज र संस्कृति एवम् नेपाली भाषाभाषीप्रतिको आस्था देखिन्छ भने विविध समस्या हुँदाहुँदै पनि एक पछि अर्को अङ्क स्तरीय निकाल्ने अठोट र दीर्घ यात्राको विश्वास अटल हुँदै गएको पनि देखिन्छ । साहित्य, कला, साहित्यिक गतिविधि, विधागत सन्दर्भ र राष्ट्रिय-अन्तराष्ट्रिय विविध विषयलाई सम्पादन गर्ने क्रममा सम्पादकीय अभिव्यक्ति स्पष्ट, संयत, तटस्थ र यथार्थपूर्ण भएर आएका छन् । यिनलाई प्रस्तुत गर्ने क्रममा सम्पादकीय लेखनी प्राञ्जल शैलीमा गहन र सघन भएको पाईन्छ ।

### ४.१२.४ अन्य:

'दायित्व' मा विविध स्तम्भ अन्तर्गत पाठक दृष्टिकोण र सम्पादकीय जस्तै अरू धेरै स्तम्भहरू पनि प्रकाशित भएका छन् र तिनलाई 'अन्य'भित्र राखी एकमुष्ट अध्ययन गर्ने प्रयास गरिएको छ । **दायित्व**मा साहित्यिक मूल्य नराखेपनि ज्ञान-विज्ञान र समसामयिक सामाजिक परिवेशसँग सन्दर्भित धेरै सामाग्री प्रकाशित छन् । जसमा सुरू-सुरूका अङ्कहरूमा (विशेषतः २२ औं अङ्कसम्म) सामान्य ज्ञान, विज्ञान जगत, एक फन्कोमा अनेक ज्ञान, बुझिनसक्नु छ, खेल-संसार, ऐतिहासिक ज्ञान, जान्नुपर्ने कुरा, खेल जगत् जस्ता स्तम्भ प्रकाशित गरिएको पाइन्छ । त्यस्तै थोरै भएपनि साहित्यिक सन्दर्भ जोड्ने साहित्यिक गतिविधि, केही स्रष्टा र तिनका सिर्ननाको विवरण आदिका साथै २०५७ मा **दायित्व बाङ्मय प्रतिष्ठान** गठन भएपछि त्यसका सदस्यहरूको नामावली दिने क्रम निरन्तर भइरहेको छ । 'दायित्व बोल्छ' स्तम्भ मार्फत रचनाहरू माग्ने काम पनि निरन्तर भइरहेको देखिन्छ । त्यस्तै समसामयिक सामाजिक सन्दर्भसँग सन्दर्भित जिल्ला पञ्चायतमा नवनिर्वाचित जिल्ला पञ्चायत सभापतीहरूको नामावली, श्री ५को राज्यरोहण पछिका महत्वपूर्ण कार्यहरू, फोहोर

व्यवस्थापन, आफ्ना प्रकाशनका किताबहरूको विवरण जस्ता विषयहरू पनि प्रकाशित छन् । तर त्यस्ता सामाग्रीले अत्यन्तै थोरै अङ्कहरूमा मात्र स्थान पाएका छन् । विज्ञापनहरू भने निरन्तर प्रकाशित छन् । तर त्यसलाई **दायित्व** प्रकाशनको साहित्यिक हैन व्यवस्थापकीय सहयोगीका रूपमा लिनुपर्ने हुन्छ ।

यसरी हेर्दा **दायित्व**मा प्रकाशित यस्ता अन्य स्तम्भहरू नियमित प्रकाशन नभए पनि **दायित्व**को यात्रालाई अगाडि बढाउने काममा सहयोगी भने अवश्य छन् । यिनीहरूको योगदानको क्षेत्र साहित्यिक नभएर वाङ्मयिक चाँहि अवश्य हुन सक्छ ।

परिच्छेद पाँचः

# उपसंहार

लक्ष्मी पन्तको सम्पादकत्वमा २०४४ सालको नववर्षारम्भसँगै बैशाखबाट सामयिक संकलनकका रूपमा प्रकाशन आरम्भ भएको 'दायित्व' प्रथम अङ्कदेखि नै कला र वाङ्मयको संगमका रूपमा देखापरेको पत्रिका हो । साहित्यका विविध विधा कविता, कथा, एकाङ्की, निबन्ध-प्रवन्ध तथा लेख, संस्मरण, जीवनी, उपन्यास, हास्यव्यङ्ग्य, अन्तर्वार्ता, समालोचना, अनूदित कृतिहरू, लोकसाहित्य जस्ता विभिन्न विधा तथा यस अन्तर्गतका विविध रचना **दायित्व**मा प्रकाशित भएका छन् । यसका अतिरिक्त पाठक-प्रतिक्रिया, पुस्तक परिचय, सम्पादकीय जस्ता विविध स्तम्भ पनि प्रकाशित भएका छन् र तिनमा सम्पादकीय बाहेक अन्य स्तम्भहरूको स्थायित्व भने देखिँदैन । यस क्रममा 'दायित्व' ले गद्य र पद्य दुवै क्षेत्र अन्तर्गत सिर्जना हुने नेपाली साहित्यका विविध विधालाई विस्तृत र व्यापक रूपमा विकास गर्ने लक्ष्य लिएको देखिन्छ । यस क्रममा दर्शन र कलालाई साहित्यिक कृतिभित्रै अन्तर्मिश्रित गरी त्यसको विकासमा पनि सहयोग पुऱ्याउने रूचि 'दायित्व' ले लिएको देखिन्छ । त्यसैले **दायित्व** दर्शन, साहित्य र कलाको एकमुष्ट प्रस्तुति हो भन्न पनि सकिन्छ ।

'दायित्व' प्रकाशनताकाको राजनैतिक परिवेशका कारण अधिकांश पत्रिका अल्पायुमै विलुप्त हुन्थे । तर 'दायित्व' ले भने क्रमशः साहित्यिक स्तरीयता, गुणात्मकता र परिष्कृतिलाई बढाउँदै लगेर निरन्तर रूपमा प्रकाशन गर्न सफल हुँदै गएको पाइन्छ । वैयक्तिक प्रयासबाट सञ्चालित भए पनि यसले विभिन्न समालोचक, लेखक, साहित्यकार, विद्वान र प्राज्ञिक समुदायको सहयोग पाउँदै आएको देखिन्छ । अझ वि. सं. २०५७ मा **दायित्व वाङ्मय प्रतिष्ठान** गठन भएपछि त यो पत्रिकाले त्यस प्रतिष्ठानको छत्रछायामा अगाडि बढ्ने सु-अवसर पाएको कुरा छर्लङ्ग छ । तसर्थ सामयिक परिस्थिति र समयको एक महत्वपूर्ण पत्रिकाको रूपमा 'दायित्व' को स्थान रहेको यथार्थतालाई नकार्न सकिदैन ।

पञ्चायती शासनकालको बर्बरताले शिखर छुनै आँटेको एकदम सङ्कीर्ण परिवेशमा जन्मिएर २०४७ सालपछिको प्रजातान्त्रिक खुल्ला वातावरणमा रमाउन पाउँदा 'जनआन्दोलन विशेषाङ्क' समेत निकाल्न पुगेको **दायित्व** २०५९ पछि पुनः विविध राजनैतिक सङ्कीर्णता बीच बाँच्नु पर्ने भयो । त्यस परिवेशमा पनि प्राज्ञिक विचारहरूलाई **दायित्व**ले अगाडि ल्याउने काम रोकेन । बरु प्रजातन्त्र र मौलिक स्वतन्त्रताका भाव बहन गरेका साहित्यिक कृति मार्फत जनभावनाको कदर गरिरहेको देखिन्छ । यस क्रममा विविध व्यङ्ग्य-लेख र व्यङ्ग्य-कथा अनि प्रतीकात्मक कविता र संस्मरणहरू प्रकाशन गरेको देखिन्छ । यसमा प्रकाशित तात्कालीन सामाग्रीहरूले प्रयत्यक्ष वा परोक्ष रूपमा प्राज्ञिक समुदायमा वैचारिक क्रान्तिको विगुल फुकिरहेको देख्न पाइन्छ । यसप्रकार **दायित्व**को यात्रा साहित्यका साथै राजनैतिक विचार समेत बोकेर वैचारिकतालाई समेत अन्तर्भूत गर्दै अघि बढेको मान्न सकिन्छ । यस सन्दर्भमा 'दायित्व' पत्रिकाको आफ्नै किसिमको ऐतिहासिक मूल्य रहेको महसुस गर्न सकिन्छ ।

२०४४ देखि सामयिक संकलनका रूपमा प्रकाशन सुरु भई बिस्तारै पूर्णरूपेण साहित्यिक बन्न पुगेको **दायित्व**का साहित्यिक रचनामा अन्तर्मिश्रित दर्शनले बौद्धिक वर्गलाई केही सामाग्री दिन सक्षम भयो भन्न सकिन्छ । कलाको सन्दर्भ पनि यदाकदा साहित्यिक कृतिमा जोडिएको पाईन्छ । यसका साथै त्यति मूल्याङ्कन नहुने कलाकारका जीवनी, कला सम्बन्धी लेख, चर्चा-परिचर्चा आदिले धेरथोर मात्रामै भएपनि 'दायित्व' ले कलाको विकासमा सहयोग गरेकै देखिन्छ ।

साहित्यका विविध विधाको प्रकाशन गर्ने क्रममा **दायित्व**ले सबभन्दा बढी कविता त्यसपछि कथा अनि समीक्षा-समालोचना र त्यसपछि क्रमशः संस्मरण/स्मृति, निबन्ध-प्रवन्ध तथा लेख, अन्तर्वार्ता, हास्यव्यङ्ग्य, एकाङ्की, जीवनी, लोकसाहित्य, उपन्यासलाई स्थान दिएको पाइन्छ । यसरी साहित्यका प्रमुख विधा-उपविधा प्रायः सबै यस पत्रिकामा समाविष्ट भएका छन् ।

'दायित्व' मा स्थापित प्रतिष्ठित र नवोदित प्रतिमाहरूका कूल ७६३ वटा कवितात्मक कृतिहरू (मुक्तक, गीत, गजल, हाइकु, कविता) प्रकाशित छन् । ती मध्ये कृष्णप्रसाद पराजुलीको 'उसको गीत गाउँछु', क्षेत्रप्रताप अधिकारीको 'सुखीराम उर्फ ढाक्रे', भरतराज शर्मा 'मन्थलीय' को 'मेरो सौन्दर्य', मोहन कोइरालाको 'धोबीचरा', पारिजातको 'जुठी दमिनीको अभिव्यक्ति', डा. मथुरा के.सी.को 'घुयेत्रोको जमाना छैन अब' पूर्ण विरामको 'यात्रा', विप्लव ढकालका 'केही काइकुहरू', मञ्जुलको 'फूल', घनश्याम न्यौपाने 'परिश्रमी' का गजलहरू र श्वेथाओको 'वसन्तको प्रतीक्षा' जस्ता कवि र तिनका कविताहरू कवितात्मक मूल्यका दृष्टिले उत्कृष्ट छन् । समसामयिक नेपाली जीवन र राष्ट्रिय अन्तराष्ट्रिय युगीन सन्दर्भहरूको प्रस्तुति दिने क्रममा अँगालिएको विम्बात्मक, प्रतीकात्मक र प्रयोगात्मक एवम् प्रयोगवादी शैलीको राम्रो निर्वाह उक्त कविताहरूमा भएको पाइन्छ । शिल्प संरचनाका दृष्टिले मात्रै नभएर भावनात्मक उच्चताका दृष्टिले पनि यी कविता धेरै आधुनिक भएर आएका छन् । 'दायित्व' मा प्रकाशित कविताले आधुनिक कविता लेखनको स्वच्छन्दतावादी प्रगतिवादी र प्रयोगवादी धारादेखि समसामायिक कविता धारासम्मको प्रतिनिधित्व गरेका छन् । यसर्थ 'दायित्व' ले नेपाली कविताको इतिहासमा महत्वपूर्ण योगदान दिएको तथ्य प्रष्ट हुन्छ ।

यसै गरी **दायित्व**मा ३६४ वटा कथा प्रकाशित देखिन्छन् । नेपाली साहित्यका प्रतिष्ठित एवम् नवीनपुस्ता र नवप्रतिभाहरूका कथा यसमा रहेका छन् । यी मध्ये पनि दौलतविक्रम विष्ट, शङ्कर कोइराला, रमेश विकल, ध्रुव सापकोटा, रामप्रसाद पन्त प्रभृति कथाकारहरूका कथाहरू बढी स्तरीय रहेका छन् । प्रकाशित सामाग्रीहरूमा समग्र विधाको स्तरीयता मापनका क्रममा 'दायित्व' मा समाविष्ट कथाहरू दोस्रो स्तरमा पर्दछन् । 'दायित्व' का कथाहरूले नेपाली कथाका सामाजिक यथार्थवादी तथा मनोवैज्ञनिक परम्परादेखि नवयुगसम्मको कथा लेखनको परिपाटीलाई आत्मसात गरेका छन् । यस प्रकार कथा विधाको विकासका सन्दर्भमा संख्यात्मक दृष्टिले होस् या गुणात्मक दृष्टिले होस् 'दायित्व' को भूमिका उल्लेख्य रहेको छ ।

उपन्यास विधाका रूपमा 'दायित्व' मा शङ्कर कोइरालाको 'माथिको आदेश' र ठाकुरनाथ रिमालको 'इतिहास दोहोरिया' गरी २ वटा उपन्यास प्रकाशित छन् । यस मध्ये 'माथिको आदेश' ले नेपाली उपन्यासको यथार्थवादी परम्पराभित्र व्यङ्ग्यात्मकताको अन्तर्ध्वनिलाई टपक्कै टिपेको छ भने दोस्रो 'इतिहास दोहोरियो' ले पनि यथार्थवादी प्रेम कथाको विषयवस्तु समाएको छ । यसरी प्रकाशित २ उपन्यास मध्ये पहिलो उपन्यास

'माथिको आदेश' का कारण 'दायित्व' को नेपाली उपन्यासप्रतिको विधागत योगदान गहकिलो बन्न पुगेको छ ।

त्यसैगरि **दायित्व**ले नेपाली नाटकका क्षेत्रमा फणीन्द्रराज 'खेताला' , लीलबहादुर क्षेत्री जस्ता स्थापित एवम् रामप्रसाद पन्त, रामप्रसाद ज्ञवाली, मुक्ति उपाध्याय जस्ता प्रतिभाहरूका स्तरीय एकाङ्की/रूपक तथा नाटकहरूको प्रकाशन गरेर नेपाली नाट्य धरातललाई सहयोग गर्ने काम गरेको छ । यो 'दायित्व' को नेपाली नाटकका क्षेत्रमा योगदान सावित हुन्छ ।

'दायित्व' मा जम्मा ९९ निबन्ध-प्रवन्ध तथा लेख प्रकाशित भएका छन् । यी मध्ये कमल दीक्षित, गोपीकृष्ण शर्मा, राजेन्द्र सुवेदी, श्रीकृष्ण गौतम, युवराज नयाँघरे, गोविन्द गिरी 'प्रेरणा', कृष्ण प्रधान, सत्यमोहन जोशी, डा. तुलसी भट्टाराई आदिका निबन्ध-प्रबन्ध तथा लेखहरू बढी स्तरीय रहेका छन् । यी प्रतिभाहरूका लेख साहित्यिक मूल्य र निबन्धात्मक स्तरीयताका दृष्टिले अनि बौद्धिक चिन्तनका दृष्टिले पनि महत्वपूर्ण छन् । यस किसिमका स्थापित प्रतिभाहरूका उत्कृष्ट निबन्ध-प्रबन्ध तथा लेखको प्रकाशनबाट 'दायित्व' ले नेपाली साहित्यको विधागत फाँटमा बिर्सन नसकिने गुण लगाएको छ ।

संख्यात्मक दृष्टिले पनि १३६ वटा संस्मरणात्मक लेखहरू प्रकाशन गरेर 'दायित्व' ले नियात्राको फाँटमा उल्लेख्य योगदान दिएको छ । कविता, कथा र समालोचना पछि चौथो वरियताक्रममा प्रकाशित देखिएको संस्मरण विधा नि-यात्रा कै एक अंश मानिन्छ । यात्रात्मक पोयो समातेर लेखिएका यस्ता लेखहरूले देश विदेशका धार्मिक, सामाजिक, सांस्कृतिक, भौगोलिक र ऐतिहासिक परिचयलाई उजागर गरेका छन् । यस क्रममा मदनमणि दीक्षित, फणीन्द्रराज खेताला, रमेश विकल, पूर्णप्रकाश नेपाल 'यात्री', डा. तुलसी भट्टाराई, रामप्रसाद पन्त, ताना शर्मा, दार्सिङ्वासे माइलो जस्ता संस्मरणकारका संस्मरणात्मक लेखहरूले एकदमै उत्कृष्टता प्राप्त गरेको देखिन्छ । जीवनयात्राको कुनै महत्वपूर्ण क्षणको पुनरावृति गर्दै प्रकाशित गरिएका 'विशिष्ट साहित्यकार विशेषाङ्क' शङ्कर कोइराला स्मृति विशेषाङ्क जस्ता विशेषाङ्कहरूले त संस्मरणको क्षेत्रमा 'दायित्व' ले दिएको योगदान स्वतः अकाट्य भएर छर्लङ्गिएको छ । समग्रमा भन्दा **दायित्व**ले नेपाली संस्मरणको क्षेत्रमा संख्यात्मक र गुणात्मक दुवै रूपमा अविश्मरणीय देन दिएको छ ।

**दायित्व**ले जीवनी विधालाई पनि स्थान दिएको छ । यसमा मुख्यतया साहित्यकार र त्यसपछि चित्रकारलाई विषयवस्तु बनाएको छ । यी जीवनी मार्फत महान् व्यक्तित्वहरूका जीवन भोगाईका विविध पाटाहरूको यथार्थ जानकारी र तिनबाट केही शिक्षा लिन सकिने भाव व्यञ्जित भएको पाइन्छ । यसका साथै जीवनी लेखनको एउटा रूपको प्रतिपदन पनि 'दायित्व' मा हुनपुगेको छ । यसप्रकार समग्र नेपाली साहित्यको जीवनी विधाको विकासमा समेत 'दायित्व' ले गहकिलो योगदान दिएको छ भन्न सकिन्छ ।

'दायित्व' मा अन्तर्वार्ता र भेटवार्ताको संख्या पनि राम्रै छ । यस क्रममा साहित्यका समीक्षक, कवि, भाषाविद् र संगीतकार तथा कालाकारलाई मूल विषय बनाइएका जम्मा ४६ भेटवार्ताहरू 'दायित्व' मा प्रकाशित छन् । डा. ध्रुवचन्द्र गौतम, फणीन्द्रराज खेताला, ललिजन रावल, विष्णुविभु घिमिरे, गोपाल योञ्जन, पारिजात, इन्द्रबहादुर राई, लख्खीदेवी सुन्दास, दीलकुमारी भण्डारी, डा. तारानाथ शर्मा, प्रा. गोपीकृष्ण शर्मा, वसन्तकुमार शर्म्मा नेपाल जस्ता व्यक्तिहरूबाट अन्तर्वाता लिएर नेपाली अन्तर्वार्तामा विषयगत विविधता दिनुका साथै विधागत विकासलाई अग्रगति प्रदान गर्ने कार्य 'दायित्व' ले गरको छ ।

नेपाली साहित्यमा कतिपय विद्वानहरूले निबन्धकै परिधिभित्र राखेर हेर्ने गरेको हास्यव्यङ्ग्यलाई पनि 'दायित्व' ले प्रकाशन गरेको देखिन्छ । यसक्रममा **दायित्व**मा लोकेन्द्रबहादुर चन्द, विष्णु प्रभात, युवराज मैनाली, लुसराज आदिका हास्यव्यङ्ग्यात्मक लेख प्रकाशित छन् । हास्य र व्यङ्ग्यका दृष्टिले स्तरीय रहेका यी लेख-रचनाहरू प्रकाशन गरेर 'दायित्व' ले नेपाली साहित्यको हास्यव्यङ्ग्य क्षेत्रको विकासमा आफ्नो उपस्थिति देखाएको छ ।

साहित्यमा निकै पछि तर मौलिक रूपमा स्थापित हुन सफल लोकसाहित्यिक कृतिहरूलाई पनि **दायित्व**ले आत्मसात गरेको छ । यस क्रममा २ जनाका ४ वटा लोकसाहित्यिक कृतिहरूका साथ 'दायित्व' ले यस क्षेत्रमा संलग्नता देखाएको छ । हरिकला पन्तका ३ वटा लोकपद्यात्मक र प्रा. मोहन सिटौलाको एउटा आख्यानात्मक संकलनले **दायित्व**को लोकसाहित्य तर्फको अभिरुचि प्रष्ट्याउँदै त्यस क्षेत्रमा एक बूँद थप्ने कोसिस गरेको छ । त्यसमा पनि 'चरीको विवाहको सवाई' र 'फेदापे वनझाँक्रीको कथा' महत्वपूर्ण छन् । यसप्रकार **दायित्व**ले थोरै भएपनि लोकसाहित्यका फाँटमा योगदान दिने प्रयास गरेको छ ।

'दायित्व' ले नेपाली समालोचनाहरूको प्रकाशनमा पनि आफूलाई उल्लेख्य रूपमा सरिक गराउँदै आएको छ । **दायित्व**ले जम्मा १८१ वटा समीक्षा/समालोचनात्मक कृतिहरू मार्फत समीक्षकहरूका कृतिकार र तिनका कृतिमाथिका धारणाहरू प्रस्तुत गर्ने काम गरेको छ । यसक्रममा **दायित्व**ले 'शङ्कर कोइराला: समालोचना विशेषाङ्क', 'अनुसन्धानात्मक स्वर्ण विशेषाङ्क' र अन्य खोजमूलक विशेषाङ्क समेत प्रकाशन गरी नेपाली समालोचनाको क्षेत्रमा गहकिलो ईंटा थप्ने काम गरेको छ । यसमा डा. केशवप्रसाद उपाध्याय, डा. तारानाथ शर्मा, डा. ऋषिराज वराल, डा. दयाराम श्रेष्ठ, प्रा. गोपीकृष्ण शर्मा, प्रा. घटराज भट्टाराई, रामप्रसाद दाहाल, डा. तुलसी भट्टाराई, ठाकुर शर्मा, राजेन्द्र सुवेदी, शिव रेग्मी आदिका समालोचनात्मक कृतिहरूले निक्कै स्तरीयता बहन गर्ने काम गरेका छन् । यसप्रकार **दायित्व**ले नेपाली समालोचनाका फाँटमा नाम चलेका समालोचकहरूका स्तरीय समालोचनात्मक कृति प्रकाशन गरेर जुन ओजस्वीता कायम गरेको छ, त्यो बिर्सनै नसकिने छ ।

यसरी नै **दायित्व**मा अनूदित कविता र कथाको पनि प्रकाशन भएको पाइन्छ । यिनमा नेपाली साहित्यमा प्रयोग हुन बाँकी विचार र प्रयोग पाइन्छ । यस क्रममा **दायित्व**मा चिनियाँ, जापानी, युरोपेली र हिन्दी तथा बङ्गाली भाषाका साहित्यिक स्रष्टाका सिर्जनाहरू प्रकाशित देखिन्छन् । यसप्रकार **दायित्व**मा स्वदेशी तथा विदेशी भाषाका उत्कृष्ट रचनाहरूको अनुवाद प्रकाशन गरेर नेपाली भाषामा भर्खरै मौलाउँदै गरेको अनुवाद परम्परालाई थोरै भएपनि सहयोग गर्ने काम भएको छ ।

'दायित्व' ले पाठक प्रतिक्रिया, पुस्तक परिचय, सम्पादकीय र साहित्येत्तर क्षेत्रका अन्य सामान्य ज्ञान, विज्ञान जगत्, एक फन्कोमा अनेक ज्ञान, जान्नुपर्ने कुरा, साहित्यिक गतिविधि, दायित्व बोल्छ जस्ता विविध स्तम्भहरूलाई पनि स्थान दिएको देखिन्छ । उक्त स्तम्भहरूले स्थायित्व पाउन नसके पनि तिनका माध्यमबाट व्यक्त भएका विचार, अनुरोध तथा जानकारीबाट साहित्यको विकासमा केही न केही योगदान पुगेकै मान्नुपर्ने हुन्छ ।

यसरी **दायित्व**ले नेपाली साहित्यको सम्यक् विकास गर्नका लागि साहित्यसँग अन्योन्याश्रित सम्वन्ध राख्ने दर्शन, कलाका साथसाथै तिनलाई आफैँभित्र समीकृत गर्दै मूलतः साहित्यका कविता, कथा, उपन्यास, एकाङ्की, निबन्ध-प्रबन्ध तथा लेख, संस्मरण,

जीवनी, हास्यव्यङ्ग्य, अन्तर्वार्ता, लोकसाहित्य, समालोचना र अनुवाद जस्ता विविध विधाको प्रकाशन गरेर नेपाली साहित्यको आयामलाई विस्तृत बनाउँदै लैजाने प्रयास गरेको छ । यसर्थ निष्कर्षतः के भन्न सकिन्छ 'दायित्व' ले नेपाली साहित्यको विधागत विकासमा विशेष योगदान दिएको छ ।

दर्शन र कलालाई आफैँमा एकिकृत गर्दै साहित्यिक कृतिहरू प्रकाशन गर्ने 'दायित्व' लाई हेर्दा समष्टिमा यसका निम्न लिखित योगदान इङ्गित हुन्छ -

१. साहित्यको सम्यक् विकासका लागि दर्शन र कलाको समेत एकिकृत विकास हुनुपर्छ भन्ने विचार अघिसार्नु ।
२. साहित्यको वास्तविक विकास कुनै एक विधाको विकासबाट मात्रै हुँदैन, साहित्यका सबै विधाको समानुपातिक विकास हुँदै जानुपर्छ भन्ने विचार प्रदान गर्नु ।
३. नेपाली साहित्यमा प्रचलित विभिन्न आन्दोलन र विचारमा आबद्ध हुँदै लेखिएका कृतिहरूको गुणात्मक र संख्यात्मक दुवै रूपमा विकास हुनुपर्छ भन्ने धारण अघि सार्नु ।
४. स्थापित मात्र हैन नवोदित प्रतिभाहरूले पनि स्तरीय रचना सिर्जना गर्न सक्छन् भन्ने धारणा अघि सार्नु ।
५. पत्रिकाको आयु स्तरीयता र विषयगत विविधता तथा त्यसको उद्देश्यमा भर पर्दछ भन्ने तथ्य साबित गर्नु ।
६. नेपाली साहित्यको सम्यक् विकासका लागि दर्शन, कला एवम् अन्य विविध विधाको प्रकाशनका साथै नेपाली भाषाको एकरूपता तथा साहित्यिक स्तरीयताका लागि प्रयत्नशील भइरहनुपर्छ भन्ने भाव अभिव्यञ्जित गर्नु । आदि ।

## सम्भावित शोध-शीर्षक

'दायित्व' पत्रिकाको साहित्यिक योगदानको अध्ययन गर्ने क्रममा यस पत्रिकामा अनुसन्धान गर्न सकिने अरूपनि क्षेत्र भेटिएका छन् । यस क्रममा निम्नलिखित शीर्षकमा यसको अनुसन्धान हुनसक्छः

१. नेपालमा दर्शन र कलाको विकासमा 'दायित्व' को योगदान ।
२. 'दायित्व'मा प्रकाशित कविताहरू वा कथाहरू वा संस्मरणहरू वा समालोचनाहरू वा निबन्धात्मक कृतिहरू - को विश्लेषणात्मक अध्ययन ।
३. समकालीन परिप्रेक्षमा 'दायित्व' पत्रिकाको गुणात्मक मूल्य ।
४. 'दायित्व' मा प्रयुक्त भाषिक रूपको अध्ययन ।
५. समकालिन कुनै पत्रिकासँग 'दायित्व' को तुलनात्मक अध्ययन ।

# सन्दर्भ सामाग्री - सूची

## (क) पुस्तकाकार कृति


१. उपाध्याय, डा. केशवप्रसाद (सम्पा.) र अरूहरू, **नेपाली एकाङ्की भाग-३** (पहिलो संस्करण), काठमाण्डौः साझा प्रकाशन,२०५५

२. गैरे, ईश्वरीप्रसाद र कृष्णप्रसाद आचार्य, **नेपाली साहित्यको इतिहास तथा संस्कृत र पाश्चात्य साहित्यको रूपरेखा** (प्रथम संस्करण), कीर्तिपुरः क्षितिज प्रकाशन, २०६१

३. घिमिरे, रघुनाथ, **नेपाली साहित्यमा 'शारदा' पत्रिकाको योगदान** (त्रि.वि.वि. स्नातकोत्तर शोधपत्र), अप्रकाशित, २०३१

४. थापा, हिमांशु, **साहित्य-परिचय** (दोस्रो संस्करण), काठमाण्डौः साझा प्रकाशन, २०४२

५. देवकोटा, ग्रीष्मबहादुर, **नेपाली छापाखाना र पत्रपत्रिकाको इतिहास** (तेस्रो संस्करण), काठमाण्डौः साझा प्रकाशन, २०५९

६. पराजुली, कृष्णप्रसाद, **पन्ध्र तारा र नेपाली साहित्य** (आठौँ संस्करण), काठमाण्डौः साझा प्रकाशन, २०५२

७. पौड्याल, कृष्णविलास, **साहित्य-सिद्धन्त** (प्रथम संस्करण), काठमाण्डौः श्रीकृष्ण प्रकाशन, २०५९

८. रिसाल, राममणि, **नेपाली काव्य र कवि** (चौथो संस्करण), काठमाण्डौः साझा प्रकाशन,२०५०

९. शर्मा, डा. तारानाथ, **नेपाली साहित्यको इतिहास** (दोस्रो संस्करण), काठमाण्डौः संकल्प प्रकाशन, २०३९

१०. शर्मा, प्रा. मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, **शोधविधि** (दोस्रो संस्करण), काठमाण्डौः साझा प्रकाशन, २०५५

११. शर्मा, शरद्चन्द्र, **नेपाली साहित्यको इतिहास (माध्यमिक काल)**, काठमाण्डौः त्रि.वि.वि. पाठ्क्रम विकास केन्द्र, २०३७

१२. श्रेष्ठ, डा. दयाराम र प्रा. मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (छैटौँ संस्करण), काठमाण्डौः साझा प्रकाशन, २०५९

१३. श्रेष्ठ, डा. दयाराम, **नेपाली कथा भाग-३** (दोस्रो संस्करण), काठमाण्डौः साझा प्रकाशन, २०६०

१४. सुवेदी, राजेन्द्र (सम्पा.), **स्नातकोत्तर नेपाली निबन्ध** (तेस्रो संस्करण), काठमाण्डौः पाठ्यसामाग्री पसल, २०५६

१५. त्रिपाठी, डा. वासुदेव, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-२** (तेस्रो संस्करण), काठमाण्डौः साझा प्रकाशन, २०५८

**(ख) पत्रिका**


१. पन्थी, शशी (सम्पा.), **हाम्रो पुरुषार्थ** (पत्रकारिता विशेषाङ्कः वर्ष ३२ सम्पूर्णाङ्क ५०, २०६२ वैशाख), किरण पुस्तकालय, तम्घास, गुल्मीका निम्न लेखहरूः

(क) कोइराला, डा. खेमनाथ, **नेपाली पत्रपत्रिकाको इतिहासमा साहित्यिक पत्रकारिताः एक चर्चा** (पृ. १६५-१७२)

(ख) घिमिरे, रोचक, **नेपालको साहित्यिक पत्रकारिता र प्रवृत्तिगत वैशिष्ट्य** (पृ.७७-८१)